# बर्दिया जिल्लामा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्य

## २०६५ मङ्सिर



संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको कार्यालय

## बर्दिया जिल्लामा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्य

## विषयसूची


अध्याय १: परिचय ..... 9
अध्याय २: अध्ययनविधि ..... 13
सन् २००८ अगस्टमा, उच्चायुक्तको कार्यालयले नेसेका प्रधानसेनापति एवं गृह मन्त्रालयलाई बर्दिया जिल्लामा सुरक्षाफौजद्वारा गरिएका पक्राउपछि बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी अनुसन्धान गरिएका घटनाहरूको सूची पेस गर्दै पुनः पत्र पठायो । ती पत्रहरूमा सुरक्षाफौजका त्यसबेलाका सम्बद्ध कमान्डरहरूको नामको पुष्टि गर्न तथा उनीहरूको भनाइ लिन तिनको अन्तर्वार्ता लिने पहुँच दिन अनुरोध गरिएको थियो । उच्चायुक्तको कार्यालयसँगको बैठकमा नेसेको मानवअधिकार शाखाले उच्चायुक्तको कार्यालयलाई सम्बन्धित व्यक्तिहरूमध्ये दुईजना अन्तर्वार्ता (तल अध्याय ६.३: शानेसेको चिसापानी ब्यारेकमा भएको थुना, यातना तथा अभद्र व्यवहार हेर्नुहोस्) का निम्ति उपलब्ध नभएको र प्रधानमन्त्रीको कार्यालयमार्फत् सुरक्षाफौजसँग सम्पर्क राख्न उच्चायुक्तको कार्यालयलाई अनुरोध गरेको जानकारी गरायो । कुनै औपचारिक प्रतिक्रिया प्राप्त भएन । यस कार्यालयले नेकपा (माओवादी)का जिल्ला तथा राष्ट्रिय प्रतिनिधिहरूसँगका कैयौं बैठकमा घटनाहरूको सूची पेस गरेर तथा नेकपा (माओवादी)का सम्बद्ध कमान्डरहरूसँग अन्तर्वार्ता लिन अनुरोध गरेरसमेत राष्ट्रिय नेतृत्वसँग पत्राचार गरी बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका घटनाहरूबारे कुरा उठाएको छ । ..... 13
अध्याय ३: पृष्ठभूमि ..... 15
अध्याय ४: बेपत्ता पारिएकाहरूको विवरण ..... 19
४.१ राज्यद्वारा पक्राउ गरेपछि बेपत्ता पारिएका व्यक्तिहरू ..... 19
४.२: नेकपा (माओवादी)द्वारा अपहरणपछि बेपत्ता पारिएका व्यक्तिहरू ..... 20
अध्याय ५: अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी खाका ..... 21
५.१ बलपूर्वक बेपत्ता पार्ने कार्य र सम्बद्ध उल्लङ्घनहरूसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी खाका ..... 21
५.२: राष्ट्रिय कानुनी खाका ..... 23
अध्याय ६: सुरक्षाफौजद्वारा पक्राउ गरेपछि बलपूर्वक बेपत्ता पार्ने कार्य ..... 25
६.१: बर्दिया जिल्लामा सुरक्षाफौजको उपस्थिति र कारबाही ..... 25
*६.१.१ शाही नेपाली सेना (शानेसे)* ..... 25
*६.१.२: नेपाल प्रहरी (नेप्र)* ..... 26
*६.१.३: राजापुर क्षेत्रमा सुरक्षाफौजको कारबाही* ..... 27
६.२: सुरक्षा कारबाहीका क्रममा गरिएका स्वेच्छाचारी पक्राउ ..... 27
*६.२.१: खानतलास कारबाहीका क्रममा गरिएका लक्षित पक्राउ* ..... 28
*६.२.२: लक्षित नगरिएका पक्राउ* ..... 29
*६.२.३: पक्राउ गर्ने क्रममा गैरकानुनी बलको प्रयोग* ..... 30
६.३: शानेसेको चिसापानी ब्यारेकमा भएको थुना, यातना तथा अभद्र व्यवहार ..... 30
*६.३.१: थुनास्थल* ..... 31
*६.३.१.क: राष्ट्रिय निकुन्जका वार्डेनको कार्यालय* ..... 31
*६.३.१.ख: सिपाहीहरूको भोजनालयतर्फ फर्केको सेवारत कर्मचारी भवन* ..... 32
*६.३.१.ग: सैनिक भण्डारमा क्वार्टर गार्ड* ..... 32
*६.३.१.घ: ट्रेन्च र बङ्कर* ..... 32
*६.३.१.ङ: अन्य थुनास्थलहरू* ..... 32
*६.३.२: थुनामा क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार* ..... 33
*६.३.३: यातना* ..... 34
*६.३.४: मारेजस्तो गर्ने र मृत्युको भय* ..... 35
*६.३.५: बलात्कार तथा यौनहिंसाका अन्य स्वरूप* ..... 36
*६.३.६: आफन्तसमेत आशङ्का गरिएका माओवादीको पहिचान गर्न करकाप* ..... 36
*६.३.७: रकम असुली* ..... 36
६.४: पक्राउ गरिएको तथा थुनामा राखिएको कुरा स्वीकार गर्नमा विफलता ..... 37
६.५: थुनाको वैधानिकतालाई चुनौती दिने अधिकार ..... 38
६.६: बेपत्ता पारिएकाहरूको अवस्था ..... 39
*६.६.१: थुनामा गैरन्यायिक हत्या* ..... 39
*६.६.२: पछि बेपत्ता पारिएका व्यक्तिहरूलाई थुनाबाट हटाउने प्रवृत्ति* ..... 40
*६.६.३: पक्राउ पर्दा लागेको चोटपटकका कारण भएको हुन सक्ने मृत्यु* ..... 40
*६.६.४: यातनाका कारण भएको हुन सक्ने मृत्यु* ..... 40
६.७: बर्दिया जिल्लामा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यलाई ढाकछोप गर्ने नेसेका प्रयत्नहरू ..... 41
*६.७.१: रिहा गरिएका भनी नेसेले भनेका व्यक्तिहरूको हत्या* ..... 42

*६.७.२: नेसेले "भिडन्तमा" वा "भाग्न खोज्दा मारिएका" भनेका व्यक्तिहरू* ......43
*६.७.३: पीडितहरू "भिडन्तमा मारिए" भन्ने रक्षा मन्त्रालयका प्रेस विज्ञप्तिहरू* ......43
अध्याय ७: नेकपा (माओवादी)द्वारा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्य ......45
७.१: बर्दिया जिल्लामा नेकपा (माओवादी)को उपस्थिति र कारबाही ......45
७.२: बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका समाधान नगरिएका कारबाहीहरू......46
७.३: थुना......47
७.४: अपहृत तथा बेपत्ता पारिएकाहरूको अवस्था ......47
७.५: शव भएको ठाउँ खुलाउनमा विफलता ......47
७.६: अपहृत व्यक्तिका शव भेटिएका घटनाहरू......48
७.७: अपहरण र बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्यमा नेकपा (माओवादी)द्वारा आफ्नो संलग्नता अस्वीकार......49
अध्याय ८: बेपत्ता पारिएकाहरूका परिवारमा बेपत्ता पार्ने कार्यको सामाजिक-आर्थिक प्रभाव......51
८.१: ह्रास भएको खाद्य सुरक्षा ......51
८.२: स्वास्थ्य तथा शिक्षामा पहुँचको अभाव र बाल श्रम ......51
८.३: बेपत्ता पारिएकाका श्रीमतीहरूविरुद्धको सामाजिक भेदभाव ......52
८.४: घटना अध्ययन ......52
अध्याय ९: सत्य, न्याय र परिपूरण......55
९.१: पीडितका आफन्त, नेपाली र अन्तर्राष्ट्रिय सङ्गठनहरूबाट भएका प्रयासहरू ......55
९.२: नेपालको सर्वोच्च अदालतको निर्णय ......55
९.३: सत्य, न्याय र परिपूरणसम्बन्धी राज्यका दायित्व र प्रतिक्रियाहरू ......56
*९.३.१: सत्य*......56
*९.३.२: जवाफदेहीता र न्याय* ......58
*९.३.३: परिपूरणलगायतका न्यायिक उपचारहरू*......60
अध्याय १०: निष्कर्षहरू......63
अध्याय ११: सिफारिसहरू......65

## बर्दिया जिल्लामा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्य

*"म बर्दिया जिल्लामा द्वन्द्वका क्रममा बेपत्ता पारिएका थारू र अन्य परिवारका आफन्तहरूद्वारा दिइएका बयानहरूको अविस्मरणीय सम्झना लिएर जाँदैछु । मलाई तिनका कथाहरूमा विश्वास छ । उनीहरूले व्यक्त गरेका पीडाले बेपत्ता पार्ने कार्य भइरहेको मानवअधिकार उल्लङ्घन हो भन्ने कुरा प्रतिविम्बित गर्दछ । शान्ति सम्झौताका सम्बन्धित पक्षहरूले सबै बेपत्ता पारिएकाहरू कहाँ छन् भन्ने कुरा वा तिनको अवस्थाबारे अविलम्ब स्पष्ट पारी तिनका परिवारलाई न्याय तथा क्षतिपूर्ति उपलब्ध गराउनैपर्छ ।"*[1]

### सारसङ्क्षेप

यस प्रतिवेदनले राज्य र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (नेकपा (माओवादी) बीच भएको द्वन्द्वको सन्दर्भमा बर्दिया जिल्लामा भएका बलपूर्वक बेपत्ता पार्ने कार्य तथा सम्बद्ध गम्भीर मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनबारे उच्चायुक्तको कार्यालयको अनुसन्धानका निष्कर्षहरू प्रस्तुत गरेको छ । उच्चायुक्तको कार्यालयले सो जिल्लामा सुरक्षाफौजद्वारा पक्राउपछि बलपूर्वक बेपत्ता पारिएका २०० भन्दा बढी घटनाको सूचना प्राप्त गरेको छ र मुलुकमा यो कुनै एक जिल्लामा भएका द्वन्द्वसँग सम्बन्धित घटनाहरूमध्ये सर्वाधिक ठूलो सङ्ख्या हो । यीमध्ये उच्चायुक्तको कार्यालयले हालसम्म १५६ वटा घटनाको अनुसन्धान गरेको छ । यीमध्ये अधिकांश घटना २०५८ मङ्सिर ११ गते पहिलो सङ्कटकाल घोषणा भई तत्कालीन शाही नेपाली सेना (शानेसे) सन् २००१ डिसेम्बरमा पहिलोपटक परिचालन गरिएपछि र सन् २००३ जनवरीमा भएको युद्धविरामबीचको अवधिमा गरिएका पक्राउपश्चात् भएका थिए । राज्यअधिकारीहरूद्वारा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी उच्चायुक्तको कार्यालयका अनुसन्धानले सो जिल्लामा द्वन्द्वको यस अत्यन्त कठिन अवधिमा संकेन्द्रण गरेको छ । सन् २००२ नोभेम्बर र सन् २००४ अक्टोबरबीच नेकपा (माओवादी)द्वारा बर्दिया जिल्लामा अपहरणपछि भएको बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका १४ वटा घटना पनि अभिलेखन गरिएका थिए, जसमध्ये १२ वटालाई नेकपा (माओवादी)द्वारा स्वीकार गरिएको छ ।

दुवै पक्षद्वारा भएका बेपत्ता पार्ने कार्य मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको देशभर द्वन्द्वका क्रममा भएका व्यापक उल्लङ्घनका आम प्रवृत्तिको एक पक्ष थिए । उल्लङ्घनबाट पीडित धेरैजना आक्रामक कारबाहीमा भाग नलिएका सर्वसाधारण नागरिकहरू थिए । द्वन्द्वका क्रममा गैरन्यायिक हत्या तथा अन्य अवैधानिक हत्या, अपहरण, यातना, भौतिक प्रहार र जबरजस्ती रकम असुलीलगायत मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका थुप्रै गम्भीर उल्लङ्घनहरू भए तापनि, बेपत्ता पारिएका व्यक्तिहरू कहाँ छन् भन्नेबारे तथ्य निरूपण गर्न जरुरी भएको हुनाले असोज १७ गते नेपाल सरकारसमक्ष मस्यौदा पेस गरिएको यो प्रतिवेदन बेपत्ता पार्ने कार्यमाथि केन्द्रित छ ।

द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यलाई समाधान गर्ने प्रश्न शान्ति प्रक्रियाको एउटा थाती रहेका विषयमध्ये रहिआएको छ । सन् २००६ को युद्धविरामयता नेपालमा आक्रामक कारबाहीहरूको अन्त्य, विस्तृत शान्ति सम्झौता (सम्झौता)मा हस्ताक्षर, नवनिर्वाचित र पहिलोपटक आमजनताको प्रतिनिधित्व गर्ने संविधानसभा एवं नयाँ सरकारलगायत नेपालमा अत्यन्त महत्त्वपूर्ण प्रगति भएका छन् । यस विकासक्रमले नेपालको शान्ति प्रक्रियामा नयाँ ऐतिहासिक चरणको प्रारम्भ गरेको छ । नेपालको सर्वोच्च अदालतले २०६४ मा दिएको बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी आफ्नो अभूतपूर्व फैसलामा नेपाल सरकारलाई पीडितहरूलाई न्याय तथा क्षतिपूर्ति सुनिश्चित गर्न निर्देशन दिएको छ र नेकपा (माओवादी) तथा शान्ति प्रक्रियामा संलग्न अन्य राजनीतिक दलहरूले अत्यन्त महत्त्वपूर्ण यस मुद्दामा काम गर्ने राजनीतिक प्रतिबद्धता बारम्बार व्यक्त गरेका छन् । नयाँ सरकार र संविधानसभाको गठनले राज्यअधिकारीहरूलाई यस प्रतिवेदनमा अभिलिखित बेपत्ता पार्ने कार्यलगायतका द्वन्द्वसँग सम्बन्धित विगतका उल्लङ्घनहरूलाई समाधान गर्ने ठोस र प्रभावकारी कदम चालेर मानवअधिकार र दण्डहीनताको अन्त्य गर्नेतर्फ वास्तविक प्रतिबद्धता प्रदर्शन गर्ने अद्वितीय अवसर प्रदान गर्दछ । बेपत्ता पार्ने कार्यसम्बन्धी पहिले प्रतिज्ञा गरिएको आयोगको गठन गर्नु त्यसको पहिलो कदम हो । सन् २००८ सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घीय महासभाको उच्चस्तरीय बहसका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले नेपाली जनताको मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने तथा दण्डहीनताको संस्कृति अन्त्य गर्ने नेपाल सरकारको प्रतिबद्धता पुनः पुष्टि गर्नुभयो ।

सन् २००८ नोभेम्बरमा यस प्रतिवेदनलाई अन्तिम रूप दिइरहँदा सरकारले बेपत्ता पार्ने कार्यसम्बन्धी मस्यौदा कानुन उपलब्ध गराएर र व्यवस्थापिकामा पठाउनुभन्दा अघि मन्त्रिपरिषद्द्वारा त्यसलाई स्वीकृत गर्ने एवं बेपत्ता पारिएका व्यक्तिहरूका परिवारलाई तत्काल राहत प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णयलगायतका बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगको स्थापना गर्ने स्वागतयोग्य कदमहरू चाल्यो ।

सन् २००६ मईमा आक्रामक कारबाहीहरूको अन्त्य भएपछि द्वन्द्वकालमा भएको व्यापक डरको वातावरण कम भयो र विशेषगरी सुरक्षाफौजद्वारा बर्दिया जिल्लामा बेपत्ता पार्ने कार्यको गहिराइबारे जानकारी आउन थाल्यो । सन् २००१ डिसेम्बर र सन् २००३ जनवरीको बीचमा बर्दिया जिल्लामा रहेका शानेसेका तीनवटा एकाइहरू जिल्लामा भएका स्वेच्छाचारी पक्राउ गर्ने, गोप्य थुनामा राख्ने तथा बलपूर्वक बेपत्ता पार्ने कार्यका लागि मुख्यतः जिम्मेवार थिए: भीमकाली गुल्म, बरख गुल्म (जसलाई सो अवधिमा गणमा बढुवा गरिएको थियो) र रणसुर गुल्म । यी सबै शानेसेको चौथो वाहिनी र पश्चिम पृतनाको कमाण्डअन्तर्गत थिए । कहिलेकाहीँ शानेसेसँग मिलेर काम गर्ने नेपाल प्रहरी (नेप्र) र सशस्त्र प्रहरी बल (सप्रब) सानो सङ्ख्यामा भएका पक्राउका लागि जिम्मेवार थिए । पक्राउका घटना, कम्तीमा एउटा थुनास्थलमा भएको यातनाको योजनाबद्ध प्रयोग र हिरासतमा भएका गोप्य हत्याबारे शानेसेले एकनासँग गरेको अस्वीकृतिलाई उच्चायुक्तको कार्यालयले अभिलेखन गऱ्यो र यसले शानेसेले जानीजानी थुनुवाहरूलाई पक्राउ

[1] तत्कालीन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरले २०६३ माघमा आफ्नो नेपाल भ्रमणका क्रममा दिनुभएको वक्तव्यबाट उद्धृत ।

गरेको र नेकपा (माओवादी)बारे सूचना उपलब्ध गराउन तिनलाई करकाप गर्न तथा त्यस क्षेत्रबाट नेकपा (माओवादी)को उपस्थितिलाई समाप्त गर्न तिनलाई कानुनको संरक्षणबाहिर हटाएको सङ्केत गर्दछ। यी उल्लङ्घनहरूको गहिराइ तथा यिनलाई हुन नदिन अथवा रोक्नमा भएको विफलतालाई हेर्ने हो भने तत्कालीन शानेसेको पश्चिम पृतनाको नेतृत्वले र त्यसैगरी गुल्म कमान्डरहरूले पनि व्यक्तिगत रूपमा ठूलो जिम्मेवारी लिनैपर्छ। सुरक्षाफौज तथा त्यसबेलाको सरकारको पदसोपानभित्रका कमान्ड जिम्मेवारीको बृहत्तर शृङ्खला यकिन गर्न पनि अनुसन्धान आवश्यक छ।

बर्दिया जिल्लामा सम्पूर्ण जनसङ्ख्याको ५२ प्रतिशत रहेका थारू आदिवासी समुदायका सदस्यहरू उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित राज्यअधिकारीहरूद्वारा बेपत्ता बनाइएका घटनाहरूमा ८५ प्रतिशत (१३५) छन्। पीडितहरूमध्ये १२३ पुरुष (१०२ थारूसमेत), १२ महिला र २१ बालबालिका थिए। सबै महिला तथा बालबालिकाहरू थारू मूलका थिए। उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराइएको जानकारीले बेपत्ता पारिएकाहरूमध्ये अधिकांश व्यक्तिहरू पक्राउ पर्दाको समयमा नेकपा (माओवादी)का सदस्य नरहेका सर्वसाधारण गाउँलेहरू भएको निष्कर्ष निकाल्छ। अधिकांश पीडितहरू किसान थिए भने अरू मजदुर, विद्यार्थी, शिक्षक र सिकर्मीहरू थिए। उनीहरूका पेसाका अतिरिक्त कतिपय व्यक्तिहरू परिचित थारू कार्यकर्ता थिए। थारूहरू नेपालमा इतिहासदेखि नै सीमान्तीकृत तथा भेदभावकृत कतिपय आदिवासी समुदायहरूमध्ये पर्दछन्। बेपत्ता पारिएका गैरथारूहरूमध्ये पनि धेरैजसो आर्थिक रूपले विपन्न क्षेत्रका थिए। सीमान्तीकृत समुदायहरूका लागि भूमि वितरण तथा आर्थिक संसाधनमाथि पहुँचको अभाव एवं भेदभाव, राजनीतिक प्रतिनिधित्वको अभाव, राज्यका सेवा तथा संरक्षणमा पहुँचको अभावजस्ता मुद्दाहरू बर्दिया जिल्लामा द्वन्द्वका मूल कारणहरू भएको कुरालाई यस प्रतिवेदनले प्रकाश पार्दछ। त्यसैले यहाँ अभिलिखित बेपत्ता पार्ने कार्यमा ती कुरा अन्तर्निहित छन्।

द्वन्द्वको समयमा खटाइएपछि शानेसेका एकाइहरूले बर्दिया जिल्लामा नेकपा (माओवादी)का सदस्य तथा समर्थकहरूबारे जानकारी लिए र नेकपा (माओवादी)सँग सम्बन्ध भएको आशङ्कामा जोसुकैलाई पक्रँदै आफ्ना ब्यारेकनजिकै खानतलास कारबाही गरे। बेपत्ता पारिएकामध्ये अधिकांशलाई विशिष्ट रूपमा निसाना बनाइएको र खानतलास कारबाहीका क्रममा आफ्नो पोसाकमा आएका शानेसेका सशस्त्र टोलीद्वारा मुख्यतः रातको समयमा आफ्नै घरबाट स्वेच्छाचारी रूपमा पक्राउ गरिएको थियो र ती टोलीहरू कहिलेकाहीँ प्रहरीसँग पनि आउँथे। सुरक्षाफौजले बर्दिया जिल्लाको राजापुर क्षेत्रमा निर्मित अस्थायी शिविरहरूबाट एउटा ठूलो कारबाही पनि सञ्चालन गर्‍यो, जसमा कम्तीमा १५ जनालाई बेपत्ता पारिएको थियो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हुनेगरी गरिएका पक्राउका घटनाहरू प्रायः हिंसात्मक हुन्थे, पक्राउ गरिएकाहरूलाई पक्राउ गर्नुपर्ने कारणबारे जानकारी गराइँदैनथ्यो र केही नबताई वा थोरै कुरा बताएर अन्तै लगिन्थ्यो। सुरक्षाफौजका टोलीहरूले प्रायः पक्राउ गर्दा आफ्नो परिचय दिँदैनथे। स्थानीय स्रोतहरूका अनुसार, थारू सर्वसाधारणलगायत सीमान्तीकृत ग्रामीण समुदायका व्यक्तिहरूलाई कारबाहीका क्रममा सुरक्षाफौजका टोलीहरूद्वारा चेकपोस्टमा र ब्यारेकहरूनजिक पुग्दा दुःख दिइन्थ्यो तथा अपमान गरिन्थ्यो।

थुनामा रहेका बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था तथा तीप्रतिको व्यवहारसम्बन्धी उच्चायुक्तको कार्यालयले गरेका अनुसन्धानले चिसापानी ब्यारेकमा संकेन्द्रण गरे, जुन ब्यारेकलाई यसले गोप्य सूचना सङ्कलन केन्द्रका रूपमा सञ्चालन भएको पायो। अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हुनेगरी थुनुवाहरूलाई त्यहाँ कमान्डिङ अधिकृतहरूको संलग्नता, जानकारी र/वा मौनसम्मतिमा योजनाबद्ध रूपमा गोप्य थुनामा राखिन्थ्यो र क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार गरिन्थ्यो। अधिकांश थुनुवाहरूलाई आफ्ना थुना अवधिभरि प्रायः निरन्तर रूपमा हतकडी र आँखामा पट्टी लगाएर राखिएको हुन्थ्यो। थुनुवाहरूलाई दिएका यातनाका विधिहरूमा पैतालालगायतका ठाउँमा चरम कुटपिट; हातखुट्टामाथि मांसपेशीमा क्षति पुग्नेगरी काठको लाठी लगाएर पेल्ने, घाममा उत्तानो पारेर लडाउने र सूर्यलाई हेर्न लगाउने, औँलाका नङमा पिन घुसार्ने वा नङ निकाल्ने; डुबेर मर्न लागेको जस्तो भान पर्नेगरी पानीमा चोबल्ने; र बलात्कार तथा हत्या गरेजस्तो गर्ने थिए। उच्चायुक्तको कार्यालयले हालसम्म प्रत्यक्षदर्शीका बयान लिएको छ जसले बेपत्ता पारिएकामध्ये कम्तीमा २१ जनालाई चिसापानी ब्यारेकमा राखिएको कुराको सङ्केत गर्छ। तीमध्ये थुनामा राखिएका एक १४ वर्षीय बालक - जसलाई अन्तिमपटक एउटा ट्रेन्चमा देखिएको थियो - सहित पुरुष, महिला र बालबालिका थिए।

शानेसेले आफूले पक्राउ गरेका धेरैजनालाई थुनामा राखिएको कुरा पटकपटक अस्वीकार गरी उनीहरूलाई कानुनको संरक्षण बाहिर राख्यो। त्रास र असुरक्षाको आम वातावरणका बाबजुद थुप्रै आफन्तहरूले सैनिक ब्यारेक तथा अस्थायी सैनिक शिविरहरूमा सम्पर्क गरे तर उनीहरूलाई त्यत्तिकै फर्काइन्थ्यो, कहिलेकाहीँ धम्की वा हिंसाको डर देखाएर। प्रहरी वा सैनिकले थुनेको कुरालाई सुरुमा स्वीकार गरेका सानो सङ्ख्याका घटनाहरूमा परिवारहरूले निश्चित समयपछि थुनुवाहरूलाई भेट्न वा तिनीहरूबारे जानकारी प्राप्त गर्न पाएनन्। पक्राउ गरेको कुरालाई अस्वीकार गरेको, थुनुवाहरूलाई वकिलको पहुँच नदिएको र थुनाको कुनै न्यायिक अधिकारीद्वारा पुनरावलोकन नगरिएको भन्ने तथ्यले थुनाको वैधानिकतालाई हाँक दिने परिवारको क्षमतालाई अत्यन्तै सीमित गर्‍यो। खासगरी, सामान्यतः अदालतले बन्दीप्रत्यक्षीकरणको रिटका निवेदनहरूलाई रद्द गर्‍यो जसमा थुनालाई राज्यअधिकारीहरूद्वारा अस्वीकार गरिएको हुन्थ्यो र त्यस्ता निवेदन अप्रभावकारी प्रमाणित भए। त्यसैले परिवारहरूसँग बेपत्ता पारिएका आफ्ना आफन्तहरूको व्यर्थमा खोजी गर्नुबाहेक विकल्प भएन। त्यस बेला त्यस्ता घटनाहरूमा प्रत्यक्ष संलग्न हुने मानवअधिकार रक्षकहरूले ठूलो जोखिम उठाएर काम गर्नुपर्‍यो।

बेपत्ता पारिएकाहरूका परिवार तथा उच्चायुक्तको कार्यालयलगायतका मानवअधिकार सङ्गठनहरूद्वारा राज्यअधिकारीहरूसमक्ष उनीहरूको नाम पेस गरी अवस्था स्पष्ट पार्न गरिएको पटकपटकको अनुरोधका बाबजुद बर्दिया जिल्लामा राज्यअधिकारीहरूद्वारा बेपत्ता पारिएकाहरूमध्ये अधिकांशको अवस्था आधिकारिक रूपमा अज्ञात नै छ। तर, थुनुवाहरू हिरासतमा मारिएका थिए भनी सङ्केत गर्ने उल्लेखनीय सङ्ख्याका घटनाहरूमा प्रत्यक्षदर्शीहरूका विश्वसनीय बयान उच्चायुक्तको कार्यालयले प्राप्त गर्‍यो। थुनामा भएका गैरन्यायिक हत्याका सम्बन्धमा उच्चायुक्तको कार्यालयले स्वतन्त्र बयानहरू लियो। यस कार्यालयले चिसापानी ब्यारेकबाट कहिलेकाहीँ खन्ने सामानसहितको गाडीमा राखी थुनुवाहरूलाई हिरासतबाट हटाइएको एउटा प्रवृत्ति पनि अभिलेखन गर्‍यो। कतिपय अवसरमा

त्यसपछि बन्दुक पड्केको आवाज सुनिन्थ्यो र पछि गाडी रित्तो फर्किन्थे। बेपत्ता पारिएकाहरूमध्ये कैयौँ व्यक्तिहरू अन्तिम पटक थुनाबाट यसैगरी हटाइएको देखिएका थिए। लिइएका जानकारीले अरूलाई पक्राउ पर्दा र यातनाका क्रममा चोटपटक लागेको र त्यही चोट उनीहरूको मृत्युको कारण भएको हुन सक्ने सङ्केत गर्दछन्।

नेपाली सेना (नेसे)[२] ले सरकारी आयोगहरू र उच्चायुक्तको कार्यालयलाई जानकारी उपलब्ध गराएका घटनाहरूमा उसले केही बेपत्ता पारिएकाहरूको अवस्थालाई ढाकछोप गर्ने प्रयत्न गरेको उच्चायुक्तको कार्यालयको विश्वास छ। उच्चायुक्तको कार्यालयले सुरक्षाफौजद्वारा पक्राउपछि बेपत्ता पारिएका भनी उच्चायुक्तको कार्यालयद्वारा अभिलेखन गरिएका ५५ जनाको जानकारी उपलब्ध गराइएको दुईवटा पत्रहरू क्रमशः सन् २००६ सेप्टेम्बर र सन् २००८ फेब्रुअरीमा नेसेबाट प्राप्त गऱ्यो। नेसेका अनुसार, अधिकांश पीडितहरू या त सुरक्षाफौजको कारबाहीमा, भिडन्तमा या भाग्ने प्रयास गर्दा मारिएका थिए। पक्राउ गरिएपछि रक्षा मन्त्रालयद्वारा जारी गरिएका प्रेस विज्ञप्तिले पनि नाम लिइएकाहरू "भिडन्तमा मारिएका" भनी दाबी गरे। अन्य घटनाहरूमा माथि उल्लेख गरिएका व्यक्तिहरू रिहा गरिएका वा घरमा बसिरहेका, प्रहरीलाई हस्तान्तरण गरिएका वा उनीहरूको थुना वा मृत्यको कुनै अभिलेख नभएको नेसेले बतायो। तर, उच्चायुक्तको कार्यालयले थप अनुसन्धान गर्न सकेका घटनाहरूमा यसले प्रत्यक्षदर्शीका बयान यी दाबीहरूसँग बाझिएका पायो र यसरी उच्चायुक्तको कार्यालय ती व्यक्तिहरूलाई बेपत्ता पारिएको भन्ने ठान्छ। दृष्टान्तका माध्यमबाट उच्चायुक्तको कार्यालयका अनुसन्धानले भिडन्तमा मारिएका भनी नेसेले भनेका १५ र १६ वर्षका चार नाबालकहरू सन् २००२ अप्रिलमा मनाउ गाविसमा अनेक प्रत्यक्षदर्शीका अगाडि घरमा पक्राउ गरिएका आठजनामध्येका भएको पाए। नेसेले भिन्दै परिस्थितिमै भए पनि यी व्यक्तिहरूको मृत्यु भएको कुरा स्वीकार गर्नुलाई उनीहरूको मृत्युको पुष्टिका रूपमा लिन सकिन्छ। सबैलाई सुरक्षाफौजको हिरासतमा देखिएको कुरालाई विचार गर्दा उनीहरू वास्तवमा हिरासतमा मारिएका र उनीहरूको शवलाई गोप्य रूपमा तह लगाइएको थियो भन्ने उच्चायुक्तको कार्यालय ठान्दछ।

उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित नेकपा (माओवादी)द्वारा गरिएका बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कारबाहीहरू शोषक वा सुराकी ठानिएका विरुद्ध सार्वजनिक हत्या, अपहरण, यातना र आक्रमणलगायतका नेकपा (माओवादी)कै भाषामा "पार्टी कारबाही"को प्रवृत्तिभित्र भएका थिए। नेकपा (माओवादी)का अनुसार सम्बद्ध अवधिभित्रका यस "कारबाही"सम्बन्धी सबै निर्णय जिल्ला समितिद्वारा लिइएका थिए र सामान्यतया "स्क्वाड टोली" भनी चिनिने जनमुक्ति सेना (पीएलए)को सानो समूहद्वारा गरिएका थिए। अधिकांश पीडितहरू उनीहरूको आफ्नै घर वा घरनजिकैको सडकबाट कहिलेकाहीँ चिनिएका माओवादी कार्यकर्तासहितका सादा पोसाक लगाएका व्यक्तिहरूको सानो समूहद्वारा दिउँसो वा राति अपहरण गरिएका उच्चायुक्तको कार्यालयले पायो। ती पीडितहरूमा २० वर्षदेखि करिब ६५ वर्षसम्म उमेरका १३ पुरुष र एक महिला थिए। उनीहरूमध्ये तीनजना माओवादीसँग आबद्ध व्यक्तिहरू र बिदामा बसेका वा ड्युटीमा नरहेका सुरक्षाफौजका तीनजना सदस्य (एक सप्रब र दुई शानेसेका कर्मचारी) थिए। अपहरण गरिएकाहरूका कसैका पनि परिवारले तिनलाई नेकपा (माओवादी)को बन्दी अवस्थामा भेट्न पाएनन्। तर अपहरण गरिएकाहरूमध्ये कम्तीमा चारजनाका आफन्तहरूले स्थानीय जनता तथा उनीहरूसँगै राखिएका प्रत्यक्षदर्शीहरूबाट उनीहरूलाई नेकपा (माओवादी)द्वारा कठोरतापूर्वक कुटपिट गरिएको कुरा सुने र उनीहरूको अनुहार र शरीरमा देखिने चिह्नहरू थिए।

नेकपा (माओवादी)द्वारा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कारबाहीबाट पीडित भएका भनी उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित १४ जनामध्ये १२ जनालाई आफूले मारेको कुरा सन् २००८ जुलाईमा नेकपा (माओवादी)ले उच्चायुक्तको कार्यालयसमक्ष स्वीकार गऱ्यो। यीमध्ये केहीका परिवारहरूले पहिले नै नेकपा (माओवादी)द्वारा जारी गरिएका प्रेस विज्ञप्तिमार्फत् वा माओवादी कार्यकर्ताहरूबाट अपहरण भएको केही दिनदेखि केही साताभित्र मौखिक रूपमा थाहा पाएको भए पनि अरूले उनीहरूको अवस्थाका सम्बन्धमा नेकपा (माओवादी)बाट कुनै जानकारी पाएका थिएनन्। नेकपा (माओवादी)द्वारा उनीहरूको मृत्युको स्वीकारोक्ति बेपत्ता पारिएकाहरूको अवस्था यकिन गर्नेतर्फको सकारात्मक कदम हो। तर, अपहरण र हत्याको पूर्ण परिस्थिति एवं तिनको शव वा अवशेष कहाँ छ भन्ने कुरा खुलाउनैपर्छ। सन् २००८ अगस्टमा नेकपा (माओवादी)का मानवअधिकारका निम्ति राष्ट्रियस्तरका प्रतिनिधिले नेकपा (माओवादी)ले मारिएको हो भनी स्वीकारेका घटनाहरूका सम्बन्धमा सम्बन्धित परिवारहरूलाई तिनका आफन्तलाई मारिएको भन्ने लिखित सूचना उपलब्ध गराउने भन्नेबारे नेकपा (माओवादी)का नेताहरूसँग छलफल गर्न प्रतिबद्धता जनाए। उनले पीडितका शवका अवशेष पत्ता लगाउन जिम्मेवारहरूको पहिचान गर्न प्रयास गर्ने पनि प्रतिबद्धता जनाए र नेकपा (माओवादी) का जिल्लास्तरीय नेताहरूलाई त्यसो गर्न निर्देशन दिइएको उच्चायुक्तको कार्यालयले थाहा पाएको छ।

बेपत्ता पारिएकाका परिवारहरूको मुख्य माग सत्य, न्याय र परिपूरण हो, जसले अन्तर्राष्ट्रिय मापदण्ड तथा २०६४ जेठमा नेपालको सर्वोच्च अदालतद्वारा दिइएका माथि उल्लिखित निर्णयको समर्थन पाएको छ। शान्ति प्रक्रियाका सबै पक्षहरूद्वारा पटकपटक गरिएका प्रतिबद्धताहरूका बाबजुद बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गर्ने भनी तोकिएको समयसीमा धेरै अघि सकिएको छ र नेपालको सर्वोच्च अदालतको २०६४ जेठको आदेशअनुरूप यस कार्यलाई अपराधीकरण गर्नुका साथै एउटा उपायका रूपमा बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगको स्थापना दुई वर्षदेखि विचाराधीन रहिआएको छ। नेप्रले बेपत्ता पार्ने कार्यसँग सम्बन्धितलगायत द्वन्द्वसँग सम्बन्धित अपराधहरूका लागि जाहेरी दरखास्त दर्ता गर्न पटकपटक बाधा पुऱ्याएको छ र त्यस्ता घटनाहरूको अनुसन्धान गर्न विफल भएको छ। कसैलाई पनि अभियोजन गरिएको छैन र पीडकहरूले पूर्ण दण्डहीनताको उपभोग गरिरहेका छन्।

[२] वि.सं. २०६३ जेठ ४ गतेको संविधानसभाको घोषणाद्वारा शाही नेपाली सेना (शानेसे)को नाम परिवर्तन गरी नेपाली सेना (नेसे) बनाइयो। प्रतिवेदनमा द्वन्द्वको समयमा सेनाको कारबाहीलाई उल्लेख गर्दा शानेसे प्रयोग गरिएको छ। सन् २००६ मईपछिका कारबाहीहरूको उल्लेख गर्दा नेसे प्रयोग गरिएको छ।

बेपत्ता पारिएकाहरूको अवस्था र उनीहरू कहाँ छन् भन्ने कुरा स्पष्ट पार्नमा भएको सरकारको विफलता तिनका परिवारहरूका मानवअधिकारहरूको भइरहेका उल्लङ्घन हुन् जसलाई तुरुन्त सम्बोधन गर्नैपर्छ। त्यसैले सन् २००८ नोभेम्बरको मध्यमा सरकारद्वारा बेपत्ता पार्ने कार्यको अपराधीकरण तथा तिनको अनुसन्धान गर्न जाँचबुझ आयोगको स्थापनालगायत बेपत्ता पार्ने कार्यसम्बन्धी मस्यौदा कानुन सार्वजनिक गरी मन्त्रिपरिषद्द्वारा अनुमोदन गरिनु स्वागतयोग्य छ। आयोगको स्थापना यस प्रतिवेदनमा अभिलिखित घटनासँग सम्बन्धित व्यक्तिहरूसमेत बेपत्ता पारिएकाहरूको अवस्था खुलाउनेतर्फको एउटा महत्त्वपूर्ण कदम हुन सक्छ। तर, जिम्मेवार निकायहरूले आफ्नो ध्यानाकर्षण भएका बेपत्ता पार्ने कार्यसम्बन्धी घटनामा कारबाही गर्नुअघि यस जाँचबुझको परिणामलाई पर्खनु हुँदैन। यस प्रतिवेदनले आयोग तथा जिम्मेवार निकायहरूलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका आफ्ना दायित्वहरूलाई पूरा गर्नमा सघाउने उद्देश्य राखेको छ।

बेपत्ता पार्ने कार्य हुनुअघि जसोतसो गुजारा गरिरहेका बेपत्ता पारिएकाहरूका धेरैजसो परिवारमा सो कार्यले गहिरो नकारात्मक सामाजिक-आर्थिक असर पारेको छ। उनीहरू खस्कँदो खाद्य सुरक्षा र स्वास्थ्य सेवा र शिक्षाप्रतिको पहुँचको अभाव र बालश्रम तथा सामाजिक भेदभावको जोखिममा छोडिएका छन्। बर्दिया जिल्लामा बेपत्ता पारिएका चारजनाका आफन्तहरू सर्वोच्च अदालतको निर्णयअनुसार तत्काल राहत उपलब्ध गराइएकाहरूमध्ये थिए। सन् २००८ नोभेम्बरमा मन्त्रिपरिषद्ले गरेको निर्णयअनुरूप प्राथमिकताका साथ बेपत्ता पारिएका व्यक्तिहरूका सबै परिवारलाई यो अन्तरिम राहत उपलब्ध गराउनै पर्छ। त्यसका अतिरिक्त, बेपत्ता पारिएका परिवारहरूसँगको परामर्शमा प्रत्यवस्थापन, पुनर्स्थापना तथा सन्तुष्टि लगायतका सबै प्रकारका उपयुक्त परिपूरण सुनिश्चित गर्ने विस्तृत कार्यको जरुरी आवश्यकता रहिरहेको छ।

बेपत्ता पार्ने कार्य र गैरन्यायिक हत्या, यातना तथा स्वेच्छाचारी थुनाजस्ता तीसँग सम्बन्धित दुर्व्यवहारहरू नेपालका अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनी दायित्वहरू - विशेषगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि - मध्येका सर्वाधिक गम्भीर उल्लङ्घन हुन्। पीडितहरूको अवस्थाबारे जानकारीको अभावले जानकारीको खोजी गर्दै जाँदा आफन्तहरूको वेदनालाई धेरै वर्षसम्म लम्ब्याउँछ। दलहरूद्वारा कार्य गर्ने भनी गरिएको पटकपटकको प्रतिज्ञाले पहिले आशा र यी प्रतिज्ञाहरू पूरा नभएपछि निराशा ल्याए। नेपालको नयाँ निर्वाचित सरकारले वर्षौंको द्वन्द्वपछि नेपाललाई रूपान्तरण गर्ने प्रक्रियाको थालनी गर्दा यस प्रतिवेदनमा अभिलेखन गरिएका जस्ता विगतका उल्लङ्घनहरूलाई सम्बोधन गर्नु एउटा महत्त्वपूर्ण चुनौती हुनेछ। यो कुरा बेपत्ता पार्ने कार्यका पीडितहरू र तिनका परिवारहरूको सत्य, न्याय र क्षतिपूर्तिको अधिकार सुरक्षित गर्ने सन्दर्भमा मात्र नभई, नेपालमा कानुनको शासनको बलियो जग बसाल्न र त्यसैले शान्ति प्रक्रियाको दिगो सफलताका लागि पनि महत्त्वपूर्ण छ। माथि उल्लेख गरिएझैं, प्रधानमन्त्रीले २०६५ असोजमा संयुक्त राष्ट्रसङ्घीय महासभामा गर्नुभएको आफ्नो सम्बोधनमा आफ्नो सरकारले नेपालमा दण्डहीनताको वातावरण अन्त्य गर्ने आश्वासन दिनुभयो। आफ्नो कार्यादेशअनुरूप उच्चायुक्तको कार्यालय यस महत्त्वपूर्ण कार्यमा सरकारलाई सहयोग गर्न तयार रहेको छ।

# अध्याय १: परिचय

यस प्रतिवेदनले राज्य र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) (नेकपा (माओवादी))[३] बीच भएको द्वन्द्वको अवधिमा मध्यपश्चिमाञ्चल क्षेत्रको बर्दिया जिल्लामा भएका बलपूर्वक बेपत्ता पार्ने कार्य तथा सम्बद्ध गम्भीर मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनका उल्लङ्घनहरूबारे उच्चायुक्तको कार्यालयले गरेका अनुसन्धानका निष्कर्षहरू प्रस्तुत गरेको छ। उच्चायुक्तको कार्यालयले सो जिल्लामा सुरक्षाफौजद्वारा पक्राउपछि बलपूर्वक बेपत्ता पारिएका २०० भन्दा बढी घटनाको सूचना[४] प्राप्त गरेको छ र मुलुकमा यो कुनै एक जिल्लामा भएका द्वन्द्वसँग सम्बन्धित घटनाहरूमध्ये सर्वाधिक ठूलो सङ्ख्या हो। यीमध्ये उच्चायुक्तको कार्यालयले हालसम्म १५६ वटा घटनाको अनुसन्धान गरेको छ। यीमध्ये १४ र १७ वर्षबीचका २० जनाभन्दा बढी बालबालिका थिए जसमध्ये छजना बालिका थिए। पक्राउ गरिएका यी १५६ घटनामध्ये अधिकांश २०५८ मङ्सिर ११ गते सङ्कटकाल घोषणा भई शाही नेपाली सेना ( शानेसे) पहिलोपटक परिचालन गरिएपछि २०५८ मङ्सिर १९ र त्यसपछि २०५९ माघ १५ गते भएको युद्धविरामबीचको अवधिमा भएका थिए।[५] सुरक्षाफौजद्वारा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी गरिएका अनुसन्धानले मुख्यतः यस अवधिमा संकेन्द्रण गरेको छ। यो अवधि सो जिल्लामा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार उल्लङ्घनहरू तीव्र बनेको द्वन्द्वको अत्यन्त कठिन अवधि थियो।

वि.सं. २०५९ कात्तिक २४ र २०६१ कात्तिक ५ गतेका बीचमा नेकपा (माओवादी)द्वारा बर्दिया जिल्लामा भएको बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्यहरूसम्बन्धी[६] १४ वटा समाधान नगरिएका घटना पनि अभिलेखन गरिएका थिए। यी घटनामा पीडितको शव भएको ठाउँबारे केही पनि जानकारी छैन, यद्यपि केही घटनामा परिवारहरूले पीडितलाई अपहरण गरिएको केही दिन वा सातापछि मारिएको कुरा थाहा पाएका थिए (कहिलेकाहीँ प्रेस विज्ञप्तिमार्फत्)। अरू घटनामा परिवारहरूले पीडितको अवस्था वा उनीहरू कहाँ छन् भन्नेबारे कुनै जानकारी पाएका छैनन्।

द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यलाई समाधान गर्ने प्रश्न शान्ति प्रक्रियाका थाती रहेका मुद्दाहरूमध्ये एक रहेको छ। सन् २००६ को युद्धविरामयता नेपालमा अत्यन्त महत्त्वपूर्ण परिवर्तनहरू भएका छन्। यिनमा विस्तृत शान्ति सम्झौता (सम्झौता) र अन्य सम्झौताहरूमा भएको हस्ताक्षर, हातहतियार तथा सेना व्यवस्थापन, संविधानसभाको निर्वाचन, गणतन्त्रको घोषणा र नयाँ सरकारको गठन पर्दछन्। सन् २००६ मईयता बेपत्ता पारिएकाहरूको अवस्था स्पष्ट पार्न र बेपत्ता पार्ने कार्यसम्बन्धी आयोग स्थापना गर्न शान्ति प्रक्रियाका सम्बन्धित पक्षहरूद्वारा बारम्बार प्रतिबद्धताहरू व्यक्त गरिएका छन्। यी प्रतिबद्धताहरूमध्ये २०६३ मङ्सिरमा सम्पन्न सम्झौता जसअनुसार सम्बन्धित पक्षहरूले ६० दिनभित्रमा बेपत्ता पारिएकाहरूको अवस्था स्पष्ट पार्नुपर्ने र २०६४ पुस ८ गते सम्पन्न एउटा सम्झौता जसअनुसार तत्कालीन सरकारले एक महिनाभित्रमा आयोग स्थापना गर्नुपर्ने थियो भन्ने प्रावधान पर्दछन्। तर, यी प्रतिबद्धताहरूबाट कुनै फल प्राप्त भएको छैन।

वि.सं. २०६५ भदौमा नयाँ सरकारको गठन र २०६४ चैतमा सम्पन्न निर्वाचनपछि बनेको नयाँ र सर्वप्रथम आमजनताको प्रतिनिधित्व गर्ने संसद तथा संविधानसभाले नेपालको शान्ति प्रक्रियामा एउटा नयाँ चरण सुरु गरेको छ। यसले राज्यअधिकारीहरूलाई द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यलाई समाधान गर्न ठोस तथा प्रभावकारी कदमहरू चालेर मानवअधिकारप्रति साँचो प्रतिबद्धता प्रदर्शन गर्न अद्वितीय अवसर प्रदान गरेको छ। सन् २००८ नोभेम्बरमा यस प्रतिवेदनलाई अन्तिम रूप दिइरहँदा सरकारले बेपत्ता पार्ने कार्यसम्बन्धी मस्यौदा कानुन सार्वजनिक गरेर र बेपत्ता पारिएका व्यक्तिहरूका परिवारलाई तत्काल राहत प्रदान गर्ने मन्त्रिपरिषद्को निर्णयलगायत यस सम्बन्धमा स्वागतयोग्य कदमहरू चाल्यो।

वि.सं. २०६३ वैशाखमा आक्रामक कारबाहीहरूको अन्त्य भएपछि द्वन्द्वको अवधिमा व्याप्त रहेको त्रासको वातावरण घट्यो र बर्दिया जिल्लामा बेपत्ता पार्ने कार्य, विशेषगरी सुरक्षाफौजद्वारा, को गहिराइबारे जानकारी आउन थाले। बेपत्ता पारिएकाहरूका परिवारले गैससहरूको सहयोगमा आफ्ना प्रियजनहरूलाई के भयो भन्नेबारे थाहा पाउन निरन्तर रूपमा प्रयास गरेका छन् तर उपलब्धि हात लागेको छैन। तल जनाइएझैँ, द्वन्द्वको अवधिमा बर्दिया जिल्लामा राज्य र नेकपा (माओवादी) दुवैद्वारा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारको गम्भीर उल्लङ्घन गरिए तापनि पीडितहरू कहाँ छन् र तिनको अवस्था कस्तो छ भन्ने कुरा निरूपण गरी जिम्मेवारहरूलाई जवाफदेही बनाउन जरुरी भएकाले यस प्रतिवेदनले पक्राउ वा अपहरण गरिएपछि बेपत्ता पारिएका घटनाहरूलाई विशेष रूपमा हेरेको छ।

---

[३] वि.सं. २०५२ मा नेकपा (माओवादी)ले नेपाल सरकारका विरुद्ध "जनयुद्ध"को थालनी गऱ्यो। सन् २००६ अप्रिलमा विशाल विरोध प्रदर्शन र सन् २००६ मईमा घोषणा गरिएको युद्धविरामपश्चात् आक्रामक कारबाहीहरूको अन्त्य भयो। २०६३ मङ्सिरमा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि औपचारिक रूपमा द्वन्द्वको अन्त्य भयो।

[४] द्वन्द्वपीडित समिति-बर्दिया, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र अन्य सङ्गठनहरूद्वारा अभिलेखन गरिएअनुसार।

[५] सो जिल्लामा राज्यद्वारा बलपूर्वक बेपत्ता पारिएकाहरूको सानो सङ्ख्या (स्थानीय पीडितहरूको एक समूहका अनुसार १८) सङ्कटकाल लाग्नुअघि द्वन्द्वका पाँच वर्षको अवधिका र १५ वटा सन् २००३ जनवरी र सन् २००४ अप्रिलको बीचमा भएका घटनाको अभिलेख राखिएको थियो। त्यस अवधिपछि कुनै पनि घटना उच्चायुक्तको कार्यालयमा रिपोर्ट गरिएन।

[६] यस प्रतिवेदनमा प्रयुक्त शब्दावलीको अन्तर्राष्ट्रिय कानुनी खाकासम्बन्धी अध्याय ६ मा थप व्याख्या गरिएको छ। सङ्क्षिप्तमा, "बलपूर्वक बेपत्ता पार्ने कार्य" राज्यसँग सम्बन्धित बेपत्ता पार्ने कार्य र नेकपा (माओवादी)सँग सम्बन्धित बलपूर्वक बेपत्ता पार्ने कार्यका निम्ति "बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्यहरू"लाई जनाउन प्रयोग गरिएको छ भने "बेपत्ता पार्ने कार्य" दुवै सन्दर्भमा दुवै वर्गका घटनाहरूलाई समेट्न सामान्य अर्थमा प्रयोग गरिएको छ।

यस प्रतिवेदनले बर्दिया जिल्लामा शानेसेका एकाइहरू र अन्य सुरक्षाफौजको उपस्थिति तथा कारबाही र नेकपा (माओवादी)सँग सम्बन्ध भएको शङ्कामा जोसुकैलाई सुरक्षाफौजद्वारा स्वेच्छाचारी रूपमा पक्राउ गर्ने, तिनलाई कानुनको संरक्षणबाहिर गोप्य थुनामा राख्ने र यातना दिने योजनाबद्ध प्रचलनको परिणामस्वरूप भएका बलपूर्वक बेपत्ता पार्ने कार्यका प्रवृत्तिहरूबारे बताउँछ। यसको उद्देश्य अभद्र व्यवहार र यातनालगायतका कार्यमार्फत् नेकपा (माओवादी)बारे सूचना हासिल गर्ने तथा त्यस क्षेत्रबाट नेकपा (माओवादी)को उपस्थितिलाई समाप्त गर्नेजस्तो देखिन्थ्यो। विशेषगरी, उच्चायुक्तको कार्यालयले, उदाहरणहरूमार्फत्, चिसापानी ब्यारेकमा गोप्य थुनाको प्रवृत्ति र महिलाविरुद्ध भएको यौनहिंसालगायतका यातनामाथि आफ्ना अनुसन्धान संकेन्द्रण गरेको छ। सेनाका ब्यारेकबाट बेपत्ता भएका उल्लेख्य सङ्ख्याका व्यक्तिहरू - १५ देखि १७ वर्षका कतिपय युवायुवतीलगायत - लाई हिरासतमा गोप्य रूपमा मारिएको विश्वास गरिएको र राज्यअधिकारीहरूले हत्यालाई ढाकछोप गर्न खोजेको कुरा पनि उच्चायुक्तको कार्यालयका अनुसन्धानले देखाउँछन्।

यस प्रतिवेदनले नेकपा (माओवादी)द्वारा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्यहरूबारे पनि बताउँछ। पीडितहरूमा नेकपा (माओवादी)द्वारा "शोषक" वा "सुराकी" वा सुरक्षाफौजको सदस्य भनी आरोप लगाइएका व्यक्तिहरू छन्। नेकपा (माओवादी)ले तीमध्ये अधिकांश व्यक्तिहरूलाई मारिएको कुरालाई स्वीकार गरे तापनि शव भएको ठाउँ पहिचान गर्न र जिम्मेवारहरूलाई जवाफदेही बनाउनमा राज्यअधिकारीहरूसँग सहकार्य गर्न भएको विफलता एउटा प्रमुख सरोकारका रूपमा रहेको छ। सन् २००८ अगस्टमा नेकपा (माओवादी)को नेतृत्वले उच्चायुक्तको कार्यालयलाई आफूले सबै आफन्तहरूलाई जानकारी गराउन र शवहरू भएको ठाउँको पहिचान गर्न प्रयत्न गर्ने आश्वासन दिएको छ।

यस प्रतिवेदनले बर्दिया जिल्लामा थारूहरूलाई बेपत्ता पार्ने कार्यका सामाजिक-आर्थिक कारणहरू तथा परिणतिहरूको अध्ययन गर्न पनि खोजेको छ।

द्वन्द्वरत दुवै पक्षद्वारा बर्दिया जिल्लामा द्वन्द्वका क्रममा भएका बेपत्ता पार्ने कार्य व्यापक मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका बृहत्तर प्रवृत्तिको हिस्सा हो, जुन उल्लङ्घनका धेरैजसो पीडितहरू आक्रामक कारबाहीहरूमा भाग नलिएका सर्वसाधारण नागरिक थिए। सन् २००६ मा उच्चायुक्तको कार्यालयले महाराजगन्ज ब्यारेक, काठमाडौंमा सन् २००३/४ मा शानेसेद्वारा गरिएका स्वेच्छाचारी पक्राउ, गोप्य थुना, यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यको प्रवृत्तिलाई अभिलेखन गरेर एउटा प्रतिवेदन प्रकाशित गऱ्यो - यस्तो प्रवृत्ति जुन यस प्रतिवेदनमा अभिलिखित प्रवृत्तिसँग प्रायः मेल खान्छ[७]. बलपूर्वक तथा अनैच्छिक रूपमा बेपत्ता पार्ने कार्यसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्य समूह (डब्लुजीईआईडी)ले सन् २००४ डिसेम्बरमा गरेको नेपालको भ्रमणबारे आफ्नो प्रतिवेदनमा[८] नेपालमा बलपूर्वक बेपत्ता पार्ने कार्य व्यापक रहेको र गाउँलेहरू आफूले घटनाबारे रिपोर्ट गरेमा सुरक्षाफौज वा नेकपा (माओवादी)बाट हुने प्रतिशोधको डरले गर्दा देखा परेको "मौन रहने संस्कृति"को कारणले ग्रामीण क्षेत्रमा यस्ता घटना कम रिपोर्ट भएको हुन सक्ने कुरा उल्लेख गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगले सन् २०००/२००१ मा प्राप्त गरेका दर्जनौं घटनाहरूको तुलनामा सन् २००३/४ मा ६ सयभन्दा बढी उजुरीहरू प्राप्त गरी बेपत्ता पार्ने कार्यसम्बन्धी रिपोर्टहरू "अक्कासिँदो रूपमा" वृद्धि भएको उल्लेख गऱ्यो, जसमध्ये बहुसङ्ख्यक उजुरीहरूमा सुरक्षाफौजलाई मुछिएको थियो। अनेकौं राजनीतिज्ञ, प्रहरी र सेनाका सदस्यहरूलगायत नेकपा (माओवादी)द्वारा भएका अपहरण एवं बालबालिकालाई बलजफ्ती गरिएको अपहरण र भर्तीबारे सयौं रिपोर्टहरू पनि आएका थिए।

बलपूर्वक बेपत्ता पार्ने कार्यका अतिरिक्त रिपोर्ट गरिएका अरू उल्लङ्घनहरूमा राज्यद्वारा गरिएका सयौं हत्या र अन्य अवैधानिक हत्या, पक्राउ र यातना एवं नेकपा (माओवादी)द्वारा गरिएका थुप्रै हत्या, आक्रमण र अपहरण पर्दछन्। प्रत्यक्षदर्शी र मानवअधिकार रक्षकहरूले यस्ता घटनाहरू त्यसबेला रिपोर्ट गर्नमा सामना गरिरहेका चरम व्यवधानहरूका कारण मानवअधिकार उल्लङ्घन तथा दुर्व्यवहारको गहिराइलाई मूल्याङ्कन गर्न कठिन छ, तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सङ्गठनहरूका अनुसार पीडितहरूको सङ्ख्या हजारौं पुगेको ठानिएको छ। यी प्रवृत्तिहरू त्यसबेला र त्यसपछि पनि[९] ती सङ्गठनहरूद्वारा एवं सन् २००५ मईमा नेपालमा आफ्नो कार्यालय स्थापना भएयता उच्चायुक्तको कार्यालयद्वारा बृहत् रूपमा अभिलेखन गरिएका छन् (तल हेर्नुहोस्, अध्याय ३: *पृष्ठभूमि*)।

बर्दिया जिल्लामा भएका बेपत्ता पार्ने कार्यलगायत मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका यी सबै उल्लङ्घनमा लगभग पूर्ण दण्डहीनता रहेको छ र नागरिक अदालत[१०] द्वारा कसैलाई पनि अभियोजन गरिएको छैन। उच्चायुक्तको कार्यालयको प्रतिवेदनले सत्य, न्याय र परिपूरण प्राप्त गर्न आफन्त तथा मानवअधिकार रक्षकहरूले गरेका प्रयासहरूलाई अभिलेखन गर्नुका साथै

---

[७] संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल काठमाडौं महाराजगन्जस्थित शाही नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदन, सन् २००३ - २००४, सन् २००६ मई।

[८] ई/सीएन. ४/२००५/६५/एडीडी: बलपूर्वक वा अनैच्छिक रूपमा बेपत्ता पार्ने कार्यसम्बन्धी कार्य समूहको प्रतिवेदन: नेपाल मिसन सन् २००४ डिसेम्बर ६ - १४।

[९] उदाहरणार्थ हेर्नुहोस्: इन्सेकको मानवअधिकार वर्षपुस्तक २००२, २००३; एनएचआरसी: *ह्युमन राइट्स इन नेपाल (ए स्ट्याटस रिपोर्ट २००३;* सेप्टेम्बर २००३; ह्युमन राइट्स वाच: *क्लियर कल्पेबिलिटी: डिसअपियरेन्सस बाइ सेक्युरिटी फोर्सेस इन नेपाल*, मार्च २००५; एमनेस्टी इन्टरनेसनल: नेपाल: अ स्पाइरलिङ ह्युमन राइट्स क्राइसिस, ४ अप्रिल २००२; एमनेस्टी इन्टरनेसनल: नेपाल: *अ डिपेनिङ क्राइसिस*, डिसेम्बर २००२; एमनेस्टी इन्टरनेसनल, *"नेपाल: एस्कालेटिङ डिसअपियरेन्सस अमिड कल्चर अफ इम्प्युनिटी"*, अगस्ट ३०, २००४।

[१०] शानेसेले द्वन्द्वसँग सम्बन्धित सानो सङ्ख्याका घटनाहरूमा सैनिक अदालतमा मुद्दा चलाएको थियो तर उच्चायुक्तको कार्यालयको ध्यानाकर्षणमा ल्याइएका घटनाहरूमा, सैनिक अदालतले पूर्ण तथा निष्पक्ष रूपमा घटनाहरूको अनुसन्धान गरेकोमा यस कार्यालयलाई विश्वास छैन र सजायहरू प्रायः कम थिए। उदाहरणार्थ, हेर्नुहोस्: *उच्चायुक्तको कार्यालय: मैना सुनुवारको हिरासतमा यातना र मृत्यु, सरोकारहरूको सङ्क्षेप*, पुस २०६४।

यससम्बन्धी दायित्वहरूलाई पूरा गर्न सरकार तथा नेकपा (माओवादी)ले चालेका कदमहरूलाई मूल्याङ्कन गरेको छ। उच्चायुक्तको प्रतिवेदनले निष्कर्षमा नेकपा (माओवादी)द्वारा नेतृत्व गरिएको सरकार र राज्यअधिकारीहरूलाई सिफारिस गरेको छ, जुन पीडितका परिवारका अधिकारहरूलाई सम्बोधन गरियोस् भन्ने सुनिश्चित गर्न कार्यान्वयन गर्नेपर्छ भन्ने उच्चायुक्तको कार्यालयलाई लागेको छ। नेकपा (माओवादी) द्वन्द्वको एउटा सम्बन्धित पक्ष भएको र यसका आफ्ना दायित्वहरू भएकाले केही सिफारिसहरू यसलाई मात्र पनि सम्बोधन गरिएका छन्।

## अध्याय २: अध्ययनविधि

सन् २००५ अगस्टमा नेपालगन्जमा उच्चायुक्तको कार्यालयको क्षेत्रीय कार्यालयको स्थापना भएलगत्तै बर्दिया जिल्लामा द्वन्द्वका क्रममा भएका दर्जनौं बेपत्ता पार्ने घटनाका सम्बन्धमा यसले स्थानीय मानवअधिकार सङ्गठनहरूबाट जानकारी प्राप्त गर्न थाल्यो । सन् २००६ अप्रिलको प्रदर्शन (जसलाई *"जनआन्दोलन - २"* भनिन्छ) पछि मानवअधिकार तथा सुरक्षा वातावरणमा सुधार आएपछि र त्यसपछि आक्रामक कारबाहीहरूको अन्त्य भएपछि उच्चायुक्तको कार्यालयले बर्दिया जिल्लामा बेपत्ता पार्ने कार्यसम्बन्धी उजुरीहरू लिन थाल्यो । सन् २००६ जुनमा, यस कार्यालयले बेपत्ता पार्ने कार्यको प्रवृत्तिका रूपरेखा प्राप्त गर्न र प्रतीकात्मक घटनाहरूलाई पहिचान गर्न मापन कार्य सञ्चालन गऱ्यो ।

विभिन्न स्रोतहरूबाट तथ्याङ्कहरू जुटाइयो । सन् २००६ जुनदेखि उच्चायुक्तको कार्यालयले बर्दिया, बाँके एवं काठमाडौं जिल्लामा बेपत्ता पारिएका व्यक्तिका आफन्तहरू, स्थानीय अधिकारीहरू (प्रमुख जिल्ला अधिकारी (प्रजिअ), नेपाल प्रहरी (नेप्र), सशस्त्र प्रहरी बल (सप्रब), नेपाली सेना (नेसे)[11] र कारागार अधिकारीहरू); राष्ट्रिय मानवअधिकार आयोग (रामाअआ) र अन्य मानवअधिकार तथा नागरिक समाजका सङ्गठनहरू, नेकपा (माओवादी) र अन्य राजनीतिक दलका प्रतिनिधिहरू, थारू तथा गैरथारू समुदायका नेताहरू तथा अन्य स्थानीय मानिसहरू, संयुक्त राष्ट्रसङ्घीय निकाय र अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरू एवं इतिहासकारहरूसँग ३०० भन्दा बढी अन्तर्वार्ताहरू लियो । यस अनुसन्धानको क्रममा उच्चायुक्तको कार्यालयले अहिलेसम्म विभिन्न १५६ व्यक्तिका घटनाहरूको अभिलेखन गरेको छ, जसमध्ये बहुसङ्ख्यक थारू समुदायका थिए र तिनलाई बर्दिया जिल्लामा सुरक्षाफौजद्वारा पक्राउ गरेपछि बेपत्ता पारिएको थियो भने सो जिल्लामा १४ जनालाई नेकपा (माओवादी)द्वारा अपहरणपछि बेपत्ता पारिएको थियो (नामहरूका सूचीका लागि परिशिष्ट १ र २ हेर्नुहोस्) ।

सन् २००६ सेप्टेम्बरमा उच्चायुक्तको कार्यालयले बर्दिया जिल्लाबाट प्राप्त थुप्रै घटनासमेत गरी तत्कालीन शानेसेद्वारा बलपूर्वक बेपत्ता पारिएका भनिएका ३१५ वटा घटनाहरू तिनको अवस्था र तिनीहरू कहाँ छन् भन्ने कुराका सम्बन्धमा स्पष्टीकरणका लागि अनुरोध गर्दै नेसेको मानवअधिकार शाखामा पेस गऱ्यो । सोही समयमा कार्यालयले नेप्रद्वारा गरिएका भनिएका बलपूर्वक बेपत्ता पार्ने कार्यका घटनाहरू प्रहरी अधिकारीहरूलाई पनि पेस गऱ्यो । त्यसयता यसले नेसेबाट दुईवटा पत्र प्राप्त गरेको छ जसमा नेसेले उच्चायुक्तको कार्यालयले बर्दिया जिल्लामा बेपत्ता पारिएका भनी अभिलेखन गरेकामध्ये ५५ जनाको अवस्था खुलाइएको छ। उच्चायुक्तको कार्यालयले थप अनुसन्धान गर्न पाएका घटनाहरूका सम्बन्धमा के भएको थियो भन्ने नेसेको भनाइलाई हाँक दिएको छ र कार्यालयले यी व्यक्तिहरू अझै बेपत्ता पारिएका छन् भन्ने विश्वास गर्दछ (तल हेर्नुहोस् - अध्याय ६.७: *बर्दिया जिल्लामा भएको बेपत्ता पार्ने कार्यलाई ढाकछोप गर्न नेसेद्वारा भएका प्रयासहरू*) ।  यस कार्यालयले बर्दिया जिल्लामा बेपत्ता पार्ने कार्य भएको भनिएका ५७ वटा घटना - प्रहरी टोलीहरूद्वारा पक्राउ गरिएका भनी उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित समेत - को कुनै अभिलेख नभएको भन्ने नेप्रको एउटा पत्र पनि प्राप्त गऱ्यो ।

उच्चायुक्तको कार्यालयले सम्बद्ध अवधिमा चिसापानी ब्यारेक र ठाकुरद्वारा ब्यारेकमा भएका एकाइ र कमान्डिङ अधिकृतहरूबारे जानकारी प्राप्त गर्न र थुनास्थलसम्बन्धी बयानहरूबाट प्राप्त जानकारीलाई पुष्टि गर्न सन् २००७ सेप्टेम्बर र सन् २००७ नोभेम्बरमा ती ब्यारेकहरूको स्थलगत भ्रमण गऱ्यो ।
सन् २००८ अगस्टमा, उच्चायुक्तको कार्यालयले नेसेका प्रधानसेनापति एवं गृह मन्त्रालयलाई बर्दिया जिल्लामा सुरक्षाफौजद्वारा गरिएका पक्राउपछि बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी अनुसन्धान गरिएका घटनाहरूको सूची पेस गर्दै पुनः पत्र पठायो । ती पत्रहरूमा सुरक्षाफौजका त्यसबेलाका सम्बद्ध कमान्डरहरूको नामको पुष्टि गर्न तथा उनीहरूको भनाइ लिन तिनको अन्तर्वार्ता लिने पहुँच दिन अनुरोध गरिएको थियो । उच्चायुक्तको कार्यालयसँगको बैठकमा नेसेको मानवअधिकार शाखाले उच्चायुक्तको कार्यालयलाई सम्बन्धित व्यक्तिहरूमध्ये दुईजना अन्तर्वार्ता (तल अध्याय ६.३: शानेसेको चिसापानी ब्यारेकमा भएको थुना, यातना तथा अभद्र व्यवहार हेर्नुहोस्) का निम्ति उपलब्ध नभएको र प्रधानमन्त्रीको कार्यालयमार्फत् सुरक्षाफौजसँग सम्पर्क राख्न उच्चायुक्तको कार्यालयलाई अनुरोध गरेको जानकारी गरायो । कुनै औपचारिक प्रतिक्रिया प्राप्त भएन । यस कार्यालयले नेकपा (माओवादी)का जिल्ला तथा राष्ट्रिय प्रतिनिधिहरूसँगका कैयौं बैठकमा घटनाहरूको सूची पेस गरेर तथा नेकपा (माओवादी)का सम्बद्ध कमान्डरहरूसँग अन्तर्वार्ता लिन अनुरोध गरेरसमेत राष्ट्रिय नेतृत्वसँग पत्राचार गरी बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका घटनाहरूबारे कुरा उठाएको छ ।

सन् २००८ अक्टोबरमा यस प्रतिवेदन मस्यौदाको प्रतिक्रियाका लागि अनुरोध गर्दै सरकारलाई पेस गरिएको थियो । पछि टिप्पणी प्राप्त भयो र यस प्रतिवेदनलाई अन्तिम रूप दिँदा त्यसलाई ध्यानमा राखियो । प्रतिवेदनमा द्वन्द्वरत सबै पक्षहरूको दृष्टिकोण समावेश नभएको भनी सरकारले व्यक्त गरेका कुरालाई उच्चायुक्तको कार्यालयले ध्यानमा लिए तापनि यस प्रतिवेदनमा उठाइएका विषयहरूमा सुरक्षाफौजको दृष्टिकोणबारे कुनै विशिष्ट जानकारी उपलब्ध गराइएन ।

उच्चायुक्तको कार्यालयको अनुसन्धानको लक्ष्य बेपत्ता पार्ने कार्यका छुट्टाछुट्टै घटनाहरूको पूर्ण रूपमा अभिलेख राख्नुभन्दा पनि उल्लङ्घनका प्रवृत्तिहरूको अभिलेखन गर्ने भएको हुनाले, यस प्रतिवेदनले सबै घटनाको विस्तृत अनुसन्धान वा मूल्याङ्कन समावेश गरेको छैन । त्यसबाहेक, कारबाहीको सम्बन्धमा सुरक्षाफौज/नेकपा (माओवादी) माथिको भौगोलिक संकेन्द्रणलाई हेर्दा अन्यत्र पक्राउ

[11] वि.सं. २०६३ जेठ ४ गतेको प्रतिनिधिसभाको घोषणाद्वारा शाही नेपाली सेना (शानेसे)को नाम नेपाली सेना (नेसे)मा परिणत गरियो । यस प्रतिवेदनमा, द्वन्द्वको समयमा गरिएका सेनाका कारबाहीबारे उल्लेख गर्दा शानेसेको प्रयोग गरिएको छ । सन् २००६ मईपश्चात् गरिएका कारबाहीबारे उल्लेख गर्दा नेसेको प्रयोग गरिएको छ ।

वा अपहरण गरिएका बर्दिया जिल्लाका व्यक्तिका घटनाहरू यस प्रतिवेदनमा समावेश गरिएका छैनन्[१२]. तेस्रो, यस प्रतिवेदनले यस जिल्लाका सिमानाबाहिर भएका उल्लङ्घनका प्रवृत्तिहरू र खासगरी बर्दिया जिल्लास्थित शानेसेको कम्तीमा एउटा एकाइ (चिसापानी ब्यारेकमा अवस्थित भीमकाली गुल्म)ले छिमेकी जिल्ला बाँकेका केही भागमा कारबाही सञ्चालन गरेको थियो भन्ने तथ्यलाई प्रतिविम्बित गर्दैन, जहाँ विश्वसनीय सूचनाले सो गुल्म बलपूर्वक बेपत्ता पार्ने कार्य तथा अन्य गम्भीर मानवअधिकार उल्लङ्घनका निम्ति जिम्मेवार थियो भन्ने सङ्केत गर्दछ ।

अधिकांशतः उच्चायुक्तको कार्यालय बन्देज वा व्यवधानबिना आवश्यक परेको बेला सम्भाव्य संरक्षणका मुद्दाहरूलाई ध्यानमा राखेर आफ्ना अनुसन्धान गर्न सफल भयो । उच्चायुक्तको कार्यालय मूल्यवान सहयोग दिने राष्ट्रिय मानवअधिकर आयोगप्रति आभार व्यक्त गर्न चाहन्छ । क्षेत्रीय स्तरमा आयोगले उसको आफ्नै अनुसन्धानमार्फत् अभिलिखित उल्लङ्घन तथा बेपत्ता पार्ने कार्यका प्रवृत्तिहरूबारे उच्चायुक्तको कार्यालयलाई महत्त्वपूर्ण जानकारी उपलब्ध गरायो । यसले बर्दिया जिल्लामा भएका बेपत्ता पार्ने कार्यसम्बन्धी कैयौं घटनाहरूबारे आयोगले सरकारलाई गरेका सिफारिसहरूबारे पनि जानकारी दियो ।  बर्दिया जिल्लामा भएका बेपत्ता पार्ने कार्यसम्बन्धी सिफारिसहरूको मस्यौदाबारे सन् २००८ सेप्टेम्बरमा उच्चायुक्तको कार्यालयद्वारा आयोजित दुईवटा परामर्श बैठकमा आयोग अन्य मानवअधिकार सङ्गठनहरूसँगै सहभागी भयो । उच्चायुक्तको कार्यालयसँगका बैठकहरूमा आयोगको नेतृत्वले यस प्रतिवेदनको मस्यौदामाथि पनि आफ्नो प्रतिक्रिया उपलब्ध गरायो । उच्चायुक्तको कार्यालय एडभोकेसी फोरम, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), युनाइटेड युथ कम्युनिटी-नेपाल (यूएनवाईसी-नेपाल), नेपालगन्ज सञ्चार केन्द्र तथा विशेषगरी द्वन्द्वपीडित समिति, बर्दियालाई पनि तिनको सहयोगका लागि धन्यवाद दिन चाहन्छ ।

सामान्यतया स्थानीय राज्यअधिकारीहरूले अनुसन्धानमा सहयोग गरे । नेकपा (माओवादी)ले अपहृत व्यक्तिको अवस्थाबारे आंशिक रूपमा प्रस्ट्याउने सम्बन्धमा सहयोग पुऱ्यायो तर सम्बन्धित व्यक्तिहरूको अवस्था र उनीहरू कहाँ छन् भन्ने कुराका सम्बन्धमा पूर्ण जानकारी अझै आएको छैन । सुरक्षाफौजद्वारा पक्राउ गरेपछि बेपत्ता पारिएकाहरूमध्ये केहीको अवस्थाका सम्बन्धमा नेसेले गलत तथा भ्रमपूर्ण जानकारी उपलब्ध गराएको तथा अरू घटनाका सम्बन्धमा कुनै जवाफ नदिएकोमा उच्चायुक्तको कार्यालय चिन्तित छ । सीधै पहुँच पाउने उच्चायुक्तको कार्यालयको कार्यादेशका बाबजुद न सुरक्षाफौज न त नेकपा (माओवादी)ले नै अन्तर्वार्ता दिन सम्बद्ध कमान्डरहरूलाई उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराए ।

[१२] उच्चायुक्तको कार्यालयले गरेका अनुसन्धानका क्रममा स्रोतहरूबाट प्राप्त तर आफैंमा अनुसन्धान नगरिएका त्यस्ता घटनाहरूको सूची परिशिष्ट १ र २ को तालिका २ मा संलग्न गरिएका छन् ।

# अध्याय ३: पृष्ठभूमि

मध्यपश्चिमाञ्चल क्षेत्रको तराईका समथल भूमिमा अवस्थित बर्दिया मूलतः ग्रामीण जिल्ला हो, जसको करिब आधा हिस्सा (शाही) बर्दिया राष्ट्रिय निकुञ्ज[१३] ("राष्ट्रिय निकुञ्ज")ले ओगटेको छ। गरिबी, भेदभाव र विकास तथा धेरैका निम्ति आधारभूत आवश्यकतामा पहुँचको अभाव यो जिल्लाका विशेषताहरू हुन्। सबैभन्दा पछिल्लो सरकारी जनगणनाले यहाँको जनसङ्ख्या ३८२,६४९[१४] रहेको देखाएको छ, जसमध्ये अधिकांश थारू आदिवासी समुदाय (५२ प्रतिशत)का छन् भने त्यसपछि पहाडी[१५] मूलका क्षेत्री र ब्राह्मणहरू (क्रमशः १० र ९ प्रतिशत) छन्। बर्दियामा राज्यअधिकारीहरूद्वारा १५६ जनालाई बेपत्ता पारिएको थियो भनी उच्चायुक्तको कार्यालयले अभिलेखन गरेको थियो र तीमध्ये ८५ प्रतिशतभन्दा बढी व्यक्तिहरू थारू समुदायका थिए। अन्य बेपत्ता पारिएकाहरू पनि मूलतः आर्थिक रूपले विपन्न समुदायका थिए।

बर्दिया जिल्लाका थारूहरू बर्दियाको पूर्वमा पर्ने दाङ जिल्लालाई आफ्नो मूल थलो भनेर दाबी गर्ने तथा आफ्नो छुट्टै भाषा भएका देशौरी र दङ्गौरा थारू भनेर चिनिने आदिवासी समुदायमा पर्दछन्[१६]। मध्य तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका तराईका जिल्लाहरूमा यी समुदायहरूले आज जनसङ्ख्याको उल्लेख्य भाग ओगटेका छन्। इसाको १९औँ शताब्दीसम्म बस्न अयोग्य र औलोबाट प्रभावित जङ्गल क्षेत्रका केही भागका एकमात्र बासिन्दा भएको भनी उनीहरूलाई व्यापक रूपले चिनिन्छ।

बेलायतद्वारा सन् १८६० मा नेपाललाई दाङ[१७] जिल्लामा अवस्थित राप्ती नदीको पश्चिममा पर्ने तराईको क्षेत्र - जुन "नयाँ मुलुक" भनेर चिनिन आयो - नेपालको सैनिक सहयोगको[१८] बदलामा फिर्ता गरिएको थियो। राजा राजेन्द्रद्वारा बर्दिया जिल्लाको पूरै भागसमेत यस क्षेत्रको आधा हिस्सा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणालाई आफूले कर[१९] उठाउन पाउने भूमिका रूपमा उपहार दिइएको थियो। राजस्व तथा भौगोलिक प्रभाव दुवैमा वृद्धि गर्ने प्रयास स्वरूप त्यसपछि जङ्गबहादुर राणाले आफ्ना परिवार तथा परिचितहरूमाझ कर सङ्कलन गर्ने अधिकार दिए र तिनीहरूले भूमिको स्वामित्वमाथि बढ्दो मात्रामा दाबी गर्दै गए।

सन् १९५० को दशकमा तराईमा सुरु गरिएका औलो उन्मूलनसम्बन्धी आयोजनाहरू पश्चात् त्यहाँ मुख्यगरी विशिष्ट शासक वर्गसँग जात, भाषा तथा संस्कृतिका आधारमा निकट रहेका उत्तरी पहाडका उच्च जातका मानिसहरूको ठूलो सङ्ख्यामा राज्यद्वारा प्रोत्साहन गरिएको बसाइँसराइ भएको थियो।[२०] साथै, कमजोर आर्थिक अवस्था भएका आप्रवासीहरू पहाडी क्षेत्र तथा तराईका अन्य जिल्ला एवं भारतबाट सो जिल्लामा प्रवेश गरे। चेतनाको अभाव, ऋण दिने जालीपूर्ण प्रचलन, भ्रष्टाचार, न्यायमा पहुँचको अभाव तथा राज्यअधिकारीहरूद्वारा भेदभावको माध्यमबाट थारूहरू ठूलो मात्रामा उनीहरूको परम्परागत भूमिको स्वामित्वबाट वञ्चित पारिएका थिए। धेरै भूमिमाथिको नियन्त्रण अल्पसङ्ख्यक उच्च जातिका आप्रवासीहरूमा[२१] स्थानान्तर भयो र यसरी उनीहरू जमिन्दार भए। कृषि वा अन्य प्रकारका मजदुरलाई काममा लगाउने अलि सम्पन्न भूमि मालिकहरूलाई स्थानीय रूपमा जमिन्दार भनेर चिनिन्छ। अधिकांश थारूहरूको अवस्था मोही (अधियाँवाला), ज्यालादारी मजदुर अथवा कमैया (बँधुवा मजदुर)[२२]का रूपमा झऱ्यो।

सरकार तथा राजनीतिमा प्रतिनिधित्वको अभाव, भाषाको अवरोध तथा राज्यका सुरक्षा तथा शिक्षालगायतका सेवाहरूमाथिको पहुँचको अभावले गर्दा थारूहरूको सीमान्तीकरण अझ बढेको थियो। एउटा स्थानीय गैससका अनुसार, अहिले जस्तै सन् २००२ मा बर्दिया जिल्लाका कुनै पनि सरकारी कार्यालयमा कोही पनि थारू व्यक्ति अधिकृत स्तरमा कार्यरत थिएनन्। राजनीतिक प्रतिनिधित्व पनि केही अघिसम्म अत्यन्त न्यून थियो।[२३]

यसरी ग्रामीण क्षेत्रको सामाजिक संरचनामा जमिन्दार र शोषण तथा दुर्व्यवहारको जोखिममा रहेका थारू र अन्य सुविधाविहीन समुदायहरूबीचको उल्लेख्य मात्रामा रहेको शक्ति असन्तुलनबाट प्रभावित रहन गयो। थारू महिलाहरू जमिन्दारहरूबाट यौन शोषण

---

[१३] मिति २०६३ जेठ ४ गतेको प्रतिनिधिसभाको सरकारी संस्थाका शीर्षकबाट राजतन्त्रका सङ्केत हटाउने घोषणापश्चात् शाही बर्दिया राष्ट्रिय निकुञ्जको नाम बर्दिया राष्ट्रिय निकुञ्जमा परिणत गरियो।

[१४] सरकारी जनगणना २००१।

[१५] पहाडी भन्ने शब्दले तराईमा बस्नेलाई भन्दा पहाडी 'मूलका' बासिन्दालाई जनाउँछ।

[१६] स्थानीय समुदायका प्रतिनिधिहरूका अनुसार। उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएकाहरूले थारू समुदायका करिब असी प्रतिशतले धाराप्रवाह नेपाली बोल्न नजान्ने अनुमान गरेका छन्।

[१७] वर्तमान बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरू लगायत।

[१८] जोन व्हेल्पटन, *ए हिस्ट्री अफ नेपाल,* क्याम्ब्रिज विश्वविद्यालय प्रेस २००५।

[१९] एक्सन एड, *लिबरेसन इज नट इनफः द कमैया मुभमेन्ट इन नेपाल,* २००५।

[२०] अर्जुन गुणरत्ने, *मेनी टङस, वन पिपलः द मेकिङ अफ थारू आइडेन्टिटी इन नेपाल,* कोर्नेल युनिभर्सिटी प्रेस २००२, पृ. ९३।

[२१] एक्सन एड, *लिबरेसन इज नट इनफः कमैया मुभमेन्ट इन नेपाल,* २००५ पृष्ठ १२ देखि २०, अर्जुन गुणरत्ने मेनी टङस, वन पिपलः द मेकिङ अफ थारू आइडेन्टिटी इन नेपाल, कोर्नेल युनिभर्सिटी प्रेस २००२, पृष्ठ ९१।

[२२] ऐ. पृष्ठ ९५। बर्दिया जिल्लामा नेपाल सरकारमा दर्ता भएका १६,००० भन्दा बढी पूर्व कमैयाहरू छन् (भूमिसुधार मन्त्रालय, २००७ फेब्रुअरी)। यस क्षेत्रमा कार्यरत एक गैससका अनुसार ९९ प्रतिशतभन्दा बढी पूर्व कमैयाहरू थारू छन्।

[२३] सन् २००८ मा सम्पन्न संविधानसभाको चुनावमा बर्दिया जिल्लाका ४ सिटमध्ये ३ मा नेकपा (माओवादी)को प्रतिनिधित्व गर्ने थारू उम्मेदवार विजयी भएका थिए। शान्ति प्रक्रियामा संविधानसभामा सीमान्तीकृत समुदायहरूको बढ्दो प्रतिनिधित्वलगायत ती समुदायका अधिकारहरूका सम्बन्धमा स्वागतयोग्य प्रगति भएको छ (तल, अध्याय १०: निष्कर्ष हेर्नुहोस्)।

तथा बलात्कारबाट दोहोरो रूपमा पीडित हुने जोखिममा थिए । स्थानीय स्रोतहरूका अनुसार, परिणामस्वरूप ग्रामीण क्षेत्रमा एकातिर मोहीहरू र थारू तथा अन्य सुविधाविहीन समुदाय र अर्कोतिर उच्च जातिका जमिन्दारहरूबीच "सामान्य द्वन्द्व"[२४] सुरु भयो र भूमिमाथिको सङ्घर्ष यसको मुख्य कारण थियो ।

यस सन्दर्भमा, उच्च जातका जमिन्दारहरूको आधिपत्यलाई चुनौती दिने थारू तथा भूमि अधिकारसम्बन्धी थुप्रै समानान्तर आन्दोलनहरू देखा परे । सन् १९९० को प्रजातान्त्रिक आन्दोलनपश्चात् मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चल क्षेत्रमा उल्लेख्य रूपले गति लिएको बँधुवा मजदुरीको कमैया प्रथाको अन्त्यका लागि गरिएको आन्दोलन - जसले गर्दा अन्ततः सरकारले सन् २००० को जुलाईमा सबै कमैया मजदुरहरूलाई "मुक्त" गर्ने निर्णय गऱ्यो र सन् २००२ फेब्रुअरीमा कमैया श्रम निषेध गर्ने ऐन अवलम्बन गरियो - यीमध्ये सर्वाधिक उल्लेख्य आन्दोलन रह्यो ।[२५] उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका स्थानीय नागरिक समाजका प्रतिनिधिहरूमा थारू तथा भूमिसम्बन्धी अधिकारका लागि लड्न त्यतिबेला जारी पहलहरूसँगै गरिएको कमैयाहरूको "मुक्ति"ले आफ्नो शक्तिको आधारमाथि चुनौती आइरहेको महसुस गरिरहेका स्थानीय जमिन्दार वर्गमा असुरक्षाको भावना सिर्जना गऱ्यो र तिनले थारू समुदायलाई एक खतराका रूपमा र त्यसैकारण बढ्दो अविश्वासका साथ हेर्न थालेको भन्ने धारणा अत्यधिक मात्रामा रहेको छ ।

वि.सं. २०५२ मा "जनयुद्ध" सुरु भएदेखि नै बर्दिया जिल्लामा नेकपा (माओवादी) सक्रिय थियो ।[२५] उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका नेकपा (माओवादी)का जिल्ला स्तरीय नेताहरूका अनुसार, तिनको रणनीति विशेषगरी थारू समुदायका सीमान्तीकृत ग्रामीण समुदायहरूको तिनले भन्ने गरेको "सामन्ती जमिन्दारहरूको शोषण"का विरुद्ध परिचालनमा संकेन्द्रित थियो । नेकपा (माओवादी)ले कार्यकर्ता भर्ना गर्न तथा थारू मुक्तिको अवधारणा अवलम्बन गरेर "क्रान्तिकारी भूमिसुधार"को आफ्नो विचारधाराको प्रवर्द्धन गर्न स्थानीय स्तरमा सभा तथा साँस्कृतिक कार्यक्रमहरूको आयोजना गऱ्यो । कुनै विस्तृत तथ्याङ्क नभए पनि, यसरी नेकपा (माओवादी)ले आफ्नो कार्यकर्ता तहमा उल्लेख्य सङ्ख्यामा थारूहरूलाई समावेश गरेको कुरामा स्रोतहरू सहमत छन् । यसका अतिरिक्त, थारू तथा अन्य सुविधाविहीन समुदायका स्थानीय मानिसहरूलाई नेकपा (माओवादी)लाई समर्थन गर्न तथा उसका गतिविधिहरूमा भाग लिन प्रोत्साहित गरिन्थ्यो र प्रायः बल प्रयोग गरिन्थ्यो ।

नेकपा (माओवादी)को आन्दोलनले गति लिँदै जाँदा यसले उच्च जातका जमिन्दार वर्ग लाई बढ्दो रूपमा हिंसाको निसाना बनायो र यसमा सम्पत्तिको चोरी, ध्वस्त पार्ने काम, शारीरिक आक्रमण, अपहरण र कहिलेकाहीँ हत्यालगायतका कुरा हुन्थे । नेकपा ( माओवादी)को विद्रोह र जारी भूमि अधिकारसम्बन्धी आन्दोलनबीचको भिन्नता उच्च जातका धेरै जमिन्दारहरूका लागि अस्पष्ट रहेको कुरा स्थानीय जनता र थारू तथा गैरथारू नागरिक समाजका प्रतिनिधिहरूले पटकपटक उच्चायुक्तको कार्यालयलाई बताए । बढ्दो मात्रामा थारूहरू नेकपा (माओवादी)सँग सम्बद्ध भइरहेका थिए र जमिन्दार वर्गमा "सबै थारूहरू माओवादी हुन्" भन्ने साझा धारणा रहेको थियो । यसका अतिरिक्त, यी जमिन्दार र राज्यका संस्थाहरूमा आधिपत्य भएका पहाडी मूलका उच्च जातका सदस्यहरूबीच नातागोता तथा जातको सम्बन्धको माध्यमबाट यस्ता प्रवृत्ति स्थानीय राज्यअधिकारी तथा सुरक्षाफौजमा हावी भएको मानसिकता बन्न पुग्यो । यस सन्दर्भमा जमिन्दार वा राज्यअधिकारीहरूका तुलनामा भूमि अधिकार माग गर्ने थारू तथा अन्य सीमान्तीकृत समुदायहरू माओवादी तथा विद्रोहीको बिल्ला लाग्ने बढ्दो जोखिममा थिए ।

द्वन्द्वको सुरुका वर्षहरूमा प्रहरी - नेप्र र पछि सप्रब - मात्र नेकपा (माओवादी) विरुद्धको लडाइँमा संलग्न थिए र यी सुरुका वर्षहरूमा नेप्रद्वारा बर्दिया जिल्लामा सानो सङ्ख्यामा बलपूर्वक बेपत्ता पार्ने कार्य गरिएको थियो भनियो (माथिको पादटिप्पणी नम्बर ३ हेर्नुहोस्) । नेकपा (माओवादी)सँगको शान्ति वार्ता भङ्ग भएपछि र नेकपा (माओवादी)द्वारा दर्जनौं प्रहरी र सैनिकहरू मारिने गरी मध्यपश्चिमाञ्चल क्षेत्रको पहाडी इलाकामा पछि गरिएका शृङ्खलाबद्ध आक्रमणहरूपश्चात् सरकारले २०५८ मङ्सिर ११ गते सङ्कटकालको घोषणा गऱ्यो । नेकपा (माओवादी)लाई "आतङ्ककारी" सङ्गठन घोषणा गरियो, आतङ्ककारी तथा विध्वंसात्मक कार्य अध्यादेश (टाडो)[२६] का रूपमा आतङ्ककारी विरोधी कानुन ल्याइयो र माओवादी विद्रोहविरुद्ध लड्न शानेसेलाई पहिलोपल्ट परिचालन गरियो । त्यसपछिका महिनाहरूमा, नेपालका अन्य ठाउँमा जस्तै मध्यपश्चिमाञ्चल क्षेत्रको बर्दिया जिल्लामा पनि राजनीतिक हिंसा र असुरक्षाको अभूतपूर्व स्थितिका बीच मानवअधिकारको स्थिति द्रुत गतिमा खराब हुँदै गयो । नेकपा (माओवादी)सँग सम्बन्ध भएको आशङ्कामा हजारौँलाई पक्राउ गरियो (आधिकारिक स्रोतका अनुसार सन् २००१ नोभेम्बर र सन् २००२ फेब्रुअरीबीच मात्रै ५००० भन्दा बढी) । एमनेस्टी इन्टरनेसनलले सुरक्षाफौजद्वारा सन् २००२ मा गरिएका आरोपित गैरन्यायिक हत्याका २०० घटनाहरूबारे आफूले गैरन्यायिक हत्यासम्बन्धी विशेष प्रतिवेदकलाई जानकारी पेस गरेको उल्लेख गऱ्यो ।[२७] *ह्युमन राइट्स इन नेपाल: ए स्ट्याटस रिपोर्ट २००३* नामक आफ्नो प्रतिवेदनमा राष्ट्रिय मानवअधिकार आयोगले इन्सेकको वार्षिक प्रतिवेदनहरूमा भएका तथ्याङ्कहरू उल्लेख गर्दै सन् २००२ मा राज्यअधिकारीहरूद्वारा यातना दिने कार्यमा डरलाग्दो वृद्धि भएको भनी उल्लेख गरेको छ (एक वर्षमा ३४३० घटना) ।[२८] साथै, "क्रान्तिका शत्रु" भएको आरोपमा नेकपा (माओवादी)द्वारा आक्रमण गरिएका, अपहरण गरिएका, यातना

---

[२४] हेर्नुहोस् अर्जुन गुणरत्ने, *मेनी टङ्गस्, वान पिपुल: द मेकिङ अफ थारू आइडेन्टिटी इन नेपाल,* कोर्नेल युनिभर्सिटी प्रेस २००२, पृ. ९१.दाङ जिल्लाबारे ।

[२५] सन् २००२ को ऐनले पुनर्स्थापनाका कार्यक्रमहरू समावेश गरे तापनि, सो ऐनमा भएका प्रावधानहरू कहिल्यै पनि पूर्ण रूपमा कार्यान्वयन गरिएका छैनन् ।

[२५] ठाकुरद्वारा र सूर्यपटुवा गाविसहरूमा अन्तर्वार्ता लिइएका नेकपा (माओवादी)का प्रतिनिधि तथा स्थानीय जनताहरूका अनुसार ।

[२६] टाडोसँग सम्बन्धित मानवअधिकारसम्बन्धी चिन्ताको मूल्याङ्कनका निम्ति *अध्याय ५: अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी खाका* हेर्नुहोस् ।

[२७] एमनेस्टी इन्टरनेसनल: नेपाल: ए डिपेनिङ ह्युमन राइट्स क्राइसिस, २००२ डिसेम्बर ।

[२८] द्वन्द्वका सन्दर्भमा यातनाको प्रयोगको पुनः पुष्टि यातनासम्बन्धी विशेष प्रतिवेदकको सन् २००५ सेप्टेम्बरमा गरिएको आफ्नो नेपाल भ्रमणसम्बन्धी प्रतिवेदनमा गरिएको छ, जसमा उनले अन्तर्वार्ता तथा केही वर्षअघि देखि प्राप्त उजुरीहरूका आधारमा नेपालमा प्रहरी, सशस्त्र प्रहरी तथा शानेसेद्वारा मूलतः स्वीकारोक्ति लिन एवं द्वन्द्वसँग सम्बन्धित गोप्य जानकारी प्राप्त गर्न योजनाबद्ध रूपमा यातना तथा अभद्र व्यवहारको अभ्यास गरिन्छ भनी "द्विविधारहित ढङ्गले"

दिइएका तथा/वा गैरकानुनी रूपमा मारिएका सयौँ व्यक्तिहरूमा जमिन्दार, शिक्षक तथा राजनीतिज्ञहरू थिए। प्रहरी तथा शानेसेका कर्मचारीहरूलाई पनि अपहरण र केही घटनामा हत्याका लागि लक्ष्यित गरियो।

सन् २००२ अगस्टमा सङ्कटकाल हटाइए तापनि मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका प्रवृत्तिहरू व्यापक नै भइरहे। द्वन्द्वपीडितहरूमध्ये धेरैजना सेना तथा नेकपा (माओवादी)बीच फसेका र एक वा अर्को पक्षसँग सहकार्य गरेको अनुभव गरिएको वा वास्तविक सहकार्य गरेको परिणामस्वरूप दुवै पक्षबाट प्रतिशोधको जोखिममा रहेका सर्वसाधारणहरू थिए। यस प्रतिवेदनमा उल्लेख गरिएका बेपत्ता पार्ने घटनाहरूमध्ये अधिकांश यसै सन्दर्भमा घटेका हुन्।

निष्कर्ष निकाले। उनले "केही घटनामा यातना स्वीकार्य भएको र वास्तवमै योजनाबद्ध ढङ्गले यसको अभ्यास गरिन्छ भन्ने वरिष्ठ प्रहरी तथा सैनिक पदाधिकारीहरूबाट दोहोऱ्याइएको चिन्ताजनक रूपमा स्पष्ट स्वीकारोक्ति" को पनि उल्लेख गरे। यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन, नेपालका लागि म्यानफ्रेड नोवाक मिसन, २००६।

# अध्याय ४: बेपत्ता पारिएकाहरूको विवरण

### ४.१ राज्यद्वारा पक्राउ गरेपछि बेपत्ता पारिएका व्यक्तिहरू

उच्चायुक्तको कार्यालयले अभिलेखन गरेका १५६ व्यक्तिका घटनाहरूमा १३८ पुरुष र १८ महिला थिए । पहिले नै उल्लेख गरिएझैं, अधिकांश (१३५) थारू थिए र उनीहरू असमानुपातिक रूपबाट पीडित बनाइएका थिए । बेपत्ता पारिएको भनी अभिलिखित (तल हेर्नुहोस्) सबै महिला तथा बालबालिका थारू मूलका थिए । अन्य पीडित समुदायमा ब्राह्मण र क्षेत्री (पाँच पाँचवटा घटना), ठकुरी (चारवटा घटना), मगर (तीनवटा घटना), दलित (दुईवटा घटना) तथा मण्डल र सेख (एक एकवटा घटना) थिए । थारूबाहेक अन्यमा पनि धेरैजसो जनसमुदाय आर्थिक रूपले विपन्न वर्गका थिए ।

पक्राउ पर्दा पीडितहरूको उमेर[२९] १४ देखि ६० वर्षसम्म रहेको बताइयो र तीमध्ये सबैभन्दा धेरै (७४) १८ देखि २७ वर्षका थिए । पीडितमध्ये तीसजना २८ देखि ३७ वर्षका तथा १६ जना ३८ देखि ४७ वर्षका रहेको बताइयो । सातजना ४८ देखि ६० वर्षका भनी अभिलेखन गरियो ।

बेपत्ता पारिएकामध्ये २१ जना पक्राउ पर्दा १४ देखि १७ वर्षका हुनु विशेष चिन्ताको विषय हो । यी बालबालिकामध्ये अधिकांश घरबाट पक्राउ गरिएका थिए र उनीहरू वा तिनका परिवारजनहरूलाई नेकपा (माओवादी)सँग संलग्न रहेको आरोप लगाइएको थियो । सानो सङ्ख्यामा व्यक्तिहरूलाई शानेसेको गस्तीद्वारा जथाभावी रूपमा पक्राउ गरिएको देखिन्थ्यो । तीनजना नेकपा (माओवादी)का सक्रिय नयाँ लडाकु भएको पुष्टि भयो ।

उपलब्ध जानकारीअनुसार, १८ जना महिला पीडितहरू १५ देखि २३ वर्षका थिए र यसरी उनीहरू पीडित पुरुषहरूभन्दा औसतमा कम उमेरका थिए । तीमध्ये छजना १८ वर्षमुनिका थिए । तीमध्ये एघारजनालाई ठाकुरद्वारा ब्यारेकस्थित शानेसेको कारबाही क्षेत्रबाट पक्राउ गरेको बताइयो । तिनका आफन्त तथा नेकपा (माओवादी)का अनुसार पक्राउ पर्दा यीमध्ये कम्तीमा नौ महिला नेकपा (माओवादी)का सदस्य थिए र यसरी महिला पीडितहरूमध्ये नेकपा (माओवादी)का सदस्यहरूको अनुपात उल्लेखनीय रूपमा बढी थियो (तल हेर्नुहोस्) ।

एकसय ४६ वटा घटनामा पीडितहरूको पेसाको अभिलेखन गरिएको थियो । पीडितहरूमध्ये सबैभन्दा ठूलो सङ्ख्या (६१) खेतीबाट जीवन निर्वाह गर्ने किसानहरू थिए र यसले बर्दिया जिल्लामा बेपत्ता पार्ने कार्यबाट सर्वाधिक प्रभावित ग्रामीण क्षेत्रको प्रमुख जीविकोपार्जनको स्वरूपलाई प्रतिबिम्बित गर्दछ । तिनमा साना किसान, अधियाँवाला, पूर्व कमैया र कृषि मजदुर रहेका थिए । बेपत्ता भएकाहरूमध्ये अरू १७ जना पक्राउ पर्नुभन्दा केही अघिमात्र आफ्नो गाउँ आएका भारतमा मौसमी रूपमा काम गर्ने मजदुर थिए । बेपत्ता पारिएकाहरूमध्ये १५ विद्यार्थी, ९ शिक्षक र ६ सिकर्मी पनि थिए ।

शानेसेद्वारा पक्राउ गरेपछि बेपत्ता पारिएकाहरूमा कतिपय प्रतिष्ठित थारू अधिकारकर्मी पनि थिए । तिनमा थारू भाषामा *गोचली* नामको पत्रिका प्रकाशन गर्ने बर्दिया जिल्लास्थित बुद्धिजीवीहरूको सोही नामको सञ्जालका केन्द्रीय समितिका तीनजना सदस्य पनि थिए । थारूहरूको अधिकारका लागि सरकारलाई दबाब दिन, कमैया प्रणालीबारे चेतना अभिवृद्धि गर्न तथा थारू भाषाको प्रवर्द्धन गर्न गठन भएको *गोचली*ले नेकपा (माओवादी)ले थारूको सहयोग परिचालन गर्ने मार्गका रूपमा सो सञ्जाललाई प्रयोग गर्न खोज्दा त्यसलाई अस्वीकार गरेको बताइएको थियो तथापि यसका सदस्यहरू शानेसेद्वारा निसाना बनाइएका थिए । तीनैजना स्थानीय विद्यालयका शिक्षक थिए ।[३०]

बर्दिया जिल्लामा बेपत्ता पारिएकामध्ये २३ जना - तिनका आफन्त र कुनैकुनै घटनामा नेकपा (माओवादी) स्रोतका अनुसार - पक्राउ पर्दा नेकपा (माओवादी)का सदस्य थिए । तिनमा नेकपा (माओवादी)का क्षेत्रीय समिति सदस्य तथा सचिव, नेकपा (माओवादी)का कार्यकर्ताहरू तथा एकजना नेकपा (माओवादी)का वडा प्रमुख एवं सन्देशवाहक र दुई-तीन दिनदेखि चार वर्षसम्म नेकपा (माओवादी)सँग काम गरिरहेका व्यक्तिहरू थिए । केही डुलुवा कार्यकर्ता थिए र उनीहरू पक्राउ पर्दा आफ्ना घरबाट टाढा थिए ।

बेपत्ता पारिएका अधिकांश व्यक्तिहरू सर्वसाधारण गाउँले थिए । उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित जानकारीका अनुसार पक्राउ पर्दा उनीहरू नेकपा (माओवादी)का सदस्य वा आक्रामक कारबाहीहरूमा प्रत्यक्षतः संलग्न भएका थिएनन् र यो कुरा उच्चायुक्तको कार्यालयसँग अन्तर्वार्ताका क्रममा जिल्ला तथा स्थानीय स्तरका नेकपा (माओवादी)का प्रतिनिधिहरू, नेकपा (माओवादी)सँग आबद्ध बेपत्ता नागरिक समाज (समाज)का एक सदस्यद्वारा पुष्टि भएको थियो । यी व्यक्तिहरूमध्ये कैयौंसँग नेकपा (माओवादी)सँग साइनो नभएको कुरा बताइयो; तिनलाई यातना तथा व्यक्तिगत बदलाको भावनाद्वारा प्रेरित गलत आरोप र गलत जानकारीबाट प्रेरित भई पक्राउ गरिएको विश्वास गरिएको छ । केही मानिस नेकपा (माओवादी)सँग सहानुभूति राख्ने वा समर्थकहरू, केही नेकपा (माओवादी)का डुलुवा कार्यकर्ताहरूलाई स्वैच्छिक रूपमा खाना वा आश्रय उपलब्ध गराउनेहरू वा नेकपा (माओवादी)द्वारा आयोजित गाउँस्तरीय आमसभामा भाग लिनेहरू रहेको बताइयो । अन्यले त्यस्तो सहयोग दिएका वा बैठकमा भाग लिएका होलान् तर

---

[२९] १४८ घटनामा अभिलेख राखिएको ।

[३०] वि.सं . २०५८ पुस १२ गते, नेकपा (माओवादी)ले स्थानीय एक जमिन्दारमाथि आक्रमण गरेको भोलिपल्ट शानेसेको खानतलासीका क्रममा *गोचली*का सहसंस्थापक तथा केन्द्रीय समिति सदस्य सगुनलाल चौधरीलाई कामबाट घर फर्किंदा पक्राउ गरिएको बताइयो । वि.सं. २०५८ पुस २१ गते केन्द्रीय समितिका दोस्रा सदस्य रूपलाल चौधरीलाई शानेसेद्वारा उनकै घरबाट पक्राउ गरिएको बताइयो । दुवैजनालाई पछिल्लोपटक चिसापानीस्थित शानेसेको ब्यारेकमा देखिएको थियो । वि.सं. २०५९ वैशाख ४ गते केन्द्रीय समितिका तेस्रा सदस्य भीमबहादुर थारूलाई शानेसेद्वारा उनकै घरबाट पक्राउ गरिएको बताइयो ।

भइरहेको व्यापक शारीरिक आक्रमण तथा हत्याले गर्दा नेकपा (माओवादी)द्वारा हुने प्रतिशोधका डरले प्रायः यस्तो हुने गरेकाले ती काम स्वेच्छापूर्वक गरिएका थिए भन्ने कुरामा प्रश्न उठाउन सकिन्थ्यो ।

**४.२: नेकपा (माओवादी)द्वारा अपहरणपछि बेपत्ता पारिएका व्यक्तिहरू**

सन् २००२ नोभेम्बरदेखि सन् २००४ अक्टोबरसम्ममा बर्दिया जिल्लामा नेकपा (माओवादी)द्वारा अपहरण गरिएपछि कहाँ रहेका छन् भन्ने कुरा अज्ञात रहेका १४ जनाको घटनाको उच्चायुक्तको कार्यालयले अभिलेखन गऱ्यो । पीडितहरूमा २० देखि करिब ६५ वर्षका १३ पुरुष तथा एक महिला थिए । सबैभन्दा ठूलो सङ्ख्या २० देखि २९ वर्षका (आठ), दुईजना ३० देखि ३९ वर्षका र क्रमशः चालीस, पचास र साठीको दशकमा रहेका एक-एकजना थिए ।[३१] तीमध्ये तीनजना थारू, क्षत्री र ब्राह्मण, दुईजना बादीलगायत तीनजना दलित र दुईजना मधेशी[३२] मूलका (मुस्लिम र कायस्थ) थिए ।

पेसाका आधारमा, सबैभन्दा धेरै पीडित (सातजना) किसान थिए र तिनमा एकजना ट्र्याक्टर चालक र दुईजना बादी मूलका किसानसमेत थिए । पीडितहरूमध्ये सुरक्षाफौजका तीनजना सदस्य - दुई शानेसे तथा एक सप्रब कर्मचारी - थिए र अपहरणको समयमा ती लडाइँमा संलग्न थिएनन् (*hors de combat*) (हेर्नुहोस् अध्याय ५: *अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी खाका*) । बाँकीमा एक-एकजना डकर्मी, व्यापारी, मिस्त्री तथा चिकित्साकर्मी थिए । तीनजना पीडितहरू नेपाली काङ्ग्रेस (नेका)सँग आबद्ध थिए (एक सदस्य, एक समर्थक र एकजना तरुण दल (नेपाली काङ्ग्रेसको युवा समूह)का गाउँ उपाध्यक्ष) । अरू तीनजना माओवादीसँग आबद्ध थिए र नेकपा (माओवादी)द्वारा सुराकी भएको वा आपराधिक गतिविधिमा लागेको आरोपमा निसाना बनाइएका थिए ।

---

[३१] एकजना पीडितको उमेर उपलब्ध नभएको ।

[३२] मधेशी भनेको पहाडी क्षेत्रको विपरीत समथल क्षेत्र (मधेश भनेर चिनिने) मूलथलो भएका मानिसहरूका लागि प्रयोग हुने नेपाली शब्द हो ।

# अध्याय ५: अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी खाका

## ५.१ बलपूर्वक बेपत्ता पार्ने कार्य र सम्बद्ध उल्लङ्घनहरूसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी खाका

*अन्तर्राष्ट्रिय मानवअधिकार कानुन*

संयुक्त राष्ट्रसङ्घीय महासभाले जोड दिएझैं बलपूर्वक बेपत्ता पार्ने कार्य मानवअधिकारको गम्भीर र घोर उल्लङ्घन हो ।[३३] यसले कानुनका दृष्टिमा व्यक्तिका रूपमा पहिचानको अधिकार (धारा १६), स्वतन्त्रता तथा सुरक्षाको अधिकार (धारा ९) र अमानवीय तथा अपमानजनक व्यवहारविरुद्धको अधिकार (धारा ७)लगायत सन् १९९१ देखि नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि (आईसीसीपीआर)अन्तर्गतका मुख्य मानवअधिकार प्रत्याभूतिहरूको उल्लङ्घनको प्रतिनिधित्व गर्दछ। त्यसका अतिरिक्त, अन्य मानवअधिकार उल्लङ्घनका लागि यो सम्भाव्य मुख्यद्वार हो। थुनामा परेपछि, बेपत्ता पारिएको व्यक्तिले बाँच्न पाउने अधिकार (धारा ६) को उल्लङ्घन हुने गैरन्यायिक हत्या तथा यातना (धारा ७, आईसीसीपीआर र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायसम्बन्धी महासन्धि (क्याट)) को खतराको सामना गर्दछ ।

वास्तवमा, बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी महासभा घोषणापत्रको सन् १९९२ मा भएको अवलम्बन र सन् २००६ मा बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (यसपछि 'बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी महासन्धि' भनिएको) नामक विशिष्टीकृत मानवअधिकार सन्धिको अवलम्बनमा बलपूर्वक बेपत्ता पार्ने कार्यको विषयले पर्याप्त रूपमा गम्भीर भूमिका खेलेको मानिएको छ। ती लिखतहरूअन्तर्गत "बलपूर्वक बेपत्ता पार्ने कार्य" का मुख्य तत्त्वहरू देहायबमोजिम छन् :

(क) कुनै पनि व्यक्तिलाई पक्रिइन्छ, थुनिन्छ, अपहरण गरिन्छ वा आफ्नो स्वतन्त्रताबाट अपहरण गरिन्छ ;
(ख) स्वतन्त्रताको यस्तो अपहरण राज्यका प्रतिनिधि/अधिकारीहरू अथवा राज्यबाट अधिकार प्राप्त वा राज्यको समर्थन वा मौनसम्मतिमा व्यक्ति वा समूहहरूद्वारा गरिएको हुन्छ; र
(ग) बेपत्ता पारिएको व्यक्तिको स्वतन्त्रताको अपहरणलाई वा निजको अवस्थाबारे वा निज कहाँ छ भन्नेबारे लुकाइएको कुरालाई मान्न अस्वीकार गरिएको हुन्छ जसले त्यस्तो व्यक्तिलाई कानुनको संरक्षणबाहिर राख्दछ ।[३४]

नेपालले बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी महासन्धिलाई अझै अनुमोदन नगरेको भए पनि - न त यो सन्धि अन्तर्राष्ट्रिय रूपमा कार्यान्वयनमा नै आएको छ - आईसीसीपीआरका आफ्ना दायित्वअनुसार बलपूर्वक बेपत्ता पार्ने कार्य नगर्ने नेपालको दायित्व छ। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका यी दायित्वहरू शान्ति तथा युद्धको समयमा लागू हुन्छन्[३५] र त्यसरी नै नेपालको वर्तमान द्वन्द्वको समयमा ती समान रूपले लागू हुन्छन् । उदाहरणार्थ, मानवअधिकार समितिले द्वन्द्वको अवधिमा भएको भनिएको बलपूर्वक बेपत्ता पार्ने कार्यका सम्बन्धमा नेपालस्थित एक निवेदकबाट प्राप्त पत्रमाथि हालसालै विचार पुऱ्यायो । मानवअधिकार समितिले सो घटनामा सारतत्व रहेको र नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २ (३), ७, ९ र १० को उल्लङ्घन गरेको निष्कर्ष निकाल्यो ।[३६] आईसीसीपीआर तथा बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी लिखतहरूअन्तर्गत, संकेन्द्रण सम्बद्ध मानवअधिकारको उल्लङ्घन हुने राज्यको कार्यमा हुन्छ । तर, यसमा अनुसन्धान गर्ने तथा राज्यको अनुमति, सहमति वा मौनसम्मतिबिना व्यक्ति/समूहहरूद्वारा बेपत्ता पार्ने कार्यमा जिम्मेवार व्यक्तिहरूलाई न्यायसमक्ष ल्याउने दायित्व राज्यमा रहेको कुरासमेत पर्दछ ।[३७]

*अन्तर्राष्ट्रिय मानवीय कानुन*

तर, "गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व"का दुवै पक्षहरू (नेपालको सन्दर्भमा, राज्यको सुरक्षाफौज[३८] र नेकपा (माओवादी) दुवै) लागू भएका अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूद्वारा बाँधिएका हुन्छन् । नेपाल चारवटा जेनेभा महासन्धिको पक्ष राष्ट्र हो (यद्यपि दुईमध्ये कुनै पनि अतिरिक्त सन्धिपत्रको यो पक्ष राष्ट्र भएको छैन) । जेनेभा महासन्धिको साझा धारा ३ अन्तर्गत, आक्रामक कारबाहीहरूमा सक्रिय रूपमा भाग नलिएका व्यक्तिहरू (थुना वा अन्य कुनै कारणले 'लड्न असमर्थ' भएका सशस्त्रफौजका सदस्यहरूलगायत) लाई मानवोचित व्यवहार पाउने हक हुन्छ । सशस्त्र द्वन्द्वरत पक्षहरूलाई त्यस्ता व्यक्तिहरूको जीवन र शरीरविरुद्ध हिंसा गर्न - खासगरी

---

[३३] सन् १९९२ डिसेम्बर १८ मा पारित गरिएको बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्र ('बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी घोषणापत्र') ।

[३४] यी प्रमुख तत्त्वहरू बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी घोषणापत्रको प्रस्तावना तथा बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी महासन्धिको धारा २ मा भएका तत्त्वहरूलाई हेरेर लिइएको हो ।

[३५] प्यालेस्टाइन अधीनस्थ क्षेत्रमा पर्खाल निर्माण गर्नुको कानुनी परिणामबारे अन्तर्राष्ट्रिय न्याय अदालत (आईसीजे)को परामर्शी मत, (२००४) आईसीजे प्रतिवेदनहरू ।

[३६] शर्मा विरुद्ध नेपाल, पत्र सङ्ख्या १४६९/२००६ (२०६५ कात्तिक २१), संयुक्त राष्ट्रसङ्घ दस्तावेज सीसीपीआर/सी/९४/डी/ १४६९ /२००६ ।

[३७] बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी महासन्धिको धारा ३ हेर्नुहोस् । छुट्टाछुट्टै दल/सङ्गठनहरूको आईसीसीपीआरका अधिकारहरूको उपभोगमा हनन पुऱ्याउने खालका गतिविधिबाट मानिसहरूलाई संरक्षण गर्न कदम चाल्नुपर्ने राज्यको दायित्वसम्बन्धी मानवअधिकार समितिको विधिशास्त्र पनि हेर्नुहोस्: मानवअधिकार समिति सामान्य टिप्पणी नम्बर ३१, द नेचर अफ जेनेरल लिगल अब्लिगेसन इम्पोज्ड अन स्टेट पार्टिज (२००४), अनुच्छेद ८ ।

[३८] यस सन्दर्भमा, राज्यको सुरक्षाफौजअन्तर्गत नेसेको संयुक्त कमान्डमा हुने सैनिक कारबाहीहरूमा सहभागी हुँदा तिनमा नेसे एवं सप्रब तथा नेप्र समावेश हुन्छन् ।

सबै प्रकारका हत्या, अङ्गभङ्ग, क्रूर व्यवहार र यातना; निजी मर्यादामाथिको अपमान - विशेषतः होच्याउने तथा अपमानजनक व्यवहार; र न्यायिक प्रत्याभूतिहरू उपलब्ध गराउने कानुनी ढङ्गबाट गठित अदालतद्वारा पहिले नै घोषणा गरिएको फैसलाबिना हत्याको निर्णय सुनाउने र त्यसलाई लागू गर्ने कार्य गर्नबाट निषेध गरिएको छ। स्वतन्त्रताको स्वेच्छाचारी अपहरणमाथिको निषेध तथा आफ्नो स्वतन्त्रताबाट अपहरण गरिएका व्यक्तिहरूको पञ्जिका राख्नुपर्ने, थुनुवाको पारिवारिक जीवनको सम्मान गर्नुपर्ने, आफ्ना नजिकका आफन्तहरूद्वारा थुनुवाहरूलाई भेट्न दिनुपर्ने तथा थुनुवाहरूले आफ्ना परिवारसँग पत्राचार गर्न पाउनुपर्ने आवश्यकतालगायत गैरअन्तर्राष्ट्रिय द्वन्द्वसम्बन्धी सम्बद्ध प्रथागत अन्तर्राष्ट्रिय नियमहरूको विकास भएको छ। प्रथागत अन्तर्राष्ट्रिय कानुनअनुसार सशस्त्र द्वन्द्वरत प्रत्येक पक्षले द्वन्द्वको परिणामस्वरूप हराएका भनिएका सबै व्यक्तिहरूको लगत राख्न र तिनको अवस्थाबारे आफूसँग भएको कुनै पनि जानकारी तिनका परिवारजनहरूलाई उपलब्ध गराउन सम्भाव्य सबै उपायहरू पनि लिनुपर्दछ। समग्रमा यी दायित्वहरूको प्रभावले के निष्कर्षमा पुऱ्याउँछ भने बेपत्ता पार्ने प्रचलन (द्वन्द्वरत कुनै पनि पक्षद्वारा गरिएको) प्रथागत अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा निषेध गरिएको छ।[३९]

*अन्तर्राष्ट्रिय फौजदारी कानुन*

बेपत्ता पार्ने कार्यले धेरै प्रकारका सन्धिहरू एवं स्वतन्त्रताको स्वेच्छाचारी अपहरण, यातना तथा कहिलेकाहीँ हत्यालगायतका अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रथागत नियमहरूको उल्लङ्घन गर्छ। युद्ध अपराधमा अन्तर्राष्ट्रिय मानवीय कानुनका गम्भीर उल्लङ्घनहरू पर्दछन्। प्रथागत अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी अन्तर्राष्ट्रिय रेडक्रस समितिको अध्ययनका अनुसार यसभित्र विशेषगरी जेनेभा महासन्धिको साझा धारा ३ को गम्भीर उल्लङ्घन तथा गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वसम्बन्धी अन्तर्राष्ट्रिय कानुनका लागू हुने प्रथागत नियमहरू पर्दछन्।[४०] यस क्षेत्रभित्र ज्यान तथा व्यक्तिप्रतिको हिंसाजस्ता आक्रामक कारबाही विशेषगरी सबै प्रकारका हत्या, अङ्गच्छेदन, क्रूर व्यवहार र यातना, तथा होच्याउने र अपमानजनक व्यवहारजस्ता व्यक्तिगत मर्यादामाथिको आक्रमण, न्यायिक प्रत्याभूति दिने गरी कानुनी रूपमा स्थापित अदालतद्वारा दिइएको पूर्व निर्णयबिना सजाय दिने तथा हत्या गर्ने र सर्वसाधारण जनता वा व्यक्तिहरूलाई आक्रमणको वस्तु बनाउने र यौनहिंसा गर्ने कुरामा सक्रिय भाग नलिने व्यक्तिहरूविरुद्धको उल्लङ्घन पर्दछन्।[४१] युद्ध अपराधहरू द्वन्द्वरत कुनै पनि पक्षद्वारा गरिन सक्छ। व्यापक वा योजनाबद्ध आक्रमणको हिस्साका रूपमा थाहा पाईपाई सर्वसाधारणका विरुद्ध यस्तो आक्रमण गरिएमा, बलपूर्वक बेपत्ता पार्ने कार्य मानवताविरुद्धको अपराध हुन सक्छ।[४२] अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानअन्तर्गत यस्तो अपराध[४४] राज्य वा कुनै राजनीतिक सङ्गठनद्वारा वा तिनबाट अधिकार लिएर, तिनको समर्थन वा मौनसम्मतिमा गरिन सक्छ।[४३] नेपालले रोम विधानलाई अनुमोदन नगरे पनि त्यस्तै खालको निषेध प्रथागत अन्तर्राष्ट्रिय कानुनमा विद्यमान छ र यो नेपालमा राज्य तथा गैरराज्य पक्ष दुवैमा लागू भएको छ।[४४]

*अन्य सम्बद्ध अन्तर्राष्ट्रिय मापदण्ड*

अन्तर्राष्ट्रिय महासन्धि, सन्धि तथा सिद्धान्तहरूमा दण्डहीनता तथा पीडितका सत्य, न्याय र परिपूरणका अधिकारहरूसम्बन्धी पनि महत्त्वपूर्ण मापदण्डहरू समेटिएका छन्। यी मापदण्डहरू अध्याय ९: *सत्य, न्याय र परिपूरण*मा रेखाङ्कन गरिएका छन्।

माथि उल्लिखित महासन्धि तथा सन्धिका प्रावधानहरू यस प्रतिवेदनसँग सान्दर्भिक प्रमुख अन्तर्राष्ट्रिय मापदण्डहरू भए तापनि, यस प्रतिवेदनमा उल्लेख गरिएका अन्य अधिकारको मूल्याङ्कनका लागि खाका उपलब्ध गराउने अन्य महासन्धि तथा सन्धिहरूको पनि नेपाल पक्ष राष्ट्र हो। यिनमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पर्दछ, जसले राज्यलाई पर्याप्त खाना, पर्याप्त जीवनस्तर, स्वास्थ्य तथा शिक्षासम्बन्धी अधिकारको सम्मान, संरक्षण गर्न र त्यसलाई पूरा गर्न आवश्यक बनाउँछ। अध्याय ८ मा यस प्रतिवेदनले बेपत्ता पार्ने कार्यले परिवारजनहरूको आर्थिक तथा सामाजिक अवस्थामाथि पारेको प्रभाव तथा आधारभूत आवश्यकताहरूको प्राप्तिमा परिवारहरूलाई सहायता गर्ने राज्यको सहयोगको अभावमाथि अध्ययन गरेको छ। यसका अतिरिक्त, बालअधिकारसम्बन्धी महासन्धिले सशस्त्र समूहमा भर्ना, गैरकानुनी हत्या, स्वेच्छाचारी थुना, यातना तथा बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्ध बालबालिकाको संरक्षणसम्बन्धी सिद्धान्तको खाका उपलब्ध गराउँछ। बालबालिकाहरू यस्तो उल्लङ्घनका पीडित भएका कैयौं घटनाहरू यस प्रतिवेदनमा समावेश छन्।

---

[३९] रेडक्रसको अन्तर्राष्ट्रिय समितिका लागि जिनमारी हेन्केटर्स र लुइस डोस्वाल्डबेक, कस्टमरी इन्टरनेसनल ह्युमानिटेरियन ल, वर्ष १: रुल्स (क्याम्ब्रिज विश्वविद्यालय प्रेस, २००५) ("आईसीआरसी स्टडी अन कस्टमरी आईएचएल") रुल ९८, पृ. ३४०-१।

[४०] आईसीआरसी स्टडी अन कस्टमरी आईएचएल, रुल १५६, पृ. ५६८-६०३।

[४१] ऐ।

[४२] अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा ७। यस बुँदासम्बन्धी प्रथागत अन्तर्राष्ट्रिय कानुनको छलफल पनि हेर्नुहोस्: तल हेर्नुहोस्।

[४४] अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको धारा ७ (२)(१) ले 'व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पार्ने कार्य' भन्नाले व्यक्तिहलाई पक्राउ गर्ने, थुनामा राख्ने वा अपहरण गर्ने र त्यसपछि लामो अवधिसम्म उनीहरूलाई कानुनको संरक्षणबाट बाहिर राख्ने आशयले उनीहरूलाई स्वतन्त्रताबाट वञ्चित गरिएको कुरा स्वीकार गर्न वा ती व्यक्तिहरूको अवस्था वा उनीहरू कहाँ छन् भन्ने जानकारी दिन नमान्ने भन्ने बुझिने जनाएको छ।

[४३] ऐ।

[४४] बलपूर्वक वा अनैच्छिक रूपमा बेपत्ता पार्ने कार्यबाट व्यक्तिहरूको संरक्षणका निम्ति विद्यमान अन्तर्राष्ट्रिय फौजदारी तथा मानवअधिकार खाकाको अध्ययन गर्ने जिम्मेवारी सुम्पिएका स्वतन्त्र विज्ञ श्री म्यानफ्रेड नोवाकद्वारा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोगमा पेस गरिएको (२०५८ पुष २४) ("बेपत्ता पार्ने कार्यसम्बन्धी नोवाक प्रतिवेदन"), पृ. २७-२९; एन्टोनियो क्यासेस, इन्टरनेसनल क्रिमिनल ल (अक्सफोर्ड युनिभर्सिटी प्रेस, २००३), पृ. ७४, ८०।

*यस प्रतिवेदनमा प्रयुक्त शब्दावली*

माथिबाट स्पष्ट भएजस्तै, अन्तर्राष्ट्रिय कानुनको विकासक्रममा सो कानुनमा विद्यमान "बलपूर्वक बेपत्ता पार्ने कार्य"का परिभाषाहरू अलिअलि भिन्न छन् । अन्तर्राष्ट्रिय मानवअधिकार कानुनी खाकाअन्तर्गत "बलपूर्वक बेपत्ता पार्ने कार्य"ले राज्यले प्रत्यक्षतः वा राज्यका प्रतिनिधि/अधिकारीहरूमार्फत् वा गैरराज्य कर्मचारीका कार्यहरूलाई समर्थन गरेर वा मौनसम्मति दिएर भूमिका खेलेका घटनाहरूलाई मात्र जनाउँछ ।[४५] अन्तर्राष्ट्रिय फौजदारी कानुनअन्तर्गत बलपूर्वक बेपत्ता पार्ने कार्यको मानवताविरुद्धको अपराधको कसुर बढी व्यापक छ र यसले राज्यपात्रलाई मात्र होइन "राजनीतिक सङ्गठनबाट अधिकार पाएर, त्यसको समर्थनमा वा मौनसम्मतिमा" काम गर्नेहरूलाई पनि समेट्छ । अन्तर्राष्ट्रिय मानवीय सन्धि कानुनले बेपत्ता पार्ने कार्यलाई स्पष्ट रूपमा उल्लेख गर्दैन । यस प्रतिवेदनमा "बलपूर्वक बेपत्ता पार्ने कार्य"लाई राज्यसँग सम्बद्ध घटनाहरूलाई जनाउन, नेकपा (माओवादी)सँग सम्बद्ध घटनाको उल्लेख गर्दा "बलपूर्वक बेपत्ता पार्ने कार्यसरहको कार्य"लाई जनाउन र दुवै खालका घटनाहरूमा लागू हुने सामान्य शब्दका रूपमा "बेपत्ता पार्ने कार्य"लाई जनाउन एउटा अभ्यास अवलम्बन गरिएको छ ।

**५.२: राष्ट्रिय कानुनी खाका**

यस प्रतिवेदनमा वर्णीत घटनाहरू भएको समयमा नेपाली कानुनमा बलपूर्वक बेपत्ता पार्ने कार्य अथवा बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्यलाई प्रत्यक्ष रूपमा निषेध गरिएको थिएन, न त यसले यातनालाई अपराधीकरण नै गरेको थियो । सरकारद्वारा सन् २००८ नोभेम्बरको मध्यमा बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने मस्यौदा कानुन सार्वजनिक गरिए पनि यो अवस्था अझापि छँदैछ[४६] । तर, अपवादका रूपमा यसमा आतङ्कवादविरोधी विशिष्टीकृत प्रावधानहरू भए तापनि यस्ता विषयसँग सम्बद्ध अधिकारको संवैधानिक खाकाभित्र संरक्षणका केही व्यवस्था भने रहेका थिए । उदाहरणार्थ, २०४७ सालको संविधानले कुनै पनि व्यक्तिलाई "कानुनबमोजिम" मात्र सार्वजनिक स्वतन्त्रताबाट अपहरण गर्न सकिने (धारा १२ (१))[४७] र त्यसमा कुनै पनि व्यक्तिलाई पक्राउ गरेपछि र थुनामा राखेपछि पक्राउ गर्नुको कारणबारे सकेसम्म चाँडो जानकारी गराउनुपर्ने र आफ्नो छनोटको कानुन व्यवसायीसँग परामर्श गर्ने र प्रतिरक्षा गर्न पाउने अधिकारको व्यवस्था गरेको छ (धारा १४(५)) । अनुसन्धानका क्रममा वा पुर्पक्षका लागि वा अन्य कुनै कारणले थुनामा परेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरुद्धको अधिकारको पनि यसले व्यवस्था गरेको थियो (धारा १४ (४)) । सो संविधानले पक्राउ गरिएका वा थुनामा राखिएका व्यक्तिहरूलाई २४ घण्टाभित्र न्यायिक अधिकारीसमक्ष ल्याइनुपर्ने अधिकारको पनि व्यवस्था पनि गरेको छ । तर यो अधिकार "निवारक नजरबन्दमा राख्ने व्यवस्था गर्ने कानुन"अन्तर्गत थुनामा राखिएको कुनै व्यक्तिलाई थिएन (धारा १४ (६) र (७)) ।[४८]

सन् २००१ नोभेम्बरमा, राजाले मन्त्रिपरिषद्को सल्लाहमा सङ्कटकालको घोषणा गरी निवारक नजरबन्दको प्रयोगलाई सीमित गर्नेलगायतका कैयौं संवैधानिक प्रत्याभूतिहरूलाई निलम्बन गरे ।[४९] सोही महिना आतङ्ककारी तथा विध्वंसात्मक गतिविधिसम्बन्धी अध्यादेश (टाडो) लागू भयो जसले "आतङ्ककारी" वा "विध्वंसात्मक" गतिविधिमा लागेको शङ्का भएको कुनै पनि व्यक्तिलाई प्रमुख जिल्ला अधिकारी (प्रजिअ)को आदेशमा पक्राउ पुर्जीबिना पक्राउ गरी "मानवोचित स्थान"मा निवारक नजरबन्दमा राख्ने व्यापक अधिकार सुरक्षाफौजलाई दियो ।[५०] त्यस्ता व्यक्तिलाई अदालतसमक्ष नल्याई नब्बे दिनसम्म राख्न सकिन्थ्यो । गृह मन्त्रालयद्वारा थप ९० दिनको थुना अवधिको स्वीकृति दिन सकिन्थ्यो । टाडोअन्तर्गत एउटा आदेशमा नेकपा (माओवादी) र "प्रत्यक्ष वा परोक्ष रूपबाट संलग्न वा त्यो समूहद्वारा सञ्चालन गरिने कुनै पनि गतिविधिमा सहायता दिने कुनै पनि व्यक्ति, सङ्गठन वा समूह"लाई आतङ्ककारी भनी घोषणा गरियो ।[५१] सन् २००२ अप्रिलमा, टाडोलाई आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) ऐन २००२ (टाडा) पारित गरी संसदद्वारा प्रतिस्थापन गरियो, जसले उस्तै निवारक नजरबन्दको व्यवस्थालाई निरन्तरता

---

[४५] बलपूर्वक तथा अनैच्छिक रूपमा बेपत्ता पार्ने कार्यसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्य समूह (डब्लुजीईआईडी)को 'जेनरल कमेन्ट अन दि डेफिनिसन अफ इन्फोर्स्ड डिसअपियरेन्स' पनि हेर्नुहोस् ।

[४६] सन् २००७ मा 'अपहरण' र 'बन्धक बनाउने कार्य' लाई अपराधीकरण गर्दै एउटा कानुन पारित गरियो र सरकारले बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने एउटा कानुन पारित गर्ने आशय व्यक्त गरेको थियो । सन् २००८ नोभेम्बरको मध्यमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने प्रावधान समेटिएको बेपत्ता पार्ने कार्यसम्बन्धी मस्यौदा विधेयक सार्वजनिक गऱ्यो । यी प्रावधानहरू पश्चात्दर्शी रूपले लागू हुनेछन् । मन्त्रिपरिषद्ले २०६५ मङ्सिर ४ गते सो मस्यौदा कानुन र यसलाई संसद्मा पठाउने कुरालाई स्वीकृत गऱ्यो ।

[४७] नेपालको सर्वोच्च अदालतले सफा तथा स्वस्थ्य वातावरणमा बाँच्न पाउने अधिकारसम्बन्धी आफ्नो निर्णयमा "बाँच्न पाउने अधिकार"को कुरा पनि परेको भनी यो प्रावधान पनि परेको उल्लेख गरेको छः लिडर्स इन्क विरुद्ध गोदावरी मार्बल उद्योग, ४ एस सीटी. बुल १ ।

[४८] संविधानले नेपालको सार्वभौमसत्ता, अखण्डता वा कानुन र व्यवस्थामाथि तत्काल खतरा हुने पर्याप्त आधारमा मात्र निवारक नजरबन्दलाई सीमित गरेको छः धारा १५, २०४७ को संविधान ।

[४९] सङ्कटकालको घोषणाबाट निलम्बनमा पर्ने अन्य स्वतन्त्रताहरूमा अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण रूपमा भेला हुन पाउने स्वतन्त्रता, आवतजावत गर्न पाउने स्वतन्त्रता, पूर्व नियन्त्रणविरुद्धको अधिकार, सूचनाको अधिकार, सम्पत्तिको अधिकार, गोपनीयताको अधिकार र संवैधानिक उपचारको अधिकार थिए । तर, बन्दीप्रत्यक्षीकरणमा न्यायिक उपचारको अधिकार भने कायम राखिएको थियो ।

[५०] संसद्को बैठक चालु नरहेकाले सुरुमा अध्यादेशका रूपमा यसलाई पारित गरिएको थियो ।

[५१] टाडाको भाग ७ अनुसार नेपाल राजपत्रमा वि.सं. २०५८ मङ्सिर ११ गते प्रकाशित आदेश ।

दियो ।[५२] टाडो र टाडा दुवैमा शानेसे, सप्रब र नेप्रलाई सुरक्षाफौज भनी विशिष्ट रूपमा परिभाषा गरियो र यसरी औपचारिक रूपमा शानेसेलाई पक्राउ गर्ने र थुनामा राख्ने अधिकार दिइयो ।

आतङ्ककारी र "विध्वंसात्मक गतिविधि" को अस्पष्ट परिभाषा वरिपरि निर्मित व्यवस्था लागू गर्दा स्वेच्छाचारी पक्राउ गर्ने प्रशस्त ठाउँ थियो । निवारक नजरबन्दसम्बन्धी समयावधि प्रायः लम्ब्याइन्थ्यो वा बेवास्ता गरिन्थ्यो । "मानवोचित स्थलमा" भन्ने शब्दावलीको अस्पष्टताले शानेसेलाई थुनुवाहरूलाई सेनाको हिरासतमा राख्न सम्भव बनायो । व्यवहारतः प्रजिअहरू सुरक्षाफौजको अधीनमा हुन्थे र थुनालाई वैधानिकता प्रदान गर्ने सम्बन्धमा विशेषगरी शानेसेको निर्देशनमा काम गर्थे भनिन्थ्यो ।[५३] सन् २००४ मा आफ्नो नेपाल भ्रमणका क्रममा डब्लुजीईआईडीले वरिष्ठ सरकारी अधिकारीहरूको भनाइलाई "एक वर्षसम्मका लागि (निवारक) नजरबन्दमा राख्ने व्यवस्थाले बेपत्ता पार्ने कार्य तथा गैरन्यायिक हत्याका सङ्ख्यालाई न्यून गर्छ" भनी उद्धृत गऱ्यो । त्यस्ता घटनाहरू भइरहेका छन् भन्ने उच्च सरकारी तहमा भएको मौन स्वीकारोक्तिका अतिरिक्त डब्लुजीईआईडीले यस पूर्वानुमानलाई "चिन्ताजनक" भनी उल्लेख गऱ्यो । "त्यस्तो मतले समाजमा तत्काल खतरा हुने प्रमाण देखाउनुपर्ने आवश्यकताबिनै शङ्कितहरूलाई थुनामा राख्ने सम्बन्धमा सुरक्षाफौजलाई अझ बढी "लचकता" नदिएसम्म सुरक्षाफौज त्यस्तो कार्यमा संलग्न हुनेछ भन्ने पूर्वानुमान गर्दछ ।" व्यवहारमा बलपूर्वक बेपत्ता पार्ने कार्य घट्नुको सट्टा जारी नै रह्यो ।

प्रत्यक्ष रूपमा होस् वा परोक्ष रूपमा, टाडाले दण्डहीनताको वातावरणको सृजना गर्न मद्दत गऱ्यो जसले गर्दा स्वेच्छाचारी पक्राउ गर्ने कार्यविरुद्धको संरक्षण घट्यो र सुरक्षाफौजले नागरिक वा न्यायिक नियन्त्रण वा रेखदेखबिना र व्यक्तिहरूको "आतङ्ककारी" वा "विध्वंसात्मक" गतिविधिसँग सम्बन्ध भएको देखाउन बाध्य नभई पक्राउ गर्नसक्यो । डब्लुजीईआईडीले निष्कर्ष निकाल्यो: "निर्दोष मानिसलाई सजिलैसँग शङ्का गर्न सकिन्छ र गरिन्छ । आफ्नो फैसलामा प्रश्न उठाउन पाइँदैन भन्ने अनुमानमा सुरक्षाफौज पनि ढुक्क छन् ।"[५४]

---

[५२] टाडाअन्तर्गत ९० दिनसम्म निवारक नजरबन्दमा राख्न सकिने व्यवस्था गरियो (थप हुने सम्भावनाबिना) । तर दुई वर्षपछि यो समाप्त हुँदा धेरैवटा टाडो अध्यादेशहरू पारित गरिए, जसले निवारक नजरबन्दलाई छ महिनाको थप अवधिसमेत छ महिनासम्मका लागि कायम गर्न अनुमति दियो ।

[५३] बेपत्ता पार्ने कार्यसम्बन्धी चारवटा घटनाहरूको अनुसन्धान गर्न सर्वोच्च अदालतद्वारा सन् २००७ मा गठन गरिएको एउटा कार्यदलले आफ्नो प्रतिवेदनमा शानेसेको परिचालनपछि नागरिक प्रशासन "पूर्ण रूपमा विफल भएको" र प्रजिअको भूमिका सेनाका कर्मचारीद्वारा तयार गरिएका कागजातहरूमा हस्ताक्षर गर्नमा सीमित भएको निष्कर्ष निकाल्यो । डब्लुजीईआईडीले प्रजिअको भूमिकालाई "नजरबन्दको अनुरोधको ठीक बेठीक वा शङ्कितको शारीरिक अवस्थामाथि कुनै विचार नगरी निवारक नजरबन्दलाई योजनाबद्ध रूपबाट रबर स्ट्याम्प लगाउने" भनी व्याख्या गऱ्यो ।

[५४] ई/सीएन.४/२००५/६५/एडीडी.१: डब्लुजीईआईडीको प्रतिवेदनः परिशिष्टः मिसन टु नेपाल, २०६१ मङ्सिर २१-२९ ।

# अध्याय ६: सुरक्षाफौजद्वारा पक्राउ गरेपछि बलपूर्वक बेपत्ता पार्ने कार्य

## ६.१: बर्दिया जिल्लामा सुरक्षाफौजको उपस्थिति र कारबाही

यो अंश बर्दिया जिल्लामा मूलतः राज्यद्वारा गरिएका बलपूर्वक बेपत्ता पार्ने कार्य सबैभन्दा बढी भएको भनिएको सन् २००१ डिसेम्बरदेखि सन् २००३ जनवरीसम्मको अवधिमा केन्द्रित रहेको छ ।[५५] बेपत्ता पारिएका भनी उच्चायुक्तको कार्यालयले अभिलेखन गरेका घटनामध्ये १२८ जना शानेसेका कर्मचारीद्वारा तथा नौजना नेप्रद्वारा पक्राउ गरिएका भनिएका थिए । थप १४ जनालाई शानेसे, नेप्र तथा/वा सप्रबको संयुक्त टोलीद्वारा पक्राउ गरिएका भनिएको थियो । बाँकीलाई पोसाक र रूपले गर्दा सुरक्षाफौज भनी चिनिएका मानिसहरूद्वारा पक्राउ गरिएको थियो तर प्रत्यक्षदर्शीहरूले तिनलाई शानेसे, नेप्र वा सप्रब को थिए भनी छुट्याउन सकेनन् ।

### *६.१.१ शाही नेपाली सेना (शानेसे)*

यस अवधिमा विभिन्न समयमा बर्दिया जिल्लामा शानेसेका तीनवटा एकाइ बसेका थिए: भीमकाली गुल्म, बरख[५६] गुल्म (जसलाई त्यस अवधिमा गणमा बढुवा गरिएको थियो) र रणसुर गुल्म । यी एकाइहरू तत्कालीन समयमा सुर्खेतमा मुख्यालय रहेको शानेसेको चौथो वाहिनी र बाँके जिल्लाको नेपालगन्जस्थित राँझा ब्यारेकमा मुख्यालय रहेको शानेसेको पश्चिम पृतनाको कमान्ड क्षेत्रभित्र पर्दथे । राँझा ब्यारेकस्थित पश्चिम पृतना मुख्यालयभित्रको अपरेसन एकाइले त्यस क्षेत्रमा प्रतिविद्रोहको कारबाहीलाई समन्वय गर्थ्यो भनिन्थ्यो । उच्चायुक्तको कार्यालयद्वारा लिइएका जानकारीअनुसार, नेपालगन्जसँगको भौगोलिक निकटताका कारण भीमकाली गुल्मले व्यवहारमा पृतना मुख्यालयमा नै रिपोर्ट गर्दथ्यो । उच्चायुक्तको कार्यालयले सन् २००८ अगस्टमा नेसेलाई एक पत्र पठाई समीक्षा गरिएको अवधिमा पश्चिम पृतना मुख्यालय तथा चौथो वाहिनीमा रहेका कमान्डरहरूको नाम र उनीहरूको अन्तर्वार्ताका लागि अनुरोध गऱ्यो । त्यसपछि विनारोकटोक प्रवेश पाउने उच्चायुक्तको कार्यालयको कार्यादेशका बाबजुद यस कार्यालयलाई त्यस्तो जानकारी तथा पहुँचका लागि प्रधानमन्त्रीको कार्यालयमा पत्राचार गर्नुपर्ने जानकारी दिइयो ।

बर्दिया जिल्लामा रहेका एकाइका अतिरिक्त, छिमेकी जिल्ला कैलालीमा रहेका शानेसेका एकाइहरूले पनि सन् २००१ देखि सन् २००३ सम्म मानिसहरू बेपत्ता पारिएका बर्दिया जिल्लाका क्षेत्रहरूमा कारबाही सञ्चालन गरेका थिए (तल हेर्नुहोस्, परिच्छेद ६.१.३: *राजापुर क्षेत्रमा सुरक्षाफौजको कारबाही*) ।

बर्दिया जिल्लामा तैनाथ गरिएका शानेसेका सबै एकाइहरू राष्ट्रिय निकुञ्जमा रहेका थिए र प्रारम्भमा तिनको भूमिका निकुञ्जका वन्यजन्तुको संरक्षण गर्नुमा सीमित थियो । प्रत्यक्षदर्शीहरूका एकनासे बयानअनुसार, द्वन्द्वमा तैनाथीपश्चात् शानेसेले नेकपा (माओवादी)को उपस्थिति तथा समर्थनको आधारक्षेत्रलाई निर्मूल पार्ने लक्ष्यजस्तो देखिने पटकपटक र लगातारको कारबाही सञ्चालन गऱ्यो ।

ती एकाइहरूले नियमित गस्ती तथा सर्वसाधारणको भेषमा समुदायमा हिँड्डुल गर्ने छद्मभेषी टोली एवं स्थानीय सुराकी र जानकारी दिन विवश पार्न यातना दिइएका थुनुवाहरूमार्फत् नेकपा (माओवादी)का आरोपित सदस्य तथा समर्थकहरूसम्बन्धी पहिचान र उनीहरू कहाँ छन् भन्ने जानकारी लिए । यस सूचनाका आधारमा शानेसेका सिपाहीहरूका टोलीहरूले, कहिलेकाहीँ प्रहरीसँगै मिलेर, आफ्ना ब्यारेकनजिकै ग्रामीण क्षेत्रमा "घेराउ र खानतलास" को कारबाही सञ्चालन गर्दथे र नेकपा (माओवादी)सँग सम्बन्ध भएको शङ्का गरिएको जोसुकैलाई तिनको घर, सडक, कार्यस्थल वा बास लिइरहेको ठाउँबाट पक्राउ गर्दथे (हेर्नुहोस्, परिच्छेद ६.२: *सुरक्षा कारबाहीका क्रममा गरिएका स्वेच्छाचारी पक्राउ*) । शङ्काको आधार जतिसुकै कमजोर भए पनि जानकारीको सम्भावित स्रोत भनी मानिएको कुनै पनि व्यक्ति पक्राउ पर्ने जोखिममा हुन्थ्यो र यी पक्राउ गरिएका घटनाहरू न्यायिक नियन्त्रणका विषय हुँदैनन् भन्ने तथ्यले यस अभ्यासलाई सहज बनाउँथ्यो ।

उच्चायुक्तको कार्यालयद्वारा लिइएको जानकारीअनुसार, घेराउ र खानतलास कारबाही एवं अन्य प्रकारका सैन्य कारबाहीका क्रममा शानेसेका कर्मचारीहरूले सर्वसाधारण थारूलगायत सीमान्तीकृत ग्रामीण समुदायका मानिसहरूलाई सताए र अपमानित गरे । तिनलाई अनादरपूर्ण र अपमानजनक व्यवहार गरिन्थ्यो, चेक प्वाइन्टमा बढी समयसम्म पर्खन लगाइन्थ्यो तथा बढी अशिष्ट र विस्तृत रूपमा सोधपुछ गरिन्थ्यो । सेनाका ब्यारेकमा सम्पर्क गर्दा, चेक प्वाइन्टहरूमा र खानतलास कारबाहीका क्रममा थारूहरूलाई शानेसेका कर्मचारीहरूले नियमित रूपमा "सबै थारू माओवादी हुन् !" भन्ने गरेको कुरा धेरैवटा रिपोर्टहरूबाट बाहिर आयो । खानतलास कारबाहीहरू सामान्यतः थारू बस्ती र घरहरूमा केन्द्रित भए ।[५७] नेकपा (माओवादी)का सदस्य नरहेका तर थारू हितका लागि वकालत गर्नमा सक्रिय रहेका नागरिक समाज सङ्गठन, बुद्धिजीवी, अधिकारवादी र नेताहरू पनि शानेसेद्वारा गरिएको पक्राउ तथा हातामा पटकपटक गरिएको खानतलास कारबाहीको पनि सिकार भए ।[५८]

---

[५५] परिशिष्ट ३ को नक्सा हेर्नुहोस् ।

[५६] स्थानीय रूपमा बरखदल गुल्म भनी पनि चिनिएको ।

[५७] उदाहरणार्थ, केही दिनअघि नेकपा (माओवादी)ले नजिकैको रित्तो रहेको सैनिक चौकी जलाइदिएपछि भीमकाली गुल्मबाट गएको शानेसेको एक टोलीले २०५८ पुस १४ मा बेलवा गाविसमा खानतलासी गऱ्यो । त्यस गाउँमा करिब २०० घरहरू रहे तापनि सो खानतलासी थारू समुदायको ८६ घरहरूको समूहमा मात्र केन्द्रित थियो ।

[५८] थारू समुदायको विकासका निम्ति कार्यरत एक गैससका कर्मचारीले सङ्कटकालको अवधिमा शानेसेद्वारा त्यहाँ चारपल्ट छापा मारिएको कुरा उच्चायुक्तको कार्यालयलाई बताए । ती छापाका क्रममा, शानेसेका सिपाहीहरूले थारू कर्मचारीहरूलाई "तिमीहरू सबै माओवादी हौ" भनी कराए ।

- *भीमकाली गुल्म, चिसापानी ब्यारेक*

नेसेद्वारा प्राप्त जानकारीअनुसार, बाँके जिल्लासँग सिमाना जोडिएको राष्ट्रिय निकुञ्जको पूर्वी सीमामा अवस्थित चिसापानी ब्यारेकमा भीमकाली गुल्मको मुख्यालय रहेको थियो। अनुसन्धानअन्तर्गतको अवधिमा उक्त एकाइ सेनानी अजित थापा तथा सहसेनानी रमेश स्वाँर (कमान्डमा दोस्रो) को कमान्डमा रहेको कुरा एकनासका स्रोतहरूले सङ्केत गर्दछन्। भीमकाली गुल्मको एउटा शाखा मगरागाडी गाविसस्थित महेन्द्र राजमार्गको चेकपोस्ट सञ्चालन गर्ने रम्भापुर शानेसे चौकीमा पनि रहेको थियो।

सन् २००१ डिसेम्बरदेखि सन् २००३ जनवरीसम्ममा भीमकाली गुल्मले रम्भापुर शानेसे चौकी र चिसापानी ब्यारेकबीचको महेन्द्र राजमार्ग खण्डसँग जोडिएका बर्दिया जिल्लाका छवटा गाविसमा पटकपटक खानतलास कारबाही सञ्चालन गरेको एकनासका रिपोर्टहरूले सङ्केत गर्दछन्। यसका अतिरिक्त, भीमकाली गुल्मले छिमेकी जिल्ला बाँकेका क्षेत्रहरूमा पनि कारबाही गऱ्यो र तल उल्लेख गरिएझैं यो "कर्णाली अपरेसन"मा संलग्न रहेको भनियो (तल हेर्नुहोस्, परिच्छेद ६.२.३: *राजापुर क्षेत्रमा सुरक्षाफौजको कारबाही*)। कमान्ड गर्ने अधिकारीहरू पक्राउ गर्ने कार्यमा प्रायः संलग्न रहेको प्रत्यक्षदर्शीहरूद्वारा रिपोर्ट गरियो।

सो एकाइले सैन्य तथा सरकारी गाडी दुवै - कहिलेकाहीँ नम्बर प्लेट हटाएर - प्रयोग गर्दथ्यो। रम्भापुर शानेसे चौकी वा चिसापानी ब्यारेकका सिपाहीहरू महेन्द्र राजमार्ग हुँदै बस्तीको उत्तर र दक्षिणतर्फ जाने कच्ची बाटोबाट गाडीमा जान्थे र व्यक्तिहरूलाई तिनको घरबाट लक्ष्यित गरी पक्राउ गर्थे। बजार क्षेत्रमा कहिलेकाहीँ दिउँसो पक्राउ गरिएको भए पनि ग्रामीण क्षेत्रमा खानतलास कारबाही प्रायः रातिमात्र सञ्चालन गरिन्थ्यो। कहिलेकाहीँ सिपाहीहरूको एउटा टोली एकै रातमा बर्दिया र छिमेकी जिल्ला बाँके दुवैका अनेकौं स्थानहरूमा खानतलास तथा पक्राउ गरी बिहान आफ्नो ब्यारेक फर्कने गर्थ्यो भनिन्थ्यो। पक्राउ परेकामध्ये अधिकांशलाई चिसापानी ब्यारेक लगिन्थ्यो (केहीलाई रम्भापुर ब्यारेकमा प्रारम्भमा थुनामा राखेपछि), जसले थुनाकेन्द्र र गोप्य सूचना सङ्कलन गर्ने केन्द्रका रूपमा पनि काम गर्थ्यो (तल हेर्नुहोस्, अध्याय ६.३: *चिसापानी ब्यारेकमा थुना, यातना तथा अभद्र व्यवहार*)।

भीमकाली गुल्मको कारबाहीक्षेत्रमा पक्राउ परेका भनिएका ६० जना बेपत्ता भएको उच्चायुक्तको कार्यालयले अभिलेखन गऱ्यो र तीमध्ये सर्वाधिक मानिस रम्भापुर चेकपोस्ट रहेको मगरागाडी गाविसका थिए।

- *बरख गुल्म तथा गण र रणसुर गुल्म, ठाकुरद्वारा ब्यारेक*

नेसेका अनुसार, सन् २००१ मा सङ्कटकालको घोषणा हुँदा बरख गुल्म बर्दिया जिल्लाको पश्चिमतर्फको ठाकुरद्वारा गाविसको सिमानामा पर्ने राष्ट्रिय निकुञ्जस्थित ठाकुरद्वारा ब्यारेकमा रहेको थियो। त्यसबेला यो सेनानी लव रायमाझीको कमान्डमा थियो। वि.सं. २०५८ माघ १२ गते बरख गुल्मलाई बढुवा गरेर गण बनाइयो। वि.सं. २०५८ चैत २४ गते सूर्यपटुवा गाविसमा नेकपा (माओवादी)द्वारा बरख गणको गाडीलाई थापिएको धरापमा परी सेनानी लव रायमाझी घाइते भए[५९] र २०५८ चैत २८ गते प्रमुख सेनानी विष्णुरुद्र शर्माले बरख गणको कमान्ड नसम्हालेसम्म सेनानी अनन्त कार्कीले उनलाई प्रतिस्थापन गरे। सन् २००२ मईको सुरुतिर बरख गणलाई सेनानी पुष्करजङ्ग थापाको कमान्डमा रहेको रणसुर गुल्मले प्रतिस्थापन गऱ्यो।

उच्चायुक्तको कार्यालयद्वारा लिइएको जानकारीअनुसार, ठाकुरद्वारा ब्यारेकका सिपाहीहरूले कर्णाली र बबई नदीबीचमा पर्ने राष्ट्रिय निकुञ्जसँग सिमाना जोडिएका पाँचवटा गाविसमा नियमित रूपमा गस्ती र लगातार खानतलासको कारबाही गरे। यसका अतिरिक्त, ठाकुरद्वारा ब्यारेकमा रहेका एकाइहरूले मनाउ गाविसलगायत कर्णाली नदीपारीको राजापुर क्षेत्रमा पनि कारबाही गरे। उनीहरू "कर्णाली अपरेसन"मा पनि संलग्न भएको रिपोर्टहरूले बताउँछन् (तल हेर्नुहोस्, अध्याय ६.१.३: *राजापुर क्षेत्रमा सुरक्षाफौजको कारबाही*)।

ठाकुरद्वारा ब्यारेकमा रहेका शानेसेका एकाइहरूले दिनरात कारबाही गरे। तिनले मानिसहरूलाई घर र कार्यस्थलबाट एवं आश्रय लिइरहेका गाउँबाट नेकपा (माओवादी)का कैयौं डुलुवा कार्यकर्तालाई पक्राउ गरे। शानेसेका टोलीहरू प्रायः त्यस क्षेत्रका बस्तीलाई जोड्ने ग्राभेल र कच्ची सडकको बाटो हुँदै ती स्थानहरूमा पुग्थे। उनीहरू पैदलै या शानेसेद्वारा त्यस अवधिमा प्रयोग गरिएका दुईवटा गाढा हरियो र हल्का खैरो रङको पिकअप गाडीबाट यात्रा गर्थे भनिन्थ्यो। पक्राउ परेकाहरूलाई ठाकुरद्वारा ब्यारेकमा थुनामा राखिएको विश्वास गरिएको छ।

ठाकुरद्वारा ब्यारेकस्थित शानेसेका एकाइहरूका कारबाही क्षेत्रहरू (राजापुर क्षेत्रबाहेक - तल हेर्नुहोस्) मा सन् २००२ फेब्रुअरीदेखि सेप्टेम्बरसम्ममा पक्राउ परेका भनिएकामध्ये ४७ जना बेपत्ता भएको उच्चायुक्तको कार्यालयले अभिलेखन गऱ्यो। अप्रिलमा भएको माथि उल्लिखित धरापपछि शानेसेको कार्य तीव्र भयो र धरापपछिका तीन महिनामा पक्राउ गर्ने र बेपत्ता पार्ने कार्य चुलीमा पुगे। बेपत्ता पारिएको सबैभन्दा बढी सङ्ख्या ठाकुरद्वारा ब्यारेकसँग सर्वाधिक निकट रहेको ठाकुरद्वारा गाविसमा भएको भनियो।

*६.१.२: नेपाल प्रहरी (नेप्र)*

नेप्रका अनुसार, द्वन्द्वअघि बर्दिया जिल्लामा एउटा जिल्ला प्रहरी कार्यालय (जिप्रका) तथा २३ वटा क्षेत्रीय प्रहरी कार्यालय (क्षेप्रका) र प्रहरी चौकीहरू थिए। तर, प्रहरी संरचना तथा कर्मचारीहरूमाथिको आक्रमणलगायत नेकपा (माओवादी)को बढ्दो गतिविधि तथा सीमान्त गाविसमा रहेका प्रहरी चौकीको जोखिमका कारण क्रमिक रूपमा क्षेप्रका र प्रहरी चौकीहरू हटाइए र एकअर्कामा तथा

[५९] त्यस समय सञ्चारमाध्यममा आएका समाचारहरूले शानेसेका पाँचजना कर्मचारी मारिएका र अन्य कतिपय घाइते भएको उल्लेख गरेको थियो।

जिप्रका वा शानेसेका आधारहरूमा गाभिए। सन् २००१ डिसेम्बरसम्ममा जिप्रका तथा ११ वटा क्षेप्रका र प्रहरी चौकी बाँकी रहे। सन् २००३ जनवरीसम्ममा जिप्रका तथा ताराताल गाविसस्थित एउटा क्षेप्रकाबाहेक सबै कार्यालयहरू ध्वस्त पारिए। सन् २००१ नोभेम्बरमा सङ्कटकाल घोषणा भएदेखि २०५८ पुस २६ गतेसम्म बर्दिया जिल्लामा प्रतापसिंह थापा प्रहरी उपरीक्षक थिए। उनीपछि त्यस पदमा २०५९ माघ ११ देखि २०५९ वैशाख ४ गतेसम्म पूर्णसिंह खड्गा र त्यसपछि २०६० वैशाख २२ गतेसम्म रविप्रताप राणा आए।

उच्चायुक्तको कार्यालयको जानकारीका अनुसार नेप्रले सन् २००२ को प्रारम्भसम्म स्वतन्त्र खानतलास कारबाही सञ्चालन गऱ्यो। पोसाक लगाएका सशस्त्र नेप्रका टोलीहरूले खानतलास कारबाही गरे र मानिसहरूलाई तिनको घर, सडक तथा प्रहरी चेकपोस्टबाट पक्राउ गरे। नेप्रद्वारा पक्राउ गरिएपछि बेपत्ता पारिएका व्यक्तिहरूको सातवटा घटनामध्ये छवटामा पक्राउ गरिएकाहरूलाई प्रहरी चौकीहरू (बासगढी, राजापुर तथा मैनापोकर), तथा बर्दिया जिप्रका र बर्दिया जिल्ला कारागारमा थुनामा राखिएको थियो। सन् २००२ को प्रारम्भपछि द्वन्द्वसँग सम्बन्धित नेप्रको गतिविधिहरू मुख्यतया शानेसेसँग र कहिलेकाहीँ सप्रबसँग संयुक्त रूपमा सञ्चालन गरिएका थिए।

*६.१.३: राजापुर क्षेत्रमा सुरक्षाफौजको कारबाही*

अनुसन्धानअन्तर्गतको अवधिमा राजापुर क्षेत्र (स्थानीय रूपमा “सानो रोल्पा” पनि भनिने[६०])मा शानेसेको कुनै स्थायी उपस्थिति थिएन। ठाकुरद्वारा शानेसे ब्यारेकमा सर्नुअघि सन् २००२ डिसेम्बरसम्म राजापुरस्थित चौकीमा एउटा प्रहरी एकाइ रहेको थियो। पश्चिम र पूर्वतर्फ कर्णाली नदीका दुईवटा शाखा र दक्षिणतर्फ भारतको सिमाना पर्ने बर्दिया जिल्लाको पश्चिममा ११ गाविस भएको सो क्षेत्र सापेक्षिक रूपमा अलग छ। त्यस समयमा यसलाई नेकपा (माओवादी)को गढ मानिन्थ्यो। परिणामस्वरूप, आसपासका क्षेत्रमा रहेका सुरक्षाफौज र बर्दिया जिल्लाको ठाकुरद्वारा ब्यारेक तथा छिमेकी जिल्ला कैलालीस्थित एकाइलगायतका खासगरी शानेसेका एकाइहरूद्वारा यसलाई लक्ष्यित गरिन्थ्यो।

राजापुर क्षेत्रभन्दा बाहिरका शानेसे तथा अन्य एकाइहरूद्वारा पक्राउ गरिएको थियो भन्ने तथ्यले आफन्तहरू तथा प्रत्यक्षदर्शीहरूलाई कुन एकाइ त्यसका लागि जिम्मेवार थियो र पक्राउ गरिएकाहरूलाई कहाँ लगियो भनेर पहिचान गर्न अझ कठिन बनायो। त्यसो त, आफन्त र प्रत्यक्षदर्शीहरूले सिपाहीहरू आए-गएको दिशा र तिनले प्रयोग गरेको यातायातको साधनबाट प्रायः एकाइको पहिचान गर्दथे।

यस क्षेत्रमा गरिएको मुख्य कारबाहीलाई “कर्णाली अपरेसन”का रूपमा चिनियो - शानेसेद्वारा नेप्र तथा सप्रबसँग संयुक्त रूपमा सन् २००२ अक्टोबरमा सञ्चालित ठूलो आकारको कारबाही। यो कारबाही २०५९ कात्तिक ३ गते निर्माण गरी चार-पाँच दिनपछि भत्काइएका अस्थायी शिविरहरूबाट सञ्चालन गरिएको थियो।[६१] सो कारबाहीमा व्यापक रूपमा रात्रिकालीन छापा मार्ने तथा घेराउ र खानतलास कारबाही, लक्ष्यित तथा अनियमित पक्राउ गर्ने, जथाभावी रूपमा हिंसा गर्ने तथा स्थानीय जनतामा डरत्रास देखाउने जस्ता कार्य भए। मानपुर टपरा गाविसको मानपुर माध्यमिक विद्यालयस्थित अस्थायी सैनिक शिविरलाई थुना केन्द्रका रूपमा प्रयोग गरियो।

“कर्णाली अपरेसन”का क्रममा पक्राउ गरिएका कम्तीमा १५ जनालगायत राजापुर क्षेत्रमा शानेसेद्वारा तथा केही घटनामा नेप्र तथा/वा सप्रबको संलग्नतामा पक्राउ गरिएका भनिएका ४२ जनालाई बेपत्ता पारिएको उच्चायुक्तको कार्यालयले अभिलेखन गऱ्यो।

**६.२: सुरक्षा कारबाहीका क्रममा गरिएका स्वेच्छाचारी पक्राउ**

अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डमा, अन्य कुराका अतिरिक्त, पक्राउ गर्नुपर्ने पर्याप्त आधार हुनैपर्ने, थुनुवालाई पक्राउ गर्नुको कारण थाहा हुनैपर्ने तथा कानुनी परामर्शमा पहुँच उपलब्ध हुनैपर्ने, मान्यताप्राप्त थुनास्थलमै राखिनुपर्ने तथा थुनुवालाई अधिकारप्राप्त राज्यअधिकारीसमक्ष ल्याउनेलगायत निजलाई न्यायिक नियन्त्रणभित्र राख्नैपर्ने हुन्छ। द्वन्द्वको समयमा समेत आफन्तहरूलाई थुनुवाहरू कहाँ छन् भन्नेबारे जानकारी तथा उनीहरूसँग पहुँच दिनैपर्छ (माथि हेर्नुहोस्)।

मानवअधिकार रक्षकहरूका अनुसार सन् २००१ डिसेम्बरदेखि २००३ जनवरीसम्म बर्दिया जिल्लामा सुरक्षाफौज - अत्यधिक मात्रामा शानेसे - द्वारा सयौँ मानिसहरू स्वेच्छाचारी रूपमा पक्राउ गरिएका थिए र तीमध्ये अधिकांश, गोप्य थुनामा अन्य स्थानका अतिरिक्त, चिसापानी र ठाकुरद्वारा ब्यारेक, रम्भापुर सैनिक चौकी, राजापुर क्षेत्रस्थित अस्थायी सैनिक शिविर, गुलरियास्थित प्रहरी चौकी तथा जिप्रका र बाँके जिल्लाको राँझा ब्यारेकमा राखिएका थिए। अन्यलाई बर्दिया जिल्ला कारागारमा स्वेच्छाचारी रूपमा थुनामा राखिएको थियो। पक्राउ गर्ने तथा थुनामा राख्नेसम्बन्धी अन्तर्राष्ट्रिय[६२] तथा राष्ट्रिय[६३] मापदण्डको उल्लङ्घन गर्दै तिनलाई अधिकांशतः पक्राउ गर्नुको कारणबारे

[६०] रोल्पा नेकपा (माओवादी)को “जनयुद्ध” थालनी भएको जिल्ला हो।

[६१] ह्युमन राइट्स वाचः क्लियर कल्पेबिलिटीः “डिसअपियरेन्सेस्” बाइ सेक्युरिटी फोर्सेस् इन नेपाल, २००५ मार्च।

[६२] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि।

[६३] नेपाल अधिराज्यको संविधान, २०४७।

जानकारी दिइएन । तिनलाई कानुनी परामर्शको पहुँच दिइएन र तिनको थुना अदालतको पुनरावलोकनको विषय भएन । पक्राउ गरिएको कुरा मान्नमा शानेसेको निरन्तरको अस्वीकृतिका साथै उच्चायुक्तको कार्यालयद्वारा अभिलेखन गरिएजस्तो (तल हेर्नुहोस्, अध्याय ६.३: *चिसापानी ब्यारेकमा भएको थुना, यातना तथा अभद्र व्यवहार*) यातनाको नियमित प्रयोगबाट शानेसेले थुनुवाहरूलाई नेकपा (माओवादी)सम्बन्धी जानकारी दिन बाध्य पार्नलाई जानीजानी पक्राउ गरेको र कानुनको संरक्षणबाट हटाएको देखिन्छ ।

प्रारम्भमा बेपत्ता पारिएकामध्ये धेरैजना राज्यअधिकारीहरूद्वारा केही दिन वा महिनापछि अन्ततः मुक्त गरिए तर यस प्रतिवेदनमा अभिलेखन गरिएको घटनाका १५६ जना अझै बेपत्ता छन् ।[६४] सबैलाई पछिल्लोपटक सुरक्षाफौजको हिरासतमा देखिएको थियो । यस भागले बलपूर्वक बेपत्ता पार्ने यी कार्यहरूको कारण बनेका पक्राउ गर्ने प्रवृत्ति तथा गोप्य थुनाबारे अध्ययन गर्दछ ।

### ६.२.१: *खानतलास कारबाहीका क्रममा गरिएका लक्ष्यित पक्राउ*

प्रत्यक्षदर्शीका एकनासे बयानका अनुसार बेपत्ता पारिएकाहरूमध्ये अधिकांश शानेसेको खानतलास कारबाहीका क्रममा विशिष्ट रूपमा लक्ष्यित गरी पक्राउ गरिएका थिए । पोसाक लगाएका शानेसेका सिपाहीका ठूला समूहहरू (१० देखि १००) विशेष व्यक्ति वा व्यक्तिहरूलाई खोज्दै पैदल वा गाडीबाट आफ्नै ढङ्गले गाउँमा आउँथे । तीसँग प्रायः पक्राउ गर्नुपर्ने मानिसहरूको सूची हुन्थ्यो र कहिलेकाहीँ उनीहरू सुराकी साथ लिएर आउँथे, जसले तिनले खोजेका मानिसहरूलाई पहिचान गर्न मद्दत गर्थ्यो । शानेसेका सिपाहीहरू घर घेरेर जबरजस्ती भित्र पस्थे वा आँगनबाटै कराउँथे ।

सिपाहीहरूद्वारा भेटिएपछि ती व्यक्तिहरूलाई पत्ता लगाएपछि कहिलेकाहीँ "माओवादी" भएको आरोप लगाउँदै तिनका आफन्तका अगाडि कुटपिट र सोधपुछ गरिन्थ्यो । अरू बेला नगन्य मात्र वा कुनै जानकारी नदिई तिनलाई लगिन्थ्यो । बेपत्ता पारिएका अधिकांश मानिसहरूलाई विस्तारित परिवार वा स्थानीय मानिसहरूको उपस्थितिमा आफ्नै घर वा सार्वजनिक स्थलहरूबाट पक्राउ गरिएकाले धेरै प्रत्यक्षदर्शीहरू छन् । त्यस क्षेत्रको सम्बद्ध एकाइले नियमित र लगातार कार्य गरेकाले प्रायः प्रत्यक्षदर्शीहरूले जिम्मेवार शानेसे एकाइलाई स्पष्टसँग पहिचान गरे ।

मगरागाडी गाविसका २८ वर्षीय हरिराम थारूको घटना प्रतीकात्मक छ । प्रत्यक्षदर्शीका एकनासे बयानका अनुसार २०५९ साउन २४ गते शानेसेका ३०-४० जना सिपाहीहरू हरिराम थारूको पारिवारिक घरमा आए र जबरजस्ती परिवारजनहरूलाई उठाउँदै उनी कहाँ छन् भनेर जानकारी दिन माग गरे । आफन्तहरूले आफूलाई थाहा नभएको बताउँदा सिपाहीहरूले तिनलाई लात्ती र मुक्काले हाने । तिनले घरको खानतलासलाई जारी राखे र तिनले हरिराम थारूलाई सुतिरहेको पाएपछि उनलाई घिसारेर घरबाट बाहिर सडक हुँदै अरू सिपाही पर्खिरहेको ठाउँमा लगे । हरिराम थारू र सोही कारबाहीमा पक्राउ गरिएका अन्य चारजना गाउँलेहरूलाई आँखामा पट्टी बाँधेर हातमा हतकडी लगाएर महेन्द्र राजमार्गमा पर्खेर बसेको गाडीमा हाली रम्भापुर शानेसे चौकीमा लगेको विश्वास गरिएको छ । पक्राउ पर्नेहरूमध्ये तीनजनालाई रिहा गरियो तर हरिराम र तातेराम थारू बेपत्तै छन् ।[६५]

आफ्ना परिवारजनका लागि याचना गर्ने आफन्तहरूलाई सुरक्षाफौजहरूले प्रायः बेवास्ता गरेर जवाफ दिन्थे । सिपाहीहरूले आफन्तहरूलाई चिन्ता नगर्न भन्दै पक्राउ गरिएकाहरूलाई सोधपुछ गर्न लगिएको र केही घण्टा वा दिनपछि फर्काइन्छन् भनेर बाचा गर्ने गरेका अनेकौं रिपोर्टहरू उच्चायुक्तको कार्यालयले पायो । आफ्ना प्रियजनहरूलाई नलैजान जोड गर्ने वा सिपाहीहरूलाई रोक्न प्रयत्न गर्ने आफन्तहरूलाई भने प्रायः शारीरिक रूपमा रोकियो, धम्क्याइयो वा आक्रमण गरियो । बेपत्ता भएकाहरूमध्ये धेरैका श्रीमतीहरूलाई बन्दुकका कुन्दाले धकेलिएको वा आफ्ना श्रीमानलाई लैजाने सिपाहीहरूको पछि लाग्ने प्रयास गर्दा तिनलाई घरभित्र लगेर तालाबन्दी गरियो भनियो । राति आउने सिपाहीहरूले सधैं शक्तिशाली टर्च लाइट बोकेका हुन्थे र उनीहरूले त्यसलाई आफन्तहरूको अनुहारमा बालिदिन्थे । परिवारजनहरूले तेलको टुकी बाल्ने प्रयत्न गरे भने तिनलाई त्यसो नगर्न भनिन्थ्यो वा त्यसो गर्न नदिन कुटपिट गरिन्थ्यो । तिनले विरोध गरे वा प्रश्न गरे भने तिनलाई प्रायः थप्पड हानिन्थ्यो वा कुटिन्थ्यो वा "चुप लाग" वा "नरो" भनिन्थ्यो ।

\

वि.सं. २०५९ कात्तिक ३ गते राति "कर्णाली अपरेसन"का क्रममा सशस्त्र तथा पोसाक लगाएका सुरक्षाफौजको एउटा ठूलो समूह राजापुर क्षेत्रको मानपुर टपरा गाविसस्थित राजकुमार थारूको घरमा जबरजस्ती प्रवेश गर्‍यो । शानेसे टोलीको अकस्मातको होहल्ला र त्रासपूर्ण उपस्थितिले गर्दा आफन्तहरू भयभीत भए । सिपाहीहरूले "राज उठ् र हामीसँग आइज" भन्दै कराए, जबकि एकजनाले राजकुमार थारूकी श्रीमतीलाई बाहिर जानबाट रोक्न बन्दुकको कुन्दाले धकेल्यो । राजकुमार थारूको आठ वर्षको छोराले तिनलाई रोक्न खोज्दा उनीहरूले उसलाई घाँटीमा पक्रेर भुइँमा लडाए । सिपाहीहरूले परिवारलाई बन्दुक देखाएर हल्ला गरेमा तिनलाई मार्ने धम्की दिए । परिवारका एक सदस्यले राजकुमार थारूलाई लैजाँदा "भित्रभित्रै रोएको" बताए । राजकुमार थारूलाई मानपुर टपरा गाविसस्थित मानपुर माध्यमिक विद्यालयमा रहेको सैनिक शिविरमा लगियो, जहाँ भोलिपल्ट उनलाई पछिल्लोपटक थुनामा देखिएको थियो ।

---

[६४] यीमध्ये थुप्रै घटनाहरू अन्य संस्थाहरूद्वारा अभिलेखन गरिएका छन्, उदाहरणार्थ हेर्नुहोस् ह्युमन राइट्स वाच: क्लियर कल्पेबिलिटी: "डिसअपियरेन्सेस" बाइ सेक्युरिटी फोर्सेस् इन् नेपाल, मार्च २००५; एमनेस्टी इन्टरनेसनल: नेपाल: अ स्पाइरलिङ ह्युमन राइट्स क्राइसिस, ४ अप्रिल २००२; एमनेस्टी इन्टरनेसनल: नेपाल: अ डिपेनिङ क्राइसिस, डिसेम्बर २००२; एमनेस्टी इन्टरनेसनल: नेपाल: एस्कलेटिङ डिसअपियरेन्सेस् अमिड अ कल्चर अफ इम्प्युनिटी, अगस्ट ३०, २००४ ।

[६५] यी घटनाहरू २०६४ जेठमा परिवारहरूलाई अन्तरिम राहत प्रदान गर्न सरकारलाई सर्वोच्च अदालतले दिएको आदेशको विषय रहेको सङ्ख्यामध्ये पर्दछन् (तल हेर्नुहोस्, अध्याय ९: सत्य निरूपण, न्याय तथा परिपूरण) ।

उच्चायुक्तको कार्यालयको जानकारीका अनुसार, जमिन्दार अमृतमान श्रेष्ठ[६६]को पाशविक हत्या, राष्ट्रिय निकुञ्जस्थित शानेसेको रित्तो चौकीमा गरेको आगजनी, यसअघि उल्लेख गरिएको सैनिक गाडीमा गरिएको धराप तथा घरहरूमा गरिएको छापा, व्यक्तिहरूमाथिको धम्की तथा आक्रमण एवं धनसम्पत्तिको विनाश तथा चोरीका अनेकौं घटनालगायत नेकपा (माओवादी)द्वारा गरिएका आक्रमणको प्रत्यक्ष प्रतिक्रियामा सञ्चालन गरिएको खानतलास कारबाहीका क्रममा बेपत्ता भएकामध्ये केहीलाई पक्राउ गरिएको थियो । यस्ता कार्यलाई स्वीकार गर्न नसकिने केही घटनामा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनसम्म हुने भए पनि अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन ठानिने स्वेच्छाचारी पक्राउ गर्ने, यातना दिने तथा बेपत्ता पार्ने कार्यलाई तिनले जायज ठहऱ्याउन सक्दैन ।

तीन साताअघि नजिकैको गाउँमा नेकपा (माओवादी)को एउटा समूहद्वारा अमृतमान श्रेष्ठको हत्या भएपछि मनाउ गाविसका २२ वर्षीय निर्मल थारू तथा ३५ वर्षीय जगतप्रसाद थारू पक्राउ गरिएका थिए । वि.सं. २०५८ फागुन १३ गते बिहान करिब ९ बजे पोसाक लगाएका सिपाहीहरूको एउटा टोली पैदलै तिनको गाउँमा आयो । प्रत्यक्षदर्शीहरूका अनुसार, ती सिपाहीहरू उच्छृङ्खल तथा हिंसात्मक थिए र उनीहरूले पुरुषहरूलाई घरघरबाट निकालेर कठोर रूपमा लाठी (बाँसको लाठी)ले कुटे । निर्मल थारूलाई उनको घरबाट लैजाँदा उनीहरूले उनलाई जमिन्दारलाई मार्ने "टोलीको नेतृत्व गरेको" आरोप लगाए । जगतप्रसाद थारूलाई पक्राउ गर्दा उनीहरूले उल्लिखित जमिन्दारलाई उनले चिनेको थियो कि थिएन भनेर आक्रामक रूपमा प्रश्न गरे । ती दुईजनालाई तेस्रो व्यक्ति (जसलाई पछि रिहा गरियो)सँगै लगिएको थियो । ती कहाँ छन् भन्ने कुरा अज्ञात नै छ ।

बरख गुल्मको एउटा गाडीलाई लक्ष्यित गरी सूर्यपटुवा गाविसमा २०५८ चैत २४ गते नेकपा (माओवादी)द्वारा थापिएको धरापबारे पहिले नै उल्लेख गरिसकिएको छ । त्यस समय सञ्चारमाध्यममा आएका समाचारहरूमा शानेसेका पाँचजना कर्मचारी मारिएका र सो गुल्मका कमान्डिङ अधिकृत सेनानी लव रायमाझीलगायत अन्य कतिपय घाइते भएको उल्लेख गरिएको थियो । सो धरापपछि शानेसेले गरेको कारबाही तथा पक्राउको आवृत्ति र शानेसेको हिंसा तथा स्थानीय बासिन्दाहरूमाथिको शङ्कामा वृद्धि भएको स्थानीय स्रोतहरूले पटकपटक उल्लेख गरे । सो धरापपछिका तीन महिनामा ठाकुरद्वारा ब्यारेक आसपासका गाविसहरूमा बलपूर्वक बेपत्ता पार्ने कार्य चुलीमा पुगेको उच्चायुक्तको कार्यालयले पायो ।

बर्दिया जिल्लामा पछि बेपत्ता पारिएकाहरूको पहिचान र पक्राउ गर्ने कार्यमा शानेसेद्वारा सुराकीको प्रयोग महत्त्वपूर्ण रहेको देखिन्छ । यी सुराकीहरूमा स्थानीय सुरक्षाफौजका कर्मचारीहरू, नेकपा (माओवादी)का वर्तमान तथा पूर्व कार्यकर्ताहरू, स्थानीय जमिन्दार परिवारका सदस्यहरू तथा प्रायः अभद्र व्यवहार र यातनामार्फत् विवश पारिएका थुनुवाहरू एवं डर र व्यक्तिगत लाभका कारणसमेत भनिएका लगायत स्वैच्छिक रूपमा जानकारी उपलब्ध गराउने स्थानीय बासिन्दाहरू रहेको स्रोतहरू बताउँछन् । सुराकीहरू सादा पोसाक र सैनिक पोसाक दुवैमा हुने गरेको र तिनले आफ्नो आँखामुनि अनुहार छोपिने गरी कपडाले अनुहार लुकाउने गरेको भनियो । शानेसेको टोलीले कसैलाई समाउँदा स्वीकृतिमा टाउको हल्लाउँदै पक्राउ गर्नुपर्ने व्यक्तिलाई औंल्याउँदै गरेको र कुनै व्यक्तिले शानेसेसमक्ष आफ्नो पहिचान खोल्न अस्वीकार गर्दा "ऊ नै हो" भनेर भन्दै गरेको तिनलाई देखिन्थ्यो । छद्म भेषका बाबजुद सुराकीहरू प्रायः चिनिन्थे । कहिलेकाहीँ सुराकीहरूले पछि बेपत्ता पारिएका आफन्तहरूलाई पक्राउ गराउनमा आफू जिम्मेवार रहेको भनी घमण्ड गर्दै हिँड्नुका साथै तिनलाई आफ्नो संलग्नताबारे अरूसँग नबोल्न धम्की दिने गरेको बताइयो ।

*६.२.२: लक्ष्यित नगरिएका पक्राउ*

लक्ष्यित पक्राउका अतिरिक्त बेपत्ता पारिएका कैयौं मानिसहरू शानेसेका कर्मचारीहरू भएको बाटो पार गर्दा तिनलाई शङ्का लागेकोमा पक्राउ परेको विश्वास गरिएको छ । यिनमा सुरक्षाफौजका चेक प्वाइन्टमा वा शानेसेको खानतलास कारबाही वा गस्तीका क्रममा पक्राउ परेका व्यक्तिहरू पर्दछन् । उदाहरणार्थ, मोतीपुर गाविसका लहनु चौधरी, भवनकुमार चौधरी, शेरबहादुर चौधरी, भुखलाल थारू, पतिराम थारू र बुद्धि थारू सबैजना २०५९ भदौ १६ गते शानेसेले उनीहरू यात्रा गरिरहेको बस रोकेको ठाउँ रम्भापुर चेकपोस्टमा पक्राउ गरिएका थिए । उनीहरू कहाँ छन् भन्ने कुरा अज्ञातै छ । शानेसेले आफूले चाहेको शङ्कित व्यक्तिलाई पत्ता लगाउन नसकेपछि जथाभावी पक्राउ पनि गरे ।

---

[६६] उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका प्रत्यक्षदर्शीहरूका अनुसार, २०५८ माघ २० गते करिब १० बजे राति ५७ वर्षीय जमिन्दार अमृतमान श्रेष्ठको मनाउ गाविसस्थित घरमा २००-२५० जना व्यक्तिहरूको समूह आइपुग्यो । तिनीहरूले उनलाई कठोरतापूर्वक ठूला लाठी प्रयोग गरी कुटे एवं धारिलो हतियारले प्रहार गरे । उनीहरूले परिवारका अन्य सदस्यहरूलाई पनि भौतिक रूपमा आक्रमण गरे । उनीहरूले त्यसपछि हवाईफायर गरे र त्यो ठाउँ छाड्नुअघि "माओवादी जिन्दावाद" भनेर नारा लगाए । पीडितको केही घण्टापश्चात् मृत्यु भयो । उच्चायुक्तको कार्यालयले हेरेको शवपरीक्षण प्रतिवेदनका अनुसार, दुवै हात र खुट्टाका हड्डी भाँचिएको एवं छाला र मांसपेशी च्यातिएको समेत शरीरमा अनेकौं चोटपटक लागेका थिए । मृत्युको कारण "स्नायु तथा मुटुसम्बन्धी आघात" भनिएको छ । नेकपा (माओवादी)का एक जिल्ला प्रतिनिधिले "उनको पार्टी कारबाहीका क्रममा मृत्यु भएको हो । हाम्रा कार्यकर्ताले उनका हात भाँचिदिए र रक्तश्रावका कारण उनको मृत्यु भयो" भनी पुष्टि गरे ।

वि.सं. २०५८ पुस १४ गते माओवादीले राष्ट्रिय निकुञ्जस्थित शानेसेको रित्तो चौकीमा आगो लगाएको केही दिनपछि शानेसेले बेलवा गाविसमा पर्ने नजिकैको एउटा गाउँमा कारबाही सञ्चालन गऱ्यो । धेरै प्रत्यक्षदर्शीका अनुसार, रुमालले मुख छोपेका ४०-४५ जना जति शानेसेका सिपाहीहरूको एउटा टोली चिसापानी ब्यारेकको दिशातिरबाट दुईवटा टोयोटा पिकअप गाडी चढेर बिहान सबेरै गाउँमा आइपुगे । आफूले खोजेका व्यक्तिहरूलाई पत्ता लगाउन नसकेपछि ती सिपाहीहरू जबरजस्ती घरभित्र पसी पुरुषहरूलाई घिसारेर बाहिर ल्याई सडकमा पङ्क्तिबद्ध बनाए । शानेसेको चौकीमा आगो बाल्न जिम्मेवार को हो भनेर सोध्दै सिपाहीहरूद्वारा ती पुरुषहरूलाई सामूहिक रूपमा बन्दुकका कुन्दाले कुटियो, थप्पड हानियो तथा मुक्का प्रहार गरियो । कुटाइ खाएर लड्नेहरूको अनुहार र टाउकोमा हिंसात्मक रूपबाट लात्तीले प्रहार गरियो । केही भाग्न खोज्दा सिपाहीहरूले तिनलाई लखेटेर गाउँको अन्य भागमा पक्राउ गरे । अन्ततः कम्तीमा आठजना पुरुषलाई एक्ल्याएर गाडीमा हालिएको र त्यसबाट तिनलाई चिसापानी ब्यारेक पुऱ्याइएको भनियो । सो घटनामा पक्राउ परेकामध्ये तीनजना पल्टा थारू, सर्जु थारू तथा आनन्द परियारलाई त्यसयता तिनका परिवारले देखेका छैनन् ।

*६.२.३: पक्राउ गर्ने क्रममा गैरकानुनी बलको प्रयोग*

माथिका केही घटनाहरूद्वारा चित्रित गरिएजस्तै सुरक्षाफौजले पक्राउका क्रममा बलको प्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय[६७] तथा राष्ट्रिय[६८] कानुनका प्रावधानहरूलाई प्रायः उल्लङ्घन गरे । उच्चायुक्तको कार्यालयले खानतलासको कारबाहीका क्रममा कहिलेकाहीँ चिन्ताजनक रूपबाट जथाभावी हिंसा भएका अनेकौं बयानहरू प्राप्त गऱ्यो । मुक्का, लाठी र बन्दुकको कुन्दाले कठोर प्रहार तथा बुटसहित लात्ती हान्ने कार्य सबैभन्दा ठूलो मात्रामा अभिलेखन गरिएका हिंसाका स्वरूपहरू थिए । त्यस्तो हिंसाले पक्राउ पर्नेहरूलाई मात्र होइन सो समयमा उपस्थित बालबालिकालगायतका आफन्तहरूलाई पनि लक्ष्यित गर्दथ्यो । शानेसेका कतिपय खानतलास कारबाहीका क्रममा सिपाहीहरूले हतियार वा नेकपा (माओवादी)का शङ्कितहरूलाई खोज्दै घरका मालसामान नष्ट गरे वा जथाभावी छरपस्ट पारेको जस्तो देखिएको कुरा उच्चायुक्तको कार्यालयलाई बताइयो । तिनले भेटिएको केही सयदेखि हजारौं रुपैयाँसम्मको नगद पनि प्रायः लगे ।

खानतलास कारबाहीका क्रममा महिलाहरूलाई पनि पुरुषहरूजत्ति नै पाशविक व्यवहार गरिएको उच्चायुक्तको कार्यालयले पायो । महिला तथा बालिकाहरूलाई सिपाहीहरूले मौखिक वा शारीरिक रूपमा दुःख दिएको र कहिलेकाहीँ तिनलाई छुट्टै कोठामा लैजान खोजेको अनेकौं प्रत्यक्षदर्शीहरूले रिपोर्ट गरे । यस्ता विषयहरूमाथिको छलफललाई रोक्ने साँस्कृतिक तत्त्वहरूलगायतका त्यस्तो जाँचबुझलाई अगाडि बढाउनमा रहेका संवेदनशीलता तथा जटिलतालाई हेर्दा केही घटनामा आरोप लागेजस्तै यस सन्दर्भमा यौनहिंसा भए नभएको कुरा पत्ता लगाउन थप अनुसन्धानको आवश्यकता पर्छ ।

तेइस वर्षीया सीता चौधरी छात्रा तथा थारूहरूका लागि शिक्षा प्रदान गर्ने एउटा गैससका लागि रात्रिकक्षाको सहजकर्ता थिइन । सीता चौधरीलाई महेन्द्र राजमार्गमा पर्ने उनको घरमा २०५९ साउन २९ गते बिहान ३ बजेतिर चिसापानी ब्यारेकको दिशातिरबाट दुईवटा गाडीमा आएका शानेसेका सिपाहीहरूको टोलीले पक्राउ गरेको थियो । सीतालाई पक्राउ गरेपछि सिपाहीहरूले उनको घरबाट ५०० मिटरजति उत्तरतर्फ पर्ने राजमार्गको एउटा बस बिसौनीमा ल्याए । चन्द्रमाको उज्यालोमा कारण प्रत्यक्षदर्शीहरू सिपाहीहरूले उनलाई कठोरतापूर्वक लात्तीले हानेको तथा कुटेको देख्न सके । बचाउका लागि उनले चिच्याएको तथा रोएको आवाज गाउँका धेरैले सुनेका थिए भनियो । अन्ततः चिच्याहट कसरी रोकियो भन्ने विवरण प्रत्यक्षदर्शीहरूले दिए । त्यसपछि उनलाई शानेसेका दुईवटामध्ये एउटा गाडीमा राखियो, जुन त्यसपछि रम्भापुर ब्यारेकको दिशातिर हुइँकियो । स्थानीय बासिन्दाहरूले भोलिपल्ट बिहान आफूले बस बिसौनीमा रगतले लतपतिएको कपडा, कट्टु तथा चप्पल भेटेको र भुइँमा पनि रगत लतपतिएको पाएको बताए । ती कपडाहरू सीताकै भएको उनका आफन्तहरूले उच्चायुक्तको कार्यालयसमक्ष पुष्टि गरे । त्यसयता उनी देखिएकी छैनन् ।

**६.३: शानेसेको चिसापानी ब्यारेकमा भएको थुना, यातना तथा अभद्र व्यवहार**

बेपत्ता पारिएकाहरूमाथि थुनामा गरिएको व्यवहारबारेको उच्चायुक्तको कार्यालयको अनुसन्धान माथि उल्लेख गरिएको अवधिमा भीमकाली गुल्मको मुख्यालयका रूपमा रहेको चिसापानी ब्यारेक[६९]माथि केन्द्रित छ । पहिले उल्लेख गरिएझैं, शानेसेको चिसापानी ब्यारेकले गोप्य जानकारी सङ्कलन केन्द्रका रूपमा कार्य गऱ्यो जहाँ थुनुवाहरूलाई कानुनको संरक्षणबाट बाहिर राखिन्थ्यो, सोधपुछ गरिन्थ्यो र कमान्डिङ अधिकृतको संलग्नता, जानकारी वा मौनसम्मतिमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन[७०]को उल्लङ्घन हुने गरी यातना दिइन्थ्यो तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरिन्थ्यो । यस ब्यारेकमा थुनामा राखिएकाहरूमध्ये अधिकांशलाई भीमकाली गुल्मद्वारा बर्दिया र बाँके जिल्लास्थित आफ्नो कारबाही क्षेत्रबाट पक्राउ गरिएको थियो । अन्य थुनुवाहरू रम्भापुरस्थित शानेसेको चौकी तथा ठाकुरद्वारा ब्यारेकलगायतका अन्य थुनास्थलबाट स्थानान्तर गरिएका थिए । ती थुनुवाहरूमा पुरुष तथा महिला, नेकपा (माओवादी)का कार्यकर्ताहरू तथा नेकपा (माओवादी)सँग आबद्ध सङ्गठनहरू एवं नेकपा (माओवादी)का गतिविधिहरूमा संलग्न नभएका धेरै व्यक्तिहरू थिए ।

---

[६७] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि ।

[६८] नेपाल अधिराज्यको संविधान, २०४७ ।

[६९] परिशिष्ट ४ को नक्सा हेर्नुहोस् ।

[७०] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि ।

प्रत्यक्षदर्शीहरूका बयानमार्फत् उच्चायुक्तको कार्यालयले बर्दिया जिल्लामा पक्राउ परेपछि अझै बेपत्ता रहेका कम्तीमा २१ जनालाई पछिल्लोपटक चिसापानीको शानेसे ब्यारेकमा देखिएको अभिलेखन गऱ्यो र वास्तविक सङ्ख्या योभन्दा निकै ठूलो रहेको विश्वास गरिएको छ । ती २१ जनामा एउटा १४ वर्षीय तेजबहादुर थारू पनि थिए, जो सो ब्यारेकमा थुनामा राखिएका कैयौँ नाबालकहरूमध्ये एक थिए । लामो समयसम्मको गोप्य, अज्ञात थुनाका कारण प्रारम्भमा सो ब्यारेकमा बेपत्ता पारिएका अन्य व्यक्तिहरू अन्ततः रिहा गरिए र उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएकाहरूले शिविरमा आफूले भोग्नुपरेको यातना तथा अभद्र व्यवहारको शारीरिक र मनौवैज्ञानिक घाउ आजसम्म सहनुपरेको विवरण दिए ।

बाँके जिल्लासँग सिमाना जोडिएको राष्ट्रिय निकुञ्जको पूर्वी सीमामा अवस्थित चिसापानी ब्यारेकमा राष्ट्रिय निकुञ्जको जङ्गल भएर जाने उत्तर-दक्षिण पिचबाटोका रूपमा रहेको सुर्खेत रोडबाट पुग्न सकिन्छ । सो ब्यारेकको हाताले वन फँडानी गरिएको ठूलो खाली जमिन ओगटेको छ जसलाई ट्रेन्च र त्यसको भित्रपट्टि काँडे तारले घेरको छ र त्यसभित्र कैयौं सेन्ट्री चौकीहरू राखिएका छन् । ब्यारेक हातासँग जोडिएको उत्तरतर्फको दोस्रो खाली जमिनमा राष्ट्रिय निकुञ्जका वार्डेनको रित्तो कार्यालय भवन रहेको छ जसलाई भीमकाली गुल्मद्वारा त्यस समयमा थुनास्थलका रूपमा प्रयोग गरिएको थियो । चिसापानी ब्यारेक क्षेत्रमा थुनिएकाहरूले यसलाई रात्रिमा घोर अँध्यारो र सँगै थुनिएकाहरूलाई यातना दिँदाखेरि प्रायः आउने रुवाइ तथा कहिलेकाहीँ गाडी आइजाइ गरेको र गोली हानिएको आवाजबाहेक रातमा त्यहाँ आडै सिरिङ्ङ गर्ने सन्नाटा रहेको भनी व्याख्या गरे ।

दुईजना कमान्डिङ अधिकृत सेनानी अजित थापा तथा सहसेनानी रमेश स्वाँर[७] सोधपुछ तथा यातनामा उपस्थित र संलग्न हुने गरेको बयानहरूले प्रायः उल्लेख गरे र ती दुवैजनाको नाम माथि उल्लेख गरिएको यातनासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकको सन् २००६ को प्रतिवेदनमा पनि परेको छ । उच्चायुक्तको कार्यालयले यस प्रतिवेदनमा लगाइएको सो आरोपका सम्बन्धमा प्रतिक्रिया लिन दुवैजनाको अन्तर्वार्ता लिन खोज्यो । सहसेनानी रमेश स्वाँरले नेसेबाट सन् २००५ जुलाईमा राजीनामा गरेको र अहिले उनी नेपालबाहिर काम गरिरहेको यस कार्यालयले थाहा पायो । सेनानी अजित थापा प्रमुख सेनानीमा बढुवा भएको र अनुरोध गरेको समयमा भारतमा एउटा अध्ययन गरिरहेको कुरा नेसेले यस कार्यालयलाई जानकारी दियो । अपराधको दोषका बारेमा उच्चायुक्तको कार्यालयले अन्तिम निर्णयहरू गर्न खोजेको छैन, न त उच्चायुक्तको कार्यालयले यी दुईजना मात्रै उल्लेख गरेकोमा सम्भावित पीडकका सूचीमा अरू कोही छैन भन्ने ठान्नु नै हुन्छ ।

*६.३.१: थुनास्थल*

चिसापानी ब्यारेकमा आइपुगेपछि धेरै थुनुवाहरूलाई ब्यारेकको हाता नजिकैको राष्ट्रिय निकुञ्जका वार्डेनको कार्यालयमा राखिन्थ्यो । अन्यलाई ब्यारेक हाताभित्र रहेका एकतले इँटा र काठका धेरैवटा भवनहरूमध्ये एउटामा थुनिन्थ्यो र तीमध्ये अधिकांश घर सो हाताको बाहिरीलाई घेरेर जाने कच्ची बाटोसँगै रहेका थिए । सो हाताको उत्तरमा, यी भवनहरूमा एउटा सैन्य भण्डार, कमान्डिङ अधिकृत सेनानी अजित थापाको कार्यालय रहेको गुल्मको कार्यालयको एउटा भवन र कर्मचारीहरूका आवास तथा भोजनालय थिए । हाताको दक्षिणमा तल्लो स्तरका अधिकारीहरू र सिपाहीहरू बस्ने क्षेत्र थियो जसमा तीनवटा काठका ब्यारेक भवन, भोजनालयहरू तथा कर्मचारी बस्ने इँटाका अलि साना भवनहरू थिए । ब्यारेक हाताको केन्द्रमा हेलिप्याड तथा सन् २००२ को पूर्वार्धमा निर्माण गरिएको एउटा ट्रेन्च रहेका थिए । अधिकांश थुनुवाहरूको आँखामा पट्टी बाँधिने गरेको भए पनि उनीहरू खाने समयमा, शौचालय जाँदा वा आँखाको पट्टी माथि सारेर थुनास्थल अवलोकन गर्न सक्थे । उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएकाहरूले सो हातामा भएका अन्य भवनहरूको सापेक्षतामा यी स्थानहरू, तिनका अवस्थितिबारे एकनासका विवरण दिए । सन् २००७ सेप्टेम्बरमा उच्चायुक्तको कार्यालयले चिसापानी ब्यारेकको भ्रमण गऱ्यो र यो जानकारीको पुष्टि गऱ्यो । अधिकांश भवनहरू पाँच वर्षअघि जस्ता थिए अहिले पनि त्यस्तै भएको कुरा प्रत्यक्षदर्शीहरूले बताए । मुख्य थुनास्थलहरूबारेको थप जानकारी तल दिइएको छ ।

*६.३.१.क: राष्ट्रिय निकुञ्जका वार्डेनको कार्यालय*

द्वन्द्वका कारण राष्ट्रिय निकुञ्जका वार्डेनद्वारा खाली गरिएको एक तले इँटाको भवनमा रहेको उनको कार्यालय मुख्य थुनास्थल थियो । यसमा पाँचवटा जोडिएका कोठा रहेका छन्: बाहिरबाट सीधै जान सकिने दुवै छेउमा एकएकवटा कोठा तथा भित्री बाटो वा एउटा बाह्य ढोका भएको ग्यालरीबाट जान सकिने तीनवटा बीचमा । बीचको कोठामा एउटा शौचालय रहेको छ । भवनको अगाडिपट्टि त्यसको लम्बाइ बराबरको ढलान गरिएको बरन्डा छ र त्यसको पूर्वपट्टि घाँसे खाली ठाउँ छ जहाँबाट रूखहरूभन्दा पर सुर्खेत रोड देखिन्छ । बेपत्ता पारिएकाहरूमध्ये कैयौँलाई तिनको थुनाका क्रममा कुनै समयमा वार्डेनको कार्यालयमा राखिएको उच्चायुक्तको कार्यालयले पायो । तीमध्ये धेरैजना अन्तिम पटक यस भवनमा देखिएका थिए ।

सो भवनभित्रका कोठाहरू र ब्यारेकका अन्य थुनास्थलहरूमा थुनुवाहरूको निरन्तर आवतजावत भइरहन्थ्यो र प्रत्येक कोठामा हुने व्यक्तिहरूको सङ्ख्या एक-दुईजनादेखि दसौं थुनुवासम्म तलमाथि हुन्थ्यो । उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका पूर्व

---

[७] पूर्व सहसेनानी रमेश स्वाँर बर्दिया जिल्लाको जमिन्दार परिवारका हुन् भनिएको छ । माओवादी र माओवादी समर्थकका ठूला समूहहरूद्वारा २०५७ चैत २३ र २०५८ पुस ११ गते गरी दुईपल्ट उनको काकाको घरलाई निसाना बनाइयो, जसको दौरान त्यहाँ भएका सम्पत्ति लुटिए र/वा जलाइए वा त्यसमा क्षति पुऱ्याइए । पहिलो आक्रमणपश्चात् सो परिवारले अस्थायी रूपमा घर छोड्यो र त्यसबेला उनीहरूलाई "शोषक" भएको आरोप लगाउँदै घर छोड्न बाध्य बनाइयो भनियो ।

थुनुवाहरूलाई दुई दिनदेखि १० महिनासम्म वार्डेनको कार्यालयमा राखिएको थियो। सो भवनमा रहेका कोठाहरू सोधपुछ प्रक्रियाका विभिन्न चरणमा शङ्काका विभिन्न तहका व्यक्तिहरूका लागि छुट्याइएको थियो भन्ने आम विश्वास पूर्व थुनुवाहरूमाफ छ।

एउटा कोठा विशेष महत्त्वको थियो जसलाई शानेसेका गार्डहरूले "एक नम्बरको कोठा" भन्थे र सो ब्यारेकमा यो कोठा सबैभन्दा खतरनाक हो भनेर कसैले थुनुवाहरूलाई बतायो। कोठालाई दिइएको त्यस नाममाथि विचार गर्दा यसलाई नेकपा (माओवादी)का सदस्य हुन् भन्ने पुष्टि भएकाहरू र मारिनेहरूका लागि छुट्याइएको सङ्केत गर्दछ भनी थुनुवाहरूले अनुमान गरे। यस कोठाका थुनुवाहरूले सोधपुछका क्रममा प्रायः हुने गरेको कठोर अभद्र व्यवहार र यातना, खासगरी कठोर थुनावस्थाको स्मरण गरे (तल हेर्नुहोस्)।

वार्डेनको कार्यालयका अन्य कोठाहरूमध्ये सबैभन्दा दक्षिणतर्फकोमा नयाँ आएका धेरै थुनुवाहरूलाई पहिले राखिन्थ्यो। रिहा हुन लागेकाहरूलाई प्रायः सबैभन्दा उत्तरतिरको कोठामा सारिन्थ्यो। यस कोठाको अवस्था अन्यको तुलनामा राम्रो भएको एकनासका विवरण थुनुवाहरूले दिए। सो कोठामा हावा जाने बढी राम्रो व्यवस्था थियो, त्यहाँ बढी स्वतन्त्रता थियो र नियमित सोधपुछ, यातना र अभद्र व्यवहारमा कमी आउने वा रोकिने गर्थ्यो।

*६.३.१.ख: सिपाहीहरूको भोजनालयतर्फ फर्केको सेवारत कर्मचारी भवन*

सिपाहीहरूको भोजनालयतर्फ फर्केको ब्यारेकको दक्षिणपश्चिममा अवस्थित टिनको छानो भएको एक तले इँटाको भवन रहेको विवरण थुनुवाहरूले एकनासले दिए। यस भवनमा बाहिर जान मिल्ने चार-पाँचवटा जोडिएका साना कोठाहरू थिए र ती सुरुमा सेवारत कर्मचारीको प्रयोगका लागि रहेको भनियो। तल्लो दर्जाका सिपाहीहरूको खाना पल्लोपट्टिको खुला भोजनालयमा पाक्दथ्यो र ती दुई संरचनाहरूको बीचको ठाउँमा खाइन्थ्यो। सन् २००२ फेब्रुअरी र जुलाईका बीचमा यस भवनका कोठाहरू तीन महिनासम्मको अवधिका लागि राखेर रिहा गरिएका थुनुवाहरूलाई एकान्तमा थुन्नका लागि प्रयोग गरिएका थिए। यी थुनुवाहरूमा बढी शिक्षित र स्पष्ट वक्ता हुने गर्थे र अरूलाई जानकारी दिन नसकून् र अरूसँग कुरा गर्न नसकून् भनेर तिनलाई एक्लै राखिएको आफूलाई लागेको केहीले बताए।

*६.३.१.ग: सैनिक भण्डारमा क्वार्टर गार्ड*

ब्यारेक क्षेत्रको उत्तरपूर्वतर्फ प्रवेश द्वारको सबैभन्दा नजिकैको भवन सैनिक भण्डार थियो। यो तीनवटा कोठा भएको एक तले इँटाको संरचना थियो र हाताको वरिपरि छेउमै रहेको कच्ची बाटोतर्फ पूर्व फर्केको थियो। बीचको कोठामा जोडिएको बार लगाइएको थुना केन्द्र थियो जसलाई सिपाहीहरूको आन्तरिक अनुशासन तथा थुनुवाहरूको एकान्त थुनाका निम्ति हुने यसको प्रयोगलाई इङ्गित गर्दै "क्वार्टर गार्ड" भनिन्थ्यो। यस स्थानमा राखिएका एकजना थुनुवाले बारको अर्कोपट्टि सिपाहीहरूले आफ्ना हतियारहरू सफा गरिरहेको देखेको स्मरण गरे।

*६.३.१.घ: ट्रेन्च र बङ्कर*

कम्तीमा पाँचजना पूर्व थुनुवाहरूले थुनाका क्रममा कुनै बेला आफूलाई ब्यारेकको सिमाना वरिपरि बनाइएको ट्रेन्चमा एक महिनासम्म राखिएको कुरा उच्चायुक्तको कार्यालयलाई बताए। सो ट्रेन्च अन्दाजी साढे एक मिटर गहिरो थियो र त्यसका बीचबीचमा बालुवाका बोराको थुप्राले तीनतिर निर्मित सेन्ट्री पोस्टहरू थिए। बेपत्ता पारिएकाहरूमध्ये कम्तीमा दुईजना तेजबहादुर थारू र धनीराम चौधरी सो ट्रेन्चमा थुनिएका थिए भन्ने बयान उच्चायुक्तको कार्यालयले प्राप्त गर्‍यो।

पूर्व थुनुवाहरूले हाता क्षेत्रको बीच भागको खाली ठाउँमा रहेको हेलिप्याडनजिकै अवस्थित भूमिमुनि एउटा चौडा, गोलो बङ्कर रहेको विवरण पनि दिए, जसमा सन् २००२ को प्रारम्भमा निर्माणका क्रममा रहँदा व्यक्तिहरूलाई थुनिएको भनियो। पूरा भएपछि यसको माथि ढलान गरियो र झन्डै भुइँकै बराबरमा रहेको छतले ढाकियो। सन् २००७ सेप्टेम्बरमा चिसापानी ब्यारेकको भ्रमणका क्रममा उच्चायुक्तको कार्यालयले सो ट्रेन्चको निर्माण भीमकाली गुल्मद्वारा २०५९ साउन ३ गते पूरा गरिएको कुरा पुष्टि गर्‍यो।

*६.३.१.ङ: अन्य थुनास्थलहरू*

ब्यारेक हातामा भएका अन्य थुनाकेन्द्रहरूमा काठका तख्ताहरूलाई तेर्सो पारेर एक अर्कामाथि खापेर भुइँमा बनाइएका भिन्दाभिन्दै आकारका काठका झुप्राहरू थिए। यीमध्ये एउटा अधिकृतहरूको आवास भवन नजिकै हाताको उत्तरपश्चिममा अवस्थित दुईवटा कोठा भएको सानो संरचना थियो। शानेसेका कर्मचारीहरूलाई बस्नका लागि प्रयोग गरिएका कम्तीमा तीनवटा अलि ठूला जोडिएका झुप्राहरू हाताका बीच भागमा अवस्थित थिए र दक्षिणतर्फ फर्केका थिए। जोडिएका दुईवटा शौचालय कोठालगायत गुल्मको कार्यालय भवनका कोठाहरू र दूरसञ्चारको कोठा नजिकैको खाली कोठा पनि थुनाका लागि प्रयोग गरिएका थिए। यसका अतिरिक्त, हाताको बीच भागको खाली जमिनमा सानो हरियो कपडाको पालमा राखिएको एकजना पूर्व थुनुवाले स्मरण गरे।

*६.३.२: थुनामा क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार*

चिसापानी ब्यारेकमा दस महिनासम्मको अवधिमा थुनाको अवस्थासँग सम्बन्धित कस्ता-कस्ता क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार आफूलाई गरियो भनेर पूर्व थुनुवाहरूले एकनासे विवरण दिए । ब्यारेकभित्र थुनास्थलैपिच्छे यी अवस्थाहरूमा भिन्नता हुन्थ्यो र तिनमा आवतजावतमा बन्देज, ऐन्द्रिक वञ्चिति, कम खाना, औषधोपचारको अभाव तथा हिलो ट्रेन्चलगायतको असह्य तातो वा फोहर ठाउँमा थुनाजस्ता कुरा पर्दथे । आफूलाई जनावरभन्दा कुनै राम्रो व्यवहार नगरिएको कुरा पूर्व थुनुवाहरूले पटकपटक उच्चायुक्तको कार्यालयलाई बताए । कसैकसैका लागि, थुनाको दिनहुँको अवस्थासँग अनुभव गरेको अपमानका उदाहरण तिनको बन्दी अवस्थाका सर्वाधिक खराब संस्मरण थिए र यी तिनले सहनुपरेको कठोर अभद्र व्यवहार र यातना जत्तिकै खराब थिए ।

थुनुवाहरूले प्रत्येक दिन सामान्यतया हात पछाडि बाँधेर दिन बिताउँथे । ब्यारेकलाई चुस्त दुरुस्त राख्ने कहिलेकाहीँको काम बाहेक थुनास्थलभन्दा बाहिर तिनको आवतजावत भनेको बिहान एकपटक शौचालयको प्रयोग गर्न तथा दुईपटक खानाका लागि हुन्थ्यो र खाना सामान्यतया थुनास्थलभन्दा ठीक बाहिर खाइन्थ्यो । गार्डहरूद्वारा थप शौचालय जाने अनुमति दिइँदैनथ्यो र थुनुवाहरूले आफ्ना कोठामा भाँडाको प्रयोग गर्नुपर्थ्यो । यो दैनिक कार्यबाहेक थुनुवाहरूले झन्डैझन्डै कुनै हलचल नगरी बस्नुपर्थ्यो । तिनको हात बाँधिएको हुनाले राति उनीहरू कोल्टे परेर मात्र प्रायः कुनै ओछ्यानबिनाको सिमन्टीको भुईंमा सुत्न पाउँथे । समयसमयमा थुनाका लागि प्रयोग गरिएका कोठाहरूमा यति भिड हुन्थ्यो कि त्यहाँ थुनुवाहरूलाई खुट्टा तन्काउने पर्याप्त ठाउँसमेत हुँदैनथ्यो । तिनले बसेरै वा लगभग एकअर्कामाथि सुतेर निदाउनुपर्थ्यो ।

यी अपमानजनक अवस्थाहरूबाट उत्पन्न अपमानलाई एकजना थुनुवाले यसरी स्मरण गरेः "मेरा हात पछाडि बाँधेर मलाई थुनिन्थ्यो । त्यसबेला अत्यन्त गर्मी थियो । मलाई धेरै तिर्खा लाग्थ्यो । पानीको बोतल भेट्न नसकिने ठाउँमा राखिएको हुन्थ्यो, मैले मेरो मुख त्यसको बिर्कोमा पुऱ्याएर त्यसलाई खोलेर पानी खाने प्रयत्न गर्नुपर्थ्यो । मैले त्यसलाई लडाएर भुइँबाट खानुपर्थ्यो । मेरो अवस्था जनावरको भन्दा राम्रो थिएन । म यो कुरा कहिल्यै बिर्सन्नँ ।"

अधिकांश थुनुवाहरूलाई तिनको थुना अवधिभर निरन्तरजसो आँखामा पट्टी बाँधिएको वा नकाब लगाइएको हुन्थ्यो र शौचालय जाँदा र खाने समयमा मात्र थोरै तलतिर हेर्न आँखाको पट्टी खुकुलो पारिन्थ्यो । थुनुवाहरूको आँखामा पट्टी बाँध्न प्रयोग गरिने सामग्रीमा उनीहरू पक्राउ पर्दा तिनले लगाएको कपडाका टुक्रादेखि लिएर तिनको आँखाको वरिपरि ढाकेर टाउको पछाडिपट्टि बाँधिएका काला कपडाका टुक्रा हुन्थे । धेरै थुनुवाहरूले तलबाट देख्न सकिने गरी आँखाको पट्टीलाई थोरै माथि सार्ने उपाय सिके । त्यसो गरेको पाइएमा उनीहरू हिंसात्मक सजायको जोखिममा हुन्थे । तर नकाब लगाइएका थुनुवाहरूका लागि भने यो अभ्यास असम्भवप्रायः थियो । भित्रपट्टि काला प्लास्टिकले मोरिएको कालो कपडा वा छाता बनाउन प्रयोग गरिने जस्तो कालो सामग्रीलगायतका विभिन्न सामग्रीबाट ती नकाबहरू बनेका हुन्थे । यसले थुनुवाहरूलाई सास फेर्न कठिन बनाउँथ्यो र कहिलेकाहीँ नाकनजिकै सानो प्वाल बनाइए पनि निसासिएजस्तो भान हुन्थ्यो । आफू सात महिना थुनामा रहँदा आफूले त्यस्तो नकाब लगातार लगाउनुपरेको एकजना थुनुवाले बताए । सास जानै लागे जस्तो भएपछि त्यसबाट राहत पाउन सो नकाबलाई आफ्नो घुँडामा टाउको रगडेर अनुहारबाट माथि तान्ने निरन्तर प्रयत्न गर्दा आफ्नो नाकको छाला कसरी खुइलियो भन्ने कुरा अर्का थुनुवाले स्मरण गरे । खासगरी थुनामा धेरै महिना बिताएका केही थुनुवाहरूलाई थुनाको अन्त्यतिर आँखामा पट्टी लगाइएको थिएन ।

ब्यारेकका केही खास थुनास्थलहरू - निरन्तर बन्द गरिने सटरसहितको एउटा झ्याल भएको "एक नम्बरको कोठा"लगायत - मा हावाको अभाव तथा सास जाला जस्तो हुने गरेको कुरा थुनुवाहरूले पटकपटक उल्लेख गरेका थिए । जस्ताको छानो भएको यो सानो कोठा गर्मीको महिनामा अत्यन्त तातो हुन्थ्यो । कहिलेकाहीँ यो यति खचाखच हुन्थ्यो कि थुनुवाहरूलाई भुइँमा खुट्टा पलेँटी कसेर सँगै बस्न पर्याप्त ठाउँ पनि हुँदैनथ्यो । थुनुवाहरूको शरीरबाट निस्केको पसिनाले भुइँ कसरी चिप्लो हुन्थ्यो भनेर एक थुनुवाले स्मरण गरे ।

खासगरी झरीपछि ट्रेन्चको भुइँ हिलाम्य हुने गरेकाले त्यहाँको अवस्थालाई धेरै थुनुवाहरूले सबैभन्दा खराब भनेर उल्लेख गरे । थुनुवाहरूलाई ट्रेन्चमा बस्न र हिलोमा लहरै सुत्न लगाइन्थ्यो । केही थुनुवाहरूलाई शौचालयको प्रयोग गर्न वा खाना खान ट्रेन्चबाट बाहिर लगिन्थ्यो । तर एकजना थुनुवाले आफू र अरू चारजना सहथुनुवाहरूलाई लगातार एक हप्तासम्म ट्रेन्चमा राखिएको र बसेकै ठाउँमा खान एवं दिसापिसाब गर्न बाध्य पारिएको रिपोर्ट गरे । ट्रेन्चमा थुनामा राखिएकाहरूको शरीर निरन्तर रूपमा तरल पदार्थमा आधा डुबेकाले गर्दा सुन्निन्थ्यो । केही थुनुवाहरूले शानेसेले क्रूर, अमानवीय र अपमानजनक व्यवहारअनुरूप र जानकारी उपलब्ध गराउन विवश बनाउने रणनीतिअन्तर्गत मानिसहरूलाई ट्रेन्चमा राखेको अनुमान गरे ।

पूर्व थुनुवाहरूले कसरी उनीहरू तल्लो दर्जाका सिपाही र गार्डको निरन्तरको दया र हिंसात्मक सनकमा पर्नुपर्दथ्यो भन्ने विवरण दिए । एक थुनुवाले स्मरण गरेः "एक दिन हामी बाहिर खाना खाइरहेको बेला एउटा गार्डले मेरो छेउमा बसेर खाइरहेको थुनुवालाई खोर्सानी चाहिन्छ कि भनेर सोध्यो । थुनुवाले "हुन्छ" भनेपछि त्यो गार्ड गएर एउटा खोर्सानी लिएर आयो । उसले त्यसलाई दुई टुक्रा पाऱ्यो र एउटा टुक्रा सो मान्छेको आँखामा दलिदियो । त्यसपछि उसले मलाई चाहिन्छ भनेर सोध्यो, मैले चाहिँदैन भनेँ - मैले कुटाइ खाएँ ।"

जथाभावी लात्तीले हान्ने तथा लाठी वा रबरको पाइपद्वारा कुटिने घटना सामान्य थियो भनिन्थ्यो । यी आक्रमणहरू अनियमित र कहिले हुन्छ भन्ने अनुमान गर्न गाह्रा थिए । कसैलाई प्रत्येक दिन कुटिन्थ्यो । एकजना थुनुवाले उच्चायुक्तको कार्यालयलाई भनेः"

उनीहरू बिहान आउँथे र हामीलाई लात्तीले हान्थे। तिनका लागि यो कुरा बिहानको चिया खाएजस्तो थियो।" अन्यलाई बिरलै कुटिन्थ्यो। आफ्नो हतकडी खुकुलो पारेको, आँखाको पट्टी माथि सारिदिएको वा सँगैका थुनुवाहरूसँग कानेखुसी गरेको जस्ता कुरा गरी आचरणसम्बन्धी कडा नियम उल्लङ्घन गरेकामा केही गार्डहरूद्वारा पनि कुटपिट गरिन्थ्यो।

सबै गार्डहरू द्वेष राख्ने खालका थिएनन् र नियमको उल्लङ्घन गर्दा सिपाहीहरूले नदेखे जस्तो गरेको वा आफ्ना कमान्डरहरू गए भन्ने पक्का भएपछि थुनुवाहरूलाई अलि सजिलो पनि पारिदिएका घटनाहरू कैयौं थुनुवाहरू स्मरण गर्छन्। यी गार्डहरू थुनुवाहरूका लागि ब्यारेकभित्रका घटनाबारे जानकारीका मूल्यवान स्रोत पनि थिए र कहिलेकाहीँ आत्मबल बढाउँथे। बाँच्ने सबै आशा त्यागिसकेको अवस्थामा एकजना थुनुवालाई एक गार्डले उसलाई मारिँदैन भनी आश्वस्त पारेको एकजना थुनुवाले स्मरण गरेः "सब ठीक हुन्छ, दालबाहेक अरू पनि खाऊ भनेर उसले मलाई भन्यो। त्यसपछि ममा आशाको किरण जाग्यो र बाँच्ने आशा रह्यो।"

*६.३.३ः यातना*

चिसापानी ब्यारेकमा भएको यातनाको प्रयोगलाई अन्य सङ्गठन र यातनासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक[७२] लगायत विशेषज्ञहरूद्वारा अभिलेखन गरिएको छ। एमनेस्टी इन्टरनेसनलद्वारा जारी सन् २००२ डिसेम्बरको प्रतिवेदनका अनुसार सो ब्यारेक "यातनाका लागि कुख्यात"[७३] थियो। उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित अनेक एकनासे बयानहरूले पनि उक्त समयावधिमा चिसापानी ब्यारेकमा यातना नियमित रहेको पुष्टि गरे। थुनुवाहरू *भीमलौरो* र *कालभैरव* भनेर चिनिने साधनबाट योजनाबद्ध रूपमा तथा कठोरतापूर्वक कुटिन्थे। *भीमलौरो* भनेको साइकलको ट्युबजस्तो रबरले एउटा टुप्पोमा बेरिएको बाँसको लाठी थियो। यो विशेष पीडादायी हुन्थ्यो तर यसले अभद्र व्यवहार गरिएका कमैमात्र चिन्ह छाड्थ्यो भनियो। *कालभैरव* भनेको पक्रिने ठाउँमा बाँसको मसिनो चोयाले बेरेको टुप्पोतिर मसिनो भएको सुरिलो काठको लाठी थियो।[७४] थुनुवाहरूलाई गरिएका अन्य प्रकारका यातनामा हातलाई दुईतिर तेर्सो पारेर पानीका बाल्टी बोक्ने; पैतालामा कुट्ने (टाउकामा पीडा हुनेगरी); मांसपेशीमा क्षति पुग्नेगरी छेपारी र तिघ्रामा गह्रौं काठको खाँबो राखेर पेल्ने; "ड्राइङ" जसमा थुनुवाहरूलाई नाङ्गै वा धेरै पत्र लुगा लगाएर सुतेर घाममा हेर्न लगाउने; नङमुनि पिन घुसार्ने वा नङ नै निकालिदिने; डुबेर मरेजस्तो भान पर्नेगरी पानीमा चोबल्ने; यौनहिंसा तथा मारेजस्तो गर्ने जस्ता शारीरिक रूपमा चुनौतीपूर्ण कार्य पर्दथे। भुइँमा सुतिरहेका थुनुवाहरूको खुट्टामाथिबाट मोटरसाइकल कुदाउने लगायत अरूलाई दिइएको यातना पनि हेर्न थुनुवाहरूलाई बाध्य पारिन्थ्यो।

चिसापानी ब्यारेकमा आइपुगेपछि पहिलो सोधपुछका क्रममा अत्यन्त थोरैलाई बाहेक सबैजसो थुनुवालाई यातना दिइन्थ्यो। अधिकांश थुनुवाहरूलाई सामान्यतया "कार्यालय" भनेर चिनिने कोठामा सोधपुछका लागि लगिन्थ्यो। सङ्कलित बयानहरूका अनुसार एक तले हरियो र सेतो रङको गुल्मको कार्यालय भवनमा अवस्थित यो कोठा कमान्डिङ अधिकृत सेनानी अजित थापाको कार्यालय थियो। यहाँ, थुनुवाहरूलाई नेकपा (माओवादी)सँग संलग्न भएको र नेकपा (माओवादी)का पछिल्ला आक्रमणहरूमा भाग लिएको आरोप लगाइन्थ्यो। तिनलाई नेकपा (माओवादी)का मुख्य कार्यकर्ताहरू कहाँ छन् भन्नेबारे सोधपुछ गरिन्थ्यो र सहयोग नगरे र शानेसेलाई माओवादी भएको ठाउँ नदेखाए तिनलाई मारिने बताइन्थ्यो। उच्चायुक्तको कार्यालयद्वारा छुट्टाछुट्टै अन्तर्वार्ता लिइएका कम्तीमा १४ थुनुवाहरूले सहसेनानी रमेश स्वाँर र/वा सेनानी अजित थापा सोधपुछका क्रममा उपस्थित वा संलग्न हुने गरेको आरोप लगाए। डेस्कमा नाम लेखेको पातो देखेर वा तल्लो दर्जाका सिपाहीहरू वा अन्य थुनुवाहरूले भनेकाले थुनुवाहरूलाई तिनको नाम थाहा भएको थियो। यसका अतिरिक्त, ती सेनानी र सहसेनानीले कहिलेकाहीं थुनुवाहरूलाई आफ्नो दर्जा भनेर परिचय दिन्थे र थुनुवाहरूले शानेसेका अन्य कर्मचारीहरूले तिनलाई "सेनानी" वा "सहसेनानी" भनेर बोलाएको सुन्थे। केही थुनुवाहरूले सेनानी र सहसेनानीको नाम आफू रिहा भइसकेपछि पहिले सँगै बसेका पूर्व थुनुवाहरूबाट थाहा पाउँथे।

सोधपुछका क्रममा सहसेनानी तथा सेनानीलगायत शानेसेका कर्मचारीहरूद्वारा थुनुवाहरूलाई *भीमलौरो* र *कालभैरव*ले कठोरतापूर्वक कुटपिट गरिन्थ्यो। एक थुनुवाले स्मरण गरेः "मलाई सहसेनानी रमेश स्वाँर तथा सेनानी अजित थापाको डेस्कअगाडि रहेको बेन्चमा घोप्टो पर्न लगाइयो। सहसेनानीले भन्यो "तँ माओवादी होस्, अरू माओवादी कहाँ छन्? जिउँदो रहन चाहन्छस् भने हामीलाई देखा, नभए तँ मर्छस्।" मैले कुनै पनि माओवादीलाई चिनेको छैन भनेपछि मलाई मेरो ढाडमा र तिघ्रामा कठोरतापूर्वक र पटकपटक कुटियो। त्यसपछि मलाई घोप्टो परेर कुटाइ खाइरहेको अर्को मान्छेमाथि बसाइयो। यसले उसलाई अझ बढी पीडा दियो र हामी दुवैलाई अपमानित तुल्यायो।" अर्का पूर्व थुनुवाले आफ्नो कानबाट रगत नआएसम्म कार्यालयको भुइँमा घोप्टो पारेर आधा घण्टासम्म एकजना सिपाहीले आफूलाई लगातार कुटेको र अर्काले लात्तीले हानेर कुल्चेको स्मरण गरेः "त्यसपछि सेनानीले भन्योः "त्यसको रगत आइरहेको छ, उसलाई लैजा नभए मेरो कोठा फोहर हुन्छ।"

यो पहिलो सोधपुछपछि केही व्यक्तिहरूलाई फेरि यातना दिइँदैनथ्यो। यी व्यक्तिहरूलाई सामान्यतया केही दिन वा हप्ताभित्र रिहा गरिएको थियो। अन्यलाई थप सोधपुछ गरिन्थ्यो। केहीलाई अर्को एकपटक मात्र र अन्यलाई थुना अवधिभरि पटकपटक गरिन्थ्यो। थप सोधपुछको बीचबीचमा कहिलेकाहीं, अन्य स्थानका अतिरिक्त, ट्रेन्च र सैनिक भण्डारघरको एकान्त थुना तथा शौचालयलगायतका विशेषगरी कठिन थुनास्थलको अवधि हुन्थ्यो। कहिलेकाहीं सादा पोसाकमा आएका व्यक्तिहरूद्वारा पनि बयान

---

[७२] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन हेर्नुहोस्, म्यानफ्रेड नोवाक, उनको नेपाल मिसनबाट, जनवरी २००६, ओपी। सीआईटीः "सेयरिङ एक्सपिरियन्सेस अफ टर्चर सर्भाइभर्स", एड्भोकेसी फोरम, २६ जुन २००६।

[७३] एमनेस्टी इन्टरनेसनलः "नेपालः अ डिपेनिङ ह्युमन राइट्स क्राइसिस," १९ डिसेम्बर २००२

[७४] क्रोधित हुँदा जथाभावी रूपमा हिंसा गर्न सक्ने भनी चिनिएका हिन्दु देवताका नामबाट नाम राखिएको हुन सक्ने।

लिइन्थ्यो र त्यतिखेर थुनुवाहरूलाई अभद्र व्यवहार गरिँदैनथ्यो । थुनुवाहरूसँग थप जानकारी - छापाका क्रममा नेकपा (माओवादी)का सदस्यहरूको पहिचान गर्न सेनालाई "गाइड" गर्ने क्षमतालगायत - छ भन्ने लागेसम्म वा कहिलेकाहीँ थुनुवाका परिवारले शानेसेलाई ठूलो रकम नतिरेसम्म सोधपुछ लगातार हुन्थ्यो ।

कमान्डिङ अधिकृत सेनानी अजित थापाको कार्यालयका अतिरिक्त ब्यारेक हाताको बीचमा रहेको खाली स्थान, थुनाका लागि प्रयोग गरिएको भवनको अगाडि, कार्यालय भवनको नजिकै रहेको "कटेज" भनिने खरको गोलाकार छाना भएको संरचनालगायत ब्यारेकका अन्य विभिन्न स्थान वा ब्यारेकको वरिपरिको जङ्गल क्षेत्रमा यातना दिने काम हुन्थ्यो ।

एकजना पूर्व थुनुवाले स्मरण गरेः
"मध्याह्न करिब १०/११ बजे मलाई मेरो कोठाबाट कार्यालय नजिकै बाहिरपट्टि सजायका लागि प्रयोग गरिने स्थानमा लगियो । सहसेनानी रमेश स्वाँर र सेनानी अजित थापा करिब २० जना अन्य सिपाहीहरूका साथ त्यहाँ थिए । तिनले मलाई प्रश्न गर्न थाले- मेरो नाम, ठेगाना, राजनीतिक आबद्धता, पेसा । मैले सबै प्रश्नको उत्तर दिएँ । कसैले मेरो घिच्रोमा पक्रेर उठायो र फालिदियो । त्यसपछि प्रश्नहरू पुनः सुरु भए । मैले सही ढङ्गबाट प्रश्नहरूको उत्तर दिएँ तर तीनजना जति सिपाहीहरूले मेरो खुट्टामा समातेर मलाई झुन्ड्याए र मेरो टाउको र शरीरको माथिल्लो भाग फोहर पानीले भरिएको ड्वाङमा डुबाएर त्यहीँ राखे । मैले सास फेर्न सकिनँ, मलाई निसासिन लागेजस्तो महसुस भयो र अन्त्यमा मैले धेरैबेर खप्न सकिन र सास फेरेँ र यसो गर्दा फोक्सोभरि पानी तानियो । म अचेत भएँ । तिनले भुइँमा रहेको टायरमा मलाई राखेर पानी निकाल्न मेरो भुँडीमा थिचिदिएकाले म होसमा आएँ । त्यसपछि फेरि तिनले मेरो टाउको पानीमा हालिदिए । तिनले मलाई प्रश्न गरिरहे र मानिसहरू - मलाई लाग्छ ती सिपाहीहरू हुन् - ले मलाई प्लास्टिकको पाइपले खुट्टामा र बाँसको लाठीले ढाड र छातीमा कुट्न थाले । तिनले मेरो पैतालामा हिर्काउँदा मलाई मेरो टाउकोमा बिजुलीको झड्का दिएजस्तो महसुस भयो । यो क्रम लगातार भइरह्यो । मलाई लाग्छ मलाई करिब एक घण्टा कुटियो । उनीहरू यसो भन्दै थिएः तँ ढाँट्दैछस् तैँले हामीलाई साँचो कुरा भनेको छैनस्, तैँले बाबुराम भट्टराई र अरू ( नेकपा (माओवादी)का अन्य नेताहरू)लाई चिनेको छस्, तैँले हामीलाई देखाइदिनुपर्छ ।" मैले भनेँ "मैले यी मानिसहरूलाई चिनेको छैन, यी नामहरू मलाई थाहा छ तर तिनलाई म चिन्दिनँ ।" जब मलाई होस आयो, म एउटा कोठामा थिएँ । मलाई लाग्छ यो धेरै दिन बितिसकेको थियो होला । के के भयो भन्ने कुरा मलाई थाहा थिएन । मलाई सबैतिर दुखिरहेको थियो । म उभिन वा मेरा हात चलाउन वा टाउको घुमाउन सक्दिनथेँ । मेरा आँखा सुन्निएका थिए र मेरो देब्रे कानबाट रगत बगिरहेको थियो...त्यसपछि मलाई मर्छु होला भन्ने लाग्यो ।"

पछि बेपत्ता पारिएकाहरूलाई कठोर यातना दिइएको भन्ने कुरा पनि पूर्व थुनुवाहरूले सम्झन्थे । एक थुनुवाले सन् २००२ मार्चमा बाँके जिल्लामा पक्राउ गरी पछि बेपत्ता पारिएको भनिएको व्यक्तिलाई आफूसँगै राखिएको घटनाको स्मरण गरेः "एकपटक उसलाई हाम्रो कोठाबाट बाहिर लगियो । फर्केर आएपछि उसको आँखाको ढकनी र लिङ्ग ब्लेडले काटिएको र घाउमा खोर्सानीको धूलो छर्किएको कुरा उसले मलाई कानेखुसी गरेर सुनायो । उसका आँखाहरू चिरा परेजस्ता थिए र उसको एउटा आँखाको ढकनी काटिएको र त्यसबाट रगत बगिरहेको मैले देखेको थिएँ भन्ने कुरा मलाई याद छ ।"

*६.३.४: मारेजस्तो गर्ने र मृत्युको भय*

धेरैजना पूर्व थुनुवाहरूका निम्ति चिसापानी ब्यारेकभित्रका सम्झनालाई मृत्युको निरन्तरको भयको स्मरणले ढाकेको छ । सँगै राखिएका थुनुवाहरूलाई नियमित रूपमा मारिएको विश्वास थुनामा रहेकाहरूबीच व्याप्त थियो र यो कुरालाई प्रोत्साहन दिन सेनाका अधिकारीहरू सक्रिय थिए । ब्यारेकमा आइपुगेको समयदेखि नै थुनुवाहरूलाई तिनलाई मारिनेछ भनेर पटकपटक सुनाइन्थ्यो । सोधपुछ र थुनाका क्रम दुवैमा त्यसो गरिन्थ्यो । हुन सक्छ मानसिक रूपमा कमजोर पार्ने रणनीतिअन्तर्गत नै शानेसेका कर्मचारीहरूले केही थुनुवाहरूलाई केही समयपछि तिमीहरू मर्नेछौ भनेर बारम्बार भन्थे । यसका अतिरिक्त, थुनास्थलको सुरक्षा गर्ने तल्लो दर्जाका सैनिक कर्मचारीहरूले थुनुवाहरूलाई हत्या गर्ने अभ्यास सामान्य हो भनेर भन्थे र हिरासतमा मरेका भनिएका मानिसहरूको मृत्युको विवरण दिन्थे । उदाहरणार्थ, सन् २००१ डिसेम्बरमा आफ्नो दाजुसँगै पक्राउ परेका एक पूर्व थुनुवाले आफूलाई राति गाडीमा राखी चिसापानी ब्यारेक ल्याइएको कुरा उच्चायुक्तको कार्यालयलाई बताइन् । ब्यारेकमा आइपुगेपछि आफ्नो दाजुलाई छुट्टै राखिएको र त्यसपछि आफूले दुईवटा गोलीको आवाज सुनेको विवरण उनले दिइन् । अर्को दिन, एकजना सैनिक गार्डले उनका दाजु मारिएको र उसको लास बाहिर रहेको बतायो र आफूले लास देखाइदिन सक्छु भन्यो । आफूलाई धेरै डर लागेको छ भनेर उनले लास हेर्न अस्वीकार गरिन् र त्यसयता आफ्ना दाजुलाई देखेकी छैनन् ।

थुनुवाहरू नफर्कने गरी हिरासतबाट हटाउने प्रवृत्तिसँगै प्रायः सुनिने गोलीको आवाजले थुनुवाहरू मारिइरहेका छन् भन्ने विश्वासलाई पुष्टि गरेको देखिन्थ्यो (तल हेर्नुहोस्, परिच्छेद ६.६: *बेपत्ता पारिएकाहरूको अवस्था* ।) यस भयलाई भँजाउन शानेसेले मारेको जस्तो अभिनय गर्ने कार्यहरू सञ्चालन गर्थ्यो । यस्ता बेलामा थुनुवाहरूलाई ब्यारेकको हाता वरपरको वनमा विशेष प्रकारले लगिन्थ्यो र तिमीहरू मारिन लागेका छौ भनेर भनिन्थ्यो । केहीलाई बन्दुकको नाल शरीरमा राखेर भुइँमा सुत्न लगाइन्थ्यो र शरीरको कुन भागमा गोली हानोस् भन्ने तेरो चाहना छ भनेर सोधिन्थ्यो । अरूको मुखमा बन्दुकको नाल छिराइएको हुन्थ्यो । एक थुनुवाले एक दिन बिहान सबेरै जङ्गल क्षेत्रमा भुइँमा खनिएको खाल्डोमा आफूलाई राखिएको स्मरण गरे । करिब एक घण्टापछि शानेसेका सिपाहीहरू त्यस ठाउँमा फर्के र उनको टाउकोमा बन्दुक राख्दै भने, "अब हामी तँलाई मार्दैछौँ ।" सेनालाई जानकारी उपलब्ध गराए वा शानेसेका टोलीहरूलाई माओवादी भएको ठाउँ देखाइदिए मात्र तिमीहरूलाई छोडिन्छ भनेर थुनुवाहरूलाई भनिएको थियो । कम्तीमा दुईजना थुनुवाहरूले आफूले अन्य थुनुवाहरूलाई मारिएको प्रत्यक्ष देखेको कुरा उच्चायुक्तको कार्यालयलाई बताए (तल हेर्नुहोस्, *अध्याय ६.६.१:*

*थुनामा गैरन्यायिक हत्या*।)। त्यस बेला आफ्नो मृत्यु नजिकै छ भनेर आफूलाई लागेको कुरा अधिकांश पूर्व थुनुवाहरूले उच्चायुक्तको कार्यालयलाई बताए।

*६.३.५: बलात्कार तथा यौनहिंसाका अन्य स्वरूप*

उच्चायुक्तको कार्यालयले महिला थुनुवाहरूविरुद्ध गरिएका बलात्कारलगायतका यौनहिंसाका कैयौं रिपोर्टहरू प्राप्त गऱ्यो। शौच गर्न आफूलाई जङ्गल लैजाँदो कहिलेकाहीँ महिला थुनुवाहरूलाई भेट्न पाएको र शानेसेका एक अधिकृतद्वारा महिला थुनुवाहरू कैयौँपटक बलात्कृत भएको एवं अन्य प्रकारको यौन दुर्व्यवहार गरिएको भनी तिनले आफूलाई बताएको एक थुनुवाले उच्चायुक्तको कार्यालयलाई बताए। अर्को थुनुवाले उच्चायुक्तको कार्यालयलाई भनेः "एक दिन (एक महिला) लाई हाम्रो कोठामा ल्याइयो, उनी अर्को कोठामा राखिएकी आफ्नी छोरीसँगै पक्राउ परेकी थिइन्। अर्को दिन बिहान खानाका लागि सबै थुनुवाहरूलाई बाहिर ल्याउँदा उनले आफ्नी छोरीलाई भेट्न पाइन्। केही बेर उनले आफ्नी छोरीसँग कुरा गरिन् र जब हामीलाई थुनाकोठाभित्र लगियो उनी असाध्य रोइन्। के भयो भनी हामीले उनलाई सोध्दा उनले आफ्नी छोरीलाई अघिल्लो राति सहसेनानी रमेश स्वाँरले बलात्कार गरेको बताइन्। उनी आफ्नी छोरी सम्झेर कैयौं हप्ता रोइन्।"

एउटा राम्रोसँग अभिलिखित घटना[७५]मा बाँके जिल्लाका १६ र १८ वर्षका दुईजना महिला आफन्त (कजिन)हरूलाई सन् २००२ अप्रिलमा चिसापानी ब्यारेकमा थुनाका क्रममा भीमकाली गुल्मका कम्तीमा एक वरिष्ठ अधिकृतलगायतका शानेसेका कर्मचारीहरूद्वारा बलात्कार गरिएको भनियो। चिसापानी ब्यारेकबाट भर्खरै रिहा गरिएका, तीमध्ये जेठी महिलाका बाबुको खोजीमा आफ्नो घरमा आएको सशस्त्र तथा पोसाक लगाएको शानेसेको टोलीद्वारा उनीहरू पक्राउ गरिएका थिए। फेरि थुनामा परे मारिएला भन्ने डरले ती मानिस भाग्न सफल भए। शानेसेको टोलीले ती दुईटीलाई चिसापानी ब्यारेक लग्यो, जहाँ उनीहरूलाई तीन दिन थुनियो। यस समयावधिमा १६ वर्षीया केटीलाई तीन-चारजना शानेसेका कर्मचारीको समूहद्वारा बलात्कार गरिएको भनियो। उनकी १८ वर्षीया आफन्त दिदीलाई भने शानेसेका दुईजना कर्मचारीद्वारा बलात्कार गरिएको भनियो। तीन दिनपछि तिनलाई रिहा गर्दा ती केटीहरूलाई भनियोः "यी सबै कुरा तेरो बाबुका कारण तिमीहरूलाई भएको हो। ऊ त्यहाँ भएको भए तिमीहरूलाई यस्तो हुँदैनथ्यो।" ती केटीहरूको रिहापछि सो घटना मानवअधिकार सङ्गठनहरू र सञ्चारमाध्यमबाट सार्वजनिक भयो। वि.सं. २०५९ पुस ९ गते, ती केटीका परिवारलाई शानेसेको एक टोलीद्वारा नजिकैको घरमा बोलाइयो। पत्रकारहरू र एउटा टिभी क्यामेराको अगाडि १८ वर्षीया केटीलाई परिवारले ती केटीहरूमाथि भएको बलात्कार सम्बन्धमा दिएको बयान फिर्ता लिन लगाइयो। सहसेनानी रमेश स्वाँरलाई यस घटनाका लागि सैनिक अदालतमा लगिएको तर गैरकानुनी थुनाका लागि मात्र दोषी पाइएको कुरा पछि उच्चायुक्तको कार्यालयलाई जानकारी दिइयो। परिणामस्वरूप उनको बढुवा दस महिनासम्मका लागि निलम्बन गरियो भनियो। उच्चायुक्तको कार्यालयले यस घटनाका सम्बन्धमा नेसेबाट कोर्ट अफ इन्क्वायरी र सैनिक अदालतका प्रतिहरू उपलब्ध गराउन अनुरोध गरिसकेको छ तर सन् २००८ अक्टोबरको अन्त्यसम्म त्यसको जवाफ अझै पाउन बाँकी थियो।

*६.३.६: आफन्तसमेत आशङ्का गरिएका माओवादीको पहिचान गर्न करकाप*

नेकपा (माओवादी)का कार्यकर्ता र समर्थकहरू कहाँ छन् भन्नेबारे जानकारी लिन थुनुवाहरूलाई करकापमा पार्ने तथा नेकपा (माओवादी)का गतिविधिमा संलग्न भएको शङ्का गरिएका व्यक्तिहरूसम्म शानेसेका टोलीहरूलाई पुऱ्याउन थुनुवाहरूलाई बाध्य पार्नु अभद्र व्यवहार तथा यातनाको प्रयोग गर्ने शानेसेको एउटा मुख्य लक्ष्य थियो। उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका कैयौँ थुनुवाहरू चरम दबाबमा परी तथा आफ्नो कार्यले आफ्ना प्रियजनलाई हानि पुऱ्याउन वा मृत्यु निम्त्याउन सक्छ भन्ने थाहा हुँदाहुँदै परिवार निकटका सदस्यहरूसम्म शानेसेका कर्मचारीहरूलाई पुऱ्याउन बाध्य पारिन्थे। पक्राउ गरिएको करिब तीन हप्तापछि, २०५८ माघ २४ वा २५ गते आफूलाई आफ्नो जेठो छोरा - जसलाई तिनले माओवादी भएको शङ्का गरेका थिए - को पहिचान गर्न शानेसेका कर्मचारीहरूसँगै लगिएको कुरा एकजना थुनुवाले उच्चायुक्तको कार्यालयलाई बताए। "भाग्यले मेरो छोरो त्यस दिन घरमा थिएन। मलाई लाग्यो उनीहरू उसलाई भेटेर मार्न चाहन्थे। मलाई असाध्य डर लागेको थियो," उनले भने।

*६.३.७: रकम असुली*

भीमकाली गुल्मका उच्चपदस्थ अधिकृतहरूले ठूलो रकम बुझाउन करकापमा पार्नका लागि नागरिकहरूलाई पक्राउ गर्ने, थुनामा राख्ने र यातना दिने कार्यको प्रयोग गर्ने गरेको उच्चायुक्तको कार्यालयले पायो। पीडितहरूमा कहिलेकाहीँ तस्करीलगायतका अपराधको आरोप लागेका बढी धनाढ्य व्यापारीहरू पनि थिए। कहिलेकाहीँ लाखौं रुपैयाँसम्म मागिने गरेको र रकम नदिए मारिदिने कुरा पनि केही थुनुवाहरूलाई यातनाका क्रममा बताइन्थ्यो। सहसेनानी रमेश स्वाँरलगायतको शानेसेको टोलीद्वारा बाँके जिल्लास्थित आफ्नै घरबाट पक्राउ परेका एकजना मानिसले उनको रिहाईका लागि परिवारसँग बीस लाख रुपैयाँ माग्ने शानेसेका कर्मचारीहरूद्वारा थुनामा कठोर यातना पाए भनियो। लाखौं रुपैयाँ नगद रकम बुझाएपछि ती थुनुवालाई रिहा गरिएको थियो भनियो (अध्याय ६.५: *थुनाको वैधानिकतालाई चुनौती दिने अधिकार* पनि हेर्नुहोस्)।

---

[७५] एमनेस्टी इन्टरनेसनलः *नेपालः अ डिपेनिङ ह्युमन राइट्स क्राइसिस*, १९ डिसेम्बर २००२ र *फियर फर सेफ्टीः* ३ जनवरी २००३ हेर्नुहोस्।

**६.४: पक्राउ गरिएको तथा थुनामा राखिएको कुरा स्वीकार गर्नमा विफलता**

अन्तर्राष्ट्रिय मापदण्डअनुसार स्वतन्त्रताबाट अपहरण हुने कुनै पनि व्यक्तिलाई औपचारिक रूपले मान्यता प्राप्त थुनास्थलमा राखिनैपर्छ र त्यो राष्ट्रिय कानुनअनु रूपको हुनैपर्छ, थुनापछि तत्काल न्यायिक अधिकारीसमक्ष ल्याइनैपर्छ र थुनास्थलसम्बन्धी जानकारी तिनका परिवारका सदस्यहरूलाई तत्काल उपलब्ध गराउनैपर्छ ।[७६] यी आवश्यकताहरूको उल्लङ्घन गर्दै शानेसेद्वारा पक्राउ गरिएका अधिकांश मानिसहरूको थुनालाई उनीहरू कहाँ छन् भनेर पत्ता लगाउने परिवार, मित्र तथा मानवअधिकार सङ्गठनहरूका प्रयत्नका बाबजुद राज्यअधिकारीहरूद्वारा स्वीकार गरिएन । पक्राउ गरिएको र त्यसपछि बेपत्ता पारिएका कम्तीमा ८९ जनाका आफन्तहरूले आफ्ना प्रियजनलाई पक्राउ गरिएकोबारे शानेसेसँग आफूले सोधेको कुरा उच्चायुक्तको कार्यालयलाई बताए । पक्राउ गर्दाको समयमा रहेको भय र असुरक्षाको सामान्य वातावरणका बाबजुद धेरैजना आफन्तहरू पक्राउ गरिएको घटनापछि चाँडै स्थानीय शानेसे ब्यारेकमा गए । तिनका आफन्तहरू शानेसेको एकाइद्वारा पक्राउ गरिएका छैनन् र भित्र थुनिएका छैनन् भनेर सेन्ट्रीहरूले एकनासले तिनलाई भित्र प्रवेश गर्न दिएनन् । विचलित नभई, परिवारहरूले बर्दिया जिल्लाका अन्य ब्यारेक, छिमेकी बाँके र कैलाली जिल्ला तथा कहिलेकाहीँ काठमाडौँस्थित सेनाको मुख्यालयसम्म गई पक्राउ परेकाहरूको खोजी अनन्तसम्म जारी राखे । तिनले शानेसेबाट कुनै जानकारी पाएनन् र पक्राउ गरिएका अधिकांश घटनाका अनेक प्रत्यक्षदर्शीहरू हुँदा पनि तिनले आफ्ना आफन्तलाई पक्राउ गरिएको कुरा मान्न अस्वीकार गरिएको अवस्थाको निरन्तर सामना गर्नुपऱ्यो ।

सन् २००२ अप्रिलमा शानेसेका पोसाक लगाएका सशस्त्र सिपाहीहरूद्वारा धधवार गाविसस्थित घरबाट पक्राउ गरिएका एक व्यक्तिकी श्रीमतीले उच्चायुक्तको कार्यालयलाई सन् २००७ जनवरीमा बताइन्: "(मेरा श्रीमानको) पक्राउ परेको एक दिनपछि म रम्भापुर, ठाकुरद्वारा र चिसापानी ब्यारेक गएँ । यी सबै स्थानका सेन्ट्रीहरूले मेरा श्रीमान् हिरासतमा हुनुहुन्छ भन्ने कुरा अस्वीकार गरे । सेनाले उहाँलाई लैजाँदा वाचा गरेकाले उहाँलाई फर्काउनेछ भनेर हामीले सोच्यौँ । दिनहरू बिते, त्यसपछि हप्ता र महिनाहरू । अब झन्डै पाँच वर्ष भइसकेको छ र उहाँ कहाँ हुनुहुन्छ र उहाँलाई के भयो भन्ने कुरा अझै हामीलाई थाहा छैन ।"

केही घटनामा पक्राउ गरिएकाहरूका आफन्तले उनीहरूसँग पहुँच प्राप्त नगरीकन उनीहरू थुनामा परेको भन्ने पुष्टि गर्न सकेका थिए ।

शानेसे, सप्रब तथा नेप्रको संयुक्त टोलीद्वारा "कर्णाली अपरेसन"का क्रममा २०५९ कात्तिक ३ गते पक्राउ गरिएका नौजनाका आफन्तहरू तिनको खोजी गर्न भोलिपल्ट मानपुर टपरा गाविसस्थित मानपुर माध्यमिक विद्यालयमा रहेको अस्थायी सैनिक शिविरमा गए । त्यहाँ उनीहरूले सडकनजिकै रहेको विद्यालय भवनको एउटा कोठामा थुनुवाहरूलाई देखे भनियो । विद्यालय भवनको झ्यालबाट आफन्तहरूले थुनुवाहरूलाई तिनको हात पछाडि बाँधेर उभ्याइरहेको देखे । थुनुवाहरूको अनुहार स्पष्टसँग नदेखिए पनि अघिल्लो राति पक्राउ पर्दा लगाएको लुगाका आधारमा तिनलाई चिनियो । विद्यालयवरिपरिको क्षेत्रमा सशस्त्र सेन्ट्रीहरूको ठूलो उपस्थितिसहित ठूलो सङ्ख्यामा सैनिकहरू थिए भनियो । प्रत्यक्षदर्शीहरूका अनुसार, विद्यालयको गेटमा रहेका सेन्ट्रीले आफूले तिनका आफन्तलाई पक्राउ गरेको कुरा अस्वीकार गरे र उनीहरूलाई भित्र छिर्न दिएनन् । आफन्तहरूले जिरह गर्दा सेन्ट्रीहरू उत्तेजित भई उनीहरूलाई घर जान भनेको स्रोतहरूले बताए । केही घटनामा आफन्तहरूलाई खुट्टामा लाठीले हानेर, बन्दुकका कुन्दाले उनीहरूलाई ठेलेर तथा उनीहरूलाई भगाउन ढुङ्गा हानेर सिपाहीहरू हिंसात्मक भएका थिए भनियो । सोही दिन, पछि, मानिसहरूले बाहिरबाट नदेखून् भनेर विद्यालय भवनका झ्यालहरू बोराले ढाकिएका थिए भनियो । ती थुनुवाहरू त्यसयता देखिएका छैनन् ।

थोरै घटनामा, शानेसेले प्रारम्भमा पक्राउ परेको कुरा स्वीकार गऱ्यो तर पछि अस्वीकार गरियो वा केही समयपछि परिवारले थुनुवाहरू कहाँ छन् भन्नेबारे जानकारी नै पाउन सकेनन् ।

उदाहरणार्थ, ठाकुरद्वारा ब्यारेकस्थित शानेसेले २०५८ चैत २४ गते अर्थात् नेकपा (माओवादी)ले बरख गुल्मको गाडीलाई धरापमा पारेको मितिअघि पक्राउ गरिएका कम्तीमा चारजना (अजयकुमार शाह, लल्लु चौधरी, केशरबहादुर बस्नेत र अमर बुढा) थुनामा परेको कुरा तिनका आफन्तसँग स्वीकार गऱ्यो । यीमध्ये दुईवटा घटनामा कमान्डिङ अधिकृत सेनानी रायमाझीले थुनुवाहरूलाई २०५८ चैत २५ गते रिहा गरिने भनेका थिए भनियो । सो धरापपछि ब्यारेकको वरिपरिको सुरक्षा अत्यन्त कडा पारियो र सशस्त्र गार्डहरूले सर्वसाधारणलाई त्यस क्षेत्रमा प्रवेश गर्न दिएनन् । आफ्ना प्रियजनहरूको समाचार पाउन परिवारका सदस्यहरूले यसपछि ब्यारेकभित्र जान पाएनन् । सन् २००२ फेब्रुअरीमा पक्राउ परेपछि ठाकुरद्वारा ब्यारेकस्थित थुनामा राखिएको आफ्नो छोरालाई तीनपटक थुनामा भेट्न पाएका एकजना बाबुले स्मरण गरेः "कोठियाघाटको धरापपछि कोही पनि ब्यारेकमा जान पाएनन् । त्यसपछि त्यसको वरिपरि ठूलो सङ्ख्यामा सेनाको उपस्थिति हुन्थ्यो । सबै सिपाहीहरूसँग बन्दुक हुन्थ्यो र उनीहरू हामीलाई त्यहाँ जान पाइँदैन भन्थे । त्यसयता मैले मेरो छोराको कुनै खबर पाएको छैन ।"

ठाकुरद्वारा ब्यारेकस्थित शानेसेको कारबाही क्षेत्रमा भएको धरापअघि पक्राउ परेका १३ जना - थुना स्वीकार गरिएका चारजना लगायत - पछि बेपत्ता भए । धरापको एक दिनपछि राष्ट्रिय पत्रिकाहरूले रक्षा मन्त्रालयले एउटा प्रेस विज्ञप्ति जारी गरी धरापमा संलग्न १३ जना विद्रोहीहरू अघिल्लो राति बर्दिया जिल्लाको कोठियाघाटको जङ्गलमा भएको भिडन्तमा गोली हानी मारिएको उल्लेख

[७६] बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र ।

गरेको समाचार दिए । तर उच्चायुक्तको कार्यालयद्वारा परामर्श गरिएका स्थानीय जनता तथा नेकपा (माओवादी)का प्रतिनिधिलगायत अनेकौं स्रोतहरूले त्यहाँ त्यस्तो भिडन्त नभएको एकनासका विवरण दिए ।

त्यसैगरी, सन् २००१ डिसेम्बरदेखि सन् २००२ फेब्रुअरीसम्म नेप्रद्वारा कम्तीमा पाँचजना - सरस्वती चौधरी, दरबारी थारू, लछिमन थारू र शिवचरण चौधरी - लाई पक्राउ गरी थुनामा राखिएको कुरालाई नेप्रद्वारा पक्राउ परेको बेलामा तिनका परिवारहरूलाई खुलासा गरिएको थियो । आफन्तहरूले स्थानीय प्रहरी चौकी, गुलरियास्थित जिप्रका र अन्तिम पटक बर्दिया कारागारमा पक्राउ परेपछि यी थुनुवाहरूलाई अनेक पटक भेट्न पाएका थिए । तर, सन् २००२ अप्रिलको अन्त्यमा सो कारागारमा थुनुवाहरूलाई भेट्न खोज्ने आगन्तुकहरूलाई उनीहरू अब त्यहाँ थुनामा नरहेका र उनीहरू या त जिप्रकालगायत अन्य स्थानमा सारिएका या "सेनाले तिनलाई लगेको" बताइयो । पटकपटकको प्रयासका बाबजुद आफन्तहरूले थुनुवाहरू कहाँ छन् भन्नेबारे राज्यअधिकारीहरूबाट जानकारी पाउन सकेनन् । यी पाँचजना सन् २००२ अप्रिलको अन्त्य र मईको सुरुमा दुईवटा समूहमा गरी बर्दिया जिल्ला कारागारबाट जिप्रकामा सारिएका नौजना थुनुवाहरूमध्येका थिए । तिनलाई शानेसे, सप्रब र नेप्रका कर्मचारीहरूको एउटा समूहद्वारा वैशाख १९/२० गते जिप्रकाबाट लगी गैरन्यायिक रूपबाट हत्या गरिएको थियो भन्ने कुरा उच्चायुक्तको कार्यालयको अनुसन्धानले सङ्केत गरेको छ (तल हेर्नुहोस्, अध्याय ६.६: *बेपत्ता पारिएकाहरूको अवस्था*) । सन् २००७ फेब्रुअरीमा उच्चायुक्तको कार्यालयलाई एउटा पत्र पठाई नेप्रले यी पाँचजनालाई नेप्रद्वारा पक्राउ गरिएको वा थुनामा राखिएको कुनै अभिलेख नभएको बतायो ।

केही दिनदेखि केही महिनासम्म स्वीकार नगरिएको थुनामा राखिएपछि केही थुनुवाहरू अन्ततः रिहा गरिए तर अझै तिनलाई बलपूर्वक बेपत्ता पारिएको थियो भन्ने ठानिन्छ ।[७७] चिसापानी ब्यारेकमा राखिएकाहरूलाई प्रायः सेनानी अजित थापाको कार्यालयमा बोलाई पहिल्यै तयार पारिएको "वक्तव्य"मा हस्ताक्षर गर्न लगाइन्थ्यो र तिनलाई त्यो पढ्ने अवसर नदिइने वा उनीहरू साक्षर नभएका कारण त्यसका विषयवस्तुहरूबारे सामान्यतया तिनलाई थाहा हुँदैनथ्यो । रिहा हुनुअघि थुनुवाहरूको कहिलेकाहीँ तस्बिर लिइन्थ्यो । तिनलाई थुनामा आफूले भोगेको व्यवहार वा प्रत्यक्ष देखेका अन्य घटनाहरूबारेको जानकारी प्रवाह नगर्न प्रायः कडा चेतावनी दिइन्थ्यो । अधिकांश थुनुवाहरूलाई नियमित समयमा चिसापानी ब्यारेकमा रिपोर्ट गर्न आदेश दिइएको थियो, यद्यपि केहीले यस आवश्यकतालाई मान्दैनथे ।

उच्चायुक्तको कार्यालयद्वारा अन्तर्वार्ता लिइएका पूर्व थुनुवाहरूले आफूलाई रिहा गर्नुपर्ने कारणहरू देहायका भएका उल्लेख गरे: प्रभावशाली व्यक्तिले तिनका तर्फबाट सकारात्मक हस्तक्षेप गर्न सकेको[७८]; शानेसेको एक अधिकारीलाई रकम दिइएको; सोधपुछका क्रममा तिनले नेकपा (माओवादी)मा आफ्नो कुनै संलग्नता रहेको कुरा अस्वीकार गरेको तथ्य; सन् २००२ को अन्त्यतिर राजनीतिक स्थितिमा आएको सुधार; तथा मानवअधिकार सङ्गठनहरूले तिनका तर्फबाट गरेको वकालत । यसका अतिरिक्त, बाँके जिल्लामा पक्राउ गरिएका कैयौं थुनुवाहरू बाँके जिल्लास्थित पुनरावेदन अदालत तथा सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरण रिट निवेदन दायर गरिएपछि रिहा गरिएको भनियो (तल हेर्नुहोस्) ।

तर, धेरै आफन्तहरूलाई त्यस्तो न्यायिक उपचारमा पहुँच थिएन । थारू परिवारहरूले आफ्ना प्रियजनहरूको रिहाईबारे जानकारी खोज्ने प्रयासमा विशेष अवरोधको सामना गरे । ठोस सामाजिक बहिष्करणका कारण अधिकांश यी परिवारहरूले थुनुवाहरूको रिहाईमा मुख्य भूमिका निर्वाह गर्ने सुरक्षाफौजका उच्चपदस्थ कर्मचारी वा अन्य प्रभावशाली व्यक्तिहरूसँगको सम्पर्कबाट लाभ पाएनन् । अन्य समुदायका सदस्यहरूको तुलनामा थारू परिवारहरूमा रिहाईका लागि प्रभावशाली रूपमा वकालत गर्न सक्ने मानवअधिकार सङ्गठनहरूमा पक्राउ गरिएकोबारे रिपोर्ट गर्ने ज्ञान र संसाधनको पनि अभाव थियो । यसका अतिरिक्त, भाषाको अवरोध, चेतनाको अभाव तथा भेदभावले गर्दा बेपत्ता पारिएकाहरूका धेरै थारूहरू आफ्ना आफन्तहरूको रिहाईका लागि शानेसेका कर्मचारीहरूलाई भेट्न वा प्रभावकारी रूपमा वकालत गर्न पाउँदैनथे ।

उदाहरणार्थ, एउटा भरपर्दो स्रोतका अनुसार "कर्णाली अपरेसन"का क्रममा बदालपुर गाविसबाट सातजना थारू पुरुषसँगै एकजना उच्चा जातका व्यक्ति पक्राउ परेका थिए । ती गैरथारू पुरुषकी आमाले त्यहाँको वरिष्ठ सैनिक अधिकृतलाई सम्पर्क गरिन् (सेन्ट्रीहरूसँग कुरा गर्नुको सट्टा) र आफ्नो छोराको रिहाईका लागि अनुरोध गरिन् भनियो । उनले पछि भनिन्: "म बाठी भएकीले ती थारू महिलाको जस्तो अल्मलिएर गेटमा बसेर अनुनय नगरी मैले कमान्डरसँग कुरा गरेँ र ऊ रिहा भयो ।"

### ६.५: थुनाको वैधानिकतालाई चुनौती दिने अधिकार

न्यायिक अधिकारीद्वारा पक्राउ गरिएको तथा थुनामा राखिएको कुराको पुनरावलोकन गराउन पाउने अधिकार नेपाली कानुनद्वारा सन् १९९० को संविधानदेखि र आईसीसीपीआरमा अन्तर्राष्ट्रिय कानुनद्वारा मान्यता प्राप्त छ । व्यवहारमा, थुनुवा तथा तिनका आफन्तहरूका लागि यस अधिकारको उपभोगमा गम्भीर अवरोधहरू थिए । थुनुवाहरूलाई वकिल वा न्यायाधीशसम्मको पहुँच दिइएको थिएन र यसले कानुनी कारबाहीलाई असम्भव बनाउँछ । राज्यअधिकारीहरूले पनि व्यक्तिहरूलाई पक्राउ गरिएको तथा

[७७] डब्लुजीईआईडीद्वारा जारी गरिएको "जेनरल कमेन्ट अन द डेफिनिसन अफ इन्फोर्स्ड डिसअपियरेन्स"का अनुसार, बलपूर्वक बेपत्ता पार्ने कार्यको अवधि असान्दर्भिक हुन्छ । छोटो अवधिको र बेपत्ता पारिएको व्यक्ति रिहा भएर त्यो समस्या समाधान भए तापनि कुनै पनि थुनाको तात्कालिक परिणामस्वरूप थुनुवालाई कानुनको संरक्षणभन्दा बाहिर राखियो भने त्यो कार्य बलपूर्वक बेपत्ता पार्ने कार्य हुन्छ ।
हेर्नुहोस् : http://www2.ohchr.org/english/issues/disappear/docs/disappearance_gc.doc

[७८] नेसेका एक अधिकारीले चिसापानी ब्यारेकमा राखिएका एक थुनुवा - जसका परिवारले सहायताका लागि उनलाई सम्पर्क गरे - को "ज्यान बचाउन" आफू सफल भएको जानकारी दिए ।

थुनामा राखिएको कुरालाई एकनासले अस्वीकार गरे र यसले थुनाको वैधानिकतालाई चुनौती दिने आफन्तहरू, मानवअधिकार सङ्गठनहरू र वकिलहरूको क्षमता सीमित बनायो ।

तथापि, मुख्यतया सर्वोच्च अदालतमा दायर गरिएका बन्दीप्रत्यक्षीकरण रिट निवेदनहरू आफन्त, मानवअधिकार सङ्गठन र वकिलहरूद्वारा पक्राउ गरिएको तथा थुनामा राखिएको घटनाको वैधानिकतालाई चुनौती दिन प्रयोग गरिएका एउटा माध्यम थिए । त्यस्ता निवेदन दायर गर्न परिवारहरूलाई सहायता गर्ने कानुन व्यवसायीहरूका अनुसार सुरक्षाफौजद्वारा स्वीकार गरिएका पक्राउका घटनामा कहिलेकाहीँ थुनुवाहरूको रिहाई सुरक्षित गर्न बन्दीप्रत्यक्षीकरण रिट निवेदनहरू प्रभावकारी हुन्थे । तर, राज्यअधिकारीहरूले पक्राउ गरिएको कुरा अस्वीकार गरेको अवस्थामा सर्वोच्च अदालतले सामान्यतया बन्दीप्रत्यक्षीकरण रिट निवेदनलाई खारेज गर्दथ्यो र ती अप्रभावकारी सिद्ध भए । बर्दिया जिल्लामा पक्राउ परेका व्यक्तिहरूका सम्बन्धमा बाँके जिल्लास्थित पुनरावेदन अदालत तथा सर्वोच्च अदालतमा पेस गरिएका कम्तीमा ८० वटा बन्दीप्रत्यक्षीकरण रिट निवेदनमा एउटा कानुनी सहायता सङ्गठनले आफन्तहरूलाई सहायता गरेको उच्चायुक्तको कार्यालयले जानकारी पायो । सन् २००८ मईसम्ममा तीमध्ये ५३ वटा रद्द गरिएका थिए भनियो । सर्वोच्च अदालतले बेपत्ता पार्ने कार्य सम्बन्धमा २०६४ जेठमा दिएको निर्णयमा सुनुवाइ गरिएका चारवटा मुद्दा र सर्वोच्च अदालतको सन् २००७ नोभेम्बरको निर्णयका विषय बनेका पाँचवटा मुद्दाबाहेक बाँकी अरू विचाराधीन रहेको भनिएको छ ( तल हेर्नुहोस्, अध्याय ९: *सत्य, न्याय तथा परिपूरण*) ।

प्रभावकारी न्यायिक उपचारको अभाव तथा आफ्ना प्रियजनको खबरका लागि अत्यन्त चिन्तित भएकाले गर्दा कैयौं परिवार थुनुवालाई रिहा गराइदिने प्रयत्न गरेजस्तो देखाउने व्यक्तिहरूलाई पैसा तिरेर ठगिए । पैसा लैजानेहरूमा कम्तीमा एक सरकारी अधिकारीलगायत वरिष्ठ सैनिक कर्मचारीका आफन्तहरू एवं शानेसेको सुराकीका रूपमा काम गरिरहेको विश्वास गरिएका स्थानीय व्यक्तिहरू थिए भनिन्थ्यो । शानेसेका लागि सन्देशबाहकको काम गरिरहेको दाबी गर्ने यस्ता केही व्यक्तिहरूले रकम बुझाएपछि मात्र ती परिवारका आफन्तहरूलाई छोडिने धम्की सुनाउँथे । मगरागाडी गाविसस्थित घरबाट पक्राउ गरिएका एकजना थारू किसानकी छोरीले निजलाई रिहा गराउन सक्छु भन्ने दाबी गर्ने तीनजनालाई परिवारले कसरी आफूले कल्पनै गर्न नसक्ने रकम तिऱ्यो भन्ने स्मरण गरिन्: "हामीले रकम बुझाउन सक्यौं भने मेरा बुवालाई रिहा गराउन सक्ने मानिसहरू छन् भन्दै कोही मान्छे हाम्रो गाउँमा आयो । तिनलाई भेट्न हामी नेपालगन्ज गयौं । तिनले सहसेनानी रमेश स्वाँरसँग आफ्नो नाता पर्छ भने । सबै प्रहरी र सेनालाई चिनेकाले हामीले १५,००० रुपैयाँ बुझाएमा आफूले मेरा बुवालाई रिहा गराउन सक्ने दाबी तिनले गरे । हाम्रो गाउँमा आएर एकपटक ३,००० रुपैयाँ र एकपटक ५,००० रुपैयाँ माग्दै मद्दत गर्न सक्छु भन्ने भुरीगाउँका दुईजना मानिसहरूलाई पनि मेरो परिवारले पैसा बुझायो । हामीले पैसा बुझायौं, तर मेरा बुवा कहिल्यै रिहा हुनुभएन । तिनले हामीलाई ठगे । उहाँलाई के भयो हामीलाई थाहा छैन ।"

## ६.६: बेपत्ता पारिएकाहरूको अवस्था

बर्दिया जिल्लामा पक्राउ गरिएपछि बेपत्ता पारिएका तथा उच्चायुक्तको कार्यालय तथा अन्यले अभिलेखन गरेको घटनामा उल्लिखित थुनुवाहरूको अवस्था अझै आधिकारिक रूपमा अज्ञात छ । तथापि, उच्चायुक्तको कार्यालयले यी थुनुवाहरू गैरकानुनी रूपमा थुनामा मारिएका र अन्य थुनुवाहरू पक्राउ पर्दा वा यातनाका क्रममा लागेको चोटपटकका कारण मरेको हुन सक्छ भन्ने सङ्केत गर्ने अनेकौं प्रत्यक्षदर्शीका बयानहरू उल्लेखनीय सङ्ख्यामा प्राप्त गऱ्यो ।

### *६.६.१: थुनामा गैरन्यायिक हत्या*

उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित जानकारीले कैयौं थुनुवाहरूलाई थुनामा सुरक्षाफौजद्वारा गैरन्यायिक रूपमा हत्या गरिएको जनाउँछ । उदाहरणार्थ, सन् २००२ मा चिसापानी ब्यारेकमा थुनामा रहेका दुईजना स्वतन्त्र प्रत्यक्षदर्शीहरूले आफूलाई अन्य थुनुवाहरूलाई हत्या गरिएको दुईवटा छुट्टाछुट्टै घटना हेर्न बाध्य पारिएको भन्ने कुरा उच्चायुक्तको कार्यालयलाई बताए । ती दुवै घटनामा, प्रत्यक्षदर्शीहरूलाई ब्यारेकको हातामा ल्याइयो जहाँ अन्य कैयौं थुनुवाहरू आँखामा पट्टी बाँधेर र हतकडी लगाएर लहरै उभिएका थिए । दुवै अवसरहरूमा शानेसेका एक परिचित अधिकारी (दुईवटै अवसरमा फरकफरक) र तल्लो दर्जाका कैयौं सिपाहीहरू उपस्थित थिए । प्रत्यक्षदर्शीहरूलाई सेनाले मानिसहरूलाई कसरी मार्छ भनेर हेर्न भनिएको थियो । त्यसपछि तिनलाई शानेसेका अधिकारीहरूले नजिकैबाट एकपछि अर्को थुनुवाको टाउकोमा गोली हानेको हेर्न लगाइयो ।

एकजना थुनुवाले स्मरण गरे: "मध्याह्नतिर सिपाहीहरू आएर मलाई हेलिप्याड र ट्रेन्चको नजिकै ब्यारेकको बीचमा रहेको खाली ठाउँमा लगे । उनीहरूले बाटोमा मेरो आँखाको पट्टी हटाइदिए । म त्यहाँ पुग्दा पछाडिपट्टि हात बाँधेका र टाउकोमा कालो नकाब लगाएका सातजना मानिसहरू लहरै उभिरहेका थिए । तिनको कपडा हेर्दा मलाई लाग्छ तीमध्ये दुईजना महिला थिए । त्यहाँको ( शानेसेको एउटा अधिकारी)ले मलाई भन्यो "यी मानिसहरू कसरी मारिन्छन् हेर्, तँ पनि यसै गरी मारिन्छस् ।" त्यसपछि उसले देब्रेतिरबाट एकएक गरी नजिकैबाट कालो पेस्तोलले तिनको टाउकोमा गोली हान्यो । (सो अधिकारी)ले उनीहरू भुइँमा लडिसकेपछि पनि तिनलाई गोली हानिरह्यो र उनीहरू मरेपछि उसले केही गोली हावामा हान्यो ।"

*६.६.२: पछि बेपत्ता पारिएका व्यक्तिहरूलाई थुनाबाट हटाउने प्रवृत्ति*

चिसापानी ब्यारेकस्थित राष्ट्रिय निकुञ्जका वार्डेनको कार्यालयबाट थुनुवाहरू प्रायः राति वा बिहान सबेरै हटाइएका र पछि नफर्केका सन् २००१ डिसेम्बरको पछिल्लो अवधिपछि भएका घटनाहरूको प्रवृत्ति उच्चायुक्तको कार्यालयले अभिलेखन गऱ्यो। अनेकौं प्रत्यक्षदर्शीका बयानअनुसार, यी थुनुवाहरूलाई कहिलेकाहीँ सहसेनानी रमेश स्वाँरलगायतका शानेसेका कर्मचारीद्वारा तिनको थुनाकोठाबाट बाहिर बोलाइन्थ्यो। तिनलाई शानेसेको गाडीमा राखिन्थ्यो जसमा कहिलेकाहीँ खन्ने औजार हुन्थ्यो। थुनुवाहरूले यी गाडीहरूलाई ब्यारेक जाने मुख्य बाटोका रूपमा रहेको सुर्खेत रोडको प्रयोग नगरी ब्यारेकको वरिपरिको वन क्षेत्रमा जाने कच्ची बाटोमा हाँकिरहेका देख्थे। पछि पटकपटक बन्दुक पड्केका अनेक आवाजहरू सुनिन्थे र केही घण्टापछि ती गाडीहरू थुनुवाहरूबिना ब्यारेकतर्फ आएका देखिन्थे। यसरी हटाइएकाहरूले जुत्ता वा चप्पललगायतका आफ्ना व्यक्तिगत सरसामान आफूसँग लान पाउँदैनथे र तल्लो दर्जाका सिपाहीहरूद्वारा समाप्त नपारिएसम्म वा नजलाइएसम्म यस्ता सामान धेरै दिनसम्म पछिल्लोपटक तिनलाई थुनिएका कोठामै रहेको कुरा थुनुवाहरूले प्रस्ट सम्झे।

बेपत्ता पारिएकाहरूमध्ये कैयौँ व्यक्तिहरू अन्तिमपटक थुनाबाट यसैगरी हटाइएको देखिएका थिए। उदाहरणार्थ, धधवार गाविसका दम्पती चैतेलाल चौधरी र सीताजानकी चौधरी सन् २००२ जनवरीको सुरुमा अँध्यारो भएपछि राष्ट्रिय निकुञ्जका वार्डेनको कार्यालयबाट हटाइएका चार-पाँच थुनुवाहरूमध्येका थिए। सोही रात २० देखि ४० पटक बन्दुक पड्केको सुनिएको थियो। थुनुवाहरू फर्केनन् तर तौलिया, लुगा र चप्पललगायतका तिनका केही सरसामान ती जोडी थुनामा रहेको वार्डेनको कार्यालयभित्र पस्ने गल्लीमै रहेका थियो भनियो। सीताजानकी र चैतेलाल चौधरी कहाँ छन् भन्ने कुरा अझै अज्ञात छ।

त्यसैगरी, धधवार गाविसका सगुनलाल चौधरी, बगनाहा गाविसका अजय कुमार साह, छिमेकी बाँके जिल्लाका महेन्द्रविक्रम ओली, भाङ्गी थारू र कुसीराम थारूलाई सम्भवतः सन् २००२ अप्रिलको कुनै समय बिहान झिसमिसेभन्दा केही अघि राष्ट्रिय निकुञ्जस्थित "एक नम्बरको कोठा" बाट लगिएको थियो। तिनलाई गाडीमा राखियो, जुन वनक्षेत्रतर्फ हुँइकियो र त्यसयता उनीहरू देखिएका छैनन्।

*६.६.३: पक्राउ पर्दा लागेको चोटपटकका कारण भएको हुन सक्ने मृत्यु*

बेपत्ता पारिएकाहरूमध्ये कम्तीमा दुईजना पक्राउ पर्दा गम्भीर रूपमा घाइते भएका र त्यही घाउ अन्ततः तिनको मृत्युको कारण भएको हुन सक्ने उच्चायुक्तको कार्यालयले पायो।

यस्तो चोटपटकबाट मरेका हुन सक्ने एक व्यक्ति मोतीपुर गाविसका ३४ वर्षीय ठग्गा थारू हुन्। वि.सं. २०५९ असोज १७ गते राति भीमकाली गुल्मबाट सैनिक पोसाक र सादा पोसाकमा आएका शानेसेका सिपाहीहरूको एउटा ठूलो टोलीले ठग्गा थारूको गाउँ घेऱ्यो र उनको पुर्ख्यौली घरको आँगनमा प्रवेश गऱ्यो। होहल्लामा, ठग्गा थारू घरको पछाडिपट्टिको खेततर्फ भागे। बन्दुक पड्केको सुनिए र उनका आमाबाबुले उनको क्रन्दन सुने। त्यसपछि सिपाहीहरूले घरबाट खेतमा पलङ (डोरीले बनाएको खाट) लगेर ठग्गा थारूलाई नजिकै रोकी राखेको शानेसेको गाडीमा राखे। उनीहरू टाढा हुँदै जाँदा उसको क्रन्दन सुनिन छोड्यो। सोही टोलीले सोही गाउँबाट कालीराम थारू (ठग्गाको दाजु) बाबुराम थारू र बधु थारूका साथै पछि रिहा गरिएको पाँचौं व्यक्तिलाई पक्राउ गऱ्यो। नफर्केका अन्य चारजनाका आफन्तहरूले उनीहरू पक्राउ परेको चार महिनापछि चिसापानी ब्यारेकमा सोधपुछ गरे तर सेनाले तिनलाई त्यहाँ राखिएको कुरा अस्वीकार गऱ्यो भनियो। उच्चायुक्तको कार्यालयले तिनको अवस्था वा उनीहरू कहाँ छन् भन्नेबारे जानकारीका लागि अनुरोध गर्दै तिनको नामसमेत सन् २००६ सेप्टेम्बरमा नेसेसमक्ष पेस गऱ्यो। वि.सं. २०५९ कात्तिक १६ गते बर्दिया जिल्लाको खैरिचन्दनपुर गाउँमा सुरक्षाफौजको कारबाहीका क्रममा भाग्न खोज्दा कालीराम थारू मारिएको कुरा सन् २००८ फेब्रुअरीमा सेनाले उच्चायुक्तको कार्यालयलाई जानकारी दियो। उनलाई भिन्न मिति र भिन्न गाउँबाट घरबाट पक्राउ गरिएको थियो भन्ने पुष्टि गर्ने प्रत्यक्षदर्शीका बयानसँग यो बाझियो। अन्य तीनजनाबारे नेसेद्वारा थप कुनै जानकारी उपलब्ध गराइएन। यसरी ती चारजना अझै बेपत्ता छन्।

*६.६.४: यातनाका कारण भएको हुन सक्ने मृत्यु*

बेपत्ता पारिएकाहरूमध्ये एकजना अन्तिम पटक चिसापानी ब्यारेकमा थुनामा अत्यन्त कमजोर स्वास्थ्यस्थितिमा देखिएका र त्यसैकारण उनी आफ्नो चोटपटकका कारण मरेको हुन सक्ने आशङ्का उनका सहथुनुवाहरूमाझ रहेको उच्चायुक्तको कार्यालयले पायो।

मगरागाडी गाविसका शिक्षक राजदेव मण्डललाई भीमकाली गुल्मका शानेसेका सिपाहीद्वारा २०५९ असोज १४ गते राति घरबाट पक्राउ गरिएको थियो। कैयौँ प्रत्यक्षदर्शीहरूले पछिल्ला सातामा उनलाई लगातार कुटपिटका कारण हिँड्न नसक्ने अवस्थामा पाखुरा, खुट्टा, ढाड र छातीमा पीपले भरिएका अनेकौं घाउहरू भएको अवस्थामा देखेको स्मरण गरे। एकजना थुनुवाले सम्झे: "एक दिन मण्डलले हामीलाई भने "म मर्नै लागेको छु, कसैले मेरो परिवारलाई बोलाएर मेरो मद्दत गर्न सक्छ?' उनी अलि मोटो थिए। उनका तिघ्रा, छेपारी, ढाड र छाती जहाँ जहाँ उनलाई कुटिएको थियो ती सबै ठाउँमा छाला उप्किएको थियो। उनले हामीलाई देखाए। गर्मीका कारण घाउ नराम्रोसँग सङ्क्रमित भएको थियो र उनी पसिनापसिना भएका थिए। पीप भरिएर घाउहरू बिग्रिएका थिए र यति गनाउँथ्यो कि उनीसँगै एउटै कोठामा बस्न हामीलाई असह्य भएको थियो।" आफूले राजदेव मण्डललाई वार्डेनको कार्यालयबाहिर खाना खान लैजाँदा देखेको कुरा अर्काले उच्चायुक्तको कार्यालयलाई बताए: "उनी हिँड्न सक्दैनथे, उनलाई बोकेर

लगिएको थियो। उनका ढाड, पाखुरा र शरीरभरि घाउ थिए। सबै घाउ सङ्क्रमित भएका र औँसाले भरिएका थिए। उनी मैले देखेकोमध्ये सबैभन्दा नराम्रोसँग घाइते व्यक्ति थिए।" केही समयपछि सन् २००२ अक्टोबरमा राजदेव मण्डल थुनामा देखिएनन् र उनी कहाँ छन् भन्ने कुरा अझै अज्ञात छ।

## ६.७: बर्दिया जिल्लामा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यलाई ढाकछोप गर्ने नेसेका प्रयत्नहरू

यस प्रतिवेदनमा अभिलेखन गरिएका बलपूर्वक बेपत्ता पार्ने कार्यका घटनाहरू बेपत्ता पारिएकाहरूका आफन्तहरू, गैससहरू तथा उच्चायुक्तको कार्यालयलगायतका अन्तर्राष्ट्रिय सङ्गठनहरूद्वारा सम्बन्धित व्यक्तिको अवस्था र उनी कहाँ छन् भन्नेबारे स्पष्टीकरणका लागि अनुरोध गर्दै सम्बद्ध सुरक्षाफौज तथा राज्यअधिकारीहरूसमक्ष पेस गरिसकिएको छ। अधिकांश घटनामा राज्यअधिकारीहरू बेपत्ता पारिएकाहरूका बारे कुनै पनि जानकारी दिन विफल भएका छन्। केही घटनामा नेसेले व्यक्तिहरू भिडन्तमा वा भाग्न खोज्दा मारिएका वा रिहा गरिएका उल्लेख गरेको छ। पछि बेपत्ता पारिएकामध्ये केही व्यक्तिहरू पक्राउ परेको समयमा रक्षा मन्त्रालयद्वारा पनि पीडितहरू "भिडन्तमा मारिएका" भनी प्रेस विज्ञप्तिहरू जारी गरिएका थिए। नेप्रले कैयौँ घटनाहरूमा पनि पक्राउ गरिएको तथा थुनामा राखिएको कुरालाई अस्वीकार गरेको छ। उच्चायुक्तको कार्यालयद्वारा लिइएका प्रत्यक्षदर्शीको बयानले यी दाबीहरूलाई एकनासले खण्डन गर्छ र सन् २००१ डिसेम्बरदेखि सन् २००३ जनवरीसम्म बर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूमध्ये उल्लेख्य सङ्ख्यामा व्यक्तिहरू सुरक्षाफौजद्वारा हिरासतमा गैरकानुनी रूपमा मारिएको जनाउँछ।

गृह मन्त्रालयद्वारा गठित एक सदस्यीय बेपत्ता आयोग[७९]ले सन् २००६ जुलाईमा आफ्ना निष्कर्ष प्रकाशित गऱ्यो जसमा बर्दिया जिल्लाका २० जनासमेत १७४ जनाको अवस्था वा उनीहरू कहाँ छन् भन्नेबारे नेसेले उनीहरू या त "रिहा गरिएका" वा "गोली हानाहानमा मारिएका" भनी बताएको उल्लेख गऱ्यो।

सन् २००६ सेप्टेम्बरमा उच्चायुक्तको कार्यालयले नेसेको मानवअधिकार शाखालाई बर्दिया जिल्लामा बेपत्ता पारिएका धेरैवटा घटनालगायत बलपूर्वक बेपत्ता पारिएका भनिएकाहरूको अवस्था र उनीहरू कहाँ छन् भन्नेबारे स्पष्टीकरण दिन अनुरोध गर्दै ३१५ जनाको एउटा सूची पठायो। साथै, यसले नेप्र र प्रहरी अधिकारीहरू दोषी भएका बलपूर्वक बेपत्ता पार्ने कार्यका घटनाहरूबारे जानकारी पनि पेस गऱ्यो। त्यसको प्रतिक्रियामा सोही महिना नेसेले बर्दिया जिल्लामा बेपत्ता पारिएका भनी उच्चायुक्तको कार्यालयद्वारा अभिलेखन गरिएका २४ जनासमेत ५२ जनाको कथित अवस्था वा उनीहरू कहाँ छन् भन्ने कुरासम्बन्धी जानकारी उच्चायुक्तको कार्यालयलाई उपलब्ध गरायो। नेसेका अनुसार यी २४ मध्ये चारजना - सरस्वती थारू, फुलाराम थारू, लहनु चौधरी र भीमबहादुर थारू - हिरासतबाट रिहा गरिएका थिए। नेसेले सुरक्षाफौज र नेकपा (माओवादी)बीचको भिडन्तमा (१६ जना) वा सुरक्षाफौजबाट भाग्न खोज्दा (एकजना) वा दुवै परिस्थितिमा गरी थप २० जना सुरक्षाफौजद्वारा मारिएको दाबी गरेको छ। तीनवटा घटनामा नेसेले उस्तै र उही घटनाको विरोधाभासपूर्ण जानकारी उपलब्ध गराएकोजस्तो देखिन्थ्यो। कैयौँ घटनामा उपलब्ध गराइएका प्रतिक्रियाहरू गृह मन्त्रालयको बेपत्ता पार्ने कार्यसम्बन्धी समितिसमक्ष नेसेद्वारा उपलब्ध गराई सन् २००६ जुलाईमा प्रकाशित जानकारीमा दोहोरिए।

सन् २००८ फेब्रुअरीमा उच्चायुक्तको कार्यालयले नेसेबाट उच्चायुक्तको कार्यालयद्वारा अभिलेखन गरिएका ४१ वटा घटनासँग सम्बन्धित जानकारीलगायत बर्दिया जिल्लामा बलपूर्वक बेपत्ता पार्ने कार्यका भनिएका ५९ वटा घटनाबारे प्रतिक्रियासहितको थप पत्र पायो र तीमध्ये दसवटा सन् २००६ सेप्टेम्बरको पत्रमा समावेश गरिएका थिए। नेसेका अनुसार, २४ पीडितहरू भिडन्त (१४ घटना)मा, "सुरक्षा कारबाही" (चारवटा घटना)मा, वा उनीहरू भाग्न खोज्दा (तीनवटा घटना)मा मारिएका थिए। दुईवटा अन्य घटनाहरू सूचीमा दोहोरिएका देखिए जसमा उनीहरू मारिएकोबारे परस्पर विरोधी जानकारी थिए। सोमप्रसाद थारूको अर्को दोहोरिएको घटनामा उनलाई रिहा गरिएको र मारिएको दुवै सूचीमा राखिएको थियो। तीनवटा घटनामा नेसेले पीडितहरूको अवस्था र उनीहरू कहाँ छन् भन्नेबारे थप जानकारी उपलब्ध नगराई पीडित (नेपाली चौधरी) पक्राउ गरिएको वा जिप्रकामा हस्तान्तरण ( श्रीराम थारू, श्रीराम चौधरी) गरिएको उल्लेख गरेको छ। बेपत्ता पारिएका भनिएकामध्ये पाँचजना - भगिराम थारू, शिवप्रसाद थारू, फुलाराम थारू, भाग्राम थारू र सीताजानकी चौधरी - लाई रिहा गरिएको र थप दुईजना - पाल्टा थारू र तातेराम थारू - घरमा बसिरहेको कुरा पनि नेसेले उल्लेख गऱ्यो। नेसेको सूचीमा संलग्न भएका भवनकुमार चौधरी, भुकलाल थारू, तीर्थबहादुर थापा, बमबहादुर शाही, हिरासिंह बाठा मगर, राजबहादुर थारू र बालकिसुन थारूका अन्य सातवटा घटनामा पीडितलाई पक्राउ गरिएको वा तिनको मृत्युको कुनै अभिलेख नभएको सो सूचीले उल्लेख गरेको छ। लहनु चौधरीको कम्तीमा एउटा घटनामा, सन् २००८ को पत्र (जसले सम्बन्धित व्यक्ति भिडन्तमा मारिएको उल्लेख गरेको थियो) नेसेद्वारा उपलब्ध गराइएको पहिलेको जानकारी (उनलाई रिहा गरियो भन्ने) सँग बाझियो।

बर्दिया जिल्लामा भएका भनिएका पक्राउ गर्ने तथा थुनामा राख्ने कार्यका ५७ वटा घटना - प्रहरी टोलीहरूद्वारा पक्राउ गरिएको भनी उच्चायुक्तको कार्यालयले अभिलेखन गरेको नौमध्ये सातजना (सरस्वती चौधरी, दरबारी थारू, तुल्सिराम थारू, लछिमन थारू, शिवचरण चौधरी, वेदप्रसाद योगी तथा टेकनाथ योगी)समेत - र उच्चायुक्तको कार्यालयको अनुसन्धानका अनुसार अन्तिम पटक बर्दिया जिप्रकामा देखिएका दुईजना (रामनारायण चौधरी र मसुर थारू)को कुनै अभिलेख नभएको भनी नेप्रद्वारा लेखिएको एउटा पत्र

[७९] बेपत्ता पारिएका भनिएका ७७६ जनाको स्थिति स्पष्ट पार्ने कार्यभार दिएर सन् २००५ मईमा स्थापना भएको गृह मन्त्रालयका सहसचिव वामनप्रसाद न्यौपानेको समिति। तल हेर्नुहोस्, अध्याय ९: *सत्य निरूपण, न्याय तथा परिपूरण*।

पनि उच्चायुक्तको कार्यालयले सन् २००७ फेब्रुअरीमा प्राप्त गऱ्यो (तल हेर्नुहोस् : अध्याय ६.७.१: *नेसेले रिहा गरिएका भनेका व्यक्तिहरूको हत्या*)।

उच्चायुक्तको कार्यालयले थप अनुगमन गरेका घटनाहरूमा, आफ्नै निष्कर्षका आधारमा, उच्चायुक्तको कार्यालय नाम उल्लेख गरिएकाहरू अझै बलपूर्वक बेपत्ता पार्ने कार्यबाट पीडित रहेको विश्वास गर्दछ। नेसेद्वारा रिहा गरिएको भनी जनाइएकाहरूमध्ये एकजनालाई सर्वोच्च अदालतद्वारा सन् २००७ जुलाईमा दिइएको आदेश, जसले अन्य कुराका अतिरिक्त सरकारलाई निजको परिवारलाई तत्कालका लागि राहत उपलब्ध गराउन आदेश दियो, मा समावेश गरिएको थियो भन्ने कुरालाई पनि ध्यान दिनुपर्छ। उच्चायुक्तको कार्यालयले थाहा पाएसम्म नेसेले उच्चायुक्तको कार्यालयलाई दिएको उसको प्रतिक्रियामा समाविष्ट जानकारी सम्बन्धित परिवारसम्म प्रेषण गरेको छैन।

*६.७.१: रिहा गरिएका भनी नेसेले भनेका व्यक्तिहरूको हत्या*

नेसेले थुनाबाट रिहा गरिएका भनिएका नौजनामा सन् २००८ अगस्टसम्म कोही पनि घर फर्केका छैनन् वा सुरक्षाफौजद्वारा पक्राउ गर्ने र थुनामा राख्ने कार्य भएयता तिनका परिवारले तिनलाई देखेका छैनन्। यसका अतिरिक्त, बेपत्ता पारिएका अन्य आठजनासँगै यीमध्ये कम्तीमा एकजना सुरक्षाफौजद्वारा हिरासतमा मारिएको कुरा उच्चायुक्तको कार्यालयका अनुसन्धानले पाए। सरस्वती चौधरी, शिवचरण चौधरी, त्रिभुवन गिरी, दरबारी थारू, तुल्सीराम थारू, लछिमन (लछिराम थारू भनी चिनिने), राम नारायण (सोमप्रसाद भनी चिनिने) चौधरी, मसुर थारू तथा दास राम (घोगुवा भनी चिनिने) चौधरी सन् २००१ डिसेम्बरको अन्त्यदेखि सन् २००२ फेब्रुअरीको सुरुसम्म सुरक्षाफौजका सदस्यहरूद्वारा पक्राउ गरिएका थिए। जिल्ला प्रशासन कार्यालय (जिल्ला प्रशासन)मा उपलब्ध अभिलेखअनुसार सबै नौजनालाई २०५८ फागुन २१ गते टाडोअन्तर्गत निवारक नजरबन्दको आदेश जारी गरिएको थियो। यीमध्ये कम्तीमा छजना थुनुवाका आफन्तहरूले तिनलाई पक्राउ गरिएपछि कैयौं पटक भेट्न पाएका थिए र पछिल्लो पटक सन् २००२ मा तिनलाई अन्तिम पटक देखिएको गुलरिया जिल्ला कारागारमा भेटिएको थियो। नेसेद्वारा उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराइएको जानकारीअनुसार सरस्वती चौधरीलाई २०५९ वैशाख १९ गते गुलरिया कारागारबाट रिहा गरिएको थियो।

जिल्ला प्रशासन तथा जिल्ला कारागारमा उपलब्ध दस्तावेजहरूमा पनि प्रजिअद्वारा रिहाको आदेश जारी गरिएपछि २०५९ वैशाख २० गते नौजना थुनुवाहरू रिहा गरिएको उल्लेख गरिएको छ। तर, उच्चायुक्तको कार्यालयद्वारा लिइएका एकनासका बयानले रिहा गर्नुको सट्टा सबै नौजना थुनुवालाई कारागारबाट दुई समूहमा क्रमशः २०५९ वैशाख ७ र १९ गते बर्दिया जिप्रकामा स्थानान्तरण गरिएको देखाउँछ। तिनको स्थानान्तरणपछि ती थुनुवाहरूलाई कारागारमा भेट्न खोज्ने आगन्तुकहरूलाई उनीहरू अब त्यहाँ थुनामा नरहेको बताइयो। अनेक प्रत्यक्षदर्शीका अनुसार, जिप्रका तथा कारागारका अन्य थुनुवाहरूलाई आईसीआरसीले थुनामा भेटेको थियो र तिनले आईसीआरसीको परिचयपत्र पाएका थिए, जबकि राज्यअधिकारीहरूले आईसीआरसीको भ्रमणका क्रममा तिनलाई लुकाएकाले ती नौजनाले त्यो पाएनन्। उच्चायुक्तको कार्यालयलाई सन् २००७ फेब्रुअरीमा पठाएको पत्रमा नेप्रले नौजनामध्ये सातजनालाई पक्राउ गरेको कुनै अभिलेख नभएको बतायो। अरू दुईजना (त्रिभुवन गिरी र दसराम चौधरी)बारे कुनै जानकारी दिइएको थिएन।

उच्चायुक्तको कार्यालयका अनुसन्धानका अनुसार २०५९ वैशाख १९ र २० गते राति ती नौजना थुनुवाहरूलाई जिप्रकाको हिरासतबाट बाहिर लगेर गुलरिया नगरपालिकास्थित भाडापुर गाउँनजिकको भादा पुलनजिकैको स्थानमा गैरकानुनी रूपमा हत्या गरिएको थियो। एक पूर्व सहथुनुवाले उच्चायुक्तको कार्यालयलाई बताए: "राति ११ बजेदेखि मध्यरातसम्ममा प्रहरीले आठजना पुरुष थुनुवाहरूलाई नाम लिएर बोलायो। तिनलाई तिमीहरू रिहा हुँदैछौ भनियो तर कुनै पनि व्यक्तिगत सरसामान लैजान दिइएन।" एकमात्र महिला सरस्वती थारू अन्यत्रै जिप्रकामा थुनामा राखिएकी थिइन् र पहिल्यै जिप्रका हातामा ल्याइएकी थिइन्। सो हातामा थुनुवाहरूलाई सशस्त्र तथा नेप्रका कर्मचारीहरू र भीमकाली गुल्मका अधिकृतलगायतका शानेसेका कर्मचारीहरूले भेटेका थिए। अधिकांश सुरक्षाफौजका कर्मचारीहरू स्वचालित राइफल वा थ्री नट थ्री एनफिल्ड राइफलले सुसज्जित थिए। शानेसेका अधिकृत स्टर्लिङ सब मेसिनगनका साथ सुसज्जित थिए भनियो। बाहिर पुगेपछि नौजना थुनुवाहरूको हात पछाडि बाँधिएको र तिनको आँखामा पट्टी लगाइएको हामीले सेलको हावा जाने प्वालबाट देख्न पायौं, अर्का थुनुवाले उच्चायुक्तको कार्यालयलाई जानकारी दिए। त्यसपछि तिनलाई पिकअप गाडीहरूमा हालियो, जसमध्ये एउटामा तीनवटा बेल्चा राखिएको थियो। जिप्रकाको हाता छोडेर पूर्वतर्फ हाँकिनुअघि ती गाडीमा नेप्र, सप्रब तथा शानेसेका कैयौं कर्मचारीहरू चढे।

एकजना पूर्व सहथुनुवाले रिपोर्ट गरेः "करिब ३० देखि ६० मिनेटपछि मैले एकल तथा स्वचालित गोली चलेको सुनें।" यो कुरा डरले गर्दा सुत्न नसकेको भन्ने अन्य कैयौं थुनुवाहरूबाट पुष्टि भयो। यसका अतिरिक्त, स्थानीय जनताले आफूले जिप्रका गुलरियादेखि करिब २.५ किलोमिटर पूर्वतिर भाडा नदीमा चिच्याहट र गोलीको आवाज सुनेको बताए। भोलिपल्ट बिहान, स्थानीय जनताले भाडा पुलको उत्तरपूर्वतर्फ भाडा नदीको बलौटे किनारमा शवले भरिएको एउटा खाडल देखे। शवका अङ्गहरू खाडलबाट निस्केका र शवहरूलाई कुकुर र कागहरूले घिसार्दै टोक्दै गरेका थिए भन्ने अनेकौं रिपोर्टहरू पाइएका छन्। सो घटनापश्चात्का हप्ताहरूमा नेप्र तथा सप्रबहरू शरीरका अङ्गहरू बाहिर ननिस्किऊन् भनेर बालुवाले खाडल र शव पुरिरहेको पटकपटक देखिएका थिए। करिब दुई महिनापछि, ती शवहरूलाई बाढीले बगाएर लग्यो भनियो।

*६.७.२: नेसेले "भिडन्तमा" वा "भाग्न खोज्दा मारिएका" भनेका व्यक्तिहरू*

भिडन्तमा वा सुरक्षा कारबाहीमा वा भाग्न खोज्दा मारिएका भनी नेसेले दाबी गरेका बर्दिया जिल्लामा बेपत्ता पारिएका ३५ जनामध्ये अधिकांश वास्तवमा सुरक्षाफौजको खानतलास कारबाहीका क्रममा घरबाट पक्राउ गरिएको कुरा उच्चायुक्तको कार्यालयले पायो। तीमध्येको एउटा सङ्ख्या कर्णाली अपरेसनका क्रममा बर्दिया जिल्लाको राजापुर क्षेत्रमा २०५८ चैत २९ गते भएको पहिलो र २०५९ कात्तिक ३ र ४ गते भएको दोस्रो गरी दुईवटा ठूला कारबाहीका क्रममा पक्राउ गरिएकाहरू पनि छन् (माथि हेर्नुहोस्, परिच्छेद ६.२: *सुरक्षाफौजद्वारा गरिएको स्वेच्छाचारी पक्राउ*)। उदाहरणार्थ, मनाऊ गाविसको नर्सरी जङ्गल क्षेत्रमा माओवादीद्वारा सुरक्षाफौजमाथि आक्रमण गरिएपछि गोली हानी प्रत्याक्रमण गर्दा मनाऊ गाविसका धनीराम चौधरी, सोनी चौधरी (१६ वर्ष), लाउती थारू (१६ वर्ष), मोहन थारू, चिल्लु थारू (१५ वर्ष) र रघुलाल थारू सबैजना मारिएको नेसेले उल्लेख गरेको छ। तर, उच्चायुक्तको कार्यालयका अनुसन्धानअनुसार ती सातजना २०५८ चैत २९ गते राति आफ्नै घरबाट सुरक्षाफौजको ठूलो समूहद्वारा पक्राउ गरिएका आठजनामध्येका थिए।

त्यसैगरी, नेसेका अनुसार राजकुमार थारू र राधेश्याम थारू २०५९ कात्तिक ७ गते बर्दिया जिल्लाको मानपुरमा सुरक्षा गस्तीमाथि आक्रमण गरेपछि सुरक्षाफौजको कारबाहीमा मारिएका थिए; भीमपुर गाविसमा सुरक्षा घेरा तोडी भाग्न खोज्दा रामकरण चौधरीलाई गोली हानी मारिएको थियो; र २०५९ जेठ २५ गते नेउलापुरमा भएको एउटा भिडन्तमा रुन्च्या चौधरी मारिएका थिए। उच्चायुक्तको कार्यालयद्वारा लिइएका प्रत्यक्षदर्शीका एकैखालका बयानहरू यो जानकारीसँग बाझिएका छन् र तिनले उनीहरू "कर्णाली अपरेसन"को सुरुमा २०५९ कात्तिक ३ गते राति सुरक्षाफौजद्वारा टपरा गाविसको मानपुरस्थित आफ्नै घरबाट पक्राउ गरिएका छजनामध्ये भएको सङ्केत गर्दछन्। तिनलाई मानपुर माध्यमिक विद्यालयस्थित अस्थायी शिविरमा लगिएको थियो जहाँ एउटा कक्षाकोठामा भोलिपल्ट बिहान सडकबाट आफन्तहरूले तिनलाई देखेका थिए।

*६.७.३: पीडितहरू "भिडन्तमा मारिए" भन्ने रक्षा मन्त्रालयका प्रेस विज्ञप्ति***हरू**

कैयौँ पटक, पछि बेपत्ता पारिएका व्यक्तिहरूलाई शानेसेले पक्रिएको छोटो समयपछि रेडियो नेपाललगायतका रेडियो स्टेसनहरूबाट उनीहरू "सुरक्षाफौज र नेकपा (माओवादी)बीच भएको भिडन्तमा मारिए" भनी समाचार प्रसारण गरियो। यी समाचारहरू रक्षा मन्त्रालयद्वारा त्यसबेला जारी गरिएका प्रेस विज्ञप्तिमा आधारित हुन्थे। ती समाचारले प्रायः पीडितहरूलाई शानेसेद्वारा हालसालै र धेरैपटक तिनकै घरबाट लगिएको र दाबी गरिएजस्तो कुनै पनि भिडन्तमा तिनको संलग्नता थिएन भन्ने कुरा थाहा पाउने पक्राउ गरिएकाहरूका आफन्त र स्थानीय बासिन्दाहरूलाई स्तब्ध र अचम्ममा पार्दथ्यो। तर, पीडितहरू मरेका छन् भन्ने प्रसारणलाई धेरैले सुरक्षाफौजद्वारा पक्राउ गरिएपछि उनीहरू मारिएका रहेछन् भन्ने सङ्केतका रूपमा लिन्थे।

पक्राउ परेको छोटो समयपछि "भिडन्तमा" मृत्यु भएको भनी रेडियो नेपालबाट समाचारमा प्रसारण गरिएका पाँचजनामा ठाकुरद्वारा गाविसका कलापति चौधरी, सुशीला चौधरी, पर्देश्नी चौधरी (बीस वर्षभन्दा अलि बढी उमेरका महिलाहरू), तथा सूर्यबहादुर चौधरी र सन्जु थारू (बीस वर्षभन्दा अलि बढी उमेरका पुरुष) थिए। वि.सं. २०५९ जेठ २५ गते बिहानै पाँचैजना आफ्नो घरमा सुतिरहेको बेला तिनको गाउँमा गाडीमा शानेसेको एउटा टोली आइपुगेको उच्चायुक्तको कार्यालयले पायो। प्रत्यक्षदर्शीहरूका अनुसार, शानेसेको टोली पाँचजनाको नाम बोलाउँदै र तिनलाई एकएक गरी पक्रँदै घरघरमा गयो अनि तिनलाई गाडीमा लगेर हाँकियो। भोलिपल्ट अपराह्न ५ बजेतिर स्थानीय जनताले पुरुष तथा महिला दुवै पाँचजना थुनुवाहरूलाई ठाकुरद्वारा ब्यारेकको दिशातिरबाट शानेसेको पिकअप ट्रकमा हाली ठाकुरद्वारा बजार हुँदै बजारको पूर्वतर्फको सामुदायिक वनक्षेत्रभित्र जाने फोहर बाटोमा लगिरहेको देखे। त्यसको लगत्तै बन्दुकका कैयौँ गोलीका आवाज सुनिए र करिब १५ मिनेटपछि शानेसेको पिकअप गाडी थुनुवाहरूबिना ठाकुरद्वारा ब्यारेकतर्फ फर्कियो। भोलिपल्ट सामुदायिक वनस्थित एउटा खोलामाथि बनाइएको सानो पुलमुनि एउटा शव देखिएको थियो। खोलाको किनारमा भर्खर खनेका दुईवटा नयाँ माटोका थुप्रा देखिएका थिए र यसले शानेसेद्वारा जेठ २५ गते पक्राउ गरिएका तीन महिला र दुई पुरुषहरूलाई शानेसेद्वारा मारी सोही स्थानमा गाडिएको आशङ्का स्थानीय बासिन्दाहरूमा उब्जायो। वि.सं. २०५९ जेठ २७ गते अपराह्न तीन बजे रेडियो नेपालबाट कलापति चौधरी, सुशीला चौधरी, पर्देश्नी चौधरी, सूर्यबहादुर चौधरी र सन्जु थारू सुरक्षाफौज र नेकपा (माओवादी)बीच भएको भिडन्तमा मारिएको समाचार प्रसारण गरियो र यसले ती पाँचजना जीवित नरहेको स्पष्टसँग पुष्टि गऱ्यो। पछिल्ला दिनहरूमा पुलमुनिबाट सिनोको गन्ध आउने गरेको र भुस्याहा कुकुरहरूले त्यसलाई खनेर हाडहरूलाई नजिकैका गाउँमा लाने गरेको कुरा स्थानीय प्रत्यक्षदर्शीहरूले स्मरण गरे।

नेसेले भिन्न परिस्थितिमा भए पनि यी व्यक्तिहरूको मृत्युलाई स्वीकार गरेको कुरालाई तिनको मृत्युको पुष्टिका रूपमा लिन सकिन्छ। उनीहरू सुरक्षाफौजद्वारा पक्राउ गरिएका थिए भन्ने प्रत्क्षदर्शीका एकनासका रिपोर्टका आधारमा हेर्दा यी व्यक्तिहरू हिरासतमा गैरन्यायिक रूपमा मारिएका र तिनको शवलाई गोप्य रूपमा तह लगाइएको भन्ने विश्वास गरिएको थियो। वास्तवमा, उच्चायुक्तको कार्यालयले हिरासतमा भएको गैरन्यायिक हत्याको एउटा घटना - ११ वर्षीया बालिकाको - को पुष्टि गऱ्यो, जुन घटनापछि रक्षा मन्त्रालयले एक माओवादी "भिडन्तमा मारिएको" दाबी गर्दै एउटा त्यस्तो प्रेस विज्ञप्ति जारी गऱ्यो। ती पीडित एक ११ वर्षीया बालिका थिइन् भन्ने कुराले सुरक्षाफौजले मानवअधिकारप्रति देखाएको घोर अनादरमाथि प्रकाश पार्छ।

वि.सं. २०५९ साउन ५ गते राति शानेसे र नेप्रको एउटा संयुक्त टोलीले सोरहवा गाविसकी एक ११ वर्षीया स्कुले बालिका रूपा चौधरीलाई उनको घरबाट बाहिर निकाली हत्या गऱ्यो । अनेक प्रत्यक्षदर्शीहरूका अनुसार, भीमकाली गुल्मको शानेसे र मैनापोकर इप्रकाको नेप्रको संयुक्त टोली पैदल आएर रूपा चौधरीको घरमा जबरजस्ती पस्यो । जथाभावी र हिंसात्मक रूपमा घरहरूमा छिरेर माओवादीहरूलाई मद्दत गरेको आरोप लगाउँदै गाउँलेहरूलाई घिसार्दै कुट्दै गर्ने सुरक्षाफौजका धेरै कर्मचारीहरू मातेका देखिन्थे । करिब १०-१५ जना सुरक्षाकर्मीहरू रूपा चौधरीको पारिवारिक घरमा जबरजस्ती पसे र आक्रामक रूपमा परिवारजनहरूलाई उठाए । सिपाहीहरूले रूपा चौधरीलाई ओछ्यानबाट ताने, उनको नाम सोधे, उनको आँखामा पट्टी बाँधे र उनलाई बाहिर निकाले । उनलाई घिसारेर घरबाट करिब ५० मिटर पर कुँवा चोकमा पुऱ्याइयो जहाँ सुरक्षाफौजका कर्मचारीहरूले कम्तीमा तीन राउन्ड गोली हाने र उनको हत्या गरे ।

सो घटनापछि, रूपा चौधरीको शवलाई पलडमा राखी मैनापोकर इप्रकामा लगियो र त्यसपछि शानेसेको गाडीबाट चिसापानी ब्यारेकमा लगियो । वि.सं. २०५९ साउन ७ गते रक्षा मन्त्रालयको प्रेस विज्ञप्तिले सोरहवा गाविसमा सुरक्षाफौजको घेरा तोडी भाग्न खोज्ने नेकपा (माओवादी)का एक कार्यकर्ता शानेसेद्वारा मारिएको घोषणा गऱ्यो । भोलिपल्ट, रूपा चौधरीका बाबुलाई बर्दिया जिप्रकामा बोलाइयो र उनको शव पहिचान गर्न लगाइयो । लास सड्न थालेको थियो र ढाडमा गोली लागेको चोट तथा छातीमा सो गोली निस्केको घाउ थियो । उनले शवलाई घर लैजान अनुरोध गरे । तर, नेप्रले उनलाई रूपा चौधरीको शवसँगै गुलरियाको दक्षिणतर्फ पर्ने बूढीखोला नदीमा लग्यो जहाँ साँझ करिब ८ बजे सो शव गाडियो ।[८०]

[८०] २०६४ असोज ३० गते बर्दिया जिप्रकामा पेस गरिएको रूपा चौधरीको हत्यासम्बन्धी जाहेरी दरखास्तलाई नेप्रले सुरुमा दर्ता गर्न अस्वीकार गरेको थियो । नेप्रको अस्वीकार जाहेरी दरखास्तमा भएको विषयवस्तु, विशेषगरी जाहेरी दरखास्तमा उल्लेख गरिएका नेप्रका एक आरोपित पीडकको पहिचान, सँग आफ्नो सहमति नभएको तथ्यमा आधारित थियो । जाहेरी दरखास्त दर्ता गर्नुपर्ने आफ्नो दायित्वको उल्लङ्घन गर्दै नेप्रले उजुरीवालालाई सम्बन्धित पीडकको नाम हटाउन उक्सायो । उजुरीवालाको सहमतिपश्चात् २०६४ कात्तिक २९ गते नेप्रद्वारा उक्त जाहेरी दरखास्त दर्ता गरियो । सोही घटनाका सम्बन्धमा, २०६३ जेठ ३० गते राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई "जिम्मेवार सुरक्षाकर्मीको पहिचान तथा कडा कानुनी कारबाही गर्नुका साथै पीडितको परिवारलाई रु. दुई लाख क्षतिपूर्तिस्वरूप प्रदान गर्न" सिफारिस गऱ्यो । सो सिफारिस २०६३ साउन ३ गते मन्त्रिपरिषद्मा पेस गरिएको थियो, तर सन् २००८ जुलाईसम्म कार्यान्वयन गरिएको छैन ।

# अध्याय ७: नेकपा (माओवादी)द्वारा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्य

**७.१: बर्दिया जिल्लामा नेकपा (माओवादी)को उपस्थिति र कारबाही**

नेकपा (माओवादी)का अनुसार, २०५२ सालमा "जनयुद्ध" सुरु भएदेखि नै सो पार्टी बर्दिया जिल्लामा सक्रिय थियो। अन्य जिल्लाहरूमा जस्तै, नेकपा (माओवादी)ले सेना तथा प्रहरी चौकी र गाविस कार्यालयहरूलगायतका सरकारी संरचनाहरूमा आक्रमण गरे र त्यसको ठाउँमा नेकपा (माओवादी)का संस्थाहरू स्थापना गरे। यी आक्रमणको उद्देश्य ती क्षेत्रलाई सरकारी उपस्थितिबाट मुक्त गर्नेजस्तो देखिन्थ्यो। नेकपा (माओवादी)का अनुसार, सन् २००२ सम्ममा यसले बर्दिया जिल्लामा जिल्ला इन्चार्जको नेतृत्वमा एरिया इन्चार्जहरू रहेको तथा जिल्ला समितिको सचिव कमान्डको दोस्रो तहमा रहेको एक जिल्ला समिति गठन गरेको थियो। बर्दियामा एरिया समितिहरूले भिन्दाभिन्दै सङ्ख्यामा गाविसहरूलाई हेर्दथे, गाउँस्तरीय "जनसरकार" सबै गाविसमा स्थापना गरिएका थिए र "जनअदालत" सञ्चालनमा थियो। सन् २००१ मा जनमुक्ति सेना (पीएलए)को स्थापना भएयता पीएलएका एकाइहरूको उपस्थिति बर्दियामा थियो पनि भनिन्छ।

बर्दिया जिल्लामा उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित समाधान नगरिएका सन् २००२ देखि २००४ सम्म भएका बेपत्ता पार्ने कार्यसम्बन्धी घटनाहरू भएको समयमा "अनल" बर्दिया जिल्ला इन्चार्ज र "तुफान" जिल्ला समिति सचिव भएको जानकारी नेकपा (माओवादी)ले यस कार्यालयलाई दियो। उनीहरू क्षेत्रीय ब्युरो इन्चार्ज "प्रकाण्ड"द्वारा नेतृत्व गरिएको भेरी-कर्णाली क्षेत्रीय ब्युरोको कमान्डअन्तर्गत थिए। सन् २००८ अगस्टमा उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी)को नेतृत्वमार्फत् यी प्रतिनिधिहरूसँग अन्तर्वार्ताका लागि अनुरोध गऱ्यो तर अहिलेसम्म यसबारे कुनै प्रतिक्रिया पाएको छैन।

नेकपा (माओवादी)का संस्थाहरूमा एक ठाउँबाट अर्को ठाउँमा घुम्ने डुलुवा राजनीतिक कार्यकर्ता तथा पार्टीका अन्य कार्यकर्ता (पूर्णकालीन)का अतिरिक्त, नेकपा (माओवादी)द्वारा सक्रिय, स्पष्टवादी र/वा स्थानीय समर्थनबाट लाभ लिने भनी परिचित व्यक्तिहरू र जिल्लामा नेकपा (माओवादी)का गतिविधिमा भाग लिन प्रोत्साहन गरिने वा जबरजस्ती गरिने (आंशिक) लगायतका स्थानीय मानिसहरू राखिएका थिए। अन्तर्राष्ट्रिय बालअधिकार मापदण्डहरूको उल्लङ्घन गर्दै यसले १८ वर्षमुनिका बालबालिकाहरूलाई पनि सेनामा भर्ती गऱ्यो जसमध्ये कतिपयलाई त्यसपछि सेनाद्वारा पक्राउ गरी बेपत्ता पारिएको भनियो।

उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित नेकपा (माओवादी)द्वारा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कारबाहीहरू "शोषक" वा "सुराकी" ठानिएका व्यक्तिहरू - जसमा "सामन्त" ठानिएका जमिन्दार वा सन्दिग्ध सुराकीहरू, सुरक्षाकर्मी र राजनीतिक विपक्षी राजनीतिक दलका सदस्यहरू पर्दछन् - विरुद्ध नेकपा (माओवादी)ले भन्ने गरेको "कारबाही"को प्रवृत्तिभित्र भएका थिए। नेकपा (माओवादी)ले लक्ष्यित समूहलाई विस्थापन गर्ने, सुरक्षाफौजका कर्मचारीहरूलाई आफ्ना पदबाट राजीनामा गर्न दबाब दिने र सुराकीहरूलाई दुरुत्साहन गर्ने जस्तो देखिने गरी हत्या, अपहरण, भौतिक आक्रमण गरेको तथा घरमा छापा मारी धनसम्पत्ति लुटपाट र नष्ट गऱ्यो।

नेकपा (माओवादी)को "कारबाही"भित्र मुख्यगरी ठूला जमिन्दारमाथि आक्रमण गर्ने, तिनका सम्पत्ति विनाश तथा लुटपाट गर्ने र समर्थक तथा सीमान्तीकृत समुदायका स्थानीय कृषकहरूबीच पुनर्वितरण गर्ने कार्य पर्दथे। आफ्नो प्रभावलाई खतरामा पार्ने रूपमा हेरिनाले नेकपा (माओवादी)बाट स्वतन्त्र रहन चाहने केही व्यक्ति तथा सङ्गठनहरूलाई पनि नेकपा (माओवादी)द्वारा लक्ष्यित गरिएको थियो। नेकपा (माओवादी)ले कैयौँ थारू र गैरथारू सङ्गठनहरूको परिसरमा विस्फोटक पदार्थहरू पड्काएको भनियो। नेकपा (माओवादी)का "कारबाही"हरू दण्डनीय हुनुका अतिरिक्त प्रायः निर्दयी हुन्थे र सार्वजनिक रूपमा सञ्चालन गरिन्थे र यिनको उद्देश्य अरूलाई चेतावनीको सङ्केत दिनेजस्तो देखिन्थ्यो। नेकपा (माओवादी)द्वारा मारिएका भनिएकाहरू आफूलाई लागेको चोटपटकको परिणामस्वरूप मरेका थिए वा पछि तिनको हत्या गरिएको थियो। हत्या गर्न प्रयोग गरिएका विधिहरूमा गोली हान्ने तथा शिर छेदन थिए।[८१]

सुरक्षाफौजको विपरीत नेकपा (माओवादी)ले आफ्नो दलको "कारबाही"का क्रममा हत्या भएको कुरा प्रायः स्वीकार गऱ्यो र पीडितका शवहरू अरूले देखून् भनेर प्रायः सार्वजनिक स्थानमा छोडिन्थे। नेकपा (माओवादी)ले यस्ता "कारबाही"लाई द्वन्द्वको जायज भागका रूपमा हेरे तापनि तीमध्ये उल्लेख्य सङ्ख्यामा अन्तर्राष्ट्रिय मानवीय कानुनको स्पष्ट रूपमा गम्भीर उल्लङ्घनहरू थिए, जसमध्ये धेरैजसोको माथि उल्लेख गरिसकिएका अरू प्रतिवेदनहरूमा अभिलेखन गरिसकिएको छ र ती यस प्रतिवेदनको क्षेत्रभित्र पर्दैनन्।

नेकपा (माओवादी)का अनुसार, सम्बद्ध अवधिमा भएका अपहरण तथा हत्यालगायत पार्टी "कारबाही"सम्बन्धी सबै निर्णय जिल्ला समितिद्वारा गरिएका थिए। यो "कारबाही" मुख्यतः पीएलए "स्क्वाड टिम"हरूबाट गरिन्थ्यो, जुन सामान्यतया आवश्यकताको आधारमा दसजना भन्दा कम पीएलएका सदस्यहरूबाट बनाइन्थ्यो। नेकपा (माओवादी)का राजनीतिक तथा अन्य कार्यकर्ताहरू सामान्यतया "पार्टी कारबाही"मा संलग्न हुँदैनथे भनिन्छ। तर, उच्चायुक्तको कार्यालयले अपहरणपछि बेपत्ता पारिएका केही घटनामा नेकपा (माओवादी)का स्थानीय कार्यकर्ताहरू मुछिएको जानकारी प्राप्त गऱ्यो। ठूला जमिन्दारहरू र तिनका सम्पत्तिमाथि गरिएका आक्रमणका घटनामा नेकपा (माओवादी)को नेतृत्वले नेकपा (माओवादी)का स्थानीय कार्यकर्ताहरू, नेकपा (माओवादी)का समर्थकहरू तथा गाउँलेहरूलगायत स्थानीय मानिस भेला पार्थ्यो र माथि उल्लेख गरिएका जमिन्दारहरूविरुद्ध प्रतिशोध लिन तिनलाई अधिकार

[८१] बर्दिया जिल्लामा नेकपा (माओवादी)द्वारा गरिएका हत्याका नौवटा घटनाबारे उच्चायुक्तको कार्यालयले जानकारी प्राप्त गऱ्यो, जसमा पीडितहरूलाई लाठीले कठोरतापूर्वक कुटिएको, खुकुरी प्रहार गरिएको, हँसिया हानी चोट पुऱ्याइएको तथा उनीहरूको हातखुट्टा भाँचिएको थियो।

दिन्थ्यो भनिन्छ । यी आक्रमणमा स्थानीय गाउँलेहरूको सहभागिता स्वैच्छिक वा आफूले भाग नलिएमा प्रतिशोधमा परिने डरका कारणबाट भएको हुन सक्छ । सरकारी संरचनाहरूमाथि भएका आक्रमण तथा धरापहरूजस्ता सैनिक कारबाही पीएलएद्वारा मात्र गरिन्थ्यो भनिन्थ्यो ।

## ७.२: बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका समाधान नगरिएका कारबाहीहरू

आफ्ना अनुसन्धानका क्रममा उच्चायुक्तको कार्यालयले बर्दियामा नेकपा (माओवादी)द्वारा अपहरण गरिएका १४ जनाका घटनाहरूको अभिलेखन गऱ्यो जसको अवस्था र उनीहरू कहाँ छन् भन्ने कुरा अझै पूर्ण रूपमा स्पष्ट भएको छैन, यद्यपि अधिकांश घटनामा नेकपा (माओवादी)ले पीडितलाई मारिएको कुरालाई अहिले स्वीकार गरेको छ । अधिकांश बेपत्ता पार्ने कार्य सन् २००४ मा भए (नौवटा घटना) भने अरू सन् २००२ (एउटा) र सन् २००३ (चारवटा)मा भए ।

बेपत्ता पारिएकामध्ये अधिकांशलाई नेकपा (माओवादी)द्वारा घरबाटै वा आफ्नै घरगाउँको सडकबाट साँझ वा राति अपहरण गरिएको थियो । सानो सङ्ख्यामा मानिसहरूलाई बिहान वा अपराह्न लगिएको थियो । प्रत्यक्षदर्शीहरूका अनुसार, अधिकांश पीडितलाई दुईदेखि दसजनाको माओवादीका समूहहरूद्वारा लगिएको थियो, जो अधिकांश घटनामा सादा पोसाक लगाएका हुन्थे र तिनले देखिनेगरी हतियार बोकेको हुँदैनथ्यो । कहिलेकाहीँ आफन्तहरूले समूहमा भएका स्थानीय माओवादी कार्यकर्ताहरूलाई चिन्दथे । केही घटनामा, नेकपा (माओवादी)ले पीडितहरूलाई केही मिनेट वा घण्टाका लागि आफूसँग जान भन्दथे र तिनका आफन्तलाई उनीहरू पछि फर्कने बताउँथे । कम्तीमा पाँचवटा घटनामा पीडितहरूलाई जबरजस्ती लगिएको थियो । यीमध्ये केहीलाई लैजानुभन्दा अघि आँखामा पट्टी लगाइएको र हात पछाडि बाँधिएको थियो ।

उदाहरणार्थ, २०६१ कात्तिक ५ गते एक स्थानीय महिला कार्यकर्तासहित पाँच माओवादीले ताराताल गाविसकी गृहिणी अनिता विकलाई अपहरण गरे । प्रत्यक्षदर्शीहरूका अनुसार, उनीहरू साँझ ५ बजेतिर अनिता विकको घरमा आए र उनलाई नेकपा ( माओवादी)का नाममा स्थानीय मानिसहरूबाट जबर्जस्ती चन्दा असुली गरेको आरोप लगाए । अनिता विक आफ्नो घरको आँगनमा चार महिनाको आफ्नो शिशुलाई दूध ख्वाइरहेकी थिइन । ती माओवादी महिलाले अनिताको हातबाट सो शिशुलाई तानिन् र अनितालाई गाउँनजिकैको चोकसम्म माओवादीको पछिपछि हिँड्न लगाउनुअघि एकजना आफन्तलाई सो बच्चा बुझाइन् । त्यो चोकमा उनको आँखामा पट्टी लगाइयो अनि पैदल हिँडाएर अन्तै लगियो । त्यो घटना भएको डेढ महिनापछि सो परिवारले नेकपा ( माओवादी)का एरिया इन्चार्ज "नवीन"सँग सम्पर्क गऱ्यो, जसले अनिता विक नेकपा (माओवादी)को बन्दी अवस्थामा भएको स्वीकार गर्दै दुईतीन महिनापछि निजलाई रिहा गरिने कुरा बताए । तर, अनिता फर्किनन् । २०६४ सालको संविधानसभाको निर्वाचनको अवधिमा गाउँमा निर्वाचन अभियानमा लागेका जिल्ला समितिका एक सदस्यलगायतका माओवादी कार्यकर्ताहरूलाई गरेको अनुरोधका बाबजुद अनिताको परिवारले उनको अवस्था वा उनी कहाँ छिन् भन्नेबारे कुनै पनि सूचना प्राप्त गरेको छैन । सन् २००८ जुलाईमा, नेकपा (माओवादी)का एक जिल्ला प्रतिनिधिले अनिता विक "पार्टी कारबाही"मा मारिएको कुरा उच्चायुक्तको कार्यालयसमक्ष स्वीकार गरे । अर्को महिना नेकपा (माओवादी)का नेताहरूले सो परिवारलाई त्यसबारे जानकारी गराइने आश्वासन दिए तर सन् २००८ को मध्यसम्म जानकारी नदिएको भनिएको छ ।

तीनवटा घटनामा पीडितहरूलाई तिनकै घरबाट लडाकु पोसाक लगाएका सयौं हतियारधारी माओवादीका ठूला समूहहरूद्वारा अपहरण गरिएको भनियो ।

वि. सं. २०५९ कात्तिक २४ गते डेउडाकला गाविसका व्यापारी रोजन अलि जागालाई सादा तथा लडाकु पोसाकमा आएका १०० भन्दा बढी माओवादी - जसमध्ये केहीले बन्दुक बोकेका थिए - को एउटा ठूलो समूहद्वारा घरबाट अपहरण गरियो । उनको घरको ढोका फोर्नुभन्दा अघि माओवादीहरू बाहिरबाट चिच्याए । रोजन अलिलाई कुटपिट गर्दा, उनका हात बाँध्दा, उनलाई आँखामा पट्टी लगाउँदा र लैजाँदा तिनले उनकी श्रीमतीलाई पक्रेर राखे । अपहरणपछि स्थानीय माओवादीहरूद्वारा रोजन अलिको परिवारलाई आफूले उनलाई मारेको बताइयो तर शव कहाँ राखिएको छ भन्नेबारे परिवारलाई जानकारी गराइएन ।

बेपत्ता पारिएकामध्ये तीनजना सुरक्षाफौज (सशस्त्रका एक अधिकारी र शानेसेका दुई सिपाही)का सदस्य छन् जसलाई बिदामा भएको बेला वा ड्युटीमा नभएको समयमा अपहरण गरिएको थियो । अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार, आक्रामक कारबाहीहरूमा भाग नलिएका वा लिन छोडेका सुरक्षाफौजका सदस्यहरू द्वन्द्वमा जायज निसाना हुँदैनन् ।

कृष्णप्रसाद अधिकारी डेउडाकला गाविस घर भएका शानेसेका २६ वर्षीय सिपाही थिए । उनलाई नेकपा (माओवादी)द्वारा २०६१ साउन ३ गते आफू बिदामा घर आएको बेला अपहरण गरिएको थियो । उच्चायुक्तको कार्यालयको जानकारीअनुसार, करिब दस माओवादीको एक समूह आएर निजलाई आँखामा पट्टी लगाउनुका साथै हात पछाडि बाँधी चोकदेखि उत्तरपट्टिको जङ्गल क्षेत्रतिर लानुअघि उनी आफ्नो घर भएको गाविसको चोकमा क्याराम खेल्दै थिए । उनका परिवारले उनलाई त्यसयता देखेका छैनन् । सन् २००८ जुलाईमा नेकपा (माओवादी)को जिल्ला नेतृत्वले कृष्णप्रसाद अधिकारीलाई नेकपा (माओवादी)द्वारा मारिएको कुरा उच्चायुक्तको कार्यालयसमक्ष स्वीकार गऱ्यो तर उनको शव राखिएको ठाउँबारे जानकारी उपलब्ध गराउन अझै बाँकी छ ।

### ७.३: थुना

नेकपा (माओवादी)ले अपहरण गरेपछि, अधिकांश परिवारहरूले आफ्ना अपहृत आफन्तहरू कहाँ छन् भनी आसपासका गाउँ तथा गाविसहरूमा स्थानीय मानिस र नेकपा (माओवादी)का कार्यकर्तासँग सोधीखोजी गरेका थिए । उच्चायुक्तको कार्यालयद्वारा अनुसन्धान गरिएका घटनाहरूमध्ये सातवटामा नेकपा (माओवादी)का कार्यकर्ताहरूले पीडितलाई अपहरण गरिएको कुरा सुरुमा अस्वीकार गरे वा आफूलाई त्यो घटनाबारे केही थाहा नभएको कुरा परिवारहरूलाई बताए । अन्य छवटा घटनामा, नेकपा (माओवादी)ले पीडितहरूलाई चाँडै रिहा गरिनेछ वा आफूसँग थप जानकारी नभएको भनी तिनलाई थुनेको कुरा स्वीकारे । यी अपहृतहरूलाई एउटा स्थानीय विद्यालय र एकजना स्थानीयवासीको घर एवं अज्ञात स्थानमा बन्दी बनाएर राखिएको थियो ।

नेकपा (माओवादी)को बन्दी अवस्थामा रहँदा तिनका परिवारका कसैले पनि तिनलाई भेट्न पाएनन् । तर, अपहृतमध्ये कम्तीमा चारजनाका आफन्तहरूले स्थानीय मानिस र सँगै राखिएका प्रत्यक्षदर्शीहरूबाट तिनलाई नेकपा (माओवादी)द्वारा कठोरतापूर्वक कुटपिट गरिएको र तिनको अनुहार र शरीरमा स्पष्ट देखिने घाउहरू भएको सुनेका थिए ।

### ७.४: अपहृत तथा बेपत्ता पारिएकाहरूको अवस्था

सन् २००८ जुलाईमा उच्चायुक्तको कार्यालयले उच्चायुक्तको कार्यालयद्वारा अभिलिखित १४ वटा घटनालाई नेकपा (माओवादी)का स्थानीय प्रतिनिधिहरूसँगको एउटा बैठकमा उठायो । नेकपा (माओवादी)को जिल्ला नेतृत्वले यी व्यक्तिहरूमध्ये १२ जनालाई अधिकांश घटनामा सुराकी ठानिएको हुनाले नेकपा (माओवादी)ले "पार्टी कारबाही"का क्रममा तिनलाई मारेको कुरा स्वीकार गर्‍यो । अरू दुई व्यक्तिको घटनामा आफ्नो संलग्नतालाई तिनले अस्वीकार गरे (तल हेर्नुहोस्, कालीबहादुर र भीमबहादुर बिष्टका घटनाहरू) ।

नेकपा (माओवादी)ले अहिले जिम्मेवारी स्वीकार गरेका १२ वटा घटनामध्ये पीडितका परिवारहरूले बेपत्ता भएका आफन्तहरूको अवस्था वा उनीहरू कहाँ छन् भन्नेबारे पहिले कुनै पनि सूचना नपाएका चारवटा घटना छन् । अपहृतका परिवारहरूलाई तिनका आफन्तको मृत्युबारे जानकारी गराउन अपहृत व्यक्तिको हत्यापछि प्रेस विज्ञप्ति जारी गर्ने नीति भएको कुरा नेकपा (माओवादी)को जिल्ला नेतृत्वले दाबी गर्‍यो, तर यी चार घटनामा यसको पुष्टि भएको छैन र तिनका परिवारजनहरूलाई कुनै पनि प्रेस विज्ञप्तिबारे थाहा थिएन । प्रेस विज्ञप्तिमा आफन्तहरूको पहुँच हुन्छ भन्ने कुरालाई मान्न नसकिने हुनाले अपहृत व्यक्तिहरूको मृत्युबारे प्रेस विज्ञप्ति जारी गरेर मात्र पक्राउ वा अपहरण गरेपछि आफन्तहरूलाई आफ्ना प्रियजनहरूको अवस्थाबारे जानकारी गराउनुपर्ने दायित्व पूरा हुँदैन भन्ने उच्चायुक्तको कार्यालयको विश्वास छ । सन् २००८ जुलाईमा नेकपा (माओवादी)का स्थानीय नेताहरूले चार परिवारलाई तिनका आफन्तलाई मारिएको जानकारी मौखिक रूपमा गराएका थिए ।

नेकपा (माओवादी)ले आफूले मारेको भनी सन् २००८ जुलाईको बैठकमा स्वीकार गरेका १२ वटा घटनामध्ये बाँकी आठवटामा, अपहृतका आफन्तहरूले आफ्ना प्रियजनहरू मारिएको जानकारी कुनै न कुनै रूपबाट पाइसकेका थिए । यीमध्ये पाँचवटामा, अपहरण भएको सातदिनदेखि १२ दिनमा प्रेस विज्ञप्तिमार्फत् मृत्युबारे आफूले थाहा पाएको कुरा परिवारहरूले बताए । केही प्रेस विज्ञप्तिमा पीडित सुराकी भएको ठानिएको वा लुटपाट र बलात्कारलगायतका "अपराध"मा "जनअदालत" को फैसलालगायतलाई नेकपा (माओवादी)ले हत्या गर्नुका कारणहरू हुन् भनी तोकेको थियो ।

अरू दुई परिवारहरूलाई अपहरण भएको केही हप्तापछि तिनले गरेको जाँचबुझको प्रतिक्रियास्वरूप पीडितहरूलाई मारिएको कुराको जानकारी नेकपा (माओवादी)का कार्यकर्ताहरूद्वारा मौखिक रूपमा गराइएको थियो तर थप जानकारी दिइएन । आठौं घटनामा पीडितलाई के भएको थियो भन्नेबारे विरोधाभासपूर्ण जानकारी दिइएको थियो । तिनलाई अपहरणको केही दिनपछि नेकपा (माओवादी)को एउटा स्रोतद्वारा पीडित व्यक्तिलाई मारिएको जानकारी मौखिक रूपमा गराइएको थियो, तर नेकपा (माओवादी)को अर्को स्रोतले मारिएको कुरालाई अस्वीकार गर्‍यो ।

हत्या गरेको भनी नेकपा (माओवादी)ले स्वीकार गरेको एक व्यक्ति धधवार गाविस घर भएका सप्रबका अधिकारी २० वर्षीय राजेन्द्र चौधरी हुन्, जसलाई २०५९ माघ ४ गते उनी बिदामा रहेको बेला घरबाट अपहरण गरिएको थियो । माओवादीहरूको एउटा समूह कसरी उनको घरमा आइपुग्यो र त्यसै साँझ उनी घर फर्कने कुरा निजका आफन्तहरूलाई बताउँदै उनलाई आफूसँग जान अनुरोध गर्‍यो भन्ने कुरा उच्चायुक्तको कार्यालयले अभिलेखन गरेको छ । तर, उनी फर्केनन् । नेकपा (माओवादी)द्वारा राजेन्द्र चौधरीको परिवारलाई उनले सशस्त्र प्रहरी बलबाट राजीनामा दिनुपर्छ भनी पहिल्यै भनिएको थियो । उनलाई लगिएको केही हप्तापछि नेकपा (माओवादी)का दुई कार्यकर्ताद्वारा नेकपा (माओवादी)ले पीडितलाई मारेको कुराको जानकारी निजका आफन्तहरूलाई गराइएको थियो । घटनाबारे नबोल्न तिनलाई धम्क्याइएको थियो । राजेन्द्र चौधरीलाई किन र कहिले मारियो भन्ने वा निजको अवशेष राखिएको ठाउँका बारे ठोस जानकारी प्राप्त नगरेको हुनाले निजको परिवार अझै पनि उनलाई अपहरण गरिएको र हराइरहेको ठान्दछ ।

### ७.५: शव भएको ठाउँ खुलाउनमा विफलता

अपहरणपछि बेपत्ता पारिएका १२ जनाको हत्यालाई नेकपा (माओवादी)ले स्वीकार गरे तापनि, यी पीडितहरूको अवशेष भएको ठाउँ खुलाउन ऊ अहिलेसम्म विफल भएको छ । केही घटनामा आफन्त मारिएको जानकारी पाए पनि तिनले यसको जानकारीका लागि नेकपा (माओवादी)लाई पटकपटक गरेको अनुरोधका बाबजुद यस्तो विफलता भएको हो ।

सन् २००४ को मध्य मार्चमा नेकपा (माओवादी)का स्थानीय कार्यकर्ता "नवीन"लगायत नेकपा (माओवादी)का सदस्यहरूद्वारा दिलबहादुर खडका र नारायण सापकोटालाई कालिका गाविसको सोही गाउँस्थित आफ्ना घरबाट अपहरण गरिएको थियो । करिब दुई हप्तापछि *कान्तिपुर दैनिक*ले लुटपाट, बलात्कारलगायतका आपराधिक गतिविधिहरू गरेको भनी आरोपित ती दुई पीडितलाई "जनअदालत"समक्ष प्रस्तुत गरिएको र नेकपा (माओवादी)द्वारा तिनलाई हत्या गरिएको उल्लेख गर्दै नेकपा (माओवादी)द्वारा जारी एक प्रेस विज्ञप्ति प्रकाशित गरेको थियो । अपहरणको करिब चार महिनापछि आफन्तहरूले नेकपा (माओवादी)का एक स्थानीय कार्यकर्तालाई सम्पर्क गरे, जसले हत्यालाई स्वीकार गरे । पीडितहरूको अवशेष भएको ठाउँबारे प्रश्न गर्दा उनले "म नेता हुँ, म मार्नलाई आदेश दिन्छु र मेरा कार्यकर्ताहरूले ती काम सम्पन्न गर्छन् । शवलाई उनीहरू के गर्छन् भन्ने कुरा मलाई थाहा हुँदैन" भने भनियो ।

नेकपा (माओवादी)ले अवशेष भएको ठाउँबारे परिवारहरूलाई जानकारी नदिनाले अनिश्चितता ल्याएर तथा तिनले अन्तिम संस्कार गर्न नपाएर तिनको सन्तापलाई लम्ब्याएको छ । त्यसबाहेक, अवशेषबेगर बेपत्ता पारिएकाहरूका परिवारहरूले मृत्यु प्रमाणपत्र लिन नपाउनाले तिनले आफ्ना हकहरू (क्षतिपूर्तिलगायत)मा पहुँच पाउन सकेका छैनन् वा पीडितका भूमिजस्ता जायजेथाको नामसारी गर्नेजस्ता कानुनी लेनदेनका कार्य अगाडि बढाउन पाएका छैनन् ।

चिकित्सा व्यवसायी तथा जमुनी गाविसका तरुण दल (नेका)का गाउँका नेता भीमराज श्रीवास्तवका एक आफन्तले उच्चायुक्तको कार्यालयलाई भनेः "माओवादीले भीमराजलाई २०६० चैत १९ गते राति लिएर गए । स्थानीयवासीले राति होहल्ला सुने र ब्युँझदा उनी गइसकेका थिए । एक हप्तापछि (२०६० चैत २७ गते) *नेपालगन्ज एक्सप्रेस* पत्रिकाले नेकपा (माओवादी)ले भीमराजलाई सुराकी भएकोमा माऱ्यो भनी खबर छाप्यो । त्यसपछि हामीले शव कहाँ राखिएको छ भनी थाहा पाउन माओवादीसँग अनुनय गऱ्यौं । तिनले हामीलाई नभनेपछि अन्तिम संस्कार गर्नलाई उनको शरीरको एउटा कुनै सानो अङ्ग हात वा औंला मात्र भए पनि हुन्छ भनी हामीले अनुरोध गऱ्यौं । तर, तिनले हामीलाई केही पनि भनेनन् ।"

सन् २००८ जुलाईमा, उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी)को जिल्ला नेतृत्वलाई ती व्यक्तिहरूलाई मारिएको कुरा लिखित रूपमा पुष्टि गर्न र नेकपा (माओवादी)द्वारा मारिएकाहरूको अवशेष भएको ठाउँको पहिचान गर्ने कुरालाई प्राथमिकताका रूपमा सुनिश्चित गरियोस् भनी आग्रह गऱ्यो । यस बैठकको अनुवर्ती कार्यस्वरूप २०६५ साउन २४ गते उच्चायुक्तको कार्यालयले नेकपा ( माओवादी)का राष्ट्रिय स्तरका मानवअधिकारसम्बन्धी सम्पर्क व्यक्ति वर्षमान पुनसँग भेट गऱ्यो । उनले नेकपा (माओवादी)का नेताहरूसँग ती परिवारलाई यस्तो जानकारी उपलब्ध गराउने मुद्दाबारे छलफल गर्ने र स्थानीय नेकपा (माओवादी)ले संलग्नता अस्वीकार गरेका थप दुईवटा घटनाको अनुसन्धान गर्ने (तल हेर्नुहोस्) प्रतिबद्धता व्यक्त गरे ।

उनले नेकपा (माओवादी)ले चिहान पत्ता लगाउने उद्देश्यले बेपत्ता पार्ने कार्यका निम्ति जिम्मेवारहरूलाई पत्ता लगाउन कोसिस गर्ने आश्वासन पनि दिए । बर्दिया जिल्लाका नेकपा (माओवादी)का स्थानीय कार्यकर्ताहरूलाई त्यसो गर्न निर्देशनहरू दिइसकेको कुरा उच्चायुक्तको कार्यालयले थाहा पाएको छ । यी कदमहरू अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका निम्ति जिम्मेवारहरूलाई जवाफदेही बनाउन गरिने अनुसन्धानभित्र पर्नुपर्छ भन्ने कुरा पनि उच्चायुक्तको कार्यालय विश्वास गर्दछ ।

### ७.६: अपहृत व्यक्तिका शव भेटिएका घटनाहरू

समाधान नगरिएका अपहरणका १४ वटा घटनाका अतिरिक्त, उच्चायुक्तको कार्यालयले बर्दिया जिल्लामा अपहरणपछि शव पाइएका थप दुईवटा घटनाको पनि अभिलेखन गऱ्यो । वि. सं. २०५९ मङ्सिर २ गते राति करिब ८ बजे दौलतपुर गाविसका नेकपा (एकीकृत मार्क्सवादी-लेनिनवादी) (नेकपा-एमाले) का वडाअध्यक्ष ४० वर्षीय रितेशजङ्ग शाहलाई ३०-३५ जना माओवादीद्वारा हात बाँधी आफ्नै घरबाट अपहरण गरियो । दुई दिनपछि उनको शव दौलतपुर गाविसमा कर्णाली नदीको किनारमा पाइयो । उनको शिर छेदन गरिएको थियो भनिन्छ । नेकपा (माओवादी)ले आफूले निजविरुद्ध "कारबाही गरेको" भन्दै उनको घर भएको गाउँमा पर्चाहरू टाँसेको थियो । नेकपा (माओवादी)का जिल्ला प्रतिनिधिले उच्चायुक्तको कार्यालयलाई रितेशजङ्ग शाह "शोषक" भएको हुनाले उनलाई मारिएको बताए ।

दोस्रो घटनामा, पीडितलाई मार्नुअघि थुनामा यातना दिइएको थियो भनी जनाउने घाउहरू पीडितको शरीरमा थिए ।

राजापुर क्षेत्रीय प्रहरी कार्यालयमा कार्यरत नयाँगाउँ गाविसका २४ वर्षीय प्रहरी जवान प्रकाश दहितलाई घरबाट काममा गइरेको बेला २०५८ फागुन २३ गते नेकपा (माओवादी)द्वारा अपहरण गरिएको थियो । नेकपा (माओवादी)का स्थानीय कार्यकर्ताहरूद्वारा उनका आफन्तहरूलाई उनलाई दस दिनपछि रिहा गरिने कुरा बताइएको थियो भनिन्छ । उनको अपहरणको करिब एक महिनापछि २०५८ चैत २३ गते मनाउ गाविसको नदी किनारमा लडिरहेको अवस्थामा उनको शव पाइएको थियो । उनको शरीरभरि नीलडाम, छुरा धसेको चोट र पेटमा गोलीको घाउ भएको कुरा प्रत्यक्षदर्शीहरूले उच्चायुक्तको कार्यालयलाई बताए ।

### ७.७ अपहरण र बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्यमा नेकपा (माओवादी)द्वारा आफ्नो संलग्नता अस्वीकार

नेकपा (माओवादी)का कम्तीमा एकजना चिनिएका कार्यकर्तासहितको मानिसहरूको एक समूहद्वारा अपहरण गरिएका भनिएका दुई पीडितको घटनामा, नेकपा (माओवादी)को जिल्ला नेतृत्वले उच्चायुक्तको कार्यालयसमक्ष आफ्नो संलग्नता रहेको कुरा अस्वीकार गऱ्यो। प्रत्यक्षदर्शीहरूका अनुसार, २०६० असार ४ गते बेलवा गाविसका बाबुछोरा कालीबहादुर बिष्ट र भीमबहादुर बिष्टलाई नेकपा (माओवादी)का सदस्यका रूपमा चिनिने एक स्थानीय महिलासहितको बन्दुकधारीहरूको एक ठूलो समूहद्वारा आफ्नै घरबाट अपहरण गरिएको थियो। पैसा, सुन र लत्ताकपडा लुटपाट गरी कालीबहादुर बिष्ट र भीमबहादुर बिष्टलाई त्यहाँबाट लैजानुअघि सो समूहले परिवारका सदस्यहरूलाई एउटा कोठामा ताला लगाएर थुनेर राखेको थियो भनियो।

अपहरणअघि बिष्टको परिवारले अरूमध्ये ती महिला र नेकपा (माओवादी)को सदस्य भनी चिनिने उनका भाइबाट नेकपा (माओवादी)लाई "चन्दा"का लागि बारम्बार अनुरोध प्राप्त गरेको थियो भनिन्छ। यसमा अपहरणभन्दा एक हप्ताअघि रु १ लाख ५० हजार "चन्दा" दिन अनुरोध गरिएको थियो भनिन्छ, जुन रकम तिर्न परिवार असमर्थ थियो। गाउँलेहरू र नेकपा (माओवादी) कार्यकर्ता दुवैले दिदीभाइ नेकपा (माओवादी)का सदस्य भएको पुष्टि गरे। यी स्रोतहरूले भाइलाई त्यसपछि बहुविवाहको आरोपमा नेकपा (माओवादी)बाट हटाइएको कुरा उल्लेख गरे।

अपहरणको दुई हप्तापछि, नेकपा (माओवादी)का सदस्य मानिएका ती दुईजनाका एक आफन्तले बिष्टको परिवारलाई कालीबहादुर बिष्ट र भीमबहादुर बिष्ट नेकपा (माओवादी)को बन्दी अवस्थामा भएको र तिनलाई एक दिनपछि रिहा गरिने कुरा उल्लेख भएको एउटा पत्र दिएको भनियो। यस पत्रमा अपहरणबारे सुरक्षाफौजलाई नभन्न तिनलाई चेतावनी पनि दिइएको थियो। करिब २० दिनपछि, नेकपा (माओवादी)की सदस्य भनिएकी ती महिलाले "पीडितहरूले केही गल्ती गरेको हुनाले" उनीहरू नेकपा (माओवादी)को बन्दी अवस्थामा रहेको कुरा परिवारलाई भेटेर भन्नुका साथै परिवारलाई त्यस घटनाबारे सुरक्षाफौजमा रिपोर्ट नगर्न पुनः चेतावनी दिँदै तिनलाई सजायपछि रिहा गरिने बताएकी थिइन्।

करिब एक महिनापछि पनि पीडितहरू घर नफर्केपछि परिवारले प्रहरीमा रिपोर्ट गऱ्यो र नेकपा (माओवादी)का एरिया इन्चार्ज "सुशील"सँग सम्पर्क गऱ्यो, जसले अपहरणमा नेकपा (माओवादी)को कुनै पनि किसिमको संलग्नतालाई अस्वीकार गरे। त्यसयता कालीबहादुर र भीमबहादुर बिष्टको परिवारले बेपत्ता पारिएका आफन्तहरूको अवस्था वा उनीहरू कहाँ छन् भन्नेबारे कुनै जानकारी पाएको छैन। नेकपा (माओवादी)का स्थानीय प्रतिनिधि र गाउँलेहरूका अनुसार, सन् २००६ मईको युद्धविरामपछि नेकपा (माओवादी)ले सो घटनाबारे स्पष्ट पार्न एक गाउँस्तरीय बैठकको आयोजना गरेको थियो र सूचनाको अभावमा सो बैठक कुनै पनि निष्कर्षबिना टुङ्गियो।

सन् २००८ जुलाईमा उच्चायुक्तको कार्यालयसँगको बैठकमा नेकपा (माओवादी)का जिल्लास्तरीय प्रतिनिधिले कालीबहादुर र भीमबहादुर बिष्टको अपहरणमा नेकपा (माओवादी)को संलग्नता रहेको कुरा मान्न पुनः अस्वीकार गरे। उनले घटनाको बेला ती दिदीभाइ नेकपा (माओवादी)का सदस्य भएको कुरालाई अस्वीकार गर्दै दिदीले चाहिँ पछि पार्टीमा प्रवेश गरेको कुरा बताए। भाइले निजी कारणले गर्दा पीडित व्यक्तिहरूलाई मारेको दाबी पनि उनले गरे। यस्ता "चन्दा" धनी व्यक्तिहरूबाट मात्र माग्ने गरिएको र बिष्टहरू सामान्य किसान भएको हुनाले नेकपा (माओवादी)ले उक्त परिवारबाट रु १ लाख ५० हजार चन्दा मागेको कुरालाई पनि उनले अस्वीकार गरे। उनले नेकपा (माओवादी) बेपत्ता पार्ने कार्यमा संलग्न नभएको हुनाले त्यसबारे थप अनुसन्धान गर्ने उसको जिम्मेवारी होइन भन्ने विचार व्यक्त गरे।

उच्चायुक्तको कार्यालयद्वारा उठाइएका अन्य घटनामा पीडितहरूलाई अपहरण गरिएको र "पार्टी कारबाही"का क्रममा मारिएको भन्ने कुरा नेकपा (माओवादी)ले स्वीकार गरेकाले कालीबहादुर र भीमबहादुर बिष्टको अपहरण नेकपा (माओवादी)को आधिकारिक कारबाहीअन्तर्गत भएको थिएन भन्ने कुराको सङ्केत गर्छ। तर, स्थानीयस्तरमा नेकपा (माओवादी)का कार्यकर्ता हुन् भनी विश्वास गरिएका व्यक्तिहरूको भएको भनिएको संलग्नतालाई नेकपा (माओवादी)द्वारा स्पष्ट पार्न आवश्यक छ र पीडितहरूको अवस्था तथा उनीहरू कहाँ छन् भन्ने कुरा स्पष्ट पार्ने प्रयास नेकपा (माओवादी) तथा सरकारी अधिकारीहरूद्वारा गरिनैपर्छ। सन् २००८ अगस्टमा नेकपा (माओवादी)को केन्द्रीय तहको नेतृत्वले उच्चायुक्तको कार्यालयलाई नेकपा (माओवादी)ले घटनालाई स्पष्ट पार्न उपायहरू अवलम्बन गर्ने आश्वासन दियो।

## अध्याय ८: बेपत्ता पारिएकाहरूका परिवारमा बेपत्ता पार्ने कार्यको सामाजिक-आर्थिक प्रभाव

पहिले जनाइएझैँ, बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी महासन्धिको धारा २४ ले "बलपूर्वक बेपत्ता पार्ने कार्यको प्रत्यक्ष परिणामका रूपमा हानि भोगेको कुनै पनि व्यक्ति" लाई बलपूर्वक बेपत्ता पार्ने कार्यबाट प्रभावित भएकाहरू भनी परिभाषा गरेको छ। बेपत्ता पारिएकाहरूका आफन्तहरूमाथि पर्ने प्रभावले नागरिक तथा राजनीतिक मात्र नभई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समेत सबै प्रकारका अधिकारहरूलाई समेट्छ। अन्तर्राष्ट्रिय मानवअधिकार कानुन[८२] अन्तर्गत, राज्यसँग पर्याप्त भोजन[८३], पर्याप्त जीविकोपार्जन स्तर, स्वास्थ्य एवं शिक्षाप्रतिका अधिकारको सम्मान, संरक्षण तथा पूरा गर्ने दायित्व रहेको हुन्छ। बर्दिया जिल्लाबाट पक्राउ गरी बेपत्ता पारिएकाहरूमध्ये अधिकांश आय आर्जन गर्ने तथा भूमिबाट कृषिजन्य सामग्री उत्पादन गर्ने वयस्क पुरुष घरमूलीहरू थिए। तसर्थ तिनलाई बेपत्ता पार्ने कार्यले पछाडि छोडिएका परिवारजनमा गहिरो सामाजिक-आर्थिक प्रभाव पारेको छ। त्यसका अतिरिक्त, मृत्यु वा अवशेषको पुष्टिबेगर बेपत्ता पारिएकाहरूका परिवारहरूले मृत्यु प्रमाणपत्र पाएका छैनन् र त्यसैले तिनले आफ्नो हक लाग्ने कुरा (क्षतिपूर्तिलगायत) मा पहुँच वा भूमिजस्तो पीडितका सम्पत्ति हस्तान्तरण गर्नेजस्ता कानुनी लेनदेन गर्न पाएका छैनन्। धेरैले अहिले पनि यी कठिनाइहरूको सामना गरिरहेका छन्, र उनीहरू राहत तथा क्षतिपूर्तिको प्रावधानलाई सत्य तथा न्यायको आवश्यकता जत्तिकै महत्त्वपूर्ण मान्छन्[८४]। संकेन्द्रित समूह छलफल तथा बेपत्ता पारिएकाहरूका आफन्तका नमुना समूहसँग बेग्लाबेग्लै रूपमा लिइएका अन्तर्वार्ताहरूमा देहायको मूल्याङ्कन आधारित थियो। सो समूहमा अधिकांशतः थारुहरू भए तापनि बेपत्ता पारिएकाहरूका अरू धेरै परिवारहरूले त्यस्तै खाले आर्थिक तथा सामाजिक कठिनाइको सामना गरिरहेका छन् भन्ने उच्चायुक्तको कार्यालय विश्वास गर्दछ।

### ८.१: ह्रास भएको खाद्य सुरक्षा

बेपत्ता पार्ने कार्य हुनुअघि पनि अन्तर्वार्ता लिइएका अधिकांश परिवारहरू जसोतसो जीवन निर्वाह गरिरहेका थिए। थारू तथा अन्य विपन्न समुदायका निम्ति भूमि आयआर्जन तथा खाद्यान्नको प्रमुख स्रोत हो र यसले एउटा परिवारको खाद्य सुरक्षा जुटाउन सक्ने क्षमताको निर्धारण गर्दछ। उच्चायुक्तको कार्यालयले लिएको नमुना समूहको औसत भूमिको आकार २ बिघा[८५] भन्दा बढी थिएन जसको कारण उनीहरू साना किसानको श्रेणीमा पर्दथे। भूमिबाट पर्याप्त खाद्यान्न उपलब्ध नहुने भएकाले धेरै परिवारहरूले भारतमा मौसमी आप्रवासी मजदुरी गरी आफ्नो आयआर्जनमा भरथेग गर्दथे।

बेपत्ता पार्ने कार्यले आफन्तहरूका लागि खाद्यान्न तथा आयमा उल्लेख्य रूपले कमी आएको छ। बेपत्ता पार्ने कार्यले महिला मूली रहेका कमैया तथा सुकुम्बासी घरपरिवारहरू सर्वाधिक नकारात्मक रूपमा प्रभावित भए किनभने तिनीहरू बेपत्ता पार्ने कार्य हुनुअघि पनि जेनतेन मात्रै जीवन निर्वाह गरिरहेका थिए। यी कठिनाइहरू भोग्नु पर्दा, परिवारहरूले बाँच्नका निम्ति उपलब्ध भएको ठाउँबाट ऋण लिने, महिला तथा बालबालिकालाई कम ज्याला तथा प्रायः कठिन परिस्थितिमा काम गर्न पठाउने र समुदायमा गएर भिख माग्ने गर्नुपरेको छ।

### ८.२: स्वास्थ्य तथा शिक्षामा पहुँचको अभाव र बाल श्रम

परिवारका पुरुष सदस्यहरू बेपत्ता भएर महिलालाई मूली बनाई घर छोडिएका धेरै घटनाहरूमा, रोजगारीमा पहुँच प्राप्त गर्न तथा सुरक्षित एवं मर्यादित वातावरणमा काम गर्न सक्ने क्षमता अत्यन्त सीमित भएको छ। धेरै अवस्थामा, आफ्ना बच्चाहरूलाई ख्वाउन असमर्थ भएका कारण तिनलाई जमिन्दार तथा अन्य पारिवारिक घरहरूमा बँधुवा मजदुरलगायतका रूपमा काम गर्न पठाउन धेरै परिवारहरू विवश थिए। यस प्रकारको घरेलु बाल श्रमभित्र प्रायः बालबालिकाहरू शोषण एवं शारीरिक तथा यौन दुर्व्यवहारको जोखिममा पर्ने गरी आफ्ना मालिकको आवास परिसरमा सीमित भएर अमर्यादित अवस्थामा लामो समयसम्म काम गर्नुपर्ने कुरा पर्दछ। यसले बालबालिकाको शिक्षाको अधिकारमा पहुँच प्राप्त गर्ने क्षमतामा समेत खलल पुऱ्याउनुका साथै बालबालिकाको मनोसामाजिक, भावनात्मक तथा सन्तुलित विकासमा प्रभाव पार्छ।

साना बालबालिका लगायत परिवारका सदस्यहरू बिरामी पर्दा आफूले औषधोपचार गर्न नसकेको कुरा थुप्रै परिवारहरूले उच्चायुक्तको कार्यालयलाई बताए। यसका अतिरिक्त, केही परिवारहरूले आफ्ना छोराछोरीलाई विद्यालय पठाउने खर्च बेहोर्न सकेनन् र कतिपय बेपत्ता पारिएकाहरूका छोराछोरीले आफ्नो शिक्षालाई निरन्तरता दिन सकेनन्।

---

[८२] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि।

[८३] आफ्नो सामान्य टिप्पणी १२ मा, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिले पर्याप्त खाद्यमाथिको अधिकारको मूल विषयवस्तु "व्यक्तिहरूको भोजनको आवश्यकतालाई पूरा गर्न परिमाण तथा गुणस्तरमा पर्याप्त; हानिकारक तत्त्व नरहेको तथा तोकिएको संस्कृतिमा स्वीकार्य खाद्यान्नको उपलब्धता; र दिगो तथा अन्य अधिकारहरूको उपभोगमा हस्तक्षेप नगर्ने गरी त्यस्तो खाद्यान्नप्रतिको पहुँच" हो भनी बुझिन्छ भन्ने ठान्दछ।

[८४] बेपत्ता पारिएकाहरूका आफन्तमा बलपूर्वक बेपत्ता पार्ने कार्यले पार्ने प्रभावलाई मान्यता दिएर बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि - जुन सन् २००६ डिसेम्बरमा महासभाद्वारा पारित गरिएको थियो - ले "बलपूर्वक बेपत्ता पार्ने कार्यको प्रत्यक्ष परिणामका रूपमा हानि भोगेका बेपत्ता पारिएका व्यक्ति तथा अन्य कुनै व्यक्ति" भनी "पीडित"को बृहत् परिभाषा अवलम्बन गरेको छ (धारा २४)।

[८५] एक बिघा जमिन लगभग ०.६७७ हेक्टर जमिन बराबर हुन्छ।

बेपत्ता पार्ने कार्यले यी अधिकारहरूमध्ये प्रत्येकमा पारेको नकारात्मक प्रभावका बाबजुद अधिकांश परिवारहरू[८६] ले आफ्ना परिवारजनहरूलाई बेपत्ता पारिएपश्चात् आफूले कुनै सरकारी सहायता अथवा राहत नपाएको बताए ।

**८.३: बेपत्ता पारिएकाका श्रीमतीहरूविरुद्धको सामाजिक भेदभाव**

अरू पारिवारिक सहयोग नभएका महिला घरमूलीहरूले विशेष सामाजिक कठिनाइहरूको सामना गरेका छन् । धेरैले बेपत्ता पार्ने कार्य भएपश्चात् सामाजिक भेदभाव तथा लैङ्गिकतामा आधारित हिंसाको सामना गरेका छन् । एउटा साझा कठिनाइ भनेको बेपत्ता पारिएकाहरूका श्रीमतीहरूलाई शङ्काको भरमा गरिने व्यवहार हो, उदाहरणार्थ केहीलाई “चरित्रहीन आइमाई”को नाम दिइन्छ । आफ्ना श्रीमानको अवस्था वा कहाँ छन् भन्नेबारे सत्य चाहना राख्ने गतिविधिमा संलग्न भएकोमा, विशेषगरी बृहत् समाज तथा पुरुषहरूसित अन्तरक्रिया हुने भएकाले धेरैजना समुदायमा आलोचित भएका छन् । बेपत्ता पारिएकाहरूका श्रीमतीहरू आफ्ना श्रीमानको मृत्यु दर्ता गर्ने सामाजिक दबाबमा परेका छन्, तर तिनको अवस्थासम्बन्धी आधिकारिक जानकारीको अभावले गर्दा त्यसो गर्न धेरैजना अनिच्छुक छन् । कहिलेकाहीँ, यी महिलाहरूलाई साँस्कृतिक रूपमा विधुवाको जीवनलाई आवश्यक पर्ने संयमतालाई स्वीकार गर्न अनिच्छुक भएको भनी आरोप लगाइएको छ । यो सामाजिक भेदभावले महिलाहरूले आफ्ना प्रियजनहरूलाई बेपत्ता पारिएपश्चात् सामना गर्ने भावनात्मक, सामाजिक तथा आर्थिक कठिनाइलाई बढाएको छ ।

**८.४: घटना अध्ययन**

देहायका तीन घटनाले बेपत्ता पार्ने कार्यले बर्दिया जिल्लाका बेपत्ता पारिएकाहरूका थारू परिवारहरूमा पारेको सामाजिकआर्थिक प्रभावबारे स्पष्ट पार्दछ ।

*घटना १*

ससाना छजना छोराछोरी भएकी एक थारू पूर्व कमैया महिलाले शानेसेद्वारा अप्रिल २००२ मा उनका श्रीमानलाई पक्राउ गरी बेपत्ता पारिँदा तिनका सबै छजना छोराछोरी कलिला (१२ वर्ष र मुनिका) थिए भनेर उच्चायुक्तको कार्यालयलाई बताइन् । परिवारका लागि जीविकोपार्जनको एकमात्र स्रोत रहेका उनका श्रीमान् मुख्यतः दैनिक ज्यालादारी मजदुर तथा मौसमी कृषि मजदुरका रूपमा काम गर्थे भने उनीचाहिँ आफ्ना छोराछोरीको हेरविचार गर्थिन् । यस परिवारसँग आफ्नो जमिन थिएन । यस परिवारले पूर्व कमैया दर्ता गर्ने सरकारी प्रक्रियामा एउटा “रातो कार्ड” पाएको थियो, जसले तिनलाई पूर्व कमैयाहरूमध्ये सामाजिक-आर्थिक रूपले सर्वाधिक सीमान्तीकृत समूदायमा पर्ने भनेर पहिचान गर्नुका साथै भूमि वितरणका निम्ति तिनलाई प्राथमिकतामा राख्यो (प्रत्येक पूर्व कमैया परिवारलाई पाँच कट्ठा भूमि दिइने भएको थियो) । उनका श्रीमान् बेपत्ता पारिएपश्चात्, सो परिवारमा आयआर्जन अथवा खाद्यान्नको कुनै स्रोत रहेन । उनी त्यसबेला १२ वर्ष उमेरकी आफ्नी जेठी छोरीलाई एउटा पहाडी परिवारको घरमा बँधुवा मजदुरका रूपमा काम गर्न पठाउन विवश थिइन् । परिवारलाई ख्वाउन सो आय अपर्याप्त भएकाले आफ्ना ससाना छोराछोरीको हेरविचार गर्ने प्रयासमा उनले आफैं मौसमी कृषि मजदुरका रूपमा काम गरिन् र दाउरा बटुलिन् । प्रारम्भमा उनले आफ्ना बच्चाहरूलाई विद्यालय पठाउने खर्च बेहोर्न नसके तापनि अहिले उनको सबैभन्दा कान्छो बच्चा स्थानीय प्राथमिक विद्यालयमा जान्छ । खाद्य सुरक्षाको अभाव उनको परिवारको सर्वाधिक ठूलो समस्याका रूपमा यथावत रहेको छ । यसका अतिरिक्त, शिक्षा, पहुँच तथा चेतनाको अभावका कारण रातो कार्ड भएकी पूर्व कमैयाका रूपमा भूमिमा आफ्नो हक दाबी गर्न उनी असमर्थ छिन् । सन् २००७ मा उच्चायुक्तको कार्यालयसँगको अन्तर्वार्ताका समयमा, उनी र उनका छजना छोराछोरी जङ्गल क्षेत्रमा रहेको दुई कट्ठा सरकारी भूमिमा बसोबास गरिरहेका थिए । आफूलाई कुनै पनि बेला निकाल्न सकिन्छ भन्ने डर तिनलाई थियो ।

*घटना २*

एक थारू महिला घरमूलीले उनका २३ तथा २० वर्षका दुई ठूला छोराहरूलाई क्रमशः सन् २००२ अप्रिल तथा जुनमा शानेसेद्वारा बेपत्ता पारिएको कुरा उच्चायुक्तको कार्यालयलाई बताइन् । सो परिवारको स्वामित्वमा दुई बिघा जमिन छ तथा बेपत्ता पारिनुअघि उनका जेठो छोरा सिकर्मी काम गर्थे भने माइला छोरा आफ्नो जमिनमा खेती गर्थे । जीविकोपार्जनका यी माध्यमहरूबाट चार छोरा तथा दुई बुहारीसहितको उनको आठजनाको परिवारका निम्ति पर्याप्त आय जुट्थ्यो । उनका दुई ठूला छोराहरू बेपत्ता पारिएपश्चात्, भावनात्मक तथा व्यावहारिक कारणले गर्दा एकैसाथ भूमिमा काम गर्न र घर सम्हाल्न असमर्थ भएकाले उनी र उनका बुहारीहरू आफ्नो भूमिको ५० प्रतिशत अंश अधियाँवालालाई दिन बाध्य भए । यसले सो परिवारको खाद्य आपूर्ति आधा बनायो ।

बेपत्ता पार्ने कार्यपछिको सुरुको वर्षमा उनले आफ्नो परिवारका निम्ति १०० किलो चामल खरिद गर्न ऋण लिनुपर्‍यो तर अन्य आवश्यकताहरूका निम्ति ऋण पाउन उनलाई कठिन भयो । परिणामस्वरूप, उनी आफ्नो सानो छोरालाई चार वर्षका लागि अर्काको घरमा काम गर्न पठाउन बाध्य भइन् । यस प्रकारको बालश्रमले सो बालकको शिक्षा बिथोलिदियो । तर यसले त्यस परिवारलाई भोजन, लुगाफाटो र एउटा गोरु दिलायो । सो परिवारका सदस्यहरूले स्वास्थ्यसम्बन्धी समस्याहरूको पनि सामना गरे । उनकी एक बुहारीको गर्भपात भयो भने उनको नाति तीन महिनासम्म गम्भीर रूपले बिरामी पर्‍यो । सो परिवारले त्यस बालकको उपचारका निम्ति अतिरिक्त ऋण लिनुपर्‍यो ।

[८६] तल हेर्नुहोस्, अध्याय ९.३.३: परिपूरणलगायत न्यायिक उपचार ।

*घटना ३*

एक थारू पूर्व कमैया वृद्ध महिलाका २२ वर्षीय छोरा शानेसेद्वारा सन् २००२ मईमा पक्राउ गरिएपछि बेपत्ता भए। सो परिवारसँग एक कट्ठाभन्दा कम जमिन छ र बेपत्ता पारिनुअघि उनका छोराले भारतमा आप्रवासी मजदुरका रूपमा काम गरी परिवारको आयमा भरथेग गर्थे। छोरालाई बेपत्ता पारिएपश्चात् दुई नवजात नातिहरू - अन्तर्वार्ताका समयमा पाँच र छ वर्ष पुगेका - लाई उनी र उनका वृद्ध श्रीमान्को जिम्मामा छोडेर बुहारी विदेश गइन्। सो वृद्ध दम्पतीले आयको कुनै स्रोत नभएकाले निकै कठिनाइको सामना गऱ्यो र उनले समुदायमा गएर खाद्यान्नका निम्ति भिख माग्नुपऱ्यो। उनका श्रीमान्ले एक जमिन्दारसँग चामल उधारोमा लिए, जुन चार महिनासम्म पुग्यो। ऋण चुक्ता गर्न तिनले आफ्नो एउटै मात्र भैँसी जमिन्दारलाई दिनुपऱ्यो। बेपत्ता पारिएको केही समयपश्चात् उनका नातिहरू दादुराबाट बिरामी पनि परे र उपचारका निम्ति सो परिवारसँग पैसा थिएन। सो दम्पती अझै पनि समयसमयमा खाद्यान्नका निम्ति अरूमाथि भर पर्छन् र बालकहरूलाई ख्वाउनका निम्ति कैयौँपल्ट आफू भोकै बस्ने गरेको तिनले बताए। पूर्व कमैयाका रूपमा उनीहरू भूमि पुनःवितरणका निम्ति बाँडिएको सरकारी कार्डको हकदार छन्। तर, चेतना तथा संसाधनको अभावका कारण तिनले यस हकका सम्बन्धमा राज्यअधिकारीहरूसँग सम्पर्क गरेका छैनन् र सन् २००७ मार्चसम्म उनीहरू दर्ता भएका थिएनन्। परिणामस्वरूप उनीहरूसँग सम्पत्ति जोड्ने केही उपाय छैन र यसरी उनीहरू अद्यापि अत्यन्त सीमान्तीकृत रहेका छन्।

## अध्याय ९: सत्य, न्याय र परिपूरण

बर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूका परिवारहरूका मुख्य माग यी हुन्: तिनका बेपत्ता भएका आफन्तजनको अवस्था कस्तो छ वा उनीहरू कहाँ छन् भन्नेबारेको सत्यतथ्य; बेपत्ता पार्ने कार्य गर्ने व्यक्तिहरूलाई सजाय र भएका उल्लङ्घनहरूका सम्बन्धमा परिपूरण। अन्तर्राष्ट्रिय मापदण्डहरू र नेपालको सर्वोच्च अदालतको २०६४ सालको अभूतपूर्व निर्णयले टेवा दिएका यी मागहरू ती परिवार एवं नेपाली तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूबाट भएका निरन्तर प्रयासबाट अगाडि ल्याइएका हुन्। सन् २००८ नोभेम्बरमा यस प्रतिवेदनलाई अन्तिम रूप दिइँदै गर्दा यस क्षेत्रमा सरकारद्वारा बेपत्ता पार्ने कार्यसम्बन्धी मस्यौदा कानुन र बेपत्ता भएकाहरूका परिवारलाई तत्काल राहत उपलब्ध गराउनेलगायतका केही सकारात्मक कदमहरू चालिँदै थिए। तर, पीडितका अधिकार र राज्यका दायित्वहरूलाई सम्बोधन गर्न धेरै कुरा गर्न बाँकी नै छ। त्यस्तै अरू मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका उल्लङ्घनहरूमा पीडकहरूले लगभग पूर्ण दण्डहीनताको उपभोग गरिरहेका छन्।

### ९.१: पीडितका आफन्त, नेपाली र अन्तर्राष्ट्रिय सङ्गठनहरूबाट भएका प्रयासहरू

विभिन्न सरोकारवालाहरूले बर्दिया जिल्लामा भएका बेपत्ता पार्ने कार्यलाई सम्बोधन गर्न सक्रिय रूपमा वकालत गरेका छन्। यसमा बेपत्ता पारिएकाहरूका परिवार, मानवअधिकारवादी गैसस, सञ्चारमाध्यम र अन्तर्राष्ट्रिय सङ्गठनहरू पर्दछन्। ती परिवारहरूले बर्दिया जिल्ला र काठमाडौँमा नेसेको प्रधान कार्यालयलगायतका अन्य ठाउँहरूमा प्रदर्शनहरूको आयोजना गरेका छन्। वि.सं. २०६३ चैतमा बेपत्ता पारिएकाहरूका परिवारहरूको द्वन्द्वपीडित समिति - बर्दिया भन्ने

सङ्घ औपचारिक रूपमा जिल्लामा स्थापना गरियो र यसले अहिलेसम्म राज्यद्वारा बेपत्ता पारिएका १९३ जना र नेकपा (माओवादी)द्वारा बेपत्ता पारिएका १६ जनाको अभिलेखन गरेको छ र उनीहरू कहाँ छन् भन्ने कुरा अझै अज्ञात रहेको छ। यस सङ्घले २०६४ असोज १७ गते बर्दिया जिल्लाका प्रजिअमार्फत् सत्य, न्याय र परिपूरणका निम्ति आह्वान गर्दै प्रधानमन्त्रीलाई एउटा ज्ञापनपत्र पेस गर्‍यो।

बर्दिया जिल्लामा भएका बेपत्ता पार्ने कार्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूद्वारा पनि राम्ररी अभिलेखन गरिएको छ। राष्ट्रिय गैसस र राष्ट्रिय मानवअधिकार आयोगले द्वन्द्वको अत्यन्त कठिन अवस्थामा प्रायः व्यक्तिगत जोखिम मोलेर सो कार्य गरेका थिए। अन्तर्राष्ट्रिय गैससहरूले पनि कतिपय प्रतिवेदनहरू जारी गरेका छन्।[८७] डब्लुजीईआईडीले २०६१ मङ्सिरमा नेपालको भ्रमण गर्‍यो र बेपत्ता पार्ने कार्य व्यापक र पीडकहरूलाई राजनीतिक तथा कानुनी दण्डहीनताबाट संरक्षित भएको पायो। आईसीआरसीले बर्दिया जिल्लामा द्वन्द्वको सन्दर्भमा राज्य वा नेकपा (माओवादी)द्वारा बेपत्ता पारिएका २१३ जनालगायत नेपालमा हराइरहेका १,२०० भन्दा बढी जनाको एउटा सूची सन् २००८ अगस्ट मा प्रकाशन गर्‍यो। यसले द्वन्द्वरत पक्षहरूलाई यी व्यक्तिको अवस्थाबारे परिवारहरूलाई जानकारी गराउन आह्वान गर्‍यो। सन् २००८ जुनमा, आयोगले बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था निरूपण गर्न र बर्दिया जिल्लामा बेपत्ता पारिएका कतिपय घटनाहरूमा बेपत्ता पारिएकाहरूका परिवारहरूलाई तत्काल राहतबापत रु. १ लाख उपलब्ध गराउन सरकारलाई सिफारिस पठायो।

त्यसबाहेक, उच्चायुक्तको कार्यालयले द्वन्द्वसँग सम्बन्धित बेपत्ता पारिएका सयौँ घटनाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार सम्बोधन गर्न बारम्बार आह्वान गरेको छ। माथि जनाइएझैँ, सन् २००६ मईमा, यस कार्यालयले काठमाडौँको महाराजगन्जस्थित भैरवनाथ गणद्वारा सन् २००३ को अन्त्य र सन् २००४ को सुरुमा समातिएका कम्तीमा ४९ जनाको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी एउटा प्रतिवेदन प्रकाशित गर्‍यो। नेसेले प्रतिवेदनमा लगाइएका आरोपहरूबारे अध्ययन गर्न एउटा कार्यदल गठन गर्‍यो। सैन्य कर्मचारीहरूसँग मात्र लिइएका अन्तर्वार्तामा आधारित जस्तो देखिने यसको प्रतिवेदन - जुन उच्चायुक्तको कार्यालयलाई सीधै कहिल्यै पठाइएन - ले यातना र बेपत्ता पार्ने कार्य भएको प्रमाण आफूले फेला नपारेको निष्कर्ष निकाल्यो। बाह्रवटा घटनाहरू - जसमध्ये केही अझै बेपत्ता रहेको उच्चायुक्तको कार्यालय ठान्छ - मा नेसेले जानकारी उपलब्ध गराए पनि सरकारले कहिल्यै यस प्रतिवेदनमा भएका आरोपहरूको पूर्ण रूपमा प्रत्युत्तर दिएको छैन।

वि.सं. २०६३ माघ ७ देखि १० गतेसम्म भएको आफ्नो भ्रमणमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तले बर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूका आफन्तहरूसँग भेट गरी बेपत्ता पारिएकाहरूको अवस्था र उनीहरू कहाँ छन् भन्नेबारे प्रस्ट पार्न र जवाफदेहीता तथा परिपूरणलाई सुनिश्चित गर्ने आवश्यकता सरकारसमक्ष दोहोर्‍याइन्। अहिलेसम्म सरकारले सो काम गर्ने गम्भीर प्रयत्न गरेको छैन र सत्य, न्याय र परिपूरणप्रतिका आफन्तका अधिकारहरूलाई सम्बोधन गर्न व्यापक प्रगति गरिसक्नुपर्ने २०६४ जेठको सर्वोच्च अदालतको आदेशलाई कार्यान्वयन गर्न हालसम्म सरकार विफल भएको छ।

### ९.२: नेपालको सर्वोच्च अदालतको निर्णय

दर्जनौँ बेपत्ता पारिएका घटनाहरूसँग सम्बन्धित बन्दीप्रत्यक्षीकरणका निवेदनको प्रत्युत्तरमा नेपालको सर्वोच्च अदालतले २०६४ जेठमा एक अभूतपूर्व फैसला गर्‍यो। तीमध्ये बर्दिया जिल्लामा बेपत्ता पारिएका चारजना थिए: जगन थारू, हरिराम चौधरी, तातेराम थारू र श्रीराम थारू।

---

[८७] पूर्व उल्लिखित कृति।

सो आदेशले सरकारलाई देहायका कार्य गर्न आदेश गऱ्यो :

- अन्तर्राष्ट्रिय मापदण्डअनुसार द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यबारे जाँचबुझ आयोग स्थापना गर्न;
- बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअनुसार बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्न कानुन बनाउन;
- बेपत्ता पार्ने कार्यका लागि जिम्मेवारहरूलाई अभियोजन गर्न; र
- पीडितका परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन ।

कुनै आयोगको स्थापनाका सम्बन्धमा, सर्वोच्च अदालतले विद्यमान जाँचबुझ ऐन, २०२६ बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ गर्ने आधारका रूपमा कार्य सञ्चालनका निम्ति लक्ष्यित नभएको पायो । यसको फलस्वरूप, उसले बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा एउटा छुट्टै आयोगको स्थापनासम्बन्धी प्रावधानहरू समावेश गरी कानुन बनाउन आदेश दियो र उच्चायुक्तको कार्यालयद्वारा मार्गनिर्देशनका रूपमा तयार पारिएको *बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगका आधारहरू*लाई अनुमोदन गऱ्यो ।

क्षतिपूर्तिका सम्बन्धमा, सर्वोच्च अदालतले सरकारलाई क्षतिपूर्तिसम्बन्धी कानुन नबनेसम्म बेपत्ता पारिएकाका परिवारहरूलाई तत्काल राहत उपलब्ध गराउन र तिनका आफन्तहरूको अवस्थाबारे स्पष्ट पार्न विशिष्ट रूपमा आदेश दिएको थियो । त्यसबाहेक, यस्तो तत्कालको राहत "पीडित परिवारलाई न्यायमा पहुँच खोज्दा बेहोर्नु परेको दायित्व वहन गर्न सघाउने सीमित उद्देश्यले" बेपत्ता पार्ने कार्यसम्बन्धी बृहत् कानुन तथा त्यसपछिका कुनै पनि अनुसन्धानअनुसार उपलब्ध गराइने उपचारको मात्रा र प्रकृतिलाई असर नपुऱ्याउने सर्तमा उपलब्ध गराइनुपर्छ भन्ने कुरालाई यसले स्पष्ट पाऱ्यो ।

बेपत्ता पार्ने कार्यबाट पीडित र तिनका परिवारका अधिकारहरूलाई मान्यता दिनेतर्फ महत्त्वपूर्ण कदम भए तापनि सीमित सङ्ख्याका व्यक्तिहरूलाई तत्कालका लागि केही राहत वितरण गर्नेमा बाहेक अन्यमा सरकारद्वारा सो अदालतको निर्णय कार्यान्वयन गरिएको छैन । बर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूमध्ये पाँचजनाका तर्फबाट सन् २००३ र सन् २००४ मा पेस गरिएका बन्दीप्रत्यक्षीकरणका निवेदनहरूको प्रत्युत्तरमा सर्वोच्च अदालतद्वारा २०६४ मङ्सिर ११ गते जारी दोस्रो फैसलाले तत्काल क्षतिपूर्ति उपलब्ध गराउन पनि आदेश दिएको थियो । ती पाँचजनामा राजकुमार थारू (बदालपुर गाविसका), राजकुमार थारू (मानपुर टपरा गाविसका), बमबहादुर शाही, श्रीराम चौधरी र हिरासिंह बाठा मगर थिए । सो फैसलाले सरकारलाई "गैरकानुनी रूपमा पक्राउ गरी बेपत्ता पार्ने कार्यमा संलग्न सम्बद्ध कार्यालयका तत्कालीन प्रमुख र कर्मचारीहरूले सजाय पाउनुपर्ने ठानिएमा उनीहरूमाथि विभागीय कारबाही (आन्तरिक) गर्न" पनि आदेश दियो ।

### ९.३: सत्य, न्याय र परिपूरणसम्बन्धी राज्यका दायित्व र प्रतिक्रियाहरू

*९.३.१: सत्य*

सरकार र राजनीतिक दलहरूद्वारा बारम्बार व्यक्त गरिएका प्रतिबद्धता एवं सर्वोच्च अदालतको आदेशका बाबजुद नेपालमा बेपत्ता पार्ने कार्यसम्बन्धी कुनै पनि विश्वसनीय, दक्ष, निष्पक्ष र पूर्ण रूपमा स्वतन्त्र अनुसन्धान भएको छैन र बेपत्ता पारिएकाहरूका परिवारहरूलाई तिनका बेपत्ता पारिएका आफन्तहरूको अवस्थाबारे सत्य उपलब्ध गराइएको छैन । अघिल्लो अध्यायमा जनाइएझैं, राज्यका प्रयासहरू प्रायः बर्दिया र अन्यत्र बेपत्ता भएकाहरूको अवस्थालाई स्पष्ट पार्नभन्दा बरु त्यसलाई भ्रामक बनाउन र ढाकछोप गर्न लक्ष्यित भएका छन् ।

अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन दुवैले बेपत्ता पार्ने कार्यका पीडित (परिवारलगायत)को बेपत्ता पार्ने कार्यबारे सत्य थाहा पाउने अधिकारलाई मान्यता दिएको छ । प्रथागत अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गत सशस्त्र द्वन्द्वरत पक्षले द्वन्द्वको फलस्वरूप हराएको भनिएका व्यक्तिहरूको लेखाजोखा गर्न हुन सक्ने सबै उपायहरू लिनैपर्छ र तिनीहरूको अवस्थाबारे आफूसँग भएको कुनै पनि जानकारी तिनका परिवारलाई उपलब्ध गराउनैपर्छ ।[८८] यो दायित्व नेपाल सरकार र नेकपा (माओवादी) दुवैका निम्ति बाध्यकारी छ । आईसीसीपीआरअन्तर्गतका राज्यका दायित्वका सम्बन्धमा मानवअधिकार समिति (आईसीसीपीआरको अन्तर्राष्ट्रिय अनुगमन गर्ने निकाय)ले परिवारको सदस्यलाई बेपत्ता पारिएका आफन्तलाई के भयो भन्ने थाहा पाउने अधिकारलाई मान्यता दिएको छ[८९] र बेपत्ता पार्ने कार्यलगायतका मानवअधिकार उल्लङ्घनका पीडितहरूलाई उल्लङ्घनबारे सत्य पत्ता लगाउन दिन सबै सम्बद्ध उपायहरू लिन आह्वान गरेको छ ।[९०]

हालैका मानवअधिकारसम्बन्धी लिखतहरूले सत्यप्रति पीडितको अधिकारलाई प्रस्ट रूपमा मान्यता दिएका छन् । संयुक्त राष्ट्रसङ्घीय महासभाबाट सन् २००६ मा अवलम्बन गरिएको तर अझै कार्यान्वयनमा आइनसकेको बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले "पीडितलाई बलपूर्वक बेपत्ता पार्ने कार्य भएको परिस्थिति, अनुसन्धानमा भएको प्रगति र यसको परिमाण तथा बेपत्ता पारिएको व्यक्तिको अवस्थाबारे" थाहा पाउने अधिकार छ भनी उल्लेख गरेको छ । यो कुरा अन्तर्राष्ट्रिय

[८८] आईसीआरसी स्टडी अन कस्टमरी आईएचएल, रुल ११७, पृ. ४२१-४२७ ।

[८९] क्विन्तेरोस विरुद्ध उरुग्वे, पत्र सङ्ख्या १०७/१९८१ (२१ जुलाई १९८३), संयुक्त राष्ट्रसङ्घीय दस्तावेज. १३८ (१९९०) मा सीसीपीआर/सी/ओपी/२ ।

[९०] मानवअधिकार समितिका निष्कर्षहरू: ग्वाटेमाला, सीसीपीआर/सी/७९/एडीडी.६३ (३ अप्रिल १९९६) ।

मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनसम्बन्धी सम्बद्ध जानकारीमा पीडितहरूको अधिकार हुन्छ भन्ने संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव, *परिपूरण र न्यायिक उपचारको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देशनहरू*[९१]जस्ता लिखतहरूमा भएका भनाइहरूसँग मिल्दछन्। *दण्डहीनतासँग लड्ने संयुक्त राष्ट्रसङ्घीय सिद्धान्तहरूको अद्यावधिक सँगालो*[९२]ले बेपत्ता पारिएकाहरूका परिवारहरूलाई बेपत्ता पार्ने कार्य र अन्य उल्लङ्घन कुन परिस्थितिमा भए भन्नेलगायतका आफन्तहरूको अवस्थाबारेको सत्य थाहा पाउने अधिकार हुन्छ भन्ने कुरा स्पष्ट पारेको छ। तिनले यस अधिकारलाई कार्यान्वयनमा ल्याउन राज्यले उल्लङ्घनसम्बन्धी तथ्यहरू यकिन गर्न अधिकारप्राप्त, निष्पक्ष र स्वतन्त्र आयोग स्थापना तथा प्रमाण बेपत्ता पार्ने कार्य हुन नदिन उपयुक्त कारबाही गर्नैपर्ने भनी तोकेका छन्।

उल्लङ्घनहरूबारे सत्य थाहा पाउने समुदायको अभिरुचिलाई पनि स्वीकार्दै सत्यप्रतिको अधिकारको सामूहिक आयामलाई पनि मान्यता दिइएको छ। पीडित, तिनका आफन्त, प्रत्यक्षदर्शी वा पीडितलाई सघाउने व्यक्तिहरूलाई थप हानि नपुऱ्याउने हदसम्म सत्यको पूर्ण र सार्वजनिक खुलासा हुनुपर्छ भनी *न्यायिक उपचार र परिपूरणको अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देशन*ले उल्लेख गरेका छन्।

सत्य उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार र राजनीतिक समझदारी गर्ने सम्बन्धित पक्षका प्रयासहरू सीमित गरिएका छन्। पहिल्यै जनाइएझैं, सन् २००६ मईमा, बेपत्ता भएका भनिएका ७७६ जनाको स्थिति स्पष्ट पार्ने कार्यभार दिएर वामनप्रसाद न्यौपाने रहेको एक सदस्यीय समिति गृह मन्त्रालयद्वारा स्थापना गरियो।[९३] बर्दिया जिल्लाका केही घटनालगायत बेपत्ता पारिएका सयभन्दा बढी व्यक्तिहरूको अवस्था वा उनीहरू कहाँ छन् भन्ने सम्बन्धमा तिनलाई "रिहा गरिएको" वा "भिडन्तमा" मारिएको भनी निरूपण गरिएको भन्ने कुरा उल्लेख गर्दै, सो समितिले सन् २००६ जुलाईमा आफ्ना निष्कर्षहरू प्रकाशित गऱ्यो। थप ६०२ घटनामा व्यक्तिहरूको लेखाजोखा गरिएको छैन। कानुनी हैसियतको अभावका कारण सीमित अधिकार र नेसेबाट सहयोगको अभावका कारण समितिले आफूसँग अनुसन्धान गर्ने क्षमता नभएको कुरा बतायो।[९४]

यसको प्रत्युत्तरमा, अन्तरिम-व्यवस्थापिका संसदको परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिले २०६३ साउन ९ गते "बेपत्ता पार्ने कार्यको मुद्दालाई सदाका लागि समाधान गर्न एक शक्तिशाली आयोग" गठन गर्न सरकारलाई निर्देशन दियो। सो निर्देशनअनुसार, आयोगमा सांसद, नागरिक समाजका सदस्य र मानवअधिकार रक्षकहरू हुनुपर्छ। यसलाई नेसेका कार्यहरूको अनुसन्धान गर्न, पीडकहरूको पहिचान गर्न र दोषी पाइएकाहरूलाई सजायका निम्ति सिफारिस गर्ने अधिकार दिइनुपर्छ। हालसम्म यो निर्देशनको कार्यान्वयन गरिएको छैन।

सात दल गठबन्धन (सात दल) र नेकपा (माओवादी)ले पनि बेपत्ता पार्ने कार्यको मुद्दालाई सम्बोधन गर्न उपायहरू लिन बारम्बार प्रतिबद्धता व्यक्त गरेका छन्। उदाहरणार्थ, २०६३ कात्तिक २२ गते सात दल र नेकपा (माओवादी)बीच भएको एउटा सम्झौतामा "राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता पारिएका भनिएका नागरिकहरूको सम्बन्धमा छानबिन गरी स्थिति सार्वजनिक गर्न उच्चस्तरीय छानबिन आयोग गठन गर्ने" प्रावधान समावेश गरिएको छ। यी प्रावधानहरू २०६३ मङ्सिरमा भएको विस्तृत शान्ति सम्झौतामा पुनःपुष्टि गरिएका थिए, जसले सम्बन्धित पक्षहरूद्वारा द्वन्द्वको समयमा बेपत्ता पारिएका वा मारिएका व्यक्तिहरूको नाम सार्वजनिक गर्ने र परिवारजनलाई जानकारी उपलब्ध गराउन भनेको थियो।
यसका साथै, यस्ता प्रतिबद्धताहरू अन्तरिम संविधान २०६३ मा प्रतिबिम्बित भएका छन् जसले "सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने" राज्यको जिम्मेवारी रहेको भन्ने कुरा उल्लेख गरेको छ।

वि.सं. २०६४ जेठको सर्वोच्च अदालतको निर्णयलगत्तै सरकारले बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा एक जाँचबुझ आयोगको गठनको घोषणा गऱ्यो।[९५] तर, आयोगको आफ्नो स्वतन्त्रता, काम तथा अधिकार र प्रतिवेदनको सार्वजनिक प्रचारप्रसारसँग सम्बन्धितलगायतका कुराहरू विचारित आयोगका निम्ति अन्तर्राष्ट्रिय मापदण्डअनुसार नभएको न त यो सर्वोच्च अदालतको आदेशसँग नै अनुकूल भएको भनी व्यापक आलोचना भएपछि यस पहललाई स्थगन गरियो।

सन् २००७ को अन्त्य तथा सन् २००८ मा बेपत्ता पार्ने कार्यसम्बन्धी आयोग स्थापना गर्ने एकपछि अर्को राजनीतिक प्रतिबद्धताहरू आएका छन्। सन् २००७ डिसेम्बरमा, दलका सदस्यहरूबीच भएको २३ बुँदे सम्झौताले एक महिनाभित्र आयोग गठनका लागि आह्वान गऱ्यो र सन् २००८ जुनमा त्यो प्रतिबद्धता दोहोरियो। सन् २००८ सेप्टेम्बरमा, सत्य निरूपण तथा मेलमिलाप आयोगका

[९१] महासभाद्वारा सन् २००५ डिसेम्बरमा पारित अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको घोर उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका पीडितहरूको न्यायिक उपचार तथा परिपूरण पाउने अधिकारसम्बन्धी आधारभूत सिद्धान्त तथा मार्गनिर्देशन।

[९२] *दण्डहीनताविरुद्ध लड्ने कार्यमार्फत् मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि सिद्धान्तको अद्यावधिक सँगालो* (जसलाई सन् २००५ मा मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आयोगको सहमति प्रस्तावमा मान्यता दिइएको थियो)।

[९३] प्रतिवेदनका अनुसार, ५७० घटनाहरू राष्ट्रिय मानवअधिकार आयोगद्वारा रिपोर्ट गरिएका थिए भने अन्य मानवअधिकार सङ्गठन तथा बेपत्ता पारिएकाहरूका आफन्तहरूद्वारा रिपोर्ट गरिएका थिए।

[९४] गृह मन्त्रालयले बेपत्ता पार्ने कार्यको अनुसन्धान गर्न सन् २००४ जुलाईमा मलेगु समितिको नामले चिनिने पाँच सदस्यीय समितिको समेत गठन गरेको थियो, तर सो समितिले सीमित कार्यादेशका कारण र सो मुद्दालाई प्रभावकारी रूपमा सम्बोधन गर्न विफल भएकोमा गम्भीर आलोचना सहनुपऱ्यो।

[९५] मन्त्रिपरिषद्ले २०६३ असार ७ गते जाँचबुझ आयोगसम्बन्धी ऐनअनुसारको बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग गठन गर्ने निर्णय गऱ्यो। उक्त आयोगमा सर्वोच्च अदालतका पूर्व न्यायाधीश नरेन्द्रबहादुर न्यौपाने, अधिवक्ता शेरबहादुर केसी तथा नेपाल बार एसोसिएसनका महासचिव रामकुमार श्रेष्ठ रहने भनिएको थियो।

साथै बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगको स्थापनालाई सरकारको घोषित कार्यक्रममा एउटा प्राथमिकताका रूपमा समावेश गरिएको थियो। यो प्रतिवेदनलाई अन्तिम रूप दिइँदै गर्दा यी प्रतिबद्धताहरूलाई पूरा गर्न सरकारद्वारा स्वागतयोग्य कदमहरू चालिएका थिए। सन् २००८ नोभेम्बरको मध्यमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा बेपत्ता पार्ने कार्यसम्बन्धी एउटा मस्यौदा कानुन सार्वजनिक गरियो, जसलाई मन्त्रिपरिषद्ले २०६५ मङ्सिर ४ गते स्वीकृत गऱ्यो। यसलाई संसदमा लगेर आउँदो सत्रमा बहस गरिने अपेक्षा गरिएको छ। अन्तर्राष्ट्रिय मापदण्डको पालनामा सुधार ल्याउन सो मस्यौदा कानुनमा केही प्राविधिक संशोधन गर्नु वाञ्छनीय हुने कुरालाई उच्चायुक्तको कार्यालयले ध्यानमा लिए तापनि सरकारद्वारा मस्यौदा कानुनलाई सार्वजनिक तथा स्वीकार गर्ने कार्य सत्यप्रति पीडितको अधिकारलाई सम्बोधन गर्नमा एउटा महत्त्वपूर्ण कदम हो भन्ने कुरालाई यो कार्यालय स्वीकार गर्छ।

सन् २००७ जुलाईमा सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापनासम्बन्धी एउटा मस्यौदा विधेयक प्रकाशन गऱ्यो। तीनवटा क्षेत्रीय परामर्शहरूपछि सन् २००८ जनवरीमा संशोधित मस्यौदा प्रकाशन गरियो। शान्ति तथा पुनर्निर्माण मन्त्रालयका अनुसार सो विधेयकका सम्बन्धमा यसले थप क्षेत्रीय, विषयवस्तुगत तथा सामूहिक जिल्लागत परामर्श बैठकहरूको आयोजना गर्न चाहेको छ। त्यसमा सुदूरपश्चिमाञ्चल क्षेत्रमा २०६५ पुस ३ र ४ गते गरिने परामर्श बैठकसमेत छन्। उच्चायुक्तको कार्यालयले परामर्श प्रक्रियामा सुधार ल्याउने साधनहरू तथा मस्यौदा विधेयकमाथि आफ्नो टिप्पणी उपलब्ध गराएको छ र सत्य निरूपण तथा मेलमिलाप आयोगका सम्बन्धमा थप परामर्श गर्ने सरकारद्वारा व्यक्त प्रतिबद्धताको स्वागत गर्छ।

### *९.३.२: जवाफदेहीता र न्याय*

बेपत्ता पार्ने घटनाबारे अनुसन्धान तथा अभियोजन गर्ने अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको नेपालका दायित्वहरूका बाबजुद बर्दिया जिल्ला तथा नेपालका अन्य क्षेत्रहरूमा बेपत्ता पार्ने कार्यका पीडकहरूलाई पूर्ण दण्डहीनता छ र कसैलाई पनि अभियोजन गरिएको छैन। यी दायित्वहरू, अन्य कुराका अतिरिक्त, आईसीसीपीआर एवं प्रथागत अन्तर्राष्ट्रिय कानुनमा पाइन्छन्।[९६]

आईसीसीपीआरका आशयहरूमाथि विचार गर्दै, मानवअधिकार समितिले देहायको कुरा उल्लेख गरेको छ: "अनुसन्धानले . . . अभिसन्धिमा भएका केही अधिकारहरूको उल्लङ्घनलाई उजागर गरेको अवस्थामा पक्ष राष्ट्रहरूले जिम्मेवारहरूलाई न्यायको कठघरामा उभ्याइने कुराको सुनिश्चित गर्नैपर्छ। अनुसन्धान गर्नमा भएको विफलताका सम्बन्धमा, यस्ता उल्लङ्घनका पीडकहरूलाई न्यायको कठघरामा उभ्याउन भएको विफलताले स्वयंले अभिसन्धिको छुट्टै खालको उल्लङ्घनलाई बढावा दिन्छ। यी दायित्वहरू मुख्य रूपमा बलपूर्वक बेपत्ता पार्ने कार्य (धारा ७ तथा ९ र प्राय: ६) . . . जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत आपराधिक मानिएका उल्लङ्घनहरूका सम्बन्धमा आउँछन्। वास्तवमा यी उल्लङ्घनहरूमा दण्डहीनताको समस्या - जुन समितिद्वारा निरन्तर रूपमा चासो देखाइएको कुरा हो - उल्लङ्घनहरू दोहोरिरहनुमा एउटा महत्त्वपूर्ण कारक तत्त्व हुन सक्छ।[९७]

त्यस्तै, समितिले त्यसै परिच्छेदमा सार्वजनिक पदाधिकारी वा राज्यका प्रतिनिधिहरूले उल्लङ्घनहरू गरेको अवस्थामा यसरी जोड दिएको छ: "सम्बन्धित पक्ष राष्ट्रहरूले पीडकहरूलाई निजी जिम्मेवारीबाट छुटकारा नदिन सक्छन्, जस्तो कि अरू केही आममाफी . . . र पूर्व कानुनी उन्मुक्ति तथा क्षतिपूर्तिसँगको सम्बन्धमा भएको छ। यसका साथै, कुनै पनि पदीय हैसियतले यस्ता उल्लङ्घनहरूका निम्ति जिम्मेवार भएको आरोप लगाउन सकिने व्यक्तिहरूलाई कानुनी जिम्मेवारीबाट उन्मुक्ति दिने कुरालाई उचित ठहऱ्याउँदैन। "सो समितिले माथिल्लो तहबाट आएका आदेशको पालनाको प्रतिरक्षा र कानुनी सीमा लागू भएका घटनाहरूमा त्यस्तो सीमाको अमनासिब रूपले छोटो अवधि जस्ता कानुनी जिम्मेवारीको निरूपण गर्नमा रहेका अन्य बाधाहरूलाई हटाइनुपर्छ भनी उल्लेख गरेको छ। अनुसन्धान गर्न र पीडकहरूलाई न्यायको कठघरामा उभ्याउनमा भएको विफलताले अभिसन्धिको छुट्टै उल्लङ्घनलाई बढावा दिन सक्छ। समितिले आफूसमक्ष ल्याइएका छुट्टाछुट्टै पत्रहरूमा बेपत्ता पार्ने कार्यका लागि जिम्मेवार व्यक्तिहरूलाई न्यायको कठघरामा ल्याउनका निम्ति कारबाही गर्न राष्ट्रहरूलाई आह्वान गरेको छ।[९८]

नेपालको सर्वोच्च अदालतले विशेषगरी आईसीसीपीआर र यातनाविरुद्धको महासन्धिलाई उल्लेख गर्दै सन् २००७ को आफ्नो आदेशमा "उजुरीहरू गरिए पनि राज्यले निष्पक्ष र स्वतन्त्रतापूर्वक बेपत्ता पार्ने कार्यबारे अनुसन्धान गर्नुपर्ने आफ्नो दायित्व पूरा गरेन" भन्ने निष्कर्ष निकाल्यो।

मानवअधिकार समितिले शर्मा विरुद्ध नेपाल (एउटा बलपूर्वक बेपत्ता पार्ने कार्यको घटना)का सम्बन्धमा पत्राचार गरेको हालै जारी धारणामा यस स्थितिलाई निम्नानुसार अभिव्यक्त गरेको छ: 'सो अभिसन्धिले व्यक्तिहरूलाई राज्यसँग अर्को व्यक्तिलाई फौजदारी अभियोजन गर्ने माग गर्ने अधिकार नदिएको भए पनि यो समितिको के धारणा छ भने राज्य पक्ष विशेषगरी बलपूर्वक बेपत्ता पार्ने कार्य र यातनाका कार्यलगायतका मानवअधिकारका कथित उल्लङ्घनका घटनाहरूको पूर्ण अनुसन्धान गर्न मात्र होइन त्यस्ता

---

[९६] यस भागको छलफल अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत पर्ने दायित्वहरूमा संकेन्द्रित छ। तर, त्यस्तै खालका दायित्वहरू अन्तर्राष्ट्रिय मानवीय कानुनमा पनि हुन्छन्: विशेषगरी प्रथागत अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गैर-अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा गरिएका युद्ध अपराधको अनुसन्धान गर्ने तथा उपयुक्त भएमा शङ्कित व्यक्तिहरूलाई अभियोजन गर्ने कर्तव्य हुन्छ: आईसीआरसी स्टडी अन कस्टमरी आईएचएल, रुल १५८, पृ. ६०७-६११।

[९७] मानवअधिकार समिति, सामान्य टिप्पणी नम्बर ३१, "द नेचर अफ जेनरल लिगल अब्लिगेसन इम्पोज्ड अन स्टेट पार्टिज टु द कोभनेन्ट" (२००४), अनु. १८।

[९८] क्विन्तेरोस वि: उरुग्वे, पूर्व उल्लिखित कृति. पादटिप्पणी ८५।

उल्लङ्घनका लागि जिम्मेवारहरूलाई अभियोजन गर्न, पुर्पक्ष गर्न र सजाय दिन पनि बाध्य हुन्छ। राज्य पक्षसँग भविष्यमा त्यस्तै उल्लङ्घनहरू हुन नदिने उपायहरू अवलम्बन गर्ने दायित्व पनि हुन्छ।'[९९]

बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी विशिष्टीकृत लिखतहरू तयार गरिएको हुनाले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने र अनुसन्धान तथा अभियोजन गर्न उपायहरू लिनुपर्ने आवश्यकतालाई स्पष्ट रूपमा उल्लेख गरिएको छ। बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले "बलपूर्वक बेपत्ता पार्ने, सो गर्न आदेश दिने, अनुरोध गर्ने वा मनाउन लगाउने, त्यस्तो कार्य गर्न उद्योग गर्ने, यस्तो कार्यमा मतियार वा सहभागी बनेको" कुनै पनि व्यक्तिलाई एवं माथिल्लोतहको जिम्मेवारीको सिद्धान्तबमोजिम बेपत्ता पार्ने कार्यमा आपराधिक रूपमा जिम्मेवार कुनै पनि व्यक्तिलाई आपराधिक रूपमा जिम्मेवार ठहऱ्याउन पक्ष राष्ट्रहरूलाई लगाउँछ।[१००] पक्ष राष्ट्रहरूले "बेपत्ता पार्ने कार्यको कसुरलाई यसको चरम गाम्भीर्यलाई ध्यानमा राखेर उपयुक्त दण्डसजायद्वारा दण्डनीय बनाउनै" पर्छ।[१०१] नेपालले यस महासन्धिलाई अझै अनुमोदन गर्न बाँकी रहे पनि प्रथागत अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालका उस्तैखाले दायित्वहरू हुन्छन् भनी तर्क गर्न सकिन्छ। *न्यायिक उपचार र परिपूरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त र मार्गनिर्देशनहरू*ले देहायका कुरा पनि उल्लेख गरेका छन् : "अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अपराध हुने अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनका घटनामा, राज्यको अनुसन्धान गर्ने कर्तव्य हुन्छ र पर्याप्त प्रमाण भएमा उल्लङ्घनका लागि जिम्मेवार भनी आरोपित व्यक्तिलाई अभियोजनका निम्ति पेस गर्ने तथा दोषी पाइएमा निजलाई सजाय गर्ने कर्तव्य हुन्छ।"

त्यस्तै, *दण्डहीनताविरुद्ध लड्न संयुक्त राष्ट्रसङ्घीय सिद्धान्तहरूको अद्यावधिक सँगालो*ले बलपूर्वक बेपत्ता पार्ने कार्य र मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका अन्य उल्लङ्घनहरूको अनुसन्धान गर्न तथा बलपूर्वक बेपत्ता पार्ने र अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अन्य गम्भीर अपराधहरूमा जिम्मेवार व्यक्तिहरूलाई अभियोजन गर्न उपयुक्त उपायहरू लिन लगाउँदछ। यातनाविरुद्धको महासन्धिको पक्षराष्ट्र भएकाले यातनाका सम्बन्धमा नेपालका आफ्नै दायित्वहरू छन् भन्ने कुरालाई पनि सम्झिनुपर्छ: यातनाका कार्यलाई अपराधीकरण गर्ने, उपयुक्त सजायद्वारा कसुरलाई दण्डनीय बनाउने तथा आरोपित पीडकहरूका सम्बन्धमा, शङ्कित व्यक्तिलाई सुपुर्दगी गर्ने या "अभियोजनको प्रयोजनका निम्ति" मुद्दालाई अधिकारप्राप्त अधिकारीसमक्ष पेस गर्नेलगायतका कुराहरू। [१०२]

*सिद्धान्तहरूको सँगालो* तथा बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी महासन्धि दुवैले छुट्टाछुट्टै कार्यका लागि जिम्मेवार पीडकहरूमा मात्र जवाफदेहीता सीमित हुने नभई त्यसका लागि आदेश दिने उच्च तहका व्यक्ति, ढाकछोप गर्ने, सहमति दिने वा उल्लङ्घनहरूबारे थाहा पाउनुपर्ने तर रोक्नका लागि कुनै काम नगर्ने ("माथिल्लो तहको जिम्मेवारी")का लागि पनि लागू हुने भनी तोकेका छन्। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा सो विधानअन्तर्गत पर्ने अपराधहरूका लागि आदेश दिनेहरूको फौजदारी जिम्मेवारी एवं थाहा पाएर पनि आफ्नो कमान्डअन्तर्गत अपराध हुन नदिन विफल हुने सैन्य कमान्डरहरूको फौजदारी जिम्मेवारीबारे उल्लेख छ।

बलपूर्वक बेपत्ता पार्ने कार्य वा बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्यलाई नेपाली कानुनअनुसार फौजदारी कसुर बनाइएको छैन, यद्यपि बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने मस्यौदा कानुन सरकारद्वारा सन् २००८ नोभेम्बरमा सार्वजनिक गरियो। अपहरण र बन्धक बनाउने कार्यलाई अपराधीकरण गर्दै मुलुकी ऐनमा गरिएको संशोधन सन् २००७ नोभेम्बरदेखि कार्यान्वयनमा आयो र यसले दोषी पाइएकाहरूलाई बढीमा १५ वर्षको जेल सजाय दिने व्यवस्था गरेको छ। बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने कानुनको अभावमा न्याय प्राप्तिका प्रयासहरू मृत्यु भएको भनी प्रमाणित गर्न सकिने ती घटनाको अनुसन्धान र अभियोजनका लागि खाकाका रूपमा रहेको कर्तव्यजानसम्बन्धी आम फौजदारी निषेधहरू[१०३] मा निर्भर रहेका छन्। यी प्रयासहरूले गम्भीर अवरोधहरूको सामना गरेका छन्। नेपाली कानुन[१०६]ले यस्ता अपराधहरूमा नेप्रले अनुसन्धान गर्ने माग गरे तापनि, जाहेरी दरखास्त (एफआईआर) दर्ता गर्न तथा उचित अनुसन्धान गर्न प्रहरी अनिच्छुक रहेका छन्। [१०७] त्यसैले, बेपत्ता पार्ने घटनाका सम्बन्धमा कानुन र प्रहरीका अभ्यास दुवैको तहमा सुधारको आवश्यकता छ। त्यसैले उच्चायुक्तको कार्यालय त्यस्ता घटनाहरूमा विशेष अनुसन्धान/अभियोजनात्मक एकाइको गठन गर्ने सिफारिस गर्दछ।

बर्दिया जिल्लामा बेपत्ता पारिएको घटनाका सम्बन्धमा, २०५८ फागुन २७ गते पक्राउ गरी ठाकुरद्वारा गाविसस्थित शानेसेको ब्यारेकमा थुनिएको र पछि बेपत्ता पारिएको भनिएका नेउलापुर गाविसका २९ वर्षीय केशरबहादुर बस्नेतको मात्र जाहेरी दरखास्त दर्ता गरिएको उच्चायुक्तको कार्यालयलाई थाहा छ। पीडितको नाम सन् २००६ जुलाईमा प्रकाशित बेपत्तासम्बन्धी न्यौपाने समितिको प्रतिवेदनमा समावेश गरिएको थियो, जसमा नेसेलाई उद्धृत गर्दै सन् २००२ अप्रिलमा भिडन्तमा पीडित मारिएको भनी उल्लेख गरिएको थियो। तर, उच्चायुक्तको कार्यालयका अनुसन्धानले यस्तो नभएको र उनी पक्राउ गरिएपछि बेपत्ता भएको देखाउँछन्।

---

[९९] *शर्मा विरुद्ध नेपाल,* पत्र सङ्ख्या १४६९/२००६ (२०६५ कात्तिक २१), संयुक्त राष्ट्रसङ्घ दस्तावेज सीसीपीआर/सी/९४/डी/ १४६९ /२००६, अनुच्छेद।

[१००] ऐ, धारा ६.१।

[१०१] ऐ, धारा ७.१।

[१०२] यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, धाराहरू ४(१) तथा (२), ५(२) र ७(१)।

[१०३] मुलुकी ऐन, कर्तव्यज्यानसम्बन्धी महल।

[१०६] सरकारी मुद्दासम्बन्धी ऐन, २०४९।

[१०७] ह्युमन राइट्स वाच र एड्भोकेसी फोरम, वेटिङ फर जस्टिस, अनपनिस्ड क्राइम फ्रम नेपाल्स आर्म्ड कन्फ्लिक्ट, २००८ सेप्टेम्बर।

केशरबहादुर बस्नेत कहाँ छन् भन्ने कुरा अज्ञात रहे तापनि, माथि उल्लेख गरिएको बेपत्ता पार्ने कार्य अपराध नभएका कारणले निजको परिवारले "पक्राउपछि हत्या गरिएको" अभियोगमा पछि एउटा जाहेरी दरखास्त दर्ता गर्ने कोसिस गऱ्यो। २०६३ फागुन २ गते बर्दिया जिल्ला प्रहरी कार्यालयमा पेस गरिएको दरखास्तलाई नेप्रले सुरुमा दर्ता गर्न अस्वीकार गरेको थियो। अन्ततः २०६३ फागुन १७ गते प्रजिअ - जसले घटनाको अनुसन्धान गर्न पनि आदेश दिएका थिए - को निर्देशनपछि यो दरखास्त दर्ता गरियो। तर, नेप्रले सक्रिय रूपमा सो कार्य गरेको छैन।

कसुरका रूपमा परिभाषित बेपत्ता पार्ने कार्य गरेका भनी आरोपित नेसेका कर्मचारीको पुर्पक्ष विशेष सैनिक अदालतद्वारा हुनुपर्ने भनी सन् २००६ को सैनिक ऐनमा भएको व्यवस्था बेपत्ता पार्ने कार्यको अभियोजनमा हुन सक्ने थप अर्को व्यवधान हो। विशेष सैनिक अदालतमा पुनरावेदन अदालतका एक न्यायाधीश, रक्षा मन्त्रालयका सचिव र नेसेका प्राड विभागका प्रमुख रहेका हुन्छन् र यसका निष्कर्षहरूविरुद्ध नेपालको सर्वोच्च अदालतमा पुनरावेदन गर्न सकिन्छ। बेपत्ता पार्ने कार्यलाई राष्ट्रिय कानुनअन्तर्गत हाल फौजदारी कसुर भनी परिभाषा नगरिएको हुनाले यस्ता घटनामा विशेष सैनिक अदालतको क्षेत्राधिकार स्थापना गर्नमा सीमागत समस्याहरू छन्। यसका साथै, बेपत्ता पार्नेजस्ता घटनाहरूलाई सैनिक न्यायको अधीनमा ल्याउनुभन्दा तिनको पुर्पक्ष नागरिक अदालतमा गरिनुपर्छ भनी अन्तर्राष्ट्रिय मापदण्डहरूले स्पष्ट रूपमा उल्लेख गरेका छन्। *दण्डहीनताविरुद्ध लड्न सिद्धान्तहरूको अद्यावधिक सँगालो*मा उल्लेख गरिएजस्तै, सैनिक न्यायाधीकरणको क्षेत्राधिकार विशिष्ट रूपमा सैनिक कसुरहरूमा मात्र सीमित गरिनुपर्छ र यसलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय/अन्तर्राष्ट्रियकृत अदालतहरूको क्षेत्राधिकारअन्तर्गत आउने मानवअधिकारको उल्लङ्घनका निम्ति प्रयोग गरिनु हुँदैन।

### *९.३.३: परिपूरणलगायतका न्यायिक उपचारहरू*

मानवअधिकार उल्लङ्घनका पीडितहरूलाई न्यायिक उपचारको अधिकार हुनु अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको एउटा मौलिक सिद्धान्त हो। आईसीसीपीआरले "पदीय हैसियतले कार्य गर्ने व्यक्तिहरूबाटै अधिकारको उल्लङ्घन गरिए तापनि" अधिकारहरूको उल्लङ्घन भएका कुनै पनि व्यक्तिलाई प्रभावकारी न्यायिक उपचारको अधिकार हुनेछ भन्ने कुरालाई मान्यता दिएको छ।[१०४] पक्ष राष्ट्रहरूलाई आफ्ना न्यायिक उपचारको दाबी गर्ने व्यक्तिहरूले दक्ष, न्यायिक वा व्यस्थापकीय राज्यअधिकारीहरूद्वारा निर्धारित तिनका अधिकार पाऊन् भन्ने कुरा सुनिश्चित गर्न र न्यायिक उपचारका सम्भावनाहरूको विकास गर्न एवं यी उपचारहरूलाई राज्यअधिकारीहरूले पालना गरून् भन्ने कुरा सुनिश्चित गर्न आवश्यक हुन्छ।[१०५]

मानवअधिकार समितिले "पहुँचयोग्य र प्रभावकारी न्यायिक उपचार" उपलब्ध गराउने दायित्वको अर्थलाई थप विस्तार गरेको छ। उक्त विषयसम्बन्धी आम टिप्पणीमा, समितिले आरोपहरूको अनुसन्धान गर्ने तथा कुनै पनि चालु उल्लङ्घनलाई अन्त्य गर्ने आवश्यकतालाई उल्लेख गर्नेबाहेक, प्रत्यवस्थापन, पुनर्व्यवस्थापन तथा सन्तुष्टिका उपायहरूलगायतका उपयुक्त परिपूरणको महत्त्वमाथि जोड दिएको छ। परिपूरणमा सार्वजनिक क्षमायाचना, सार्वजनिक स्मारक निर्माण, पुनरावृत्ति नहुने कुराको प्रत्याभूति र सम्बद्ध कानुन तथा चलनहरूमा परिवर्तन, एवं मानवअधिकार उल्लङ्घनका पीडकहरूलाई न्यायको कठघरामा ल्याउने कुरा पर्दछन्।[१०६] निरन्तरका उल्लङ्घनहरूलाई छल्न अस्थायी वा अन्तरिम उपायहरूको व्यवस्था गर्न तथा कार्यान्वयन गर्न र यस्ता उल्लङ्घनहरूबाट पुग्न गएको हानिलाई जतिसक्दो चाँडो सुधार गर्न पनि राज्यलाई आवश्यक पर्न सक्छ।[१०७]

त्यस्तै, पीडितका लागि न्यायिक उपचार (परिपूरणसहित) उपलब्ध गराउने यो मापदण्डलाई यातनाविरुद्धको महासन्धि (धारा १४) एवं *दण्डहीनताविरुद्ध लड्न संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त, न्यायिक उपचार र परिपूरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त र मार्गनिर्देशन* जस्ता अझ सामान्य संयुक्त राष्ट्रसङ्घीय दस्तावेज र बलपूर्वक बेपत्ता पार्ने कार्यसँग मात्र सम्बन्धित[१०८] लिखतहरूमा जोड दिइएको छ। पीडितहरूको न्यायिक उपचारको अधिकारको रेखाङ्कन गर्दै *न्यायिक उपचार परिपूरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त तथा मार्गदर्शन*ले विशेषगरी अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको घोर उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनहरू दुवैलाई उल्लेख गरेको छ। आधारभूत सिद्धान्तहरूले क्षतिपूर्तिका अन्य गैरमौद्रिक स्वरूपहरूलाई समावेश गर्न तथा परिपूरणसम्बन्धी उपायहरूलाई कार्यान्वयन गर्ने तरिकाहरूको रेखाङ्कन गर्न परिपूरणहरूको विस्तारित दायरालाई पुनःपुष्टि गर्दछन्।

नेपालमा, सर्वोच्च अदालतको २०६४ जेठको निर्णयअनुसार, बर्दिया जिल्लामा बेपत्ता पारिएका चार व्यक्तिका परिवारलगायत सर्वोच्च अदालतद्वारा सुनुवाइ गरिएका घटनामा सरकारले ती परिवारहरूलाई रु १ लाख तत्कालका लागि राहत उपलब्ध गराएको भनिएको छ। त्यसबाहेक, माथि पनि उल्लिखित सन् २००७ नोभेम्बरमा भएको दोस्रो आदेशपछि बर्दिया जिल्लामा बेपत्ता भएका अरू पाँचजनाका परिवारहरूलाई तत्काल आर्थिक क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने थियो। तर, बर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूका आफन्तहरूमध्ये अधिकांशले अहिलेसम्म सरकारबाट कुनै आर्थिक वा अन्य सहयोग पाएका छैनन्। शान्ति तथा पुनर्निर्माण

[१०४] आईसीसीपीआर, धारा २(३)(क)।

[१०५] आईसीसीपीआर, धारा २(३)(ख) र (ग)।

[१०६] सामान्य टिप्पणी नम्बर ३१, पूर्व उल्लिखित कृति, पादटिप्पणी ६, अनु. १६।

[१०७] ऐ, अनुच्छेद १९।

[१०८] बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्रको धारा १९; बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २४ (४) र (५) हेर्नुहोस्।

मन्त्रालयका अनुसार, सन् २००८ नोभेम्बरमा मन्त्रिपरिषद्ले बेपत्ता पारिएकाहरूका सबै परिवारलाई तत्काल राहतस्वरूप १,००,००० रुपैयाँ उपलब्ध गराउने निर्णय गर्‍यो। रकम प्रदान गर्ने मार्गनिर्देशिका सो मन्त्रालयले बनाइरहेको बताइएको छ।

बेपत्ता पारिएकाहरूका परिवारहरूसँगको परामर्शमार्फत् सबै प्रकारका उपयुक्त परिपूरणको योजनाबद्ध प्रावधान सुनिश्चित गर्ने कार्यक्रमको आवश्यकता अद्यापि छँदैछ। क्षतिपूर्तिबाहेक, यस्ता परिपूरणमा चिकित्सा सेवा, सामाजिक सेवा, सार्वजनिक क्षमायाचना, पीडितहरूको स्मारक निर्माण र संस्थागत सुधार पर्न सक्छन्। राज्यअधिकारीहरूसमक्ष पेस गरिएका मागहरूमा र उच्चायुक्तको कार्यालयसँग भएका बैठकमा, बर्दिया जिल्लामा बेपत्ता भएकाहरूका परिवारहरूले आफ्ना आधारभूत आवश्यकताहरू पूरा गरियोस् भनेर क्षतिपूर्ति र तत्कालका लागि राहतमा मात्र जोड दिएनन्, बेपत्ता पारिएका आफन्तहरूको स्मारक निर्माण, बेपत्ता पारिएकाहरूका परिवारहरूले सहेको हानिको सार्वजनिक स्वीकारोक्ति तथा शिक्षाका लागि व्यावसायिक तालिम र सहयोगको आवश्यकतामा पनि जोड दिए। यस प्रतिवेदनको प्रकाशनको समयमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले बेपत्ता पारिएकाहरूका परिवारलगायतका द्वन्द्वपीडितलाई क्षतिपूर्ति दिने सम्बन्धी निर्देशिका तयार गरिरहेको छ भनिएको छ।

# अध्याय १०: निष्कर्षहरू

बेपत्ता पार्ने कार्य तथा तीसँग सम्बन्धित दुर्व्यवहारहरू अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनअन्तर्गत नेपालका दायित्वअन्तर्गतका सर्वाधिक गम्भीर उल्लङ्घनहरूमध्ये पर्दछन्। पीडितहरूको अवस्थाबारेको जानकारीको अभावले जानकारीको खोजी गर्ने तिनका आफन्तहरूको वेदनालाई धेरै वर्षसम्म लम्ब्याउँछ। यस प्रतिवेदनले बेपत्ता पारिएकाहरूको अवस्था वा उनीहरू कहाँ छन् भन्ने कुरा बताउने, अनुसन्धान गरी जिम्मेवारहरूलाई अभियोजन गर्ने तथा बेपत्ता पार्ने कार्यबाट पीडित भएकाहरूलाई पर्याप्त परिपूरण उपलब्ध गराउन राज्यले तत्काल कदम चाल्नेलगायतका सत्य, न्याय तथा परिपूरणमाथिको पीडितहरूको अधिकारमा राज्यले प्रतिक्रिया गर्नुपर्ने दायित्वहरूमाथि पहिल्यै प्रकाश पारिसकेको छ।

सन् २००६ मईमा युद्धविरामले आफन्तहरू र प्रत्यक्षदर्शीहरूलाई अगाडि आउन अलि सजिलो र सुरक्षित बनाएपछि बर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूको कथा बढी पूर्ण रूपमा आउन थाल्यो। माथि जनाइएझैँ, उच्चायुक्तको कार्यालयले बर्दिया जिल्लामा बलपूर्वक बेपत्ता पारिएका २०० भन्दा बढी घटनाबारे जानकारी प्राप्त गरेको छ र तीमध्ये १५६ वटाको उच्चायुक्तको कार्यालयले अनुसन्धान गर्न सक्यो। सुरक्षाफौजद्वारा पक्राउ गरिएपछि पीडितहरू बेपत्ता पारिएका थिए। विशेषगरी शानेसेले आशङ्काको कुनै आधार भए पनि नभए पनि नेकपा (माओवादी)सँग सम्बन्ध भएको आशङ्का गरिएका जोसुकैलाई पनि थुनामा राखी योजनाबद्ध रूपमा यातना दिने कार्य गर्‍यो। पक्राउ गरिएकाहरूमध्ये अधिकांश अन्ततः रिहा गरिए र धेरैजनालाई अस्थायी रूपमा बलपूर्वक बेपत्ता पारिएपछि रिहा गरिएको थियो। तर यस प्रतिवेदनमा अभिलेख गरिएका मानिसहरूको अवस्था र ती कहाँ छन् भन्ने कुरा अझै अज्ञात छ।

बेपत्ता पारिएकाहरूमध्ये अधिकांश वर्षौंदेखि अत्यन्त सीमान्तीकृत तथा भेदभावकृत भएर विशेष जोखिममा रहेका थारू समुदायका थिए। बेपत्ता पारिएका अन्य पनि सर्वाधिक सुविधाविहीन समुदायका थिए। नेकपा (माओवादी)लाई समर्थन गर्ने भनी ठानिएकाले सुरक्षाफौजद्वारा धेरैजना लक्ष्यित गरिएका थिए। आफ्ना प्रियजनहरूलाई मुक्त गर्न वा अदालतसमक्ष लैजान प्रभावकारी रूपबाट वकालत गर्न सक्षम हुन संसाधन र राज्यअधिकारीहरूसँगको पहुँचको पीडितहरूका परिवारसँग अधिकांशतः अभाव थियो। त्यस बेला यस्ता मुद्दाहरूमा हस्तक्षेप गर्ने मानवअधिकार रक्षकहरूले उल्लेख्य खतरा सामना गर्नुपरेको थियो।

सङ्कलित जानकारीका अनुसार शानेसेका तीनवटा एकाइहरू स्वेच्छाचारी पक्राउ गर्ने, गोप्य रूपमा थुनामा राख्ने तथा बलपूर्वक बेपत्ता पार्ने कार्यमा संलग्न थिए: भीमकाली गुल्म, बरख गुल्म (जुन त्यस अवधिमा गणमा बढुवा गरिएको थियो) र रणसुर गुल्म - ती सबै शानेसेका चौथो वाहिनी र पश्चिम पृतनाको कमान्डअन्तर्गत पर्दथे। यस प्रतिवेदनमा देखाइएजस्तै, चिसापानी ब्यारेकमा यातना योजनाबद्ध रूपबाट हुन्थ्यो। उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित जानकारीले बेपत्ता पारिएका कैयौं व्यक्तिहरू सुरक्षाफौजद्वारा पक्राउ गरेपछि गोप्य रूपबाट हिरासतमा मारिएका थिए भन्ने सङ्केत गर्दछ। यी दुर्व्यवहारहरूको गहिराइ तथा तिनलाई हुन नदिन आवश्यक कार्य गर्नमा भएको विफलतालाई हेर्दा पश्चिम पृतनाको नेतृत्वले समग्र जिम्मेवारी लिनुपर्छ। सुरक्षाफौज र तत्कालीन सरकारको पदसोपानभित्रको बृहत्तर कमान्ड जिम्मेवारीको शृङ्खला पनि यकिन गर्नुपर्छ। केही थुनुवाहरूबारे गलत जानकारी उपलब्ध गराएर तिनलाई के भयो भन्ने कुरा ढाकछोप गर्ने नेसेका प्रयत्नहरूको पनि उच्चायुक्तको कार्यालयले अभिलेख गरेको छ। नेप्र र सप्रबको थोरै सङ्ख्यामा यी बलपूर्वक बेपत्ता पार्ने कार्यमा भएको संलग्नताबारे पनि अनुसन्धान गर्नु आवश्यक छ।

यसका अतिरिक्त उच्चायुक्तको कार्यालयले नेकपा (माओवादी)द्वारा भएका बलपूर्वक बेपत्ता पार्ने कार्यसरहका कार्य र तीमध्ये केहीलाई यातना दिइएको १४ वटा घटनाको अभिलेखन गर्‍यो। नेकपा (माओवादी)द्वारा लक्ष्यित गरिएकाहरूमध्ये अधिकांशलाई सुराकी वा "क्रान्तिका शत्रु" भएको आरोप लगाइएको थियो। चौधवटा घटनामा उच्चायुक्तको कार्यालयको अनुसन्धानपछि, सो दलको नेतृत्वले १२ जना मारिएको कुरा यस कार्यालयसँग स्वीकार गर्‍यो र शवहरू भेटी परिवारजनलाई जानकारी दिन आफूले प्रयास गर्ने आश्वासन दियो। स्वीकार गर्ने कार्य बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था थाहा पाउनेतर्फको सकारात्मक कदम भए पनि अपहरण र हत्याको पूर्ण परिस्थिति एवं शरीरको अवशेष कहाँ छ भन्नेबारे खुलाउनैपर्छ र हत्याका लागि जिम्मेवारहरू - हत्या गर्ने आदेश दिने राजनीतिक कार्यकर्ता तथा हत्या गर्ने जनमुक्ति सेना वा अन्य माओवादी सदस्य दुवैथरी - लाई पहिचान गरी जवाफदेही बनाउनैपर्छ। त्यस्ता अपहरण र हत्याहरूलाई दलको नीति र "कारबाही" अन्तर्गत भएको भनेर व्याख्या गरिए पनि पदअनुसारको जिम्मेवारीभित्र तिनको थप अनुसन्धान आवश्यक हुन्छ।

सत्यप्रति पीडितहरूको अधिकार तथा परिवारहरूले हाल सहिरहेको पीडालाई सम्बोधन गर्न सुरक्षाफौजद्वारा पक्राउ गरिएपछि वा नेकपा (माओवादी)को अपहरणपछि बेपत्ता पारिएकाहरू कहाँ छन् भन्ने कुरा वा अवस्था एवं शरीरका अवशेष रहेको ठाउँबारे स्पष्टीकरण दिने कार्य सरकारको जरुरी प्राथमिकता हुनैपर्छ। त्यसैले सन् २००८ नोभेम्बरको मध्यमा सरकारद्वारा बेपत्ता पार्ने कार्यसम्बन्धी मस्यौदा कानुन (आयोगको स्थापनालगायत) जारी गरी मन्त्रिपरिषद्द्वारा अनुमोदन गरिनु एउटा सकारात्मक घटना हो। आयोगको स्थापना यस प्रतिवेदनमा उल्लिखित घटनासँग सम्बन्धित व्यक्तिहरूसमेत बेपत्ता पारिएकाहरूको अवस्था खुलाउनेतर्फको एउटा महत्त्वपूर्ण कदम हुन सक्छ। तर आयोग विश्वसनीय, स्वतन्त्र तथा निष्पक्ष हुनैपर्छ र यसलाई आफ्ना कार्य प्रभावकारी रूपमा पूरा गर्न दिन पर्याप्त संसाधन उपलब्ध गराउनैपर्छ।

यस प्रतिवेदनमा अनुसन्धान गरिएका बेपत्ता पार्ने कार्यहरू अन्तर्राष्ट्रिय मानवअधिकार दायित्व र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनभित्र पर्दछन्। अन्तर्राष्ट्रिय कानुनअन्तर्गत, नेपाल राज्यसँग त्यस्ता उल्लङ्घनका लागि जिम्मेवारहरूबारे पूर्णतया अनुसन्धान गर्ने तथा तिनलाई न्यायको कठघरामा ल्याउने दायित्व रहेको छ। यस प्रतिवेदनले यी उल्लङ्घनका पीडकहरूले उपभोग गरिरहेको चालु दण्डहीनतामाथि प्रकाश पारेको छ। माथि कानुनी खाका सम्बन्धमा उल्लेख गरिएको अध्यायमा चर्चा गरिएजस्तै, बेपत्ता पार्ने कार्यमा प्राय अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनसरह हुन सक्ने आरोपित कार्य पर्दछन्। यस प्रतिवेदनमा

अध्ययन गरिएका घटनाहरूमा शानेसे तथा नेकपा (माओवादी) दुवैद्वारा भएका कार्यहरू - विशेषगरी यातना र अभद्र व्यवहार, हत्या र यौनहिंसाका गम्भीर आरोपहरू - मा युद्ध अपराधसरह हुन सक्ने प्रमाणहरू देखिन्छन् ।

अन्तर्राष्ट्रिय कानुनअन्तर्गत, बलपूर्वक बेपत्ता पार्ने कार्य र युद्ध अपराधका लागि आममाफी हुन सक्दैन । तसर्थ बेपत्ता पार्ने कार्यबाट पीडित तथा तिनका आफन्तहरूको न्याय प्राप्तिको अधिकार सुनिश्चित गर्ने आफ्नो दायित्व पूरा गर्न उपाय अवलम्बन गर्नु सरकारका लागि अनिवार्य हुन्छ । जिम्मेवारहरूविरुद्ध अभियोजन गराउने उद्देश्यले बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्नु तथा पूर्ण फौजदारी अनुसन्धान गर्ने कानुन बनाउनु तत्काल प्रमुख कदम हुनेछ । सन् २००८ नोभेम्बरको मध्यमा बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने मस्यौदा कानुन सार्वजनिक गर्ने कार्य यस सम्बन्धमा एउटा स्वागतयोग्य कदम हो । यी कसुरहरूको राजनीतिक प्रकृति तथा अनुसन्धान र पुर्पक्ष प्रक्रियामाथिको आस्था सुनिश्चित गर्नुपर्ने कुरामाथि विचार गर्दा स्वतन्त्र अनुसन्धान र अभियोजन सुनिश्चित गर्न विशिष्ट कदम चालिनुपर्छ । जवाफदेहीताका लागि न्यायिक तथा गैरन्यायिक दुवै प्रक्रियामा पीडित तथा प्रत्यक्षदर्शीहरूको सुरक्षा सुनिश्चित गरिनुपर्छ ।

परिपूरण पनि जरुरी प्राथमिकता हुन् । पहिल्यै सर्वाधिक गरिब तथा सुविधाविहीन समुदायका बेपत्ता पारिएकाहरूका धेरै परिवारले परिवारको पालनपोषण गर्ने व्यक्ति गुमाएर थप आर्थिक कठिनाइबाट पीडित हुनुपर्‍यो र उनीहरूको आर्थिक र सामाजिक अधिकारको उपभोगको क्षति भयो । द्वन्द्वपीडितहरूका अधिकांश आफन्तहरूले सरकारबाट कुनै पनि प्रकारको आर्थिक वा अन्य सहयोग पाएका छैनन् । तसर्थ सन् २००८ नोभेम्बरमा मन्त्रिपरिषद्ले गरेको बेपत्ता पारिएकाहरूका परिवारलाई तत्काल राहत उपलब्ध गराउने निर्णय एउटा स्वागतयोग्य कदम हो । बेपत्ता पारिएकाहरूका परिवारसँगको परामर्शमार्फत् पूर्ण प्रकारका उपयुक्त परिपूरण उपलब्ध गराउने एउटा विस्तृत र पारदर्शी कार्यक्रमको आवश्यकता छ ।

अन्ततः बर्दिया जिल्लामा भूमि वितरण तथा आर्थिक संसाधनमाथि थारू आदिवासीलगायतका सीमान्तीकृत समुदायको पहुँचको प्रश्न बेपत्ता पार्ने कार्यभित्र अन्तरनिहित द्वन्द्वका मूल कारणहरूमध्ये एक हो भनी यस प्रतिवेदनले प्रकाश पार्दछ । विस्तृत शान्ति सम्झौताले ती पक्षहरूलाई भूमिसुधार कार्यक्रम तयार पार्न आवश्यक बनायो । सन् २००८ डिसेम्बरको सुरुमा सरकारले उच्चस्तरीय भूमिसुधार आयोगको गठन गर्‍यो भनियो । आदिवासी जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको स्थितिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकले आफ्नो हालैको नेपाल भ्रमणका क्रममा भनेझैं, शान्ति प्रक्रियाले संविधानसभामा भएको राजनीतिक प्रतिनिधित्वको वृद्धि तथा सन् २००७ अगस्टमा आदिवासी तथा कबिलाहरूसम्बन्धी आईएलओ अभिसन्धि १६९ लाई गरिएको अनुमोदनलगायत आदिवासी तथा सीमान्तीकृत समुदायहरूका अधिकारका सम्बन्धमा स्वागतयोग्य प्रगति देखेको छ । सीमान्तीकृत समुदायहरूको भलाइका लागि संविधान निर्माण प्रक्रियाको खाकामा तथा निजामती सेवा र सुरक्षाफौजमा आरक्षणका रूपमा समेत कैयौं सकारात्मक उपायहरू अवलम्बन गर्ने योजना पनि बनाइएको छ । द्वन्द्व तथा यस प्रतिवेदनमा अभिलेखन गरिएका उल्लङ्घनहरूको जरामा रहेको सीमान्तीकरणको इतिहासलाई सम्बोधन गर्न भूमि तथा संसाधनमाथि अधिकार सुरक्षित गर्नेलगायत थप सुदृढ तथा संकेन्द्रित उपायहरू तुरुन्त आवश्यक छन् ।

सम्बन्धित पक्षहरूद्वारा पटकपटक गरिएका कारबाहीका वाचाहरू अपूर्ण रहिरहेकाले तिनले आशा जगाए र निराशा ल्याए । नेपालको नवनिर्वाचित सरकारले वर्षौंको द्वन्द्वपछि नेपाललाई रूपान्तरण गर्ने प्रक्रियाको थालनी गरेकाले, यस प्रतिवेदनमा उल्लेख गरिएका जस्ता विगतमा भएका उल्लङ्घनहरूलाई सम्बोधन गर्ने कार्य अत्यन्त चुनौतीपूर्ण हुनेछ । यो कार्य बेपत्ता पार्ने कार्यबाट पीडित व्यक्ति तथा तिनका परिवारहरूको सत्य, न्याय र क्षतिपूर्तिको अधिकारलाई सुनिश्चित गर्नमात्र महत्त्वपूर्ण छैन नेपालमा कानुनी शासनका लागि अझ बलियो जग हाल्न पनि महत्त्वपूर्ण छ ।  वि.सं. २०६५ असोज १० गते संयुक्त राष्ट्रसङ्घीय महासभालाई दिएको आफ्नो सम्बोधन भाषणमा प्रधानमन्त्रीले सरकारले नेपालमा दण्डहीनताको वातावरणलाई अन्त्य गर्नेछ भनी आश्वासन दिनुभयो । उच्चायुक्तको कार्यालय आफ्नो कार्यादेशअनुसार यस महत्त्वपूर्ण कार्यमा सरकारलाई सघाउन तयार रहेको छ ।

# अध्याय ११: सिफारिसहरू

राज्य र नेकपा (माओवादी) दुवैद्वारा गरिएका बेपत्ता पार्ने कार्यसम्बन्धी यी सिफारिसहरू यस्ता उल्लङ्घनहरूलाई सम्बोधन गर्ने प्राथमिक भूमिका नेकपा (माओवादी)ले नेतृत्व गरेको सरकार र राज्यका अन्य निकायहरूको भएको हुनाले ती संस्थाप्रति मुख्यतया लक्ष्यित छन् । तर, द्वन्द्वको एउटा पक्षका रूपमा शव राखिएका ठाउँबारे जानकारी उपलब्ध गराउने र जिम्मेवारहरूलाई जवाफदेही बनाउन गरिने कुनै पनि अनुसन्धानलाई सहयोग गर्ने दोहोरो दायित्वका कारण सानो सङ्ख्यामा सिफारिसहरू नेकपा (माओवादी)प्रति नै लक्ष्यित छन् ।

विशेषगरी, बेपत्ता पार्ने कार्यबारे अध्ययन गर्ने जाँचबुझ आयोग स्थापना गर्ने, बेपत्ता पार्ने कार्यलाई अपराध ठहर गर्ने तथा बेपत्ता पारिएकाहरूका परिवारहरूलाई तत्काल राहतको व्यवस्था गर्ने कुरालाई तत्काल चाल्नुपर्ने कदमका रूपमा उच्चायुक्तको कार्यालय सिफारिस गर्दछ ।

<u>सरकारलाई सिफारिस</u>

**उच्चायुक्तको कार्यालय सरकारलाई देहायका कार्य गर्न सिफारिस गर्दछः**

<u>सर्वोच्च अदालतको निर्णय</u>

- सरकारलाई देहायका कार्य गर्न आदेश दिएको सर्वोच्च अदालतको २०६४ जेठको निर्णयलाई पूर्ण रूपमा कार्यान्वयन गर्नेः

१. अन्तर्राष्ट्रिय मापदण्डअनुरूप द्वन्द्वसँग सम्बन्धित बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग स्थापना गर्ने;

२. बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा अन्य अन्तर्राष्ट्रिय कानुनी मापदण्डअनुसार बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्न कानुन बनाउने;

३. बलपूर्वक बेपत्ता पार्ने कार्यमा जिम्मेवार व्यक्तिहरूलाई अभियोजन गर्ने; र

४. पीडितका परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने ।

<u>बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोग (आयोग)</u>

- आयोगको स्थापना र सञ्चालनबारे बेपत्ता पारिएकाहरूका परिवारहरू तथा अन्य पीडितलगायतसँगको वास्तविक परामर्शलाई सुनिश्चित गर्ने ।
- बर्दिया जिल्लामा भएका बेपत्ता पार्ने कार्यबारे जिल्लाको भ्रमण गर्ने तथा बेपत्ता पारिएका व्यक्तिका आफन्तहरूले आयोगलाई सुरक्षित वातावरणमा प्रमाण दिन सक्ने कुरालाई सुनिश्चित गर्नेलगायतका कार्य गरेर आयोगले अनुसन्धान गर्ने कुरालाई सुनिश्चित गर्ने ।
- जुन परिस्थितिमा व्यक्तिहरू बेपत्ता पारिएका थिए ती परिस्थितिसहितको अनुसन्धानका निष्कर्षहरू सार्वजनिक गर्ने । बेपत्ता पारिएकाहरूका आफ्ना आफन्तहरूको अवस्था तथा उनीहरू कहाँ छन् भन्नेबारे सत्यतथ्य उपलब्ध गराउन यिनलाई व्यापक रूपमा प्रचारप्रसार गर्नुपर्छ र बेपत्ता पारिएकाहरूका परिवारहरूलाई सोबारे बताइदिनुपर्छ ।
- पुनर्विवाह, अपुताली वा अन्य सुविधा प्राप्त गर्नमा रहेका बाधाहरूलाई हटाउन मृत्यु प्रमाणपत्र जारी गर्ने अधिकारजस्ता बेपत्ता पारिएका व्यक्तिका परिवारहरूका व्यावहारिक आवश्यकताहरूलाई सम्बोधन गर्न आवश्यक अधिकारहरू आयोगलाई होस् भन्ने कुरा सुनिश्चित गर्ने ।

<u>बेपत्ता पार्ने कार्यको अपराधीकरण तथा सम्बद्ध अन्तर्राष्ट्रिय अपराधहरू</u>

- बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने कानुनले यसलाई अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुसार एउटा अविच्छिन्न कसुरका रूपमा मान्यता देओस् भन्ने कुरालाई सुनिश्चित गर्न ।
- बेपत्ता पार्ने कार्यको फौजदारी कसुरका लागि कुनै पनि कानुनी सीमा लामो अवधिको हुनुका साथै कसुरको चरम गाम्भीर्यसँग समानुपातिक होस् र यसको अविच्छिन्न प्रकृतिलाई ध्यानमा राखेर बेपत्ता पार्ने कार्यको कसुर सकिएको क्षणबाट यो सुरु हुने कुराको सुनिश्चित गर्ने ।
- बेपत्ता पार्ने कार्यका पीडकहरूलाई फौजदारी कारबाहीबाट उन्मुक्ति दिन सक्ने कानुनी, प्रशासनिक वा न्यायिक स्वरूपको क्षमादानसम्बन्धी कानुन निर्माण नगर्ने वा नबनाउने वा त्यस्तै उपाय अवलम्बन नगर्ने ।
- सम्बद्ध अन्तर्राष्ट्रिय अपराध विशेषगरी यातना, युद्ध अपराध र बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी मानवतावादविरुद्धको अपराधहरूलाई अपराधीकरण गर्ने सम्बन्धमा उस्तै कदमहरू चाल्ने ।

<u>फौजदारी अनुसन्धान तथा अभियोजन</u>

- महान्यायाधिवक्ताको कार्यालयअन्तर्गत रहने गरी क्रियात्मक स्वायत्ततासहितको विशेष अभियोजकको नेतृत्वमा एक वा सोभन्दा बढी विशेष अनुसन्धान तथा अभियोजन एकाइ(हरू) स्थापना गर्ने । बेपत्ता पार्ने कार्यसँग सम्बन्धित आरोपित अपराधहरूबारे शीघ्र तथा पूर्ण अनुसन्धान गर्न र जसका विरुद्ध चेन अफ कमान्डको जिम्मेवारीलगायत फौजदारी जिम्मेवारीको प्रमाण छ तिनलाई नागरिक अदालतसमक्ष न्यायको कठघरामा उभ्याउने कुराको सुनिश्चित गर्न तीविरुद्ध अभियोगहरू लगाउन यी एकाइ(हरू)मा दक्ष तथा निष्पक्ष तालिमप्राप्त कर्मचारी हुनुपर्छ ।

- मृत्यु भएको भनी पुष्टि भएका बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा, चिहान निर्धारण गर्न सबै उपायहरू अपनाउने तथा उपयुक्त ढङ्गबाट शव उत्खनन गर्न, हुलियाको पुष्टि गर्न तथा परिवारलाई अवशेष फर्काउन प्राविधिक संरचना र विशेषज्ञता तयार गर्ने। मृत्युको कारण तथा सम्भाव्य फौजदारी जिम्मेवारीबारे आधिकारिक अनुसन्धानका सम्बन्धमा पीडितको अवशेष अत्यन्त महत्वपूर्ण प्रमाण हुनाले शव उत्खननका सबै कार्य आधिकारिक अनुसन्धानको खाकाभित्र रहेर गरिनुपर्छ।
- बेपत्ता पार्ने कार्यका पीडित तथा तिनका आफन्तहरूलाई आवश्यक परेमा कानुनी सहायता उपलब्ध गराउने कुरा सुनिश्चित गर्नुपर्ने।
- प्रत्यक्षदर्शी, बेपत्ता पारिएकाहरूका आफन्त, मानवअधिकार रक्षक र बेपत्ता पार्ने कार्य तथा अन्य मानवअधिकार उल्लङ्घनबारे अनुसन्धान वा वकालती कार्य गरिरहेका अरू व्यक्तिहरूविरुद्ध हुने अभद्र व्यवहार, डरत्रास वा प्रतिशोधबाट तिनलाई संरक्षण र सुरक्षाको प्रत्याभूति गर्ने। आधिकारिक अनुसन्धानमा सहयोग गरिरहेका व्यक्तिहरूका निम्ति प्रत्यक्षदर्शी संरक्षण कार्यक्रम ल्याउने।
- आयोगको गठन र अन्य कुनै पनि अनुसन्धान सुरु नभइन्जेल थुनासम्बन्धी अभिलेख खाता, केरकार गरिएका अभिलेख, शव गाडिएको ठाउँलगायत यी बेपत्ता पारिएका घटनामाथि प्रकाश पार्न सक्ने कुनै पनि प्रमाणलाई विज्ञहरूको सहयोगमा संरक्षण गर्नैपर्छ र हिरासतको श्रेणी स्थापना गर्नैपर्छ भनी सबै सुरक्षाफौजलाई आदेश जारी गर्ने। यस्ता प्रमाणहरूको विनाशलाई न्यायको बाटोमा बाधा पुऱ्याउने कार्यसरह फौजदारी कसुरका रूपमा लिइनुपर्छ।

परिपूरण

- सुरक्षाफौज बर्दियालगायतका जिल्लामा व्यापक रूपमा बेपत्ता पार्ने कार्यमा संलग्न भएको कुरालाई सार्वजनिक रूपमा आत्मसात् गर्ने।
- बेपत्ता पारिएकाहरूका परिवारहरूको पहिचान तथा स्वच्छ ढङ्गबाट तत्काल राहत कार्यको सञ्चालन सुनिश्चित गर्न पारदर्शी, सुप्रचारित र निष्पक्ष प्रक्रियाको स्थापना गर्ने। यस प्रक्रियाले आफन्त महिलाहरूले पाउनुपर्ने राहत पाउने र त्यसबाट पूर्ण रूपमा लाभ उठाउने कुराको सुनिश्चित गर्नैपर्छ।
- बर्दिया जिल्लामा भएकालगायतका बेपत्ता पारिएकाहरूका परिवारहरूलाई आधारभूत आवश्यकताहरू पूरा गर्ने कुरालाई प्राथमिकताका रूपमा सुनिश्चित गर्न सर्वोच्च अदालतद्वारा २०६४ जेठमा सुनुवाइ गरिएका घटनामा बेपत्ता पारिएकाहरूका सबै परिवारहरूलाई हालसम्म प्रदान गरिएको तत्काल राहतस्वरूप रु १ लाख प्रदान गर्ने।
- पीडितहरू (जस्तै, बेपत्ता पारिएकाहरूका आफन्तहरूलगायत बेपत्ता पार्ने कार्यको प्रत्यक्ष परिणामस्वरूप हानि भोगेका कुनै पनि व्यक्ति)ले भोगेको भौतिक तथा नैतिक क्षतिका निम्ति र पीडितहरूसँगको परामर्शको आधारमा शीघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्तिका लागि परिपूरणप्रतिको तिनका अधिकारहरू सुनिश्चित गर्न कानुनलाई लागू गर्ने। यिनमा स्मारक निर्माण गर्ने, बेपत्ता पारिएकाहरूका व्यक्तिका परिवारहरूले भोगेको हानिको सार्वजनिक स्वीकारोक्ति तथा पीडितका समूहहरूले माग गरेअनुसार बेपत्ता पारिएकाहरूका आफन्तहरूका निम्ति व्यावसायिक तालिम र शिक्षा हुनुपर्दछ।
- परिपूरण कार्यक्रमले आफन्त महिलाहरूले सामना गरेको आर्थिक कठिनाइ र सामाजिक भेदभावलाई विशेषगरी सम्बोधन गर्ने कुराको सुनिश्चित गर्ने। विशेषतः अझ बढी जोखिमयुक्त सामाजिक स्थितिमा महिलाहरूलाई राख्ने अवस्था नल्याउन कुनै पनि किसिमको मौद्रिक पारिश्रमिक एकमुष्ठ रकमको सट्टामा नभई पेन्सनका रूपमा दिइनुपर्छ।
- विधवालाई कलङ्कित पार्ने तथा सीमान्तीकृत तुल्याउने हालका परम्परा तथा रूढिवादी कुराहरूलाई सम्बोधन गर्न सचेतना अभियान सञ्चालन गर्ने।
- बेपत्ता पारिएका र त्यसपछि थुनाबाट रिहाई गरिएका पीडितहरूलाई दिइने परिपूरणमा आवश्यकताअनुसार औषधि सेवा र मनोसामाजिक सहायताको प्रावधान समावेश गर्ने कुरालाई सुनिश्चित गर्ने।
- बेपत्ता पारिएकाहरूका आफन्तको जीवनमा प्रभाव पार्ने मूल कारणहरूमध्येका भेदभावविरुद्धको अधिकार र जमिनमाथिको अधिकारलगायतका सामाजिक तथा आर्थिक अधिकारको उल्लङ्घनलाई सम्बोधन गर्ने। यसमा पूर्व कमैयाहरूको पुनर्स्थापनासम्बन्धी कानुनको कार्यान्वयनको सुनिश्चितता हुनुपर्छ।

राष्ट्रिय मानवअधिकार आयोगः

- द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्यका मुद्दाहरूलाई सम्बोधन गर्न कुनै पनि संयन्त्रको विकासमा आयोगसँग पूर्ण रूपमा परामर्श गर्ने।
- सरकारमा पेस गरिएका बर्दियामा बेपत्ता पार्ने घटनाहरूका सम्बन्धमा लगायत बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगका अनुसन्धान तथा सिफारिसहरूप्रति कुनै पनि जाँचबुझ आयोग तथा बेपत्ता पार्ने कार्यसम्बन्धी आधिकारिक अनुसन्धानद्वारा समुचित ध्यान दिइने कुरालाई सुनिश्चित गर्ने।

थुना अभिलेख

- सन् २००५ मा बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी कार्य समूहले गरेको सिफारिसअनुसार र एउटा प्रतिरोधात्मक उपायका रूपमा कुनै पनि थुना केन्द्रमा राखिएका थुनुवाहरूको पहुँचयोग्य, पूर्ण, यथार्थ र पूर्ण रूपमा अद्यावधिक सूचीहरूको प्रणाली सुनिश्चित गर्ने तथा सम्बद्ध सूचना थुनुवाहरूका परिवार, तिनका वकिल तथा आयोगलगायत नागरिक राज्यअधिकारीहरूलाई उपलब्ध गराउने कुरालाई सुनिश्चित गर्ने। यी सूचीहरू स्थानीय रूपमा नै राखिनुपर्छ र सबै थुनुवाहरूको नाम तथा ठाउँहरू भएको राष्ट्रिय पञ्जिका तयार पार्नुपर्छ।
- बेपत्ता पार्ने कार्य भएको विश्वास गरिएका ठाउँका सबै थुनुवा अभिलेख तथा दैनिक सञ्चालनमा आउने खाताहरू अदालत, कुनै पनि जाँचबुझ आयोग वा बेपत्ता पार्ने कार्यको अध्ययन गर्न गठित अन्य संयन्त्रलाई उपलब्ध गराउने कुराको सुनिश्चित गर्ने।

योगयताको मूल्याङ्कन ("Vetting")

- सन् २००१ डिसेम्बर र सन् २००३ जनवरीको बीचमा भीमकाली कम्पनी, बरखदल कम्पनी तथा गण, र रणसुर कम्पनीमा खटाइएका शानेसेका कर्मचारीलगायत संलग्न एकाइहरूको कमान्ड जिम्मेवारीमार्फत् प्रत्यक्ष वा परोक्ष रूपमा बेपत्ता पार्ने कार्यमा मुछिएका सुरक्षाकर्मीहरूलाई जिम्मेवारहरूको पहिचान गर्न उचित अनुसन्धान नभइन्जेल संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना मिसनमा सहभागिता र/वा विदेशमा तालिमका निम्ति प्रस्ताव नगरियोस् भन्ने कुराको सुनिश्चित गर्ने ।
- गम्भीर मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गर्ने सुरक्षाफौजका सदस्यहरू सुरक्षाफौजमा नरहने, अथवा नेकपा (माओवादी)का लडाकुहरूको हकमा तिनलाई सुरक्षाफौजमा समावेश नगरिने कुराको सुनिश्चित गर्न संयन्त्रको स्थापना गर्ने ।

सन्धिहरूको अनुमोदन

- सन् २००६ डिसेम्बरमा महासभाद्वारा अवलम्बन गरिएको बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्ने ।
- यातना तथा अन्य, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिको ऐच्छिक सन्धिपत्र (अपक्याट) (२००६), जसले अन्य कुराका अतिरिक्त यातना हुन नदिने उद्देश्यले यातना केन्द्रहरूको नियमित रूपमा भ्रमण गर्न एक वा सोभन्दा बढी स्वतन्त्र राष्ट्रिय निकायहरू गठन गर्नुपर्ने कुराको माग गर्दछ, त्यसलाई अनुमोदन गर्ने ।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई अनुमोदन गर्ने

डब्लुजीईआईडी

- सन् २००४ मा भएको आफ्नो भ्रमणको अनुवर्ती कार्यका लागि बलपूर्वक वा अनैच्छिक रूपमा बेपत्ता पार्ने कार्यसम्बन्धी कार्य समूहलाई नेपालको भ्रमण गर्न निमन्त्रणा दिने ।

## सुरक्षाफौजलाई सिफारिस

**उच्चायुक्तको कार्यालय सुरक्षाफौज (नेसे, नेप्र र सप्रब)लाई देहायका कार्य गर्न सिफारिस गर्दछः**

- गठन गर्न सकिने कुनै पनि जाँचबुझ आयोग र/वा विशेष अनुसन्धानात्मक तथा अभियोजनात्मक एकाइहरूलाई एवं बेपत्ता पार्ने कार्यसम्बन्धी अन्य आधिकारिक अनुसन्धानमा घरजग्गा परिसर, प्रत्यक्षदर्शी तथा शङ्कितहरूमा शीघ्र पहुँच दिएर तथा सबै कागजातहरू पूर्ण खुला गरेर पूर्ण रूपमा सहयोग गर्ने ।
- अन्तर्राष्ट्रिय कानुनले माग गरेअनुसार, सुरक्षाफौजका आफ्ना निकायहरूद्वारा बेपत्ता पारिएको भनिएका व्यक्तिहरूको अवस्था तथा उनीहरू कहाँ छन् भन्ने कुरा निरूपण गर्न शीघ्र तथा उचित आन्तरिक अनुसन्धान गर्ने, आफ्ना निष्कर्षहरूबारे बेपत्ता पारिएकाहरूका परिवारहरूलाई सूचित गर्ने र कुनै पनि जाँचबुझ आयोग र/वा विशेष अनुसन्धानात्मक तथा अभियोजनात्मक एकाइहरूलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि सबै सूचना उपलब्ध गराउने ।
- बर्दिया तथा अन्य जिल्लाहरूमा बलपूर्वक बेपत्ता पार्ने कार्य तथा सम्बद्ध उल्लङ्घनमा व्यक्तिगत रूपमा वा संलग्न एकाइहरूको कमान्ड जिम्मेवारीमार्फत् मुछिएका सुरक्षाफौजका कर्मचारीलाई निलम्बन गर्नेलगायतका कार्य गरेर उपयुक्त अनुशासनात्मक कारबाही गर्ने । यस्ता कारबाहीमा जिम्मेवार पाइएका जोसुकैलाई हटाउने कार्य पनि पर्नुपर्दछ ।
- बलपूर्वक बेपत्ता पार्ने कार्य तथा सम्बद्ध उल्लङ्घनमा व्यक्तिगत रूपमा वा संलग्न एकाइहरूको कमान्ड जिम्मेवारीमार्फत् मुछिएका सुरक्षाफौजका कर्मचारीहरूलाई जिम्मेवारहरूको पहिचान गर्न उचित अनुसन्धान नभइन्जेल संयुक्त राष्ट्रसङ्घीय शान्तिस्थापना मिसनमा सहभागिताका लागि प्रस्ताव नगरियोस् भन्ने कुरा सुनिश्चित गर्ने ।
- सन् २००५ मा बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी कार्य समूहले गरेको सिफारिसअनुसार, एउटा निवारात्मक उपायका रूपमा, थुनुवाहरूको पहुँचयोग्य, पूर्ण, यथार्थ र पूर्ण रूपमा अद्यावधिक सूचीहरू राख्ने र थुनुवाहरूका परिवार, तिनका वकिल तथा आयोगलगायत नागरिक राज्यअधिकारीहरूलाई त्यसबारे जानकारी दिने कुरा सुनिश्चित गर्ने । यी सूचीहरू स्थानीय रूपमा नै राखिनुपर्छ र सबै थुनुवाहरूको नाम तथा ठाउँहरू भएको राष्ट्रिय पञ्जिका तयार पार्नुपर्छ ।

**उच्चायुक्तको कार्यालय नेप्रलाई देहायका कार्य गर्न सिफारिस गर्दछः**

फौजदारी अनुसन्धान

- राष्ट्रिय कानुनअन्तर्गतका दायित्वहरूअनुसार जाहेरी दरखास्त यथाशीघ्र दर्ता गरेर न्यायमा पीडितको पहुँचलाई सुनिश्चित गर्ने ।
- बेपत्ता पार्ने कार्यसम्बन्धी कुनै पनि जाँचबुझ आयोग र/वा विशेष अभियोजनात्मक संयन्त्र स्थापना नभइन्जेल, बेपत्ता पार्ने कार्यसँग सम्बन्धित आरोपित अपराधहरूबारे शीघ्र र पूर्ण अनुसन्धान गर्ने जसले गर्दा फौजदारी जिम्मेवारीको प्रमाण भएका व्यक्तिहरूलाई नागरिक अदालतसमक्ष न्यायको कठघरामा उभ्याउन सकियोस् ।

**नेकपा (माओवादी)लाई सिफारिसः**

**उच्चायुक्तको कार्यालय नेकपा (माओवादी)लाई देहायका कार्य गर्न सिफारिस गर्दछः**

- कुनै पनि जाँचबुझ आयोग, विशेष अनुसन्धानात्मक/अभयोजनात्मक एकाइहरू र बेपत्ता पार्ने कार्यसम्बन्धी अन्य कुनै आधिकारिक अनुसन्धानमा घरजग्गा परिसरमा शीघ्र पहुँच दिएर, प्रत्यक्षदर्शी तथा शङ्कित व्यक्तिहरूलाई बुझाएर र कागजातहरू तथा अन्य सम्बद्ध जानकारी पूर्ण खुला गरेर पूर्ण रूपमा सहयोग गर्ने ।
- नेकपा (माओवादी)द्वारा अपहरणपछि मारेको पाइएका बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा पीडितका परिवारहरूलाई तिनका आफन्तहरू नेकपा (माओवादी)द्वारा कहिले, कहाँ र किन मारिएका थिए भन्ने सूचनासहितको लिखित जानकारी दिन जिल्लास्तरीय नेतृत्वलाई निर्देशन गर्ने । त्यस्तो जानकारी थप कारबाहीका लागि राज्यअधिकारीहरूसमक्ष पनि बुझाउनैपर्छ ।
- पीडितको अवशेष भएको ठाउँको निरूपण गर्न तथा तिनका परिवारहरूलाई निष्कर्षबारे लिखित जानकारी दिनुका साथै कुनै पनि शव उत्खनन कानुनी रूपमा अधिकारप्राप्त व्यक्तिहरूद्वारा राज्यको आधिकारिक अनुसन्धानको खाकाभित्र रहेर गरिने कुराको सुनिश्चित गर्दै नेकपा (माओवादी)को जिल्लास्तरीय नेतृत्वलाई निर्देशन दिने ।
- प्रत्यक्ष रूपमा वा संलग्न एकाइहरूको कमान्ड जिम्मेवारीमार्फत् मुछिएका नेकपा (माओवादी)का सदस्यहरूलाई निलम्बन गर्ने र तिनलाई अनुसन्धानका निम्ति राज्यअधिकारीहरूसमक्ष बुझाउने ।
- बेपत्ता पार्ने कार्यमा जिम्मेवार पाइएका नेकपा (माओवादी)का सदस्यहरूलाई पार्टीबाट हटाउने ।